# स्वावलम्बन प्रबर्धन :

## प्रक्रिया, सिकाइ र उपलब्धि

प्रकाशक:

**विजय विकास स्रोत केन्द्र**

**(VDRC-NEPAL)**

गैंडाकोट-८, नवलपरासी, नेपाल

*- लेखन तथा सङ्कलन*

**इन्द्रराज ज्योति पौडेल**

# स्वावलम्बन प्रबर्धन :
## प्रक्रिया, सिकाइ र उपलब्धि


प्रकाशक : विजय विकास स्रोत केन्द्र
गैंडाकोट, नवलपरासी



© सर्वाधिकार : प्रकाशकमा



प्रकाशन मिति : २०६० आषाढ

प्रति : १०००

सल्लाहकार : श्री केशवप्रसाद सापकोटा

भाषा सम्पादन : श्री गोविन्दराज 'विनोदी'

सम्पादन सहयोगी : श्री खेमराज सापकोटा
श्री कुलदीप आचार्य

सङ्कलन सहयोगी : श्री सुन्दर बानिया
श्री तिला वन सन्यासी

**लेखन तथा सङ्कलन : श्री इन्द्रराज ज्योति पौडेल**

सुसाङ्ख्यीकरण : सुश्री लक्ष्मी अधिकारी

मुद्रण : गणेश छापाखाना (अफसेट प्रेस)
मेनरोड, नारायणगढ, चितवन
फोन नं. : ०५६-५२०५४८, ५२६६३६

# NGO-Fund Project

Date : March 10,2003

I am very pleased that VDRC is going to publish its experiences in the field of Self Help Promotion in the form of a book. This will certainly help disseminate the learnings from the field. Working with VDRC has been a great, challenging and learing experience for NGO Fund Project as well. We would like to congratulate VDRC on its deliberations to publish this book. We believe, VDRC will continue to work with the poor for their socio economic and organizational upliftment.

Wishing you all the best for your future.

Yours Sincerely,

**Sushma Bajracharya**
Team Leader
NGO-FP

# दुई शब्द : विजय विकास स्रोत केन्द्रको

विजय विकास स्रोत केन्द्र सकारात्मक सामाजिक परिवर्तनका लागि विगत २५ बर्षदेखि देशका विभिन्न भागमा कार्यरत छ । महिला, विपन्न तथा दलित जनजाति हाम्रा साथीहरु हुन्-विकासको सन्दर्भमा । हामीले जति पनि काम गरेका छौं पहिला आफूले नै प्रयोग गरी त्यसको प्रतिफल सकारात्मक भएमा मात्र अन्यत्र लैजान्छौं । सिक्ने क्रम एक निरन्तर चल्ने प्रक्रिया हो र हरेक व्यक्ति, समुदाय र संस्थामा केही न केही आफ्नै खारिएको अनुभव हुन्छ भन्ने कुरामा विजय विकास स्रोत केन्द्रले विश्वास राख्दछ । यही कुरालाई मध्यनजर गरी हामीले पर्वत र कपिलवस्तु जिल्लामा स्वावलम्बन प्रबर्धन कार्यक्रम अन्तर्गत जि.टि.जेड्. गै.स.स. कोष परियोजनासँगको साझेदारीमा विभिन्न स्वावलम्बी समूह र स्थानीय सहयोगी संस्थाहरुसँग काम गर्ने क्रममा "स्वावलम्बन प्रबर्धन : प्रक्रिया, सिकाइ र उपलब्धिहरु" लाई लिपिवद्ध गर्दा सामाजिक परिचालनको माध्यमबाट गरिबी कम गर्ने अभियानमा लागेका जो-कोहीसँग पनि अनुभव साटासाट हुने ठानी आदरणीय पाठक समक्ष यो उपहार प्रस्तुत गर्ने जमर्को गरेका छौं ।

देश दिन प्रतिदिन अशान्ति तथा गरिबीको खाडलतर्फ धकेलिइरहेको छ । कुनै पनि संस्था एवं निकायका योजनाहरु सुचारु रुपले सञ्चालन हुन सकिरहेका छैनन् । सबैले जनसशक्तीकरणको कुरा गरेर समूहको माध्यमबाट काम गरी स्थानीयस्तरमा संस्थागत विकास गर्ने भने तापनि व्यवहारमा त्यसो भएको छैन । गाउँ घरमा समूह गठन गरिए तापनि जनताको सङ्गठन नभै संस्था, परियोजना पिच्छे आ-आफ्ना देखाउने समूह भएका छन् । जबसम्म स्थानीयस्तरमा संस्था निकाय वा परियोजना हरेकका आ-आफ्ना समूह गठन गर्ने, परियोजना अवधि सकिएपछि लथालिङ्ग त्यसै छोडेर आफू बाहिर निस्कने (Phase Out) प्रवृत्ति रही रहन्छ तबसम्म संस्थागत विकास हुन सक्दैन र जनता सशक्तीकरण हुनुको बदला खण्ड-खण्डमा विभक्त हुन पुग्दछन् । यी सबै तथ्य एवं तितो यथार्थसँग लड्दै कसरी जनतालाई उनीहरुको नै चासोमा समूह गठन र प्रबर्धन गर्न सकिन्छ, आवश्यकता हैन समुदायले गरेको स्वावलम्बनका प्रयासहरुलाई बढवा दिएर उनीहरु कै प्रयास र पहलमा गरिबी कम गर्न स्थानीयस्तरमा संस्थागत विकास गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित भै बि.सं. २०५२ देखि २०६० सम्म करिब ८ बर्ष पर्वत र कपिलवस्तुमा काम गरेको अनुभवलाई समेटी यसलाई पुस्तिकाको आकार दिन खोजेका छौं । यो हाम्रो दोस्रो प्रयास हो "अनुभव र सिकाइहरु" लाई प्रकाशन गर्ने । यसलाई अरु बढी उपलब्धिमूलक बनाउन परिमार्जन र परिष्कारका लागि यहाँहरुको सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।

अन्त्यमा हाम्रो अनुभव र सिकाइहरुलाई लिपिवद्ध गर्ने क्रममा आवश्यक सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहयोगी संस्था, समुदाय लगायत विशेषत जि.टि.जेड्. गै.स.स. कोष परियोजनाका साथै त्यस क्षेत्रमा कार्यरत साथीहरुलाई धन्यवाद दिन चाहन्छौं । अन्तमा यसलाई लेखन, परिमार्जन र प्रकाशन कार्यमा लाग्नु भएका आदरणीय दाजु इन्द्रराज ज्योति पौडेललाई विशेष धन्यवाद दिन चाहन्छु ।

**केशवप्रसाद सापकोटा**
अध्यक्ष
विजय विकास स्रोत केन्द्र

# मेरो भन्नु :

विजय विकास स्रोत केन्द्रले जि.टि.जेड्. गैसस कोष परियोजनासँगको साझेदारीमा पर्वत र कपिलवस्तु जिल्लामा स्वावलम्बनका प्रयासहरुको प्रवर्धन कार्यक्रम (Self-help Initiative Promotion Program-Parbat & Kapilbastu) सञ्चालन गरेको छ । सन्: १९९५ देखि २००३ जुन सम्म करिब आठवर्ष त्यस क्षेत्रमा कार्य गरेको समय पूरा भएको छ भने यस दौरानमा हामीले धेरै प्रकारका अनुभवहरु सँगाल्न पाएका छौं । दुईवटा भिन्न जिल्ला पहाडको अनुभव पर्वतबाट र तराइको अनुभव कपिलवस्तुबाट गरी एकै पटक दुई खालको सिकाइ हामीले सिक्न पाएका छौं । यो अनुभव आफैमा एउटा सिकाइ हो भने अर्को तर्फ यसले हाम्रो संस्थालाई कामको अनुभवमा खार्ने काम पनि गरेको छ । यसै क्रममा यस कार्यक्रम अन्तर्गत भए गरेका क्रियाकलाप र त्यहाँबाट प्राप्त गरेको खरो व्यावहारिक अनुभव तथा अनुभूतिलाई लिपिबद्ध गर्ने प्रयासको प्रतिफल यो पुस्तक प्रकाशन गरिएको हो ।

देश दिनप्रतिदिन गरिबीको माखेसाङ्लो (Poverty Trap) मा जकडिएको छ । शान्तिका अग्रदूत भगवान गौतम बुद्ध जन्मेको देशबाट शान्तिले कुलेलम ठोकेकी छन् । देशमा इमान्दारिता, पारदर्शिता र सुशासनको खाँचो दिनप्रतिदिन खड्कँदै गएको छ । देशमा जतिसुकै योजना बने पनि, जतिसुकै संस्था र निकाय गरिबी कम गर्न जुटेपनि, गरिबीसँग पौंठेजोरी खेलेर कसैले परास्त गर्न सकेको छैन । यसका लागि जबसम्म स्थानीयस्तरमा राजनीति भन्दा माथि उठेर विकासमा लागिपरेका सबै विकासकर्मीहरु जनसशक्तीकरण अभियानमा लाग्दैनौ तबसम्म देशले काँचुली फेर्न सक्दैन । यसै कुरालाई मध्यनजर गर्दै GTZ/NGO FP को साझेदारीमा विजय विकास स्रोत केन्द्र स्वावलम्बन प्रवर्धन कार्यक्रमका साथ सकारात्मक सामाजिक परिवर्तनका लागि अचेतनलाई चेतनाकरण, असङ्गठितलाई सङ्गठित र अशक्तलाई सशक्तीकरण गरी समुदायको नै पहल र प्रयासमा स्वावलम्बी समूह मार्फत् स्थानीयस्तरमा संस्थागत विकास गरेर गरिबी कम गर्न सहयोग पुऱ्याउने हेतुले पर्वत र कपिलवस्तु जिल्लाका गाउँ-गाउँ, वस्ती-वस्तीमा पुगेको हो । यो कार्यक्रमको शुरुवात देखि वर्तमान अवस्थासम्म आइपुग्दा समयले धेरै फड्को मारेको छ भने पर्वत र कपिलवस्तु जिल्लामा पनि धेरै परिवर्तनहरु भएका छन् । सबै खालका सकारात्मक परिवर्तनमा हाम्रो हात नहोला तर स्थानीयस्तरमा संस्थागत विकास गरी स्वावलम्बी समूह र स्थानीय सहयोगी संस्थाहरुको क्षमताबृद्धिमा पक्कै पनि केही योगदान पुऱ्याएका छौं जस्तो हामीलाई लागेको छ । समूह/संस्था गठन गर्न जति सजिलो छ, त्यसलाई निरन्तर रुपमा अगाडि बढाएर लक्ष्यमा पुग्न त्यत्तिकै कठिन छ । अर्कोतर्फ जबसम्म समुदायमा विकासको प्रतिफल पाउनबाट छेउलागेका वर्ग, जाति र समुदायको क्षमतामा बृद्धि गर्न सक्दैनौं तबसम्म स्थानीयस्तरमा सु-शासन कायम हुन र सन्तुलित तथा दिगो विकास पनि हुन सक्दैन । यसका लागि उनीहरुलाई सक्षम बनाई निर्णय र नीतिनिर्माण प्रक्रियामा समान सहभागी बनाउन सक्नुपर्छ । यस अवस्थामा समुदायमा कसरी संस्थागत विकास गरी समुदायलाई आफ्नै प्रयासको आधारमा स्वावलम्बन तर्फ उन्मुख गराउन सकिन्छ, स्थानीय स्रोत र साधनको परिचालन/माध्यमबाट आयमूलक कार्य गरी जीवन स्तरमा गुणात्मक सुधार ल्याउन सकिन्छ भन्ने कुराको हाम्रो अनुभव यहाँ प्रस्तुत गर्ने जमर्को गरेका छौं । हामीलाई आशा एवं विश्वास छ यसले विकासको क्षेत्रमा लागेका जो कोहीलाई पनि थोर-बहुत फाइदा पुऱ्याउने छ । विशेषत: यो पुस्तिका समुदायस्तरमा सामाजिक परिचालनको क्षेत्रमा लागेका व्यक्ति तथा निकायहरुलाई बढी उपयोगी सिद्ध हुनेछ ।

यो हाम्रो अनुभवलाई लिपिवद्ध गर्नु पर्छ भनेर घचघचाएर सहयोग पुऱ्याउने GTZ/NGO FP एवं परियोजनाका टिम लिडर आदरणीय दिदी सुषमा बज्राचार्यज्यूलाई विशेष धन्यवाद दिन चाहन्छौं । सफलताका कथा र अन्य सामग्री सङ्कलनमा सहयोग गर्नु हुने श्री कुलदीप आचार्य, सुन्दर बानिया, विश्वराज "विमल" र तीला वनलाई धन्यवाद दिन चाहन्छु । यस्तै सम्पादन कार्यमा विशेष सहयोग गर्नु हुने श्री खेमराज सापकोटा एवं सुसाङ्ख्यीकरण गरी सहयोग गर्ने बहिनी सुश्री लक्ष्मी अधिकारी र भाषा सम्पादनमा सहयोग गर्नु हुने आदरणीय दाजु श्री गोविन्दराज विनोदी एवं यो पुस्तिका तयार गर्न सहयोग र सल्लाह दिनु हुने यस संस्थाका अध्यक्ष श्री केशबप्रसाद सापकोटालाई विशेष धन्यवाद सहित हार्दिक आभार प्रकट गर्दछु ।

**इन्द्रराज ज्योति पौडेल**
लेखक तथा सङ्कलक

# विषय सूची


| क्र.सं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १. | स्वावलम्बनका प्रयासहरुको प्रबर्धन कार्यक्रम (SHIP) | १ |
| २. | कार्यक्रम सञ्चालन प्रक्रिया तथा कार्यनीति | २-६ |
| ३. | शब्द परिचय एवं परिभाषा | ७-१३ |
| ४. | स्वावलम्बन समूहको गठन र प्रवर्धनमा स्थानीय सहयोगी संस्थाको भूमिका | १४ |
| ५. | समूह प्रबर्धनका पाइलाहरु | १४-१६ |
| ६. | स्वावलम्बन प्रवर्धनका निम्ति स्रोत संस्थाको भूमिका | १७ |
| ७. | समुदायको तत्कालीन तथा वर्तमान अवस्था | १८-२० |
| ८. | कार्यकम कार्यान्वयनका प्रक्रियागत पाइलाहरु | २१-३६ |
| ९. | कार्यक्रममा विविधीकरण | ३७-३९ |
| १०. | स्वावलम्बी समूह, स्थानीय सहयोगी संस्था र स्रोत संस्थाको क्रमबद्ध संस्थागत विकास प्रक्रिया | ४०-४२ |
| ११. | कार्यक्रमको छुट्टै आत्म-पहिचान | ४३-४५ |
| १२. | कार्यक्रम दिगोपनाका आधारहरु | ४६ |
| १३. | कार्यक्रमको सकरात्मक प्रभाव र असर | ४७-७१ |
| १४. | कार्यक्रमको उपलब्धि एवं प्रभाव र असर - तथ्याङ्कमा | ७२-७४ |
| १५. | मुख्य मुख्य सिकाइहरु | ७५-७६ |
| १६. | सफलताका कथाहरु | ७७-८३ |
| | – तहगत-संस्थागत विकासको नमूना कालिका स्वावलम्बन सामाजिक केन्द्र | ७७ |
| | – तरकारी खेतीको सहाराले पक्की घरमा बस्ने सपना पूरा गर्दैछन् - रोरे थारु | ७८ |
| | – समूहले समूहलाई सहयोग गरी माथि उठाउने प्रयासको नवीनतम उदाहरण | ८० |
| | – समूह संस्था र सहकारीको संयुक्त प्रयास : सामुहिक लघु उद्यम | ८२ |
| १७. | पत्रकारको नजरमा कार्यक्रमको प्रभाव : डलर होइन रुपैयाँको खेती | ८३-८५ |
| १८. | विजय विकास स्रोत केन्द्र | ८६-८७ |
| १९. | सङ्क्षेपीकृत शब्द र सन्दर्भ सामग्री | ८८ |
| २०. | Map of Kapilvastu District | ८९ |
| २१. | Administrative Map of Parbat District | ९० |

## कार्यक्रमको चिनारी :

# स्वावलम्बनका प्रयासहरूको प्रबर्धन कार्यक्रम (SHIP)

## पर्वत तथा कपिलवस्तु

स्वावलम्बनका प्रयासहरुको प्रबर्धन कार्यक्रम-पर्वत र कपिलबस्तु जिल्लामा विजय विकास स्रोत केन्द्र र GTZ/NGOFP संगको साझेदारीमा सन् १९९५ को मध्यदेखि सञ्चालन भै आइरहेको कार्यक्रम हो । यो कार्यक्रमको स्वरुप नयाँ कार्यनीति नयाँ र कार्यक्रममा समेटिएका क्षेत्र पनि नयाँ भएकोले शुरुदेखि नै चर्चित रह्यो । शुरुमा के कस्तो हुन्छ भन्ने केही डर भएतापनि कार्यान्वयनको क्रममा बडो सोच विचारका साथ हेरक पाइला चालिएकोले आज एक सफल नमूना कार्यक्रमको रुपमा यो कार्यक्रमलाई लिएका छौं । यसले कार्यक्षेत्र पर्वत र कपिलबस्तुमा सकारात्मक परिवर्तन ल्यायो नै त्यसका अलवा स्रोत संस्था एवं परियोजना समेतलाई बारेर व्यवहारमा खरो उतारेको छ । यो कार्यक्रम कसरी शुरुवात गरियो ? के कति उपलब्धी भए भन्ने कुरा सबै यहाँ सविस्तार वर्णन गरिएको छ । यस पृष्ठमा कार्यक्रमको बारेमा सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

**कार्यक्रमको छोटो परिचय :**

**कार्यक्रमको नाम :** "स्वावलम्बनका प्रयासहरुको प्रबर्धन कार्यक्रम (Self-help Initiative Promotion Program) SHIP", पर्वत एवं कपिलवस्तु ।

**कार्यक्रमको बृहत् उद्देश्य/लक्ष्य :**

स्थानीयस्तरका संस्थाहरुको संस्थागत विकासका माध्यमबाट गरिबी कम गर्नमा सहयोग पुऱ्याउने ।

**साधारण उद्देश्यहरू (General Objectives) :**


- स्वावलम्वी समूहको संस्थागत क्षमता वृद्धि गर्न सहयोग पुऱ्याउने ।
- समूह/समुदाय स्तरमा आयमूलक कार्यक्रम सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने ।
- बचत तथा ऋण सहकारी संस्थाको संस्थागत विकासमा सहयोग गर्ने ।
- स्थानीय सहयोगी संस्था (Local Support Organization) को संस्थागत विकास/क्षमता वृद्धिमा सहयोग पुऱ्याउने ।
- स्व: अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गरी समूहमा नियमित रुपमा प्रयोग गरी व्यवहारमा उतार्न सहयोग पुऱ्याउने ।
- विभिन्न निकायसँग सम्पर्क र समन्वय (जस्तै VDC, DDC, Network र श्री ५ को सरकार विकास निकायसँग) को विकास र विस्तार गर्ने ।

| | |
|---|---|
| **कार्यक्षेत्र** | : पर्वत र कपिलवस्तु जिल्ला । |
| **समयावधि** | : सन् १९९५ - २००३ सम्म । |
| **कार्यक्रमले सहयोग पुऱ्याएका गा.वि.स. हरु** | : ३१ गा.वि.स. पर्वत जिल्ला र ३३ गा.वि.स. र १ नगर पालिका कपिलवस्तु जिल्ला । |
| **कार्यक्रमले समेटेको घरधुरी सङ्ख्या** | : १७३७० घरधुरी । |
| **लाभान्वित जनसङ्ख्या** | : ११४१८८ जना (महिला, पुरुष दुवै गरेर) । |
| **आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने निकाय** | : जि.टि.जेड्. गै.स.स. कोष परियोजना (GTZ/NGO FP) |
| **स्रोत संस्था** | : विजय विकास स्रोत केन्द्र (VDRC-Nepal), गैंडाकोट, नवलपरासी । |
| **स्थानीय सहयोगी संस्था** | : पर्वतमा १२ वटा संस्था र कपिलवस्तुमा २३ वटा संस्था गरी जम्मा ३५ वटा संस्था । |
| **सहयोग पाउने स्वावलम्बी समूहको सङ्ख्या** | : १३८ समूह पर्वत जिल्ला र १३६ कपिलवस्तु जिल्ला गरी २७४ वटा समूहहरु । |

# कार्यक्रम सञ्चालन प्रक्रिया तथा कार्यनीति

## समूह प्रवर्धन प्रक्रिया तथा कार्यनीति :


यस कार्यक्रम अन्तर्गत सामाजिक संस्था एवं सहकारी संस्था बीच सहकार्य मोडल (NGO + Coop. Model) अवलम्बन गरिएको छ । यो प्रक्रिया समुदायको समग्र विकासमा आधारित छ । यसले समुदायको सामाजिक विकास निर्माणका साथै समानुपातिक रुपमा आर्थिक सक्षमतालाई बढावा दिँदै क्रमश: गरिबी कम गरी समतामूलक वा स्वावलम्बी समाज निर्माणतर्फ उन्मुख भै दिगो विकासको प्रक्रियालाई निरन्तरता दिन्छ । यस्तो मोडलमा सामाजिक विकास निर्माणका काम गर्न सामाजिक विकास संस्थाको संस्थागत क्षमता विकास गरी सामाजिक विकास निर्माणका काम गर्न सक्षम संस्थाको रुपमा विकासित गरिन्छ भने आर्थिक पक्षलाई बलियो बनाउन सहकारी संस्था (बचत तथा ऋण) को स्थापना गरी आर्थिक रुपमा सक्षम सहकारी संस्था बनाइन्छ। यसरी दुवै पक्षलाई समानुपातिक रुपमा विकास गरेर लैजाने प्रक्रिया तथा कार्यनीतिलाई हामीले सामाजिक संस्था एवं सहकारी संस्था बीच सहकार्य मोडल भन्ने गरेका छौं । यसलाई तलको रेखाचित्रबाट अझ प्रष्ट पार्ने कोशिस गरिएको छ ।



## समुदायमा काम गर्ने कार्यपद्धतिको नमूना :

माथि उल्लिखित मोडलको आधारमा काम गर्दा समूहको अवस्था र विकासको क्रमलाई मध्यनजर गरी विभिन्न चरणमा विभाजन गरी सोही आधारमा कार्य प्रक्रिया अगाडि बढाइएको थियो । यी विभिन्न चरणहरुमा क्रमशः समुदायको अवस्था अनुसार भूमिका निर्वाह गर्दै समूहलाई सक्षम बनाई अन्त्यमा बाह्य संस्थाको भूमिका कम गर्दै लगिन्छ र संस्थाहरु स्वतः स्फूर्त रुपमा अरुको सहयोग बिना नै आफै चल्दछन् । शुरुको अवस्थामा समुदाय अचेतन, असङ्गठित, असक्त हुने हुँदा बाह्य सहयोगी संस्थाको भूमिका बढी र उनीहरुको क्षमता वृद्धि भएपछि विस्तारै सहयोगी संस्थाको भूमिका कम गर्दै लगिन्छ । यसलाई तलका चित्रहरुबाट अझ बढी प्रष्ट पारिएको छ :-

**१. पहिलो चरण :**





**नोट : सङ्केत चिन्ह**


१ ⟷ नियमित प्रत्यक्ष सम्बन्ध

२ ⟷ (dotted) प्रक्रियागत कार्यमा आवश्यकता अनुसार मागको आधारमा सहयोग


**२. दोस्रो चरण :**



**३. तेस्रो चरण :**




**४. चौथो तथा अन्तिम चरण :**





यो तह समूहको आत्मनिर्भरताको तह हो । यसमा समूह आफैले सम्पर्क र समन्वय गरेर जि.वि.स., गा.वि.स., श्री ५ को सरकारका विकास निकाय एवं स्थानीय सहयोगी संस्थासँग मिलेर काम गर्न सक्षम हुनेछन् ।

यो निरन्तर चल्ने प्रक्रिया हो र यही प्रक्रिया अवलम्वन गर्दै समुदाय आफै स्वावलम्बी समाजको निर्माण गर्न अग्रसर भै अन्ततोगत्वा सफल हुनेछन् । यसमा अन्य पक्षहरु प्रत्यक्ष सम्लग्न हुने छैनन् । स्वावलम्बी समूहले आवश्यकता महसुस गरी सहयोगको माग गरेमा निश्चित कार्यमा, निश्चित समयसम्म मात्र सम्लग्नता रहने छ । यी चार चरणहरु कार्यक्रममा कार्यक्रम शुरु गर्नु भन्दा अगाडि नै तयार पारी सोही अनुसार काम गरेको न भै हाम्रो आफ्नै अवधारणामा काम गर्दै जाँदा तयार भएका हुन् । यी चरणहरु हाम्रो कामको अनुभवको आधारमा जि.टि.जेड्. गै.स.स. कोष परियोजना र विजय विकास स्रोत केन्द्रले छुट्याएर काम गरेको आधारमा लिपिवद्ध गरी दस्तावेजको रुपमा तयार पारिएको हो ।

**संस्थागत क्षमतावृद्धि प्रक्रिया :**

यस कार्यक्रम अन्तर्गत स्वावलम्बी समूहको संस्थागत विकास प्रक्रियामा विभिन्न निकाय, संस्था तथा परियोजनाको सहयोग निम्नानुसार रहेको थियो । सबै सहयोगी निकायहरुले स्वावलम्बी समूहलाई केन्द्रविन्दु मानेर काम गरेका थिए । स्वावलम्बी समूहलाई संस्थागत विकास र व्यवस्थापन, बचत तथा ऋण परिचालन, समूहको प्रयासमा आधारित आयमूलक क्रियाकलापहरु सञ्चालन गर्न सहयोग पुऱ्याई सहकारी संस्था समेत प्रबर्धन गरिएको थियो । यस कार्यक्रम अन्तर्गत समूहको संस्थागत क्षमता वृद्धि प्रक्रियालाई तलको चित्रबाट अझ बढी प्रष्ट पारिएको छ ।




**सहकारी संस्था प्रबर्धन प्रक्रिया :**

सहकारी संस्था प्रबर्धन गर्ने क्रममा यस कार्यक्रम अन्तर्गत हरेक समूहमा बचतलाई प्रवेश कार्यक्रमको रुपमा समावेश गरी हरेक समूहमा बचत तथा ऋण परिचालन गरिएको छ । बचतलाई धेरै समयसम्म वैधानिकता प्रदान नगरी अनौपचारिक रुपमा चलाउनु जोखिमपूर्ण कार्य हो तसर्थ हामीले ठाउँ परिवेश र अवस्था हेरी बचतका दुई प्रकारका मोडलहरु प्रयोगमा ल्याई सोही अनुसार सहकारी संस्था दर्ता गरेका छौं ।

**(क) चकटी मोडल (Coil Model) :**

यसमा सर्वप्रथम समुदायमा समूह गठन गरिन्छ । समूहका हरेक सदस्यले बचतमा भाग लिन्छन् । यस्तो मोडलमा शुरुमा कम्तिमा २५ जना शेयर सदस्यहरु हुन्छन् । यो विधिवत सहकारीमा दर्ता भएपछि सहकारी संस्थाको रुप धारण गर्दछ । त्यसपछि कार्यक्षेत्रको वरिपरी पायक पर्ने तथा सहकारीमा सदस्य हुन चाहने व्यक्तिहरु सिधै संस्थाको सदस्य बन्न सक्दछन् । यस मोडलमा शुरुमा २५ जना र पछि सहकारीको सिद्धान्त खुल्ला तथा स्वैच्छिक सदस्यतालाई आधार मानी क्रमशः सदस्यहरु थपिदै जान्छन् र सदस्य सङ्ख्या बढ्दै-बढ्दै धेरै र संस्था ठूलो हुँदैजान्छ । संस्थागत एवं वित्तीय रुपमा आत्मनिर्भरतातर्फ उन्मुख हुन्छ । यो मोडललाई सहकारी सिद्धान्तमा आधारित मोडल पनि भनिन्छ । यसमा सदस्यहरु जति थपिन्छन् त्यति नै यसको घेरा (कार्य क्षेत्र) बढ्दै जान्छ ।


जस्तै :-




विकू बचत तथा ऋण सहकारी संस्था नेपालमा यस मोडलको नमूना सहकारी संस्था हो ।

**(ख) सङ्घीय मोडल (Networking Model)) :**

यस मोडलमा गाउँ तथा वार्ड तहमा विभिन्न समूहहरु रहन्छन् र गा.वि.स. स्तरमा मूल संस्था बन्दछ । यो मोडल समूहमा आधारित मोडल हो । यसमा संस्था समूहहरुको छानोको रुपमा रहन्छ भने साना समूहहरु संस्थाको जगको रुपमा काम गर्दछन् । सदस्य प्रतिनिधिहरु समूह र संस्थाको बीचमा मध्यस्थकर्ताको रुपमा काम गर्दछन् । यस्तो समूहमा हरेक महिना बैठक बस्छ र समूहमा नै बचत जम्मा गर्दछन् । त्यसपछि समूहमा भएको बचत र हिसाब किताबलाई मूल संस्थामा लगेर एकीकृत गरिन्छ । सङ्घीय मोडल अन्तर्गत पनि विभिन्न स्वरुपहरु छन् तिनीहरु मध्ये यो Two Tyre Model हो ।



# शब्द परिचय एवं परिभाषा
# (कार्यक्रमको सन्दर्भमा)

**गरिबी (Poverty) :**

सामान्यतया कुनै पनि व्यक्ति वा समुदाय जो आफ्नो जीविकोपार्जन गर्नको लागि चाहिने न्यूनतम् कुराहरु खाना, नाना र छानाको व्यवस्था गर्न असमर्थ भै बाँच्नको लागि अरुको भर पर्नु पर्ने अवस्थालाई बुझाउँदछ। हाम्रो अर्थमा त्यो व्यक्ति वा समुदायको त्यस्तो अवस्था हो जहाँ ऊ/त्यो सामाजिक, आर्थिक रुपमा बाच्नको लागि चाहिने न्यूनतम कुराहरु जुटाउन अक्षम छ।

- ❋ स्रोत र साधनमा निन्यन्त्रण र पहुँच छैन ।
- ❋ सामाजिक रूपमा तिरस्कृत तथा अपहेलित छ ।
- ❋ नीति-नियम निर्माण र निर्णय प्रक्रियामा उसको पहुँच छैन ।
- ❋ विकासको प्रतिफल प्राप्त गर्नबाट समेत वञ्चित छ ।
- ❋ शिक्षा र चेतनाको स्तर अति कमजोर (न्यून) छ ।
- ❋ स्वास्थ्य र सुरक्षाको स्थिति कमजोर छ ।
- ❋ विभिन्न अवसर प्राप्त गर्न असमर्थ छ ।

**दिगोपना/स्थायित्व (Sustainability) :**

सामान्य अर्थमा दिगोपना भन्नाले कुनै पनि वस्तुको लामो समयसम्म टिकाउ हुन सक्ने कुरालाई जनाउँछ। तर विकासको अर्थमा दिगोपना भनेको त्यस्तो अवस्था हो, जहाँ समुदायले बाहिरी सहयोगमा होस् वा आफ्नै प्रयासमा कुनै कार्य सञ्चालन गरी प्रक्रियागत एवं संस्थागत रुपमा पछि सम्म (लामो समय सम्म) त्यसको परिचालन गरी त्यसबाट आर्थिक, सामाजिक, राजनैतिक एवं वातावरणीय रुपमा सकरात्मक प्रतिफल दिन सक्ने हुन्छन् र त्यो निरन्तर चलिरहन्छ/अगाडि बढीरहन्छ । क्रमशः समुदाय/व्यक्ति आत्मनिर्भरता तर्फ उन्मुख हुँदैजान्छ। यस अवस्थामा (शुरुमा अरुको सहयोग लिएता पनि) अरुको सहयोग कम रहन्छ । समुदायको क्षमता वृद्धि भएको हुन्छ। आफ्नो दिगोपनाको लागि सम्पर्क समन्वय गरी स्थानीय तथा बाह्य स्रोत समेत परिचालन गरी विकास प्रक्रियालाई निरन्तरता दिन सक्षम हुन्छन् ।

यस कार्यक्रमको सन्दर्भमा दिगोपना भन्नाले स्वावलम्बी समूहहरु स्थानीय सहयोगी संस्था (LSO) को सहयोग विना नै वा सहयोग पुऱ्याउन छाडेको अवस्थामा पनि आफ्ना कार्यहरु स्वतः स्फूर्त रुपमा सञ्चालन गर्न, अगाडि बढेर निरन्तर रुपमा विकास र विस्तार गर्न सक्षम हुनेछन् । समूहमा संस्थागत विकास भै यो प्रक्रियालाई अगाडि बढाउन सक्नेछन् ।


- ❋ समुदाय सङ्गठित हुनेछन् ।
- ❋ समुदायका हरेक कार्य प्रक्रियागत रूपमा अगाडि बढ्नेछन् र मर्मत संभार र सञ्चालन गर्न समुदाय नै सक्षम हुनेछन् ।
- ❋ हरेक कार्यमा समुदायको नियन्त्रण र पहुँच हुनेछ । प्रतिफलको बाँडफाँड सामाजिक न्यायको आधारमा गरिनेछ ।
- ❋ स्रोत र साधनको प्रयोगमा भावी पुस्तालाई समेत ध्यान दिइनेछ ।
- ❋ गरिबीको दूरी कम भै समानतातर्फ उन्मुख हुनेछ ।

**स्वावलम्बन (Self-help) :**

स्वावलम्बनको अर्थ हुन्छ आत्मनिर्भरता । आत्मनिर्भरता भनेको कुने पनि कार्यमा अरुको भर नगरी आफ्नै क्षमता/योग्यताले आफ्नो खुट्टामा उभिएर बाच्न सक्ने अवस्थालाई जनाउँदछ। हाम्रो अनुभवमा भन्नु पर्दा यो कुरा आदर्श र सैद्धान्तिक कुरामात्र हो । आज कुनै पनि व्यक्ति वा समुदाय आफ्नै प्रयासमा मात्र बाच्न सक्ने अवस्था छैन। उ अरुको पनि सहयोग लिनु पर्ने अवस्थामा छ । सामान्य रुपमा हेर्‍यौ भने पनि हामीलाई दैनिक रुपमा प्रयोग गर्नु पर्ने, नभै नहुने चिजहरु हामीले मात्र उत्पादन गर्न सक्दैनौ । मानिस सामाजिक प्राणी हो उ एक्लै जीउन पनि सक्दैन अतः अरुको सहयोग र साथको दरकार पर्दछ । यस परिपेक्षमा स्वावलम्बनलाई हेर्दा स्वावलम्बन भनेको त्यस्तो प्रक्रियागत अवस्था हो जहाँ समुदाय सङ्गठित भै सामूहिक रुपमा आफ्नो/समुदायको आर्थिक, सामाजिक, व्यक्तिगत

आवश्यकता पूरा गर्न प्रयास गरेका हुन्छन् । अर्को तर्फ मानिस पूर्णतया परजीवि (उडुस, उपिया, जुम्रा) जस्तै पनि हुँदैन । बाच्नको लागि उसँग केही न केही सीप, ज्ञान र क्षमता/शक्ति हुन्छ। तसर्थ स्वावलम्बन एउटा सामुहिक प्रक्रिया हो, वा स्वावलम्बन भनेको अन्तर-निर्भरताको त्यो अवस्था हो जो हरेकले केही न केही गर्न सक्छ । त्यसलाई सामुहिकीकरण गरेर हरेकको (क्षमता, सीप, ज्ञान) प्रयासलाई सङ्गठनात्मक रुपमा परिचालन गरिन्छ । हरेकको योगदान उत्तिकै रहन्छ। व्यक्तिगत क्षमता, सीप र ज्ञानको पनि सँगसँगै विकास भै सामूहिक रुपमा वा व्यक्तिगत रुपमा आफ्नो कमाइले आफू बाच्न, चल्न र अगाडि बढ्न सक्ने अवस्थाको सिर्जना हुन्छ ।

यस कार्यक्रमको सन्दर्भमा स्वावलम्बन भन्नाले समूहले आफ्नो प्रयासमा आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक तहमा आफ्नो क्षमता र सीपको प्रयोग गरेर आफ्ना आवश्यकताहरु पूरा गर्न सक्ने अवस्थालाई लिएकाछौं। यो प्रक्रिया निरन्तर रुपमा अगाडि बढिरहन्छ र क्रमशः स्वावलम्बी समाजको सिर्जना हुनसक्छ। समुदाय हरेक तहमा सहभागितामूलक कार्यपद्धतिको अवलम्बन गर्न सक्ने हुन्छन् । आफूले गरेका कार्यहरुको स्वः अनुगमन र स्वः मूल्याङ्कन गरेर सिकाइको आधारमा आगामी दिनमा अगाडि बढ्ने नयाँ बाटो कोर्न सक्छन्। यसलाई तलको तालिकाबाट पनि प्रष्ट पार्न सकिन्छ ।




**स्वावलम्बनका आधारहरू :**

- ※ चेतनाकरण ।
- ※ जनताको सङ्गठन ।
- ※ स्थानीय स्रोत पहिचान, परिचालन र संरक्षण ।
- ※ सहभागितामूलक योजना तर्जमा/कार्यपद्धति ।
- ※ सम्पर्क समन्वय र सम्बन्ध विस्तार ।
- ※ सहयोग लेनदेनको आकार र आधारको निक्यौल ।
- ※ अपेक्षित प्रतिफलको निश्चितता ।
- ※ नीति-नियम तर्जुमा (शासन व्यक्तिको होइन, विधिको हुनुपर्दछ) ।
- ※ नियमित आय आर्जन, दिगो आर्थिक स्रोतको पहिचान र परिचालन ।
- ※ संस्था/समूहका सदस्यहरुको क्षमतामा वृद्धि तथा व्यावसायिकतातर्फ उन्मुख ।
- ※ समूहको संस्थागत क्षमता वृद्धि ।
- ※ स्व-अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास ।
- ※ हरेक कार्यको दस्तावेजीकरण तथा अभिलेख तयारी ।

## स्वावलम्बन प्रबर्धन (Self-help Promotion) :

स्वावलम्बन प्रबर्धन भनेको त्यस्तो प्रक्रिया/अवस्था हो जहाँ केही निश्चित समयमा निश्चित सहयोग पुऱ्याई समुदाय तथा समूहलाई स्वावलम्बी समाजको सिर्जना तर्फ उन्मुख बनाउने कार्यमा सहयोग पुऱ्याइन्छ । जहाँ/जुन समुदायमा समुदायका व्यक्तिहरु सङ्गठित छन् तर व्यवस्थित छैनन् र सहयोगको दरकार छ भने त्यस्तो ठाउँमा भै र हेका समूहलाई नै सुधार गरेर प्रक्रियागत रुपमा स्वावलम्बन तर्फ अगाडि बढ्न सहयोग पुऱ्याइन्छ । यसको अलावा जहाँ जुन ठाउँमा समुदाय सङ्गठित छैनन्, आपसी एकता छैन, चेतनाको स्तर कम छ, गरिबी र पछौटेपना छ त्यहाँ समुदायलाई सङ्गठित गरेर स्वावलम्बी समाज वा स्वावलम्बन तर्फ उन्मुख हुन प्रक्रियागत सहयोग पुऱ्याइन्छ । अन्ततः हरेक समूह/समुदायको व्यक्तिगत तथा सामुहिक क्षमता/दक्षता, सीप र योग्यताको विकास गर्ने अवसर प्रदान गरेर आफ्नो विकास कार्यका हरेक क्रियाकलापलाई आफैले व्यवस्थापन गर्न सक्ने हुन्छन् ।

अर्को शब्दमा भन्नु पर्दा स्वावलम्बन प्रबर्धन भनेको यस्तो तहगत प्रक्रिया हो जहाँ समुदायको अवस्था/क्षमताको आधारमा तिनीहरुको आन्तरिक तथा बाह्य संभावित शक्तिको विकास गरी आफ्नो कार्य आफैले गर्न सक्ने अवस्थामा पुग्न सहयोग पुऱ्याइन्छ ।

स्वावलम्बन प्रबर्धनको अर्को अर्थ हो समुदाय आफैले सामुहिक/व्यक्तिगत रुपमा आफूलाई माथि उठाउने कार्यहरु गर्न प्रयास गरेर आफ्नो सामाजिक, आर्थिक रुपमा विकास गरी गुणस्तर मानव जीवन मापन गर्न सक्ने हुन्छन् । सो कार्यको लागि अवस्था हेरी निश्चित समय सम्म प्रक्रियागत रुपमा सहयोग पुऱ्याउनु स्वावलम्बन प्रबर्धन हो ।

## प्रयास (Initiative) :

प्रयासको छोटो अर्थ हो, कोशिश गर्नु, बल गर्नु । अर्को शब्दमा भन्ने हो भने केही गर्न लागिपर्नुलाई पनि लिन सकिन्छ । प्रायः हामी विकासे कार्यकर्ताहरुले प्रयासको पहिचान भन्दैनौ आवश्यकताको पहिचान भन्दछौ । यहाँ हामी किन आवश्यकताको पहिचान वा आवश्यकता नभनेर प्रयास शब्दको प्रयोग गऱ्यौ सो कुरा केही उल्लेख गर्न वाञ्छनीय देखिन्छ ।

चाहना, इच्छा, आवश्यकता र प्रयास कहिले काँहि उस्तै-उस्तै ठाउँमा प्रयोग गरेको पाइन्छ । चाहना, इच्छा भनेका कोरा मनका संभव-असंभव कोरा कल्पना मात्र हुन् । यिनले सार्थक र व्यावहारिक रुप लिन पनि सक्छन् नलिन पनि सक्छन् । संभव र समय सापेक्ष भएमा क्षमताभित्र परेमा ती आवश्यकतामा परिणत हुन्छन् । आवश्यकता पनि धेरै हुन सक्छन् । सबै आवश्यकता पूरा नहुन पनि सक्छन् । जुन आवश्यकता प्राथमिकता भित्र पर्दछन् त्यसमा मानिसले केही गर्ने वा सो आवश्यकता पूरा गर्न प्रयास गर्दछ । जुन कुरामा समुदाय/व्यक्तिको प्रयास रहेको हुन्छ, त्यहाँ प्राथमिकता स्वतः निर्धारण भएको हुन्छ । त्यसैले प्रयासको खोजी गरेमा वा पहिचान गर्न कोसिस गरेमा PRA गरेर आवश्यकताहरुको पहिचान गर्नु नै पर्दैन प्राथमिकता निर्धारण गर्ने खाँचो नै पर्दैन । समुदायले सहभागिता गर्छ वा गर्दैन भन्ने निर्क्यौल गर्नु पर्दैन । प्रयासलाई बढावा दिनु भनेको त्यस्तो कार्य हो जहाँ समुदायले आफैले केही गर्ने प्रायस कोसिस गरेको हुन्छ तर केही सानो सहयोग पाएमा सो प्रयास सफलतामा परिणत भै प्रतिफल प्राप्त गर्न सकिन्छ । एउटा भारी बोक्ने मानिसले भारी बोक्न थालेको छ तर सो भारी बोकेर उठ्न आफै एक्लै सकेको छैन । सो अवस्थामा जो कोहीले पछाडिबाट अगाडि उठ्नको लागि केही बल लगाएर धकेल्दिनु हो वा अगाडिबाट भारी बोक्नेको हात समातेर तानेर उठ्न सहयोग पुऱ्याउनु हो । जब यो कार्य पूरा हुन्छ तव स्वयं सोही व्यक्तिले भारी बोकेर निश्चित स्थानमा पुऱ्याउँदछ । यसरी नै समुदायले आफूलाई खाँचो महसुस गरेर कार्य थालनी गर्न वा पूरा गर्न जुन प्रयासमा जुटेको हुन्छ त्यसमा सानो सहयोग पुऱ्याएमा सम्पूर्ण काम समुदाय आफैले गरेर कार्य सम्पादन गर्दछन् । विकासको सन्दर्भमा प्रयास आफैमा अति महत्वपूर्ण हुन्छ । प्रयासमा जनताको चाहना, खाँचो प्राथमिकता र केही सहभागिता स्वतस्फूर्त रुपमा प्रदर्शित हुन्छ । यसरी जनताको शक्ति, स्रोत र लगानी भएको ठाउँमा सहयोग पुऱ्याउँदा कार्य

दिगो हुनसक्छ । कम खर्चमा र कम समयमा नै पूरा हुन सक्छ । कार्यक्रमको थालनीदेखि अन्त्यसम्म जनताको पूर्ण सहभागिता हुनसक्छ । यो नै वास्तवमा सहभागितामूलक पद्धतिको व्यावहारिक कार्यान्वयन पनि हो ।

**यसका अलावा स्वावलम्बन प्रयासमा निम्न विशेषताहरु अन्तर्निहित हुन्छन्:**

- *आफ्नो मेहेनत कोशिश र भित्रदेखिको भावनाले गरेको काम प्रभावकारी र दिगो हुने गर्दछ ।*
- *आफूलाई परेको र भोगको आधारमा गरिएको प्रयासले स्वभावत आवश्यकता र प्राथमिकताहरुको प्रतिनिधित्व गरेका हुन्छन् ।*
- *आफ्ना प्रयास, आफ्नै स्वामित्व र आफ्नै नियन्त्रणमा रहने गर्दछन् ।*
- *आफूले गरेको प्रयासमा बाहिरी सहयोग लिने वा नलिने अथवा लिने भएमा के-कस्तो शर्त र अवस्थामा लिने हो भन्ने कुरा आफ्नै निर्णयमा भर पर्दछ ।*
- *आफूले गरेका प्रयासमा बाह्य सहयोग अड्को पड्को-फुकाउन र कमी-कमजोरी हटाउन मात्र लिइन्छ । यसले गर्दा आफ्नो बानी पनि बिग्रदैन र बाहिरी शक्तिको नियन्त्रणमा बधुँवा पनि हुनु पर्दैन ।*
- *आफूले गरेका प्रयासमा मर्मत, संभार र व्यवस्थापनको मूल जिम्मेवारी पनि आफ्नै रहने गर्दछ ।*
- *आफूले शुरुवात गरेको प्रयास जोगीको जस्तो आजै माग्यो आजै खायो हुँदैन र पछिसम्म दिगो रुपमा रहन सक्दछ ।*

## गतिशीलता (Dynamism):

गतिशीलता भनेको गतिमान अवस्था हो । समुदाय होस वा व्यक्ति उसँग केही न केही शक्ति हुन्छ, जब केही शक्ति हुन्छ उ चलायमान हुन्छ स्थिर रहँदैन । गतिशीलताको अर्को अर्थ हो चलायमान । समुदायमा जति शक्ति बढी हुन्छ त्यति नै समुदायले विकासको गतिलिन्छ । जब समुदायले गति लिन थाल्दछ तव समुदाय चलायमान हुन्छ र अगाडि बढ्छ । समुदायमा जे-जस्तो गति हुन्छ समाज त्यसरी नै अगाडि बढिर-हेको हुन्छ । समाज निर्जीव वस्तु होइन यो सजीव हो । सजीवमा केही न केही शक्ति हुन्छ । हामीले कहिले काँही झट्ट बाहिरी रुपमा हेर्दा समूहमा गतिशीलता के कस्तो छ थाहा पाउन सक्दैनौ । बाहिरी आँखाले देख्न सक्दैनौ । जब भित्री रुपमा समुदायमा घुलमिल हुन थाल्दछौं समुदायका प्रयासको पहिचान गर्न थाल्दछौं तब मात्र समुदायको गतिशीलता बारेमा जान्न बुझ्न र देख्न सक्दछौं । समुदायमा विभिन्न किसिमका शक्तिहरु हुन्छन् ती शक्ति सकारात्मक, तटस्थ र नकारात्मक जनुसुकै पनि हुन सक्छन् । त्यसको प्रभाव कति छ ? कस्तो छ ? वर्तमान अवस्था के छ ? भोलि त्यसले के-कस्तो रुप धारण गर्न सक्छ ? आदि विश्लेषण गर्नु पर्दछ । समुदायको गतिशीलताको अध्ययन गर्दा समुदायको शक्ति विश्लेषण मात्र गरेर हुँदैन । गतिशीलता भित्र समुदाय कुन अवस्थामा छ, कसरी अगाडि बढेको छ ? बढ्न नसकेको भए त्यसका कारणहरु के-के छन् ? त्यसको परिणाम कहाँ कस्तो रुपमा परेको छ ? त्यसलाई समाधान गर्न के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ, सो को खोजी गर्नु हो । सकारात्मक रुपमा पनि समाज गतिशील हुन्छ । विकासको सन्दर्भमा समाजमा/समुदायमा प्रशंसनीय कार्यहरु के-के भएका छन् ? कसरी भएका छन् ? त्यसलाई व्यापक बनाई अन्यत्रतिर फैलाउन तथा विस्तार गर्न सकिने अवस्था छ/छैन ? छ भने के कसरी गर्न सकिन्छ आदि कामको लेखाजोखा गर्नु पनि गतिशीलताको पहिचान गर्नु हो । सूक्ष्म रुपमा भित्री तहमा समुदायको अवस्था विश्लेषण गर्न सजिलो छैन । कतिपय संवेदनशिल पक्षहरु मानिसले भन्न र देखाउन चाहँदैनन् । यस्ता आँखाले देख्न नसकिने भावनात्मक संवेगहरु मूल्य-मान्यता, रहन-सहन तथा धार्मिक आस्था अनास्था खोतल्न सजिलो छैन तर विकासको प्रक्रियामा समुदायलाई सकारात्मक परिवर्तन तर्फ उन्मुख बनाउन क्रमशः यी कुराहरुको प्रभाव ठूलो रहेको हुन्छ । हामी सतही रुपमा विश्लेषण गरेका हुन्छौं । जब सम्म गहिरिएर समुदायको गतिशीलताको अध्ययन गर्दैनौं तब सम्म

हामी सही अर्थमा स्वावलम्बन प्रवर्धन र स्वावलम्बी समाजको निर्माणको काममा खेलाँची मात्र गरेका हुनेछौं । तसर्थ सबैभन्दा महत्वपूर्ण कार्य समुदायको गतिशीलताको अध्ययन गर्नु हो ।

## स्वावलम्बी समूह (Self-help Group) :

समान चासो भएका व्यक्तिहरु एक आपसमा मिलेर आफ्नो व्यक्तिगत, नीजि वा सामुहिक हितको निमित्त सङ्गठित भएर आफ्नै प्रयासमा काम गर्ने पहल गर्ने समूहलाई स्वावलम्बी समूह भनिन्छ । स्वावलम्बी समूहहरुको एक वा सो भन्दा बढी उद्देश्यहरु हुन सक्छन् । सदस्य सङ्ख्याको पनि कुनै निश्चित वन्देज वा आकार तोकिएको हुँदैन तथापि समूहको प्रवन्ध, व्यवस्थापन र परिचालन गर्न सकिने आकारको हुन्छ । आफ्नै समूहका सदस्यको हित र फाइदाका लागि कार्य गर्नु यस्ता समूहको प्रमुख लक्ष्य, उद्देश्य भए पनि सामाजिक/सार्वजनिक कार्यमा पनि सक्दो योगदान पुऱ्याएका हुन्छन् । आजभोलि सबैले समूह मार्फत् काम गर्ने पद्धतिको विकास गरेका छन् तर तिनीहरुले जनताको सङ्गठन नबनाई आफ्नो कार्य सम्पादन गर्न अनेक थरी नाम दिएर उनीहरुको पहलमा न भै परियोजना/संस्था को दवावमा समूह गठन गरिन्छ । यस्ता समूहहरु काम सकिएपछि स्वत: बन्द हुने र कामको समयमा पनि सक्रिय नहुने, परियोजना/संस्थाको लागि काम गरि दिने भावना रहेको पाइन्छ । एकातिर यो प्रवृतिले समुदायका सदस्यहरु अनावश्यक संस्थै पिच्छेका समूहमा बस्न पर्ने बाध्यता आइपरेको छ भने अर्को तर्फ संस्था टिकाउ र संस्थागत विकास हुन सकेको छैन । त्यसैले हामी विकासको नममा स्वावलम्बन प्रबर्धनको निहुँमा पुन: समूह गठन गर्ने प्रयास र पहल गरेनौं । जहाँ पहिला नै समूह गठन छन्, त्यहाँ तिनै समूहहरुलाई नै प्रबर्धन/बढवा गर्ने काम गऱ्यौ भने जहाँ समुदायमा सङ्गठन छैन, समुदाय असङ्गठित छन् त्यस्तो ठाउँमा मात्र उनीहरुको पहल र प्रयासमा समूह गठन गर्न सहयोग पुऱ्याउने काम गऱ्यौं । यसरी गठन भएका र गठन गर्न सहयोग पुऱ्याएका संस्थाहरु नै दिगो/चिरस्थायी हुने हाम्रो अनुभव छ ।

**सामान्यतया स्वावलम्बी समूहका निम्नलिखित लक्षणहरु पाइन्छन् :**

- ※ *आफूले अनुभव गरेका समस्याहरुको निदान गर्न वा पहिचान गरेका सम्भावनाहरुको सृजनात्मक उपयोग गर्न आफै भित्रबाट सङ्गठित हुने ।*
- ※ *समूहको स्थापना गर्ने पहल आन्तरिक रुपबाटै गर्ने वा बाहिरबाट यस्तो बिचारको चयन आफै गर्ने ।*
- ※ *स्थानीय रुपमा सङ्गठित हुने ।*
- ※ *अरुको फाइदाको लागि नभै आफ्नै फाइदाको लागि काम गर्ने ।*
- ※ *आफ्नो योजनाहरुको तर्जुमा र कार्यान्वयन आफ्नै पहलमा गर्ने ।*
- ※ *आफ्नो प्रयासबाट आन्तरिक, स्थानीय र बाह्य स्रोतको परिचालन गर्ने ।*
- ※ *बाहिरी सहयोगमा मात्रै पूर्ण रुपले भर (आश्रित) नपर्ने ।*
- ※ *सदस्यहरु आफ्नै प्रयासबाट लाभ पाउने ।*
- ※ *सामुहिक रुपमा सदस्यहरुको व्यक्तिगत, सामाजिक र आर्थिक स्तर माथि उठाउन मद्दत गर्ने ।*
- ※ *आफ्नै स्थानीय ज्ञान, सीप, क्षमता, मूल्य र मान्यताको आधारमा माथि उठ्ने ।*
- ※ *सामुहिक निर्णय प्रक्रियामा आधारित ।*

## स्थानीय सहयोगी संस्था (Local Support Organization) :

सामान्यतया स्थानीयस्तरमा समुदायको फाइदाको लागि काम गर्न समुदायका केही बुझ्ने र गर्न सक्ने व्यक्तिहरुको पहलमा गठन गरी कानूनी रुपमा मान्यता प्राप्त आफ्नो निश्चित कार्य क्षेत्र पद्धति भएका समुदायमा आधारित संस्थालाई स्थानीय सहयोगी संस्था भनिन्छ । यिनीहरु समुदायसँग मिलेर काम गर्न सक्ने हुन्छन् । यसका अलावा यिनीहरुमा समुदायको विश्वास, स्थानीय क्षेत्रको ज्ञान समेत भएका हुन्छन् । यिनीहरुले कम खर्चमा स्वयंसेवी भावनाले समुदायलाई सहयोग पुऱ्याउन सक्ने हुन्छन् । यिनीहरु जनसहभागिता जुटाउन

स्थानीय स्रोत पहिचान र परिचालन गर्न सक्ने हुन्छन् वा हुन सक्छन् । हुनत कतिपय अवस्थामा विभिन्न निकाय वा संस्थाहरुले स्थानीय सहयोगी संस्थालाई विभिन्न नामले पुकारिन्छ । हाल प्रचलित नामहरुमध्ये समुदायमा आधारित संस्था (Community Based Organization) गैर सरकारी संस्था (Non Governmental Organization) र सामाजिक विकास संस्था (Social Development Orgainzation) हुन् । यी सबै नामलाई छाडेर हामीले किन स्थानीय संस्था भन्यौ भने यसले सरल र स्पष्ट अर्थ दिन सक्छ। स्थानीय सहयोगी संस्था भन्नासाथ स्थानीय रुपमा काम गरेको हुनुपर्‍यो । स्थानीयस्तरमा नै समुदायलाई सहयोग गर्न प्रतिवद्ध भएका हुन्छन् र ती सबै कानूनत संस्थागत मान्यता पाएका हुन्छन् । यसका अलावा गै.स.स., सा.वि.स. तथा समुदायमा आधारित संस्था भन्नाले यो सबै कुरा पूरा नभएको पनि हुनसक्छ ।

यस कार्यक्रमको सन्दर्भमा स्थानीय संस्थाले स्वावलम्बी समूह गठन गर्ने, समूह भएको स्थानमा प्रबर्धन गर्ने र स्वावलम्बनको प्रक्रियामा समूहलाई सहयोग पुर्‍याइरहेका हुन्छन् । समूह गठन र प्रबर्धनमा सहयोग पुर्‍याउनु प्रारम्भिक कार्य हो । यसपछि प्रयासको पहिचान गर्न समूहलाई सहयोग पुर्‍याउँदछन् । नियमित बैठक, स्थानीय स्रोत पहिचान र परिचालन गर्नमा नियमित रुपमा सहयोग पुर्‍याउने दोस्रो कार्य गर्दछन् । एवंरितले क्रमशः क्षमता अभिवृद्धिमा स्थलगत परामर्श सेवा सहयोग (On Site Coaching) निर्णय लेखन, योजना तर्जुमा कार्यान्वयन र उपयोग, बचत तथा ऋण परिचालनमा निरन्तर सहयोग पुर्‍याएर समूहलाई आत्मनिर्भर बनाई समूह आफै स्वत स्फूर्त रुपमा चल्न सक्ने बनाएर छाड्दछन् । यसको लागि आवश्यक सीप, प्राविधिक ज्ञान र आवश्यक न्यूनतम आर्थिक सहयोग स्रोत संस्था र परियोजनाबाट प्राप्त गर्दछन् । यसरी परियोजनाले प्रत्यक्ष रुपमा स्वावलम्बी समूहसँग सिधै काम नगरेर स्थानीय सहयोगी संस्था मार्फत् स्वावलम्बी समूहमा सहयोग पुर्‍याउँदछ । कार्यक्रमले स्वावलम्बी समूहलाई मात्र न भै स्थानीय सहयोगी संस्थाको क्षमता वृद्धि, संस्थागत विकास र व्यावसायिकता वृद्धि गर्न समेत सहयोग पुर्‍याएको छ । हाम्रो अनुभवमा यो प्रक्रिया दिगो र प्रभावकारी छ । अर्कोतर्फ यसको लक्ष्य स्थानीय स्तरका संस्थाहरुको संस्थागत विकास गरी गरिबी कम गर्नमा सहयोग पुर्‍याउन मद्दत गर्नु रहेको छ । कामको सिलसिलामा हामीले के देख्यौ भने बाहिरबाट गएका गैस.स. भन्दा स्थानीय संस्था स्थानीयस्तरमा विकासको कार्यमा स्वावलम्बी समूहलाई परिचालन गर्न, अगाडि बढाउन र संस्थागत गरी निरन्तरता दिएर दिगोपना कायम गर्न बढी प्रभावकारी र सक्षम हुन्छन् ।

**स्थानीय सहयोगी संस्थाको पहिचान/चरित्र :**

- *स्थानीयस्तरमा सङ्गठित भै वैधानिकता प्राप्त गरेका हुन्छन् ।*
- *कार्यक्षेत्रको निश्चितता हुन्छ र स्थानीय परिवेशको बारेमा विज्ञ हुन्छन् ।*
- *आफ्नो फाइदाको लागि नभै समुदायको फाइदाको लागि काम गर्दछन् ।*
- *मुनाफारहित समाज सेवाको भावनाले सञ्चालित हुन्छन् ।*
- *स्वावलम्बी समूहको तुलनामा पढेलेखेका बुझ्ने-जानेका व्यक्तिहरु सदस्य हुन्छन् ।*
- *समुदाय/स्वावलम्बी समूहको विश्वास जित्न सक्षम हुन्छन् ।*
- *स्वयंसेवी भावनाले कार्य गर्दछन् ।*
- *स्थानीय स्रोत परिचालन र सदुपयोग गरी जनसहभागिता जुटाउन सक्षम हुन्छन् ।*
- *संस्थागत तथा व्यक्तिगत क्षमता विकासको राम्रो संभावना रहेको हुन्छ ।*

**स्रोत संस्था (Resource Organization) :**

स्रोत संस्था भन्नाले त्यस्तो संस्थालाई बुझाउँछ, जसले यस कार्यक्रम अन्तर्गत स्थानीय सहयोगी संस्थालाई स्वावलम्बन प्रवर्धन गर्दा समूहलाई पुर्‍याउन पर्ने सहयोगको बारेमा प्राविधिक ज्ञान दिन सक्दछ । स्रोत संस्थाले अर्कोतर्फ स्थानीय सहयोगी संस्थाको संस्थागत

विकासका साथै आवश्यक परेको बेलामा स्वावलम्बी समूहलाई समेत सहयोग पुऱ्याउन सक्ने सक्षम/दक्ष जनशक्ति भएको कार्यक्षेत्र खुल्ला यस कार्यक्रममा सहयोग पुऱ्याउन परियोजनासँग साझेदारी गरेको संस्थालाई बुझाउने छ । यो संस्था विधिवत् जि.प्र.का. मा दर्ता भएको, नियमित नवीकरण भएको हुनु पर्दछ । यसका अलावा संस्थागत रुपमा केही काम गरी अनुभव प्राप्त गरेको र आफ्नो तर्फबाट पनि आर्थिक तथा भौतिक रुपमा केही योगदान गर्न सक्ने हुनु पर्दछ ।

यस कार्यक्रममा स्रोत संस्थाले दुवै जिल्लामा आफ्ना स्वयंसेवीहरु राखेर नियमित रुपमा स्थानीय सहयोगी संस्थालाई स्वावलम्बन प्रबर्धनका हरेक पाइलामा सहयोग पुऱ्याएको छ । नियमित रुपमा कार्य क्षेत्र अन्तर्गतका सहयोगी संस्थासँग भेटघाट गर्ने, विषयगत रुपमा समूहलाई पुऱ्याउनु पर्ने सहयोगको बारेमा छलफल गर्ने, सहयोगी संस्थाले गरेका कार्यहरुको अनुगमन गर्ने, विषय अनुसार देखिएका कमी कमजोरीमा सुधार गर्ने, पूरा गर्न पर्ने भएमा बुँदागत रुपमा सुझाउ सल्लाह र प्राविधिक सहयोग पुऱ्याउनु पर्ने हुन्छ । सुझाउ दिएर मात्र नपुग्ने भएमा समूहमा नै संस्थाका प्रतिनिधिसँगै गएर सहयोग पुऱ्याउनु पर्दछ । स्वावलम्बी समूह, स्थानीय सहयोगी संस्थालाई सम्पर्क र समन्वय गर्नमा स्थानीय स्तरदेखि जिल्लासम्म सहयोग पुऱ्याउनु पर्दछ । स्वावलम्बी समूहको योजना तयारी योजनाको प्रारम्भिक निरीक्षण र अनुगमन गर्ने सहयोगी संस्था मार्फत् सो योजना परियोजना (GTZ/NGO FP) मा जानकारी दिने परियोजना व्यवस्थापन समूह (Team) सँग आवश्यक राय-सल्लाह लिएर सुझाउ सहित स्वीकृतिको लागि परियोजनामा पठाउने कार्य गर्दछ । परियोजनाले स्वयं परियोजनाको टिमले नै निरीक्षण गर्नु पर्ने मानेमा त्यसका लागि समयका साथै अन्य आवश्यक व्यवस्था मिलाउने कार्य गर्दछ । संस्थाहरुको आन्तरिक संस्थागत विकासको लागि विभिन्न कार्यक्रम, अवलोकन भ्रमण, तालिम, गोष्ठी, भेला, आपसी छलफलको पनि अवस्था र आवश्यकता अनुसार व्यवस्था गर्दछ । संस्थाको दिगो आर्थिक स्रोतको विकास, संस्थाका कार्यक्रममा विविधीकरण दस्तावेजीकरण आदिमा नियमित सहयोग पुऱ्याउँदछ । स्वावलम्बी समूहमा पनि स्थानीय सहयोगी संस्थाको राय-सल्लाहामा समूहका सदस्यहरुको लागि तालिम, अवलोकन भ्रमण, समूहको नीति-नियम तर्जुमा समग्रमा स्वावलम्बी समूह र स्थानीय सहयोगी संस्था दुबैको संस्थागत विकास र कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन र प्रतिफल प्राप्त गर्नको लागि दिगो व्यवस्थापन गर्न सहयोग पुऱ्याउँदछ । परियोजनातर्फ भन्ने हो भने पनि स्रोत संस्था प्रत्यक्ष सम्पर्क र सम्बन्धमा रहेर दुबैतर्फको मध्यस्तकर्ताको भूमिका निर्वाह गर्दछ । यसका अलावा सामाजिक परिचालनको माध्यमबाट समूह गठन देखि स्वावलम्बी योजना तयारी गरी कार्यान्वयनको चरणसम्म आइपर्ने सम्पूर्ण कार्यहरु क्रमबद्ध रुपमा गरेर अन्य SHG र LSO को लागि प्रदर्शनी क्षेत्र विकास गर्नु र स्थानीय सहयोगी संस्थालाई अवलोकन गराएर सोही अनुसार काम गर्न सहयोग पुऱ्याउनु पनि हो । यसको लागि हामीले पर्वतमा २ स्थान उत्तरी क्षेत्र र दक्षिणी क्षेत्रमा, कपिलवस्तुमा १ क्षेत्रमा प्रदर्शनी क्षेत्र तयार गरी नमूना प्रदर्शनी क्षेत्र तयार पारिएको थियो । यस कार्यक्रममा विजय विकास स्रोत केन्द्रलाई परियोजनाले पर्वत र कपिलवस्तु जिल्लाको लागि स्रोतसंस्थाको रुपमा लिएर काम गरिरहेको छ ।

**स्रोतसंस्थाका न्यूनतम योग्यता** :

१. *अनिवार्य दर्ता भएको हुनु पर्ने ।*
२. *मुनाफा रहित सामाजिक विकासमा कार्य गर्न सक्ने ।*
३. *संस्थागत विकास भएको, दक्ष अनुभवी ।*
४. *व्यावसायिक सदस्यहरुद्वारा सञ्चालित ।*
५. *अरुलाई व्यावसायिक सेवा प्रदान गर्न सक्ने ।*
६. *आवश्यक तालिम दिन सक्ने, तालिम सामग्रीहरु तयार गर्न सक्ने ।*
७. *कार्यक्षेत्र खुल्ला भएको साझेदारीमा काम गर्न इच्छुक ।*
८. *पारदर्शी तथा सम्पर्क र समन्वय गरेर विभिन्न श्री ५ को सरकारका विकास निकाय, स्थानीय सरकार (VDC, DDC) आदिसँग मिलेर काम गर्न सक्ने ।*

## स्वावलम्बन समूहको गठन र प्रबर्धनमा स्थानीय सहयोगी संस्थाको भूमिका :

यस कार्यक्रममा स्रोत संस्थाले स्थानीय सहयोगी संस्था मार्फत् समूहमा काम गर्दछ । समुदायमा काम गर्दा सहयोगी संस्थाले स्वयं आफै कार्य सञ्चालन गर्ने नभै स्वावलम्बी समूहलाई काम गर्नको लागि उत्प्रेरणा जगाउने, सहयोग पुऱ्याउने र उनीहरुलाई नै काम गर्न सक्षम बनाउने तर्फ सहयोग पुऱ्याउनु हो । समुदायमा सहयोग पुऱ्याउदा आफू कर्ता नभै सहयोगी हुँ भन्ने कुरा भुल्नु हुँदैन । यसका अलावा निम्न लिखित बुँदाहरुलाई आत्मसात् गरी समूहको बानी नबिग्रने, हस्तक्षेप नहुने गरी सहयोग प्रदान गर्नु पर्दछ ।

१. सेवा र सहयोग समूहको माग, प्रयास र प्राथमिकताको आधारमा मात्र प्रदान गर्नु पर्दछ ।
२. सहयोग गर्दा बाहिरी परिधि (वातावरण) लाई मात्र प्रभावित गर्ने र भित्री कुरा (निर्णय) मा हस्तक्षेप नगर्ने ।
   - ❋ समूह/समुदायले गरिरहेको प्रयासको आधारमा सहयोगको स्वरुप निर्धारण गर्ने ।
   - ❋ विभिन्न बैकल्पिक उपायहरुको बारेमा सूचना तथा जानकारी दिने ।
   - ❋ आफ्नो अनुभवको आधारमा नीति निर्माणमा सहयोग पुऱ्याउने ।
   - ❋ आन्तरिक तथा बाह्य आर्थिक अवसरहरुको सिर्जना गर्ने/गर्न सहयोग गर्ने ।
   - ❋ कर्ताको होइन सहयोगी/स्वयंसेवीको भूमिका खेल्ने ।
३. विभिन्न समूह/संस्था बीचको अन्तर सम्बन्धलाई लक्षित गरी क्रमशः बढाउँदै लैजानु पर्छ ।
४. निश्चित कार्यक्रम र योजनाहरु भन्दा कार्यक्रमहरु बीचको तथा विषयवस्तुहरु बीचको अन्तर प्रभावलाई बढावा दिने ।
५. संस्था, समूह र समाजभित्रको आन्तरिक गतिशीलता र प्रयासलाई लिखित रुपमा राख्ने र राख्न लगाउने गर्नु पर्दछ ।

## समूह प्रबर्धनका पाइलाहरू :

स्थानीय सहयोगी संस्थाहरुले स्वावलम्बन प्रबर्धन गर्ने क्रममा समूह गठन देखि लिएर योजना तर्जुमा, निरन्तर अनुगमन र क्षमतावृद्धि गर्ने कार्यमा जुट्नु पर्ने हुन्छ । समूह नभएको स्थानमा समूह गठनको लागि पूर्व तयारीका कार्यका साथै समूह गठन गरेर तिनीहरुलाई क्रमवद्ध रुपमा सहयोग पुऱ्याउनु पर्दछ । यस कार्यक्रम अन्तर्गत हामीले समूह गठन गर्दा र तिनीहरुलाई सक्षम बनाउँदा निम्न लिखित पाइलाहरु क्रमबद्ध रुपमा प्रयोग गरी समूह गठन र प्रबर्धन गरिएको थियो । जसलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ । यी पाइलाहरु एक पछि अर्को क्रमशः अगाडि बढाउनु पर्छ । समूह प्रबर्धन पूर्व तयारीका केही बुँदाहरुमा तल-माथि भएतापनि अन्य बुँदाहरु क्रमवद्ध रुपमा नै अगाडि बढाउनु पर्दछ ।

### क) समूह गठन पूर्व तयारी पाइलाहरु :

❋ **व्यक्तिगत भेटघाट :-**

सर्वप्रथम कार्यक्षेत्रमा गई सो स्थानको सामाजिक वस्तु स्थिति बुझ्नको लागि जानिफकार व्यक्तिहरु जस्तै : शिक्षक, किसान, महिला, जनप्रतिनिधि आदिसँग भेटघाट गरी सम्पर्कको शुरुवात गरिन्छ । यिनीहरुबाट सो ठाउँको बारेमा प्रारम्भिक जानकारी सङ्कलन गरिन्छ ।

❋ **सम्पर्क विस्तार :-**

दोस्रो पाइला भनेको सम्पर्क विस्तार हो । समूह गठन त्यसै हुन सक्दैन । त्यहाँका व्यक्तिहरुसँग चिनजान गरी विस्तारै सम्बन्ध विकास गरेर उनीहरुको विश्वास लिन सक्नु पर्दछ । सम्बन्ध विस्तारको क्रममा कार्यक्रमको बारेमा सङ्क्षिप्त जानकारी दिने, उनीहरुको राय बुझ्ने र उनीहरु समूह गठन गर्न उत्साहित भएभने सामुहिक भेलाको आयोजना गर्न लगाई सो भेलामा संस्थाका प्रतिनिधिहरु समेत गएर छलफल गरिन्छ ।

❋ **सामुहिक छलफल :-**

सम्पर्क विस्तार पछि आपसी समझदारीको

❋ **आर्थिक तथा सामाजिक स्तर निर्धारण :-**

योजना तर्जुमा गर्दा नै विपन्न, दलित तथा महिला वर्गलाई प्राथमिकता दिनु पर्दछ। त्यसको लागि समूहका सदस्यहरुको सामाजिक तथा आर्थिक स्तर के-कस्तो अवस्थामा छ सो जान्नका लागि स्तर निर्धारण गर्नु पर्दछ। स्तर निर्धारण गर्दा पि.आर.ए. को विधि अवलम्बन गर्न सकिन्छ। यसका अलावा समूहको अवस्था हेरी सहजकर्ताले छुट्टै विधि अवलम्बन गर्न पनि सक्दछन्। यो कार्य गर्दा समूहका सदस्यहरुसँग घुलमिल भै सौहार्दपूर्ण वातावरण तयार पारेर मात्र गर्नु पर्दछ। यसैको नतिजा अनुसार प्राथमिकता निर्धारण गरी क्रमशः लगानी गर्दै जानु पर्दछ।

❋ **नाफामूलक हो भन्ने आधार :-**

आयमूलक कार्यक्रम गर्दा अहिलेसम्म हामीले परियोजनाको विश्लेषण गर्ने गरेका छैनौं त्यत्तिकै कामको शुरुवात गर्दछौं र पछि घाटा भएमा अरुलाई दोष दिएर त्यसबाट हात झिक्दछौं। अर्को तर्फ हामीले आयमूलक काम साच्चिकै आय आर्जन गरेर फाइदा लिनको लागि नभै भन्नाका लागि गर्ने परम्परा छ। तसर्थ यहाँ हामीले आयमूलक कार्यक्रम तर्जुमा गर्दा गर्न लागेको योजना के-कस्तो हो, बजार व्यवस्था कस्तो छ, वातावरणीय प्रभाव कस्तो छ, लगानी अनुसार खर्च कटाएर आम्दानी दिन सक्छ-सक्दैन भन्ने विश्लेषण गर्नु पर्दछ। यी सबै कुराको विश्लेषण गर्दा योजना नाफामूलक हो भन्ने ठहर भएमा मात्र त्यसलाई अगाडि बढाइन्छ।

❋ **समूहको संस्थागत वर्तमान अवस्था :-**

समूहको वर्तमान अवस्था कस्तो छ, सो समूहलाई परियोजनाको अलावा संस्थागत विकासमा के-कस्तो सहयोगको दरकार पर्दछ सो समेत अध्ययन गरी सहयोगको आकार-प्रकारको निर्क्योल गरिन्छ।

❋ **संस्थाले समूहलाई पुऱ्याउने सहयोगको कार्य योजना :-**

समूहको योजना तयार पर्दा स्थानीय सहयोगी संस्थाले सो समूहलाई योजना सञ्चालन गर्नका साथै अन्य संस्थागत विकासका कुराहरुमा के-कस्तो सहयोग कसरी पुऱ्याउछ सो कुरा समेत कार्य योजना तयार गरी समूहको योजना समेत संलग्न गरी सोही अनुसार सहयोग पुऱ्याउने व्यवस्था गरिन्छ। सहयोग के-कस्तो चाहिन्छ भन्ने कुराको निर्णय समूह आफैले गरी माग गर्दछ।

❋ **सूचना र जानकारी :-**

समूहले कसरी काम गरिरहेको छ सो योजना कार्यान्वयन गर्नको निम्ति कुन-कुन निकायको सहयोगको दरकार पर्दछ त्यसबारे सम्बन्धित निकायमा समूहको बारेमा सूचना लिने-दिने र स्रोत र साधनहरुको कहाँ-कहाँबाट उपलब्ध हुन सक्छ सोको समेत जानकारी सङ्कलन गरिन्छ।

❋ **योजनाको असर :-**

योजना कार्यान्वयन पश्चात त्यसले सदस्यको व्यक्तिगत पारिवारिक जीवनमा के-कस्तो सकारात्मक असर पार्दछ, समुदायमा त्यसले के प्रभाव पार्दछ, वातावरणीय सन्तुलनमा प्रतिकुल असर र सामाजिक न्यायमा आधारित छ कि छैन विश्लेषण गर्नु पर्दछ।

❋ **स्वः अनुगमन तथा मूल्याङ्कन :-**

समूहले आफूले गरेका कामहरुको के-कस्तो प्रभाव परेको छ, कार्यान्वयन गर्न थालेको योजना के-कसरी अगाडि बढिरहेको छ भन्ने बारेमा बाहिरियाले नभै समूह आफैले आफ्नो मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्नु पर्दछ। यहानेर समूहले कार्यक्रमको कसरी अनुगमन र मूल्याङ्कन गर्दछ प्रष्टसँग उल्लेख गरिन्छ। हरेक कार्यक्रमको अनुगमन र मूल्याङ्कनको सन्दर्भमा स्वःअनुगमन र मूल्याङ्कनलाई विशेष जोड दिएको छ।

❋ **निरन्तर अनुगमन (Follow up) :-**

हामीलाई थाहा छ निरन्तरताले नै कुनैपनि कार्य सफलपार्नको लागि महत्वपूर्ण भूमिका खेल्दछ। तसर्थ योजना तर्जुमा देखि कार्यान्वयन, प्रतिफलको वितरण र उपभोग, मर्मत संभार, नियन्त्रण र पहुँच सम्म के-कसरी भै रहेको छ कहीं कतै लक्ष्य, उद्देश्य अनुसार नभै अर्कौ किसिमले अगाडि बढेको छ कि सो कुरा हेर्नलाई निरन्तर अनुगमन र अनुसरण तथा रेखदेख गर्नु पर्दछ। यहाँ हरेक कार्यलाई भने बमोजिम व्यवहारमा उतार्नको लागि निरन्तर अनुगमन र रेखदेख गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## स्वावलम्बन प्रबर्धनका निम्ति स्रोत संस्थाको भूमिका :

- स्थानीय स्तरका स्वावलम्बन प्रबर्धन गर्ने सामाजिक विकास संस्थालाई स्वावलम्बन र दिगो विकासका अवधारणाबारे व्यवस्थित रुपमा जानकारी प्रदान गर्नु ।
- समुदायभित्रका प्रयास र गतिशीलताको खोजीगरी तिनीहरुको प्रबर्धन र विस्तारका सम्बन्धमा योजनाबद्ध रुपमा अगाडि बढाउने ।
- संस्थागत विकासको लागि स्थानीय स्तरका संस्थाहरुलाई तालिम, सूचना, परामर्श सेवा आदि उपलब्ध गराउने ।
- स्थानीय स्रोत र साधनको पहिचान र परिचालन गर्न सहयोग गर्ने ।
- स्थानीय स्तरका संस्थाहरुलाई संस्थागत व्यवस्थापन सम्बन्धी सहयोग (लेखा, अभिलेख, निर्णय आदि) तथा आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने।
- स्वावलम्बी समूहको प्रबर्धन तथा सहभागितात्मक योजना तर्जुमामा र सङ्गठन कौशलका लागि अपनाइने विभिन्न प्रक्रियाहरुमा सहयोग (तालिम परामर्श) पुऱ्याउने ।
- समूहहरुले गरेको कार्यहरुलाई नियमित अनुगमन, मूल्याङ्कन गर्ने तथा आवश्यक सहयोग र सुझाउहरु प्रदान गर्ने ।
- स्वावलम्बन प्रबर्धनमा लागेका संस्थाहरुको कार्यतन्त्र गठन गरी अन्तर सम्बन्धको विस्तार गर्दै कार्यतन्त्रलाई बलियो पार्ने ।
- समूह वा स्थानीय स्तरका संस्थाहरुलाई दीगो विकास र स्वावलम्बनका बारेमा नयाँ-नयाँ अनुभव र सूचना सामग्रीहरु उत्पादन गरी सहयोग पुऱ्याउने ।
- स्वावलम्बन प्रबर्धन गर्न नमूनाको रुपमा प्रदर्शनी क्षेत्र विकास गरी काम गरेर प्रयोगात्मक रुपमा देखाउने ।
- सरकारी तथा गैर सरकारी विकास निकाय र सहयोगी संघ संस्थाहरु बीच सम्बन्ध र समन्वय कायम गरी सहयोगको आदान-प्रदान गर्न सहयोग गर्ने ।
- समूहको सामाजिक विकास र आयवृद्धिका लागि गरिने नयाँ-नयाँ प्रयासहरुको खोजी गरी प्रबर्धन/विस्तार गर्ने ।

## पर्वत जिल्लाको भौगोलिक तथा भौतिक स्थिति चित्रण

| | | |
|---|---|---|
| भौगोलिक अवस्थिति | : | २७°५८"-२८°३९" उत्तरी अक्षांस<br>३८°३४"-८३°५९" पूर्वी देशान्तर |
| सिमाना | : | पूर्वमा - कास्की र स्याङ्जा<br>पश्चिममा - बाग्लुङ्ग र म्याग्दीको केही भाग<br>उत्तरमा - म्याग्दी .<br>दक्षिणमा - स्याङ्जा र गुल्मीको केही भाग |
| अवस्थिति | : | मध्य पहाडी जिल्ला |
| विकास क्षेत्र | : | पश्चिमाञ्चल |
| अञ्चल | : | धवलागिरी |

**राजनैतिक/प्रशासनिक विभाजन :**

| | | |
|---|---|---|
| वार्ड संख्या | : | ४९५ |
| गा.वि.स. | : | ५५ वटा |
| इलाका | : | ११ वटा |
| निर्वाचन क्षेत्र | : | २ वटा |
| सदरमुकाम | : | कुश्मा (शिवालय) |
| क्षेत्रफल | : | ५३६८६.२१ हेक्टर<br>(५३६.८६ वर्ग कि.मी.) |

# समुदायको तत्कालीन तथा वर्तमान अवस्था :

कार्यक्रमको थालनीमा विजय विकास स्रोत केन्द्रले दुवै जिल्लाको वस्तुस्थिति अध्ययन गर्न एक/एक टोली खटाएर जिल्लाका विभिन्न ठाँउको समुदायको अवस्था अध्ययन गरेको थियो । पर्वत जिल्लामा तत्कालीन अवस्थाको कुरा गर्दा समुदायमा मानिसहरु सङ्गठित थिएनन्, गरिबी र अचेतना व्याप्त थियो । समुदायका मानिसहरु मूलतः महिलाहरु अरुको अगाडि बोल्न, आफ्नो नाम भन्न हिचकिचाउँथे । स्वास्थ्य र सरसफाइमा कमी थियो । विकास भनेको केवल भौतिक पूर्वाधार निर्माण हो भन्ने धारणा थियो । महिलाहरु कतै-कतै आमा समूहमा आवद्ध थिए । आमा समूहको काम भनेको दैउसी/भैलो खेल्नु लाहुरेकहाँ नाच लिएर जानु र पैसा माग्नु, सो पैसा सङ्कलन गरेर मन्दिर बनाउनु, वा बाटोको सिंडी चिन्नु मुख्य काम हो भन्ने थियो । आमा समूहमा पनि सदस्यको पहिचान नहुनु हिसाब-किताब अलपत्र मौखिक रुपमा राख्नु, बैठकको कुनै नियमितता नहुनु जस्ता कमी-कमजोरी प्रसस्त थिए । यसको अलावा समूहमा नबसेका महिलाहरु दैनिक घरायसी काम खेति-पाती आदि मै व्यस्त थिए । अन्य समूहहरु कतै-कतै भेटिए तापनि विकासको लागि हामीलाई अरुले पैसा दिनुपर्छ, अरुले गरिनुपर्छ, माग्ने हक हाम्रो हो, दिनु पर्ने बाहिरियाको कर्तब्य हो भन्ने भावना थियो । समग्रमा भन्दा असङ्गठित, अशक्त, अचेतनाले समुदायलाई गाँजेको थियो । एक आपसमा विश्वासको कमी, राजनैतिक खिचातानी अर्को समस्या थियो । जसले समुदायमा बिभाजन र फुट ल्याएको थियो । महिलाहरुसँग तपाइको के कार्यक्रम छ ? के कस्तो सहयोग चाहिन्छ भन्दा उनीहरु मन्दिर र बाटोको सिंढी चिन्न आर्थिक सहयोग चाहिन्छ, यसका अलावा साँस्कृतिक कार्यक्रम दोहोरी गीत, लोक गीत प्रतियोगिता र मादल झुम्का चाहिएको छ भन्ने पाइन्थ्यो । अन्य समूहहरुमा केही उपभोक्ता समूह, साना किसान समूह नाम मात्रका निष्कृय थिए । बाहिरी रुपमा हेर्दा समूह भएको आभास र जानकारी अन्य समुदायका प्रतिनिधिहरुलाई थिएन । संस्था तर्फको कुरा गर्दा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका संस्थाको संख्या २३८ थियो तापनि नवीकरण गरी आफ्नो अस्तित्व झिनो रुपमा बचाउन सकेका संस्थाहरुको सङ्ख्या करिब १०० जति थियो । संस्थाहरुको आवधारणगत कुरा गर्दा विकास भनेको बाहिरिया दातृ संस्थाले ल्याइदिने हो, हामीले त्यसवाट बचाएर सकेसम्म केही राख्ने हो भन्ने थियो । संस्थाहरु, सङ्घसंस्था ऐन २०३४ अन्तर्गत दर्ता भएता पनि राजनैतिक पार्टीका भातृ सङ्गठन जस्तो लाग्दथ्यो । कार्य क्षेत्रको निर्धारण, लक्ष्यित वर्ग पहिचान, जनताको लागि के काम गर्ने केही पनि थाहा थिएन । उनीहरुलाई मादल, भिजा (घुँगुरु) शिल्ड र पुरस्कारको केही रकम दिए खुसी हुने अवस्था थियो । प्रायजसो कसैको पनि कार्यालय थिएन । नियमित बैठक, नेतृत्व चयन, सदस्यता नवीकरण संस्थाको कोष बैंक खाता धैरै संस्थाहरुको थिएन । सम्पर्क र समन्वयको कमी थियो । जि.वि.स. गा.वि.स. र श्री ५ को सरकारका विकास निकायहरुले संस्थाहरुले केही गर्न सक्छन् भन्ने विश्वास थिएन । जन प्रतिनिधिहरु क्लव/संस्था भन्दा वित्तिकै तर्सन्थे । दातृ संस्थाको पनि आगमन कम थियो । भएका पनि जिल्ला सदरमुकामको सेरोफेरोमा मात्र सीमित थिए । कार्यक्रमहरु या त आँफै सञ्चालन गरेका थिए या त संस्थालाई दिइएता पनि ठेकेदारी किसिमले सीमित ब्यक्तिहरु भएको संस्थाहरुलाई दिइन्थो । पर्वतको हकमा कुरा गर्दा २/४ वटा संस्थाहरु ठूला-ठूला नाम, जिल्ला भरिका राजनैतिक विचार मिल्ने सक्रिय व्यक्तिहरु सदस्य, न त बैठक न त कुनै काम गरेको पाइन्थो । उनीहरु भेला हुन नै २/३ दिन सम्म लाग्दथ्यो । यसै कार्यक्रमको सिलसिलामा एउटा संस्थाका सदस्यहरुले GTZ/NGOFP ले नवलपरासीको संस्थालाई ठेक्का दिएर गल्ती गरेछ । त्यो भन्दा सस्तोमा हामीले गरिदिन्थ्यौ त्यति काम त भनेर हामीसँग आक्रोश समेत पोखेका थिए । समुदायसँग मिलेर काम गर्ने समुदायको भलाइ र उत्थानका लागि काम गर्ने भावना कम थियो । बाहिर देखाउने हात्तीको दाँत भने झै बाहिर देखाउने

संस्था को नाम तर भित्र कसरी हाम्रो विचारधारा (राजनैतिक) का मानिसहरु वृद्धि गर्न सकिन्छ भन्ने भित्री भावना थियो । भलिबल, दोहोरी गीत सास्कृतिक कार्यक्रम, राहत उद्धार आदिमा नै सीमित थिए प्रायः संस्थाहरु ।

विकासको अवधारणगत कुरा गर्दा विकास भनेको भौतिक पूर्वाधार हो, सामाजिक परिचालन, आय आर्जन, सङ्गठनात्मक सशक्तीकरण वातावरण संरक्षण विकासका अन्य पक्षहरु हुन् भन्ने भावनाको विकास भएको कहिँकतै भेटिएको थिएन । पुल वनाउनु, बाटो बनाउनु, खानेपानी ठूला सिंचाई योजना गर्नु मात्र विकास हो भन्दथे । संस्थालाई संस्थागत विकास गरेर लैजानु पर्छ, दिगो स्थानीय आर्थिक स्रोतको विकास गर्नुपर्छ, समूह परिचालन कार्य गरेर र भैतिक पूर्वाधार बाहेक अन्यमा पनि जोड दिनुपर्छ भन्ने भावना र कार्यहरु कहिँकतै देखिदैनथ्यो । कहिले-काहिँ भेटघाट गर्नु, राहत उद्धारका कार्य गर्नु र नवीकरण गर्नु नै सम्पूर्ण विजय हाँसिल गर्नु हो जस्तो मान्दथे ।

कपिलवस्तुको कुरा गर्दा त्यहाँ पनि जि.प्र.का. मा धेरै संस्थाहरु दर्ता भएको पाइएतापनि प्रायजसोको कार्यालय र नामनिशाना मरीमेटेर खोज्दा पनि भेटिएन भने थौरैको मात्र धिपिधिपि अस्तित्व पाइन्थ्यो । समुदायको हकमा कुरा गर्दा पर्वतमा जस्तै अचेतना, अज्ञानता, अशक्तता, असङ्गठित त थिए नै त्यसको अलावा तराइबासीहरु ठूलाबडा जमिन्दारहरुको थिचोमिचोमा वँधुवा कमैया (दास जस्तै) भएर बाँचेका थिए । भाषाको समस्या, गरिबी, शोषण, आदिले गर्दा सङ्गठित हुने कुराको सोच उनीहरुमा आएको थिएन । धार्मिक कारणले र तराइको परम्परागत रुढीवादी अन्धविश्वासले गर्दा मुस्लिम समुदायका महिलाहरु बुर्को लगाउने; अरुको मुख नहेर्ने, नवोल्ने कारणले पनि हामी अन्दाज गर्न सक्छौ उनीहरुको अवस्था कस्तो थियो । यसको अलावा अन्य जातिमा पनि महिलाहरु वढी शोषित देखिन्थे, बाहिर निस्कन सम्भव थिएन । कतै-कतै भित्री रुपमा पहाडीया र मधेसिया भन्ने भावनाले समुदाय विभक्त थियो । राजनैतिक रुपमा पनि समुदायमा नराम्रो रुपमा विभाजन थियो । ग्रामीणस्तरमा समूह परम्परागत रुपमा केही भए तापनि अन्य समूहको अस्तित्व र पहिचान भेटिदैन्थ्यो ।

संस्थालाई अझवढी केलाएर हेर्दा यहाँ पर्वतको भन्दा अलिकति भिन्न धेरै जसो खेलकुदमा मात्र सीमित थिए । कुन संस्थाले वर्षमा कतिवटा कतिप्रकारका खेलकुदहरु कुन स्तरको (स्थीनय, जिल्ला, राष्ट्रिय) आयोजना गऱ्यो वा गर्न सक्थ्यो त्यही आधारमा संस्था त्यत्तिकै ठूलो हैसियत र मान्यता प्राप्त गर्दथ्यो । संस्था खोल्नुको पहिलो र अन्तिम लक्ष्य खेलकुद गर्नु र दैवी प्रकोपमा राहत उद्धारका कार्यहरु गर्नु हो भन्ने थियो । हामीले भेटेर कुरा गर्दा सवैले भन्दथे हामीले आज सम्म यति प्रकारका खेलकुदको आयोजना गरी सञ्चालन गऱ्यौ, यति टिमले भाग लिए आदि बताउँदथे । समग्रमा भन्नुपर्दा २/४ ट्रक फुटबल, भलिबल नेट र सो सञ्चालन गर्ने आर्थिक सहयोग पाएमा संस्थाहरु प्रशन्न हुने अवस्थामा थिए । संस्था खोल्नु भनेको अन्य विकासका कार्य गर्नु पनि हो भन्ने भावना समेत ज्यादै कम भेटिन्थ्यो । आय आर्जन, समुदाय परिचालन, संस्थागत विकास आदि तर्फ तपाइहरुको के विचार छ ? केही गर्नु भएको छ भनेर सोध्दा खिस्स हाँसेर दाँत देखाउने काम बाहेक केही हुदैनथ्यो । एकदुईवटा संस्थाहरु थिए जसले अन्यत्र पनि केही काम गर्नु पाएमा गर्ने भन्दथे तर सबैको सोचाई कति पैसा आउँछ, कहाँ विदेश घुम्न जान पाइन्छ, जागिर पाइन्छ कि पाइँदैन आदिमा पहिलो प्राथमिकता थियो । दातृ संस्थाहरु कम थिए, संस्थाहरुप्रति उनीहरुको विश्वास थिएन, सम्पर्क र समन्वय थिएन र सङ्गठनात्मक रुपमा पनि सदस्यहरुको सदस्यता पहिचान नहुनु महिला सहभागिता ज्यादै कम हुनु, साधारण सभा, नीति-नियम, बैठक सञ्चालन आदिको कुनै मान्यता र नियमितता नहुनु प्रायः सबैमा मिल्दा लक्षणहरु थिए ।

**समुदायको वर्तमान अवस्था :**

विगत र वर्तमानलाई वस्तुपरक रुपमा तुलना गरेर हेर्ने हो भने व्यापक रुपमा सकारात्मक परिवर्तन आएको पाइन्छ । हुन त सवै परियोजनाहरुले कार्यक्रमको थालनी र अन्त्य (Phase Out) समयमा समुदायमा परिवर्तन आए पनि नआए पनि कागजी रुपमा परिवर्तन देखाउँदछन् तर यहाँ यो कार्यक्रम अन्तर्गत सो अवस्था छैन । वरु समुदायको हरेक क्षेत्रमा आएको सङ्ख्यात्मक, गुणात्मक र भावनात्मक परिवर्तनलाई हुवहु कलमले कोरेर सेतो कागजमा

राख्न सकिंदैन कि भने हाम्रो डर छ । यहाँसम्म आइपुग्दा यस कार्यक्रमले पर्वत जिल्लामा ५५ गा.वि.स. मध्ये ३१ गा.वि.स. मा कुल घरधुरी ८२२४ सम्म समेटेको छ । त्यस मध्ये दलित जातिमा १४३६ घर परिवार यसमा समावेश हुन सकेका छन् । ५५ गा.वि.स. अन्तर्गत २५७ स्वावलम्बी समूह १८ वटा सहकारी संस्था गरी कुल २७५ समुदायमा आधारित समूह वनेका छन । ती कुल २७५ समूहमा ५४३६ सदस्य आबद्ध छन् जसमा दलित १४३६ जना छन् भने महिला २८२३ छन् । समूहमा आफ्नै बचत सङ्कलन गरेर रु ५६९१६८७ भन्दा वढी पुऱ्याइसकेका छन् भने घुम्तीकोषको रकम रु ४५,०४,१३६ पुगेको छ । कुल २७५ समूह मध्ये १३८ वटा समूहले GTZ/NGOFP सँग साझेदारी गरिसकेका छन् । बाँकी अन्यले आफ्नै मेहनत र सामुहिक भावनाका साथ माथि उठ्ने जमर्को गरेका छन् । सामाजिक विकास संस्थाको हकमा पनि व्यापक उथलपुथल आएको छ । हालसम्म १२ वटा संस्थाहरु यस कार्यक्रमसँग आवद्ध भएर LSO/ LRO को रुपमा काम गरेका छन् । दक्ष जनशक्ति, दिगो आर्थिक स्रोतको पहिचान र परिचालन, सम्पर्क, समन्वयमा वृद्धि व्यावसायिकता तर्फ उन्मुख भै संस्थागत विकास भैसकेको छ । पुरानो अवधारणाको तुस पनि छैन त्यहाँ । कपिलवस्तुतर्फ हेर्ने हो भने पनि ३३८ स्वावलम्बी समूह ३३ गा.वि.स. १ नगरपालिकामा सक्रिय रुपमा कार्यरत छन् । ७७ गा.वि.स. र १ नगरपालिका मध्ये ३३ गा.वि.स. मा कार्यक्रम पुगेको छ । कार्यक्रमको बारेमा भन्नु पर्दा स्वावलम्वन प्रबर्धन (संस्थागत विकास, स्थानीय स्रोत पहिचान र परिचालन, आयमा वृद्धि र सहभागिमूलक ढंगबाट काम गर्ने कार्यशैलीको) अभियान गाँउ-गाँउमा पुगेको छ । जनताहरु जुर्मुराएर उठेका छन्, समूहमा जुटेका छन र सामाजिक एकता, जीवनस्तरमा गुणात्मक सुधार गरेर आफ्नो खुट्टामा उभिने, आफ्नो पौरखमा वाच्ने र हाँस्ने कोशिश गरेको छन् । ३३८ स्वावलम्बी समूहको अलावा २३ वटा संस्था सहकारी समेत गठन भै स्थानीयस्तरमा स्थापित समेत भएका छन् । विभिन्न स्वावलम्बी समूहहरुमा ९१४६ घरधुरी संलग्न छन् भने त्यति नै सदस्य समूहमा आवद्ध छन् । दलित र तराइली मूलका जनताको मात्रै प्रतिनिधित्व ३९३६ जनाको रहेको छ । कुल महिलाको सङ्ख्या हेर्दा ५५८९ जनाछन् । समूहको बचत रु. ५०,७२,१९४ छ भने घुम्तीकोष रु. ४६,७५,२५८ लगानी भै सकेको छ । हालसम्म ३३८ स्वावलम्बी समूह मध्ये १३६ वटा समूहले GTZ/ NGOFP सँग साझेदारीमा काम गरेका छन् । समूहले जि.वि.स., गा.वि.स. का अलावा सांसद कोषवाट रकम लिन सफल भएका छन् । पर्वतको तुलनामा सामाजिक विकास संस्था केही बढी २३ वटा प्रत्यक्ष यस कार्यक्रममा आवद्ध छन् भने अन्य संस्थाहरु पनि विस्तारै माथि वढ्दै आइरहेका छन् । मुस्लिम महिलाहरु थोरै भएपनि घरदेखि बाहिर निस्कन थालेका छन् ।

समग्रमा भन्नुपर्दा आज दुवै जिल्लामा एउटा लहर नै आएको छ विकासको क्रममा । हिजो वाहिर निस्केर वोल्न डराउने महिला, दलित वर्गका साथै किसानहरु आज सार्वजनिक मञ्चमा गएर भाषण गर्न सक्ने भएका छन् । हिजो कसैले पनि सापटी नपत्याउने घर परिवार आज छोरा छोरीलाई पढाएर समेत अरुलाई सापटी दिन सक्ने भएका छन् । हरेकको घरमा कुनै न कुनै किसिमको चर्पी छ । स्वास्थ्य र सरसफाईमा सुधार आएको छ । समुदायमा विश्वासको वातावरण वन्दै गएको छ । राजनैतिक पूर्वाग्रह कम भएको छ । दलित वर्ग सामाजिक तथा आर्थिक रुपमा माथि उठेका छन् भने महिलाहरु पुरुष समान नै विकास र स्रोत र साधनको नियन्त्रण र पहुँचमा समान अधिकार हुनपर्छ भनेर आवाज उठाउन सक्ने भएका छन् । शिक्षा क्षेत्रमा व्यापक रुपमा साक्षरता सङ्ख्याको वृद्धि र छोराछोरी दुवैलाई विद्यालयमा पठाउने प्रचलन बढेको छ । समूहमा अनौपचारिक शिक्षाका विभिन्न कक्षाहरु सञ्चालन गरी समूहको बैठकमा ल्याप्चे लगाउन छाडेका छन् । सम्पर्क र समन्वय वढेको छ अन्य विभिन्न दातृ संस्था तथा निकायहरुले तिनै संस्था र समूह मार्फत् काम गर्न थालेका छन् । दुवै जिल्लामा संस्थाहरुको आफ्नै नेटवर्क खडा गरी दर्ता गरेर चलाएका छन् भने जि.वि.स. का समेत NGO CELL गठन भै एक-आपसमा सम्पर्क र समन्वय स्थापना भएको छ । अन्य निकायले NGO र समूहको अस्तित्वलाई स्वीकारेर अघि वढ्न सहयोग प्रदान गरको छन् ।

❋❋❋❋

# कार्यक्रम कार्यान्वयनका प्रक्रियागत पाइलाहरु

# (Steps/Process of the Program Implementation) :

यो परियोजना सञ्चालनमा अन्य योजनाको तुलनामा केही नवीनतम प्रयोगका साथ शुरु गरिएको थियो । कार्य थालनीमा केही ढिलो हुन गएतापनि यो प्रक्रिया ज्यादै प्रभावकारी, दिगो र तत्कालीन अवस्थामा संस्था/समूह छनौटमा निष्पक्ष देखिएको थियो । यो प्रक्रियालाई यसमा समावेश हुनेहरुले केही लामो बढी कडापन भएको भनेतापनि नराम्रो र अनावश्यक कसैले भन्न सकेनन् । यसबाट पनि यसको व्यावहारिक तथा बलिया पक्ष धेरै छन् भन्ने हामीलाई लागेको छ । यस कार्यक्रम अन्तर्गत प्रयोग गरेको बिधिलाई बुँदागत रुपमा क्रमवद्ध स-विस्तार व्याख्या गरिने छ ।

**क) कार्यक्षेत्रको छनौट :**

जि.टि.जेड्. गै.स.स. कोष परियोजनाले आफ्नो कार्य थालनी गर्दा के-कसरी गर्ने भन्ने व्यापक छलफल र अभ्यास गरेको थियो । यस भन्दा अगाडि जि.टि.जेड्.मा सायद नेपाल मै पनि एउटा परियोजनाले विशुद्ध सामाजिक विकास संस्थाहरु मार्फत् समूहमा काम गर्ने, संस्थाहरुको क्षमता विकास गर्ने यो पहिलो परियोजना हो । तसर्थ यसले आफ्नो कार्यक्रम थालनी गर्दा व्यापक छलफल, गहन अध्ययन गरी हालसम्म धेरै परियोजना नपुगेका, सामाजिक संस्थाहरु खुलेर बसेका, राम्रोसँग काम गर्न नसकेका, विकासमा पछि परेका जिल्लाहरु छनौट गरी शुरुमा दुई जिल्लामा काम गर्ने निर्णय गरेको थियो । सोही अनुसार अध्ययन गर्दै जाँदा पहाडी क्षेत्रमा पर्वत र तराई क्षेत्रमा कपिलवस्तु जिल्ला छनौट गरीएको थियो । किनभने यी दुवै जिल्लामा अन्य परियोजनाहरु कम पुगेका, विकासको प्रक्रियामा पछाडि परेका अध्ययनले देखाएको हुँदा पहाडी क्षेत्रतर्फबाट पर्वत र तराई क्षेत्रतर्फबाट कपिलवस्तु जिल्लामा काम गर्ने गरी श्री ५ को सरकारसँग सम्झौता भै यी दुई जिल्लामा कार्यक्रमको शुरुवात गरिएको हो ।

**ख) स्रोत संस्था (Resource Orginzation) को छनौट :**

प्रथमत GTZ/NGOFP ले यो परियोजनामा प्राविधिक सहयोग पुऱ्याउन एक अनुभवी क्षमता वृद्धिको सम्भावना भएको काममा रुचि भएको काम गर्न सक्ने पर्याप्त जनशक्ति भएको सकेसम्म काठमाण्डौ उपत्यका बाहिरको स्थानीय/जनस्तरबाट उठेको संस्थाको खोजी गऱ्यो । यसको लागि संभावित विभिन्न संस्थाहरुको स्थलगत भ्रमण भेटघाट आपसी छलफल गरेको थियो । अन्ततः गैडाकोट-८, नवलपरासीमा अवस्थित विजय विकास स्रोत केन्द्र (तत्कालीन विजय युवा क्लव) लाई ४/५ पटकको छलफल भेटघाटपछि छनौट गरिएको थियो । यसले आफूले पनि सिक्ने आफ्नो अनुभव सहित यस परियोजनको कार्य क्षेत्र पर्वत र कपिलवस्तु जिल्लामा स्रोत संस्थाको भूमिका निर्वाह गरेर सहयोग पुऱ्याइरहेको छ ।

**ग) वस्तुस्थिति/गतिशीलता अध्ययन :**

स्रोत संस्था (RO) को छनौट पश्चात स्रोत संस्थालाई दुवै जिल्लाको जिल्लाको वस्तुस्थिति र समुदायको गतिशीलता अध्ययन गर्न र सो को प्रतिवेदन परियोजना (GTZ/NGOFP) मा पेश गर्ने कार्य दिइयो । यो कार्य संस्थाले आफ्नो मानव स्रोतका साथै आर्थिक स्रोत लगानी गरेको थियो ।

यस कार्यका लागि विजय विकास स्रोत केन्द्रले परियोजनाका प्रतिनिधिहरुसँगको आपसी भेटघाट आफ्नो मूल्य मान्यताको मेल दुवै पक्षको समझदारीको आधार मा शुरु गरेको हो । संस्थाको निर्णय अनुसार पर्वतको लागि एक टिम र कपिलवस्तुको लागि अर्को टिम गरी २ टिम बनाएर जिल्लामा पुगेका थिए । जिल्लामा गएर सर्वप्रथम जिल्लाका सम्बन्धित निकायसँग सामान्य, भेटघाट, परिचय जस्ता कार्य गरेर दुवै जिल्लामा समूह संस्थाको बारेमा प्रारम्भिक जानकारी लिने काम गरियो । जि.प्र.का. बाट संस्थाहरुको लिस्ट लिइयो भने जि.वि.स., महिला विकास शाखा र अन्य संस्थासँग समूहहरुको बारेमा

जानकारी नाम, ठेगाना लिने काम गरियो । तत्पश्चात टिम बीच छलफल गरेर टिममा पनि कार्य बिभाजन गरी क्षेत्रगत रुपमा गाउँ-गाउँमा पुगियो । उक्त समयमा प्राय: नवीकरण गरेर केही न केही काम गरी अस्तित्वमा रहेका वा अर्को शव्दमा केही मात्रामा सक्रिय संस्था/समूह पर्वतमा आमा समूह र कपिलवस्तुमा सिंचाइका समूह समेतलाई भेटेर तिनीहरुले गरेका कार्यहरु, त्यसको प्रभाव, समाजको सामाजिक वस्तुस्थिति, आर्थिक अवस्था व्यवसायका साथै अदृश्य रुपमा कुनै समूह/संस्था भए त्यसको गतिविधिको जानकारी सङ्कलन गरियो । यसरी गाँउ-गाँउमा गएर समग्र जिल्लाभरिको बस्तुस्थिति बुझ्ने, समुदायको गतिशीलता र भए गरेका प्रयासहरुको खोजी गर्ने कार्य यो पहिलो थियो । सो अवशरमा यो कार्य गर्न पर्वतमा करिब १५ वटा संस्था/समूह, कपिलवस्तुमा २० वटा संस्था/समूहलाई भेटिएको थियो ।

### निचोड :

दुवै जिल्लाको अध्ययन गर्दा केही कुरामा समानता पाइयो भने केही कुराहरु भौगोलिक, जातीय र सास्कृतिक रुपमा फरकपन देखियो । मूलत : अचेतना, असङ्गठित, शोषण, गरिबी, निरासाको भावना, सरसफाईको कमी, अशिक्षा दुवै जिल्लामा समान रुपमा भेटियो भने पर्वतमा प्राय: सवै संस्थाहरु वढी सास्कृतिक कार्य तर्फ र कपिलवस्तुमा खेलकुद तर्फ लागेको पाइयो । उद्देश्य एकातर्फ काम अर्कोतर्फ सबै राहत उद्धार र अल्पकालीन कार्यक्रममा व्यस्त रहेका विकासतर्फ कसैको सोच नरहेको भेटियो । साच्चिकै यिनीहरुलाई विकासतर्फ उन्मुख गराउने हो भने व्यापक रुपमा खारेर ल्याउनु पर्छ तब मात्र उनीहरुको सोचमा परिवर्तन आउन सक्छ यसका लागि हामीले धेरै ठूलो मेहनत गर्नुपर्छ भन्ने रहेको थियो ।

### घ) सु-सम्बन्धको विकास (Rapport Bulding) :

दोस्रो तहमा जिल्ला सदरमुकाम स्थित सरकारी निकाय जि.वि.स. तथा अन्य परियोजनासँग भेटघाट कार्यक्रमको बारेमा छलफल, समन्वय गरेर जान सक्ने सम्भावना र सहयोगको लेनदेन बारेमा कुराकानी गरियो । यसै क्रममा जि.वि.स. का सभापति, उप-सभापति, स्थानीय विकास अधिकारीसँग बैठक बसेर कार्यक्रमको बारेमा जानकारी दिने र कार्यक्रम कार्यान्वयको लागि सुझाव समेत मागिएको थियो । यसरी नै प्र.जि.अ. र अन्य कार्यालयका कार्यलय प्रमुखलाई भेटेर छलफल गरियो । यसका अलावा सम्बन्धित फाँटका व्यक्तिहरुसँग परामर्श लिइएको थियो । सबैको सल्लाह र छलफल अनुसार हरेक जिल्लामा एक-एकवटा गोष्ठी गरेर कार्यक्रमको बारेमा जानकारी दिन सम्बन्धित पक्ष, जि.वि.स, श्री ५ को सरकारका विकास निकाय, समूह/संस्था सवैलाई आमन्त्रण गरी ३ दिने गोष्ठीको आयोजना गर्नु पर्ने निचोडमा पुगी सोही अनुसार जिल्लास्तरीय गोष्ठीको आयोजना गरियो ।

### ङ) जिल्लास्तरीय गोष्ठी :

जिल्लास्तरीय गोष्ठीको लागि दुबै जिल्लामा जिल्ला सदरमुकाममा रहेका संस्थाहरुको एक भेला गरी गोष्ठी तयारी समिति गठन गरियो । सो समितिलाई मिति तय गर्ने, हल खाना बस्नको लागि व्यवस्था गर्ने जिम्मेवारी दिइयो । सोही अनुसार उक्त समितिले तयारी गरी पर्वतमा मिति २०५२/८/२२-२४ र कपिलवस्तुमा मिति २०५२/९/११-१३ सम्म ३/३ दिने गोष्ठी सञ्चालन गरियो । गोष्ठीमा पर्वतमा ६८ वटा समूह/संस्था, कपिलवस्तुमा ३९ वटा समूह/संस्थाको उपस्थिति रहेको थियो ।

गोष्ठीमा प्रस्तुत गरिने विषयवस्तुको बारेमा GTZ/NGOFP का प्रतिनिधि र VDRC का प्रतिनिधिहरु बसेर व्यापक छलफल गरी तयार पारियो । गोष्ठी पश्चात हरेक समूह संस्थालाई आफ्नो समूह/संस्थाको गतिशीलता र समुदायले भए गरेका प्रयासहरुको खोजी गरी पहिचान गरेर ल्याउने समूहकार्य दिएर पुन अर्को भेला १५ दिन पछि गर्ने निर्णयका साथ सम्पन्न गरियो । उक्त समूहकार्य प्रस्तुतिका लागि २ दिने गोष्ठी गरिएको थियो । यो काम पनि हामीले सोही भेलाको अनुभवको आधारमा गरेका थियौं । गोष्ठीमा के देखियो भने संस्था/समूहको प्रतिनिधित्व धेरैको थियो तर धेरै संस्थाहरुको कार्य क्षेत्र नभएको काम गर्ने रुचि पनि कम भएको पाइयो । थोरै संस्थाको कार्यक्षेत्र भएको

र काम गर्ने रुचि रहेको भेटियो । यसका अलावा केहीको परियोजनाले दिएमा गरिदिने भावना देखियो । तसर्थ काम गर्ने संस्थाहरुको पहिचान गर्न समूहकार्य दिने र सो समूहकार्य गरेर ल्याउनेले अर्को गोष्ठीमा सहभागी हुन पाउने, समूहकार्य नगर्नेले सहभागी हुन नपाउने र कार्यक्रमबाट बाहिरिने गरी आफैं छनौट प्रक्रिया (Self Selection Process) अवलम्वन गरिने कुराको अवगत गराइएको थियो । अन्तत सबै स्थानीय सहयोगी संस्था यही प्रक्रिया अन्तर्गत छनौट गरिएको थियो ।

**ख) समूहकार्य/गतिशीलता अध्ययन प्रस्तुतीकरण :**

तीनदिने गोष्ठीमा सहभागी संस्था/समूहहरुलाई आ-आफ्नो क्षेत्रमा समुदाय स्तरमा समुदायले गरेका प्रयासहरुको पहिचान, तिनीहरुको अवस्था प्रभाव, सञ्चालन प्रक्रिया र सहयोगी संस्था/निकाय/दाता भए तिनीहरुको भूमिका र सहयोगको स्वरुप बारेमा विस्तृत अध्ययन गरेर प्रतिवेदन तयार गरी १५ दिन पछि हुने प्रस्तुतीकरण कार्यशाला गोष्ठीमा उपस्थित हुने कुरा तय गरिए बमोजिम शुरुमा पर्वतमा ६८ वटा समूह/संस्थाले भाग लिएकोमा ४५ वटा संस्था/समूहहरु उपस्थित भएका थिए भने कपिलवस्तु जिल्लामा शुरुमा ३९ वटा संस्था/समूहले भाग लिएकोमा २४ वटा संस्था मात्र यस गोष्ठीमा कार्य पूरा गरी उपस्थित भएका थिए । अरु संस्था/समूह स्वतः छनौट प्रक्रियाबाट बाहिरिएका थिए ।

यस गोष्ठीमा सहभागीहरुले प्रस्तुत गरेका विषयवस्तुमा छलफल गर्ने, पृष्ठपोषण दिने, नपुग तथा अस्पष्ट भएकाहरुलाई पुनः गतिशीलता र प्रयासको बारेमा खोजी गरी तालिममा उपस्थित हुन लगाइएको थियो । यसमा संस्थागत तहमा स्वमूल्याङ्कन फारम समेत दिइएको थियो । संस्थाहरुले संस्थामा गएर छलफल गरी फारम भरेर ल्याएको आधारमा उनीहरुलाई प्रथम चरणमा चाहिने सहयोगको निर्क्यौल गरियो । सबैको यस विषयमा पहिला तालिमको खाँचो भएको भन्ने आएकोले स्वावलम्वन प्रवर्धन तालिम (Self-Help Promotion Training) को आयोजना गर्ने सो को लागि समूहकार्यको प्रस्तुतीकरणमा देखिएका कमी-कमजोरी छुट भएका कुरा पूरा गरेर आउनेले मात्र तालिममा भाग लिन पाउने गरी दुवै जिल्लाको लागि तालिमको मिति निर्धारण गरिएको थियो । समूहको गतिशीलता अध्ययन गर्ने क्रममा संस्था/समूहका प्रतिनिधिहरुलाई केही सजिलो होस् मुख्य-मुख्य बुँदाहरु मार्ग निर्देशनको रुपमा तयार गरिएको थियो । यसका साथसाथै संस्थाको योग्यता परीक्षण तथा सुधार गर्नु पर्ने आवश्यक क्षेत्र पहिचान गर्न एक नमूना फारम तयार गरी हरेक संस्थालाई स्वमूल्याङ्कन प्रणालीबाट हरेक संस्थाले आफूले आफैलाई स्वमूल्याङ्कनको आधारमा योग्यता निर्धारण गर्न दिइएको थियो भन्ने कुरा माथि पनि उल्लिखित छ ।

सो फारमको निचोड तथा संस्थाका प्रतिनिधिहरुसँगको छलफलको आधारमा सर्वप्रथम सबै संस्थालाई स्वावलम्बन प्रबर्धन तालिम दिनु पर्ने आवश्यकता देखिएकोले तालिमको आयोजना गरियो । तालिम पछि स्थानीय सहयोगी संस्थाका प्रतिनिधिहरु आ-आफ्नो कार्यक्षेत्रको समुदायस्तरमा गएर समुदायका सदस्यहरुलाई स्वावलम्बन प्रबर्धनका लागि सङ्गठित गर्ने, पुराना समूहहरु भएको ठाउँमा तिनै समूहलाई बढावा दिने कार्य गर्न थाले । यसका साथै सामाजिक विकास संस्था (स्थानीय सहयोगी संस्था Local Support Organization) हरुको छुट्टै अवस्था विश्लेषण गरेर संस्थाको वर्तमान अवस्था, सदस्य सङ्ख्या, स्थापना मिति र भए गरिएका क्रियाकलाप आदिको जानकारी सहित संस्थागत बस्तुगत बिवरण (NGO Profile) दुवै जिल्लामा तयार गरियो । यसको विस्तृत जानकारीको लागि संस्थागत बस्तुगत बिवरण हेर्नुहुन अनुरोध गरिन्छ।

**समूहकार्य/गतिशीलता अध्ययनको नमूना प्रश्न :**

१. आफ्नो क्षेत्र भित्र भएका सम्पूर्ण औपचारिक/अनौपचारिक समूहको नाम, ठेगाना र सम्पर्क व्यक्ति ।

२. समूह स्थापना मिति समूहको उद्देश्य र हालसम्म गरेका प्रमुख कार्यहरु ।

३. कार्यक्रमको प्रभाव, क्षेत्र लक्षित समूह/समुदाय ।

४. कार्यशैली/काम गर्ने तौर-तरिका ।
५. नीति-नियम कार्यक्रममा समूह/संस्थामा ।
६. बाह्य संस्थाले सहयोग पुऱ्याएको भए सो संस्थाको नाम सहयोगको स्वरुप र समयावधि ।
७. समूहको आफ्नै प्रयासमा भए गरेका कार्यहरु ।
८. बाह्य संस्थाहरु त्यस क्षेत्रमा कतिवटा कार्यरत छन् के-के मा काम गर्दछन् समयावधि कति छ? तिनीहरुको बारेमा जानकारी ।
९. संस्थाहरु (स्थानीय) भएमा -
- संस्थाको नाम ठेगाना :
- सदस्य सङ्ख्या : म./पु.
- दर्ता भए/नभएको :
- दर्ता भएको भएमा दर्ता मिति :
- संस्थाको उद्देश्य
- मुख्य मुख्य कार्यहरु
- बैठक र साधारण सभा बस्ने प्रचलन
- निर्णय लेखन नीति-नियम बिधान के कस्तो छ
- अन्य निकाय सङ्घ/संस्थाहरुसँगको सम्पर्क र समन्वय के कस्तो छ?
- समुदायको संस्थाप्रतिको धारणा

**छ) स्वावलम्वन प्रबर्धन तालिम :**

तालिम धेरै हुन्छन् र अनि धेरै प्रकारका हुन्छन् तथापि यो तालिम यस कार्यक्रमको लागि एउटा आफैमा "कोशेढुङ्गा" (Mile Stone) जस्तै सावित भयो भने अर्को तर्फ यसले पुरानो परम्परागत तालिम सञ्चालन प्रक्रियालाई तोडेको थियो । मुख्यतया यो तालिम अति व्यावहारिक संस्थाको आवश्यकतामा आधारित थियो। यसले तालिममा आउने सहभागीहरुलाई पहिला नै २/३ तहमा समूहकार्य दिएर, प्रस्तुतीकरण गराएर, त्यसमा देखिएका कमी कमजोरीहरु औंल्याएर, संस्थागत रुपमा खारेको थियो । यस तालिममा पहिला-पहिला जस्तो भत्ता दिने प्रचलनको बदला हरेक सहभागीबाट संस्थागत रुपमा केही रकम (शुल्क स्वरुप) लिइएको थियो, भत्ता दिइएको थिएन । तालिममा कार्यक्रमको अवधारणा, उद्देश्य, स्वावलम्वनको प्रयासको पहिचान, स्वावलम्बी समूहको लक्षण, सा.वि.स. को भूमिका, समूह गठनका कदमहरु र भविष्यको सोच कस्तो हुनपर्छ भन्ने प्रस्ट पारिएको थियो । समूह गठन प्रक्रिया यो फलानो परियोजना/संस्था/निकायको समूह न भै समुदाय/जनताको आफ्नो सङ्गठन हुनुपर्छ । समूह गठनको पहल समुदाय भित्रवाट नै हुनुपर्छ । हाम्रो (सहयोगी संस्थाको) भूमिका केवल बाटो देखाइदिने सहजकर्ता जस्तो मात्र हुनु पर्छ । दिगो विकासको लागि आवश्यकताको पहिचान हैन प्रयासको खोजी गरिनु पर्छ । प्रयासको प्रबर्धन गर्दा स्रोतमा आत्मनिर्भरता महत्वपूर्ण पक्ष हो, यसका लागि शुरुदेखि नै स्थानीय निकाय गा.वि.स., जि.वि.स., सांसद अन्य विकासका निकाय सवैसँग सम्पर्क र समन्वय गर्दै जानुपर्छ । स्वावलम्बन प्रबर्धन अन्तर निर्भरताको अवस्था हो यसमा सवैले सक्दो भूमिका निभाउनु पर्छ । जसरी पाँच कक्षा पढेको विद्यार्थीले एक कक्षामा पढ्ने सानो विद्यार्थीलाई क, ख चिनाउन सक्छ त्यस्तै स्वावलम्बन प्रबर्धनमा पनि केही अगाडि बढेको संस्था/निकाय/समूहले आफूभन्दा तलको समूह/समुदायलाई माथि उठाउने पहल गर्नुपर्छ । क्रमशः सवै माथि उठेर आफ्नो कमाइमा सामुहिक रुपमा रमाई बस्न सक्नुपर्छ भन्ने मूल सन्देशका साथ सो सम्बन्धी आवश्यक सीप प्रदान गरीयो । तालिमको अन्तिम दिन तालिमवाट फर्केर गएपछि हरेक संस्थाका सहभागीहरुले संस्थामा गए पछि आन्तरिक तयारिका लागि के-के काम गर्ने ? र समुदायमा के-कस्ता कार्य गर्ने भन्ने प्रस्ट कार्य योजना तयार पार्न लगाई एक प्रति VDRC र एक प्रति संस्थामा लैजाने, सो को काम भए नभएको अनुगमन VDRC का फिल्डमा बस्ने सदस्यहरुले गर्ने व्यवस्या मिलाइएको थियो। यो तालिम ५ दिन सञ्चालन गरियो । शुरुमा पर्वत जिल्लामा कुस्मा, हुवास र लेकफाँट गरी ३ वटा र कपिलवस्तुमा १ बाट शुरु गरि एको थियो । समूह र संस्था बढ्दै गएपछि समय-समयमा आवश्यकता अनुसार यसलाई अरु परिमार्जनका साथ निरन्तरता दिदै गइयो । यो तालिमको प्रभाव सकरात्मक रहयो । यसले स्वावलम्बनको क्षेत्रमा नयाँ हलचल ल्यायो । काम नगरीकन योजना बनाई ठग्ने

प्रवृति भएका संस्थाहरुलाई पाखा लगायो । काम गर्ने आँट र जोश भएका, सोर्स-फोर्स नभएका संस्थाहरुको आत्मबल बढायो । यसको प्रतिफलस्वरुप आजका दिनसम्म काम गर्ने धेरै सजिलो पारेको महसुस गरिएको छ ।

यस कार्यक्रमले शुरुदेखि नै मितव्ययिताको नीति अवलम्बन गर्दै कम खर्चमा बढी प्रतिफलमा जोड दिएको हो । यो नीति परियोजनादेखि स्रोत संस्था (Resource Organization) सहयोगी संस्था (Local Support Organization) र स्वावलम्बी समूह (Self-Help Group) सम्म व्यवहारमा नै अवलम्बन गरेको थियो । यही नीतिमा आधारित भएर दुवै जिल्ला स्रोत संस्था VDRC को तर्फवाट २/२ जना सदस्यहरु जिल्ला कार्यक्रममा सहयोग पुऱ्याउने टिमको व्यवस्था गरिएको थियो । अन्य कुनै तडकभडक गरिएन । कार्यालय पनि समूह र संस्थाहरुको सङ्ख्या बढ्दै गएपछि मात्र राखिएको थियो । सहयोगी सदस्य राख्दा पनि कर्मचारीको रुपमा राख्दा खर्चिलो र कर्मचारीतन्त्र देखिने हुँदा जिल्लामा बस्ने सहयोगीहरुलाई कर्मचारीको रुपमा नराखेर पद नै स्वयंसेवक र वरिष्ठ स्वयंसेवक भनेर राखिएको थियो ।

**ज) स्थलगत परामर्श सेवा (On site Coaching) :**

यस कार्यक्रमको अर्को महत्वपूर्ण कदम भनेको स्थलगत परामर्श सेवा हो । स्थलगत परामर्श सेवाको लागि दुवै जिल्लामा २/२ जना (एक जना वरिष्ठ स्वयंसेवक र एक जना स्वयंसेवक) को व्यवस्था गरिएको थियो । यी दुवै जना सदस्यहरुलाई कर्मचारीको रुपमा नहेरी स्वयंसेवी सहयोगीको रुपमा प्रयोग गर्ने प्रयास गरियो । शुरुमा जिल्लामा कार्यालय पनि खोलिएन सम्पर्क स्थान मात्र सदस्यहरुकै आवास कोठा राखेर काम चलाइयो । यसले समूह/संस्था दुवै तहमा आवश्यक सहयोग पुऱ्याउने र महत्वाकाङ्क्षा नबढाउन जोड दिएको थियो । सायद अन्य कुनै यस्तो परियोजना कम छन होला जहाँ १९५ वटा समूहलाई स्थानीय सहयोगी संस्थाले स्वयंसेवी रुपमा परिचालन गरेर सहयोग पुऱ्याएका हुन् । यसको मूल चुरो र जुरो भन्नु नै "स्वयंसेवी भावना" हो । VDRC ले समुदायमा गएर सिधै कहिल्यै पनि काम गरेन । सधै स्थानीय सहयोगी संस्था मार्फत् काम गऱ्यो । सहयोगी संस्थालाई नियमित रुपमा अनुगमन र Follow up गर्ने, आवश्यक सहयोग पुऱ्याउने, काम कसरी गर्नुपर्छ, कसरी अगाडि बढ्नुपर्छ भनेर प्रत्यक्ष देखाएर प्रयोगत्मक अनुभवलाई प्रदर्शनी क्षेत्र विकास (Demonstration filed) तयार गरेर हरेक संस्थालाई स्वावलम्बन प्रवर्धनको प्रत्येक पाइलाको व्यावहारिक ज्ञान दिई त्यसैको आधारमा समुदायमा गै काम गर्ने प्रेरणा जगाएको थियो । त्यसपछि कहिले काहिँ हरेक संस्थाको समूहमा गै अनुगमन गर्ने सुधारका पक्षहरुवारे आवश्यक ज्ञान, सीप प्रदान गर्ने काम गरियो । आवश्यकता अनुसार VDRC-Centre बाट समेत सहयोग पुऱ्याउने व्यवस्था मिलाइएको थियो । परियोजना टिमबाट पनि समय समयमा अनुगमन गर्ने, आवश्यक सरसल्लाह गरी क्षमता वृद्धिका लागि तालिम, भ्रमणको व्यवस्था गरिदै लगियो भने समूह स्तरमा समूहको अवस्था विश्लेषण गरी आय आर्जनका लागि स्वावलम्बी योजना तयार पारेर साझेदारीमा आय आर्जन कार्यक्रमका लागि घुम्तीकोषको माध्यमबाट समूहमा सहयोग पु-याइयो । हरेक समूहको मासिक (नियमित) बैठक बस्ने, नियमित बैठकमा समूहका सवै सदस्यहरु उपस्थित हुने, सो बैठकमा समूहलाई के-कस्तो विषयमा सहयोग पुऱ्याउने भन्ने Guideline तयार गरी सोही अनुसार LSO का प्रतिनिधिहरुलाई Coaching गर्ने गरियो । संस्थाको हकमा पनि स्वावलम्बन प्रवर्धनमा संस्थाको आन्तरिक तयारी के-कस्तो हुनपर्छ, संस्थागत विकास के-कसरी गर्दै लैजाने भन्ने बारेमा समुदाय/संस्थाको अवस्थाको आधारमा संस्थागत विकासमा आवश्यक सहयोग पुऱ्याउने व्यवस्था मिलाइएको थियो । On-site Coaching को प्रभावलाई हेर्दा प्रथमतः कार्यक्रममा समूहको/संस्थाको संस्थागत विकासमा देखिएका/भए गरेका कमी कमजोरीहरु सुधार गरी अगाडि बढ्न सहयोग पुऱ्याउने अचुक औषधीको रुपमा पाइयो भने अर्कोतर्फ सो क्षेत्रमा लाग्ने मानिस/सदस्य/संस्थामा आएका निरासालाई निवारण गरी

सक्रिय भै कार्यक्रमलाई निरन्तरता दिन उत्प्रेरणा जगाउन मन्त्रको रुपमा पनि यसले काम गऱ्यो। मासिक नियमित समूहको बैठकमा के-कस्ता विषयमा छलफल गर्ने ? संस्थामा के-कस्तो तयारी गर्ने भन्ने बारेमा Guideline तयार पारिएको छ । सो दुवै तहमा तयार गरिएको Guideline निम्न अनुसार छ । यो Guideline पहिले नै तयार गरी समुदायमा संस्थाले लादेको भनै काम गर्दै जाँदा, सहयोग पुऱ्याउँदै जाँदा, आपसेआप तयार भएको हो र यसलाई सँगसँगै लिपिवद्ध गरेर अभिलेखको रुपमा तयार पारिएको हो ।

## स्थानीय सहयोगी संस्थालाई पुऱ्याउने सहयोगको स्वरुप :

संस्थालाई सक्षम बनाई स्वावलम्बनको कार्यमा लाग्न उत्प्रेरणा जगाउन आवश्यक सीप, ज्ञानको विकास गरी अगाडि बढ्न स्रोत संस्थाले नियमित रुपमा संस्थाहरुमा गै नियमित भेटघाट गर्ने, विभिन्न समसामयिक विषयमा छलफल गर्ने र आइपरेको अवस्थामा परामर्श सेवा प्रदान गर्ने कार्य गरेको थियो । सो सहयोगको प्रारुप क्रमश: हरेक बैठकमा आवश्यकता अनुसार प्रदान गरिएको थियो, जुन निम्नानुसार छ :

### संस्थाको पहिलो बैठक :

यो बैठक आफैमा पहिलो भने होइन किन भने यो भन्दा पहिला संस्थामा धेरै बैठक बसेका छन्, धेरै छलफल भएका छन् । त्यस मध्ये तालिम लिइसकेपछि व्यवस्थित रुपमा कार्य-योजना तयार गरे अनुसार काम गर्न सहयोग पुऱ्याउने क्रममा यो पहिलो बैठक मानिएको छ ।

विषय तालिम पश्चात संस्थामा फर्केपछि भएको कार्यप्रगतिबारे छलफल गर्ने ।

कार्यप्रक्रिया :

- संस्थाको कार्यालय वा सम्पर्क स्थानमा जाने । बैठकको समय पारेर जाने । यो कुरा कार्य योजनामा हेरेर जानकारी लिने साथै समय सम्बन्धित व्यक्ति वा पदाधिकारीसँग पूर्व सम्पर्क राखेर निक्यौंल गर्ने ।
- परिचयबाट छलफलको क्रम शुरुवात गर्ने ।
- संस्थाको आन्तरिक बैठक र छलफलका विषय भएमा सो वारे समय दिन आफू केही समय बाहिर बस्ने । उनीहरुको आन्तरिक कुरा सकिएपछि संयुक्त छलफललाई अगाडि बढाउने ।
- अनौपचारिक रुपमा छलफलको शुरुवात गर्ने ।
- कार्य योजनामा उल्लेख भएका कुराहरु कार्यान्वयनमा के-कति अगाडि बढेको छ जानकारी लिने ।
- केही कठिनाई आएको भएमा समाधानका उपाय बारेमा छलफल गर्ने ।
- तालिम सम्वन्धी छलफलमा तालिमका सहभागीले संस्थाको बैठकमा प्रस्ट पार्न नसकेको विषयवस्तु भएमा सो बारेमा प्रष्ट पारी स्वावलम्बन प्रवर्धन तर्फ उन्मुख हुन उत्प्रेरित गर्ने ।
- कार्य योजनामा उल्लेख भएका कार्यहरु पूरा गर्न जोड दिने । पूरा गर्न आइपरेका कठिनाई के-के छन् ? कुन तहको समस्या हो ? कार्य विभाजन अनुसार काम नगरेर हो ? वा सम्बन्धित विषयमा ज्ञानको कमी भएर हो ? नीति-नियमले बाधा पारेर हो ? संस्थाले चासो नदेखाएर हो वा समुदायलाई बुझाउन नसकेर हो वा के हो सो प्रष्ट जानकारी लिई आवश्यक सल्लाहा दिने र आफैले प्रत्यक्ष सहयोग दिन पर्ने भएमा संस्थाका प्रतिनिधिहरुसँग छलफल गरेर समय मिलाउने । समयमा नै गएर सो कार्य सम्पन्न गर्न आवश्यक सहयोग पुऱ्याउने ।
- संस्थाको दोस्रो बैठक बस्ने समय र छलफलका विषयवस्तु जानकारी दिएर बैठकको अन्त्य गर्ने ।

### दोस्रो बैठक :

विषय : स्वावलम्वन प्रवर्धनका लागि संस्थाको आन्तरिक तयारी

कार्यप्रक्रिया :

- पहिलो बैठकमा तोकिएको मिति र समयमा संस्थामा जाने ।
- यस बीचमा भए गरेका कार्य प्रगतिको जानकारी

लिनुका साथै समीक्षा गर्ने ।

- स्वावलम्बन प्रवर्धनका लागि आन्तरिक तयारी के-के भए गरिएका छन् छलफल गर्ने ।
- संस्थाको संरचना, विधान सरल र प्रस्ट छ छनै छलफल गर्ने ।
- विधानमा संस्थाको संरचना, उद्देश्य वा अन्य परिच्छेदका कुनै धारा उप-धारा संशोधन गर्नु पर्ने भएमा उप-समिति बनाई तयारी गर्न लगाउने । आवश्यक सहयोग आफूले दिने ।
- पुन: बैठक बसी त्यसलाई साधारण सभामा लैजान मिति तोक्ने ।
- तोकिएको मितिमा साधारण सभाको बैठक बोलाउने ।
- साधारण सभामा विधान मस्यौदा, वार्षिक कार्यक्रम अन्य विषयमा समेत छलफल गरी निर्णय पारित गराउने ।
- संशोधित विधान स्वीकृतिको लागि जि.प्र.का. मा पेश गर्ने । आवश्यक परेमा प्र.जि.अ. सँग भेट गरी सहयोग पुऱ्याउने ।
- सोही बैठकमा नै कार्यक्षेत्र किटान गर्न लगउने ।
- सदस्यता नवीकरण नभएको भए नवीकरण र थपघट गर्नु पर्ने भएमा गर्ने ।
- कार्य विभाजन गर्न सहयोग पुऱ्याउने ।
- स्वावलम्बन प्रवर्धन कार्यक्रम हेर्न छुट्टै टोली छनौट र सो टोलीलाई लक्षित वर्ग समक्ष गएर कार्य गर्न आवश्यक सहयोग पुऱ्याउने ।

**तेस्रो बैठक :**

**विषय** : स्वावलम्बी समूह गठन र प्रवर्धनको बारेमा छलफल

**कार्यप्रक्रिया :**

- सो क्षेत्रमा पहिला समूहकार्य प्रस्तुतीकरणमा के-कति समूह थिए र छन् तिनीहरुको अवस्था कस्तो छ ? सो कागजात हेरेर हाल गरेको कार्यको बारेमा छलफल गर्ने ।
- संस्थाको अवस्था कस्तो छ ? सोको आधारमा समूह संस्थालाई सहयोग पुऱ्याउन उत्प्रेरणा जगाउने । याद रहोस् Small is beautiful but big is nessassry भने झैं विचार ठूलो राख्नुहोस् काम सानोबाट गर्नुहोस् सानो कामको सफलताबाट अनुभवको आधारमा अगाडि बढ्नुहोस् ।
- समूह कुन तहमा छ छलफल गर्नु होस् । समूह प्रारम्भिक अवस्थामा छ नीति-नियम छैन भने प्रथम कार्य समूहको नीति-नियम बनाउन सहयोग पुऱ्याउने हुनुपर्छ । समूहको नीति-नियम कस्तो हुनुपर्छ भन्ने बारेमा प्रारम्भिक छलफल गरेर आत्मविश्वास जगाएर बनाउन सक्ने बनाउन सहयोग पुऱ्याउने ।
- समूहको नीति-नियम चिट गरेर हैन समूहको बैठकमा सवैको उपस्थितिमा व्यापक छलफल गरेर बनाउने हो भन्ने कुरामा प्रष्ट पार्ने ।
- समूहको नीति-नियम बनाइ सकेपछि समूहलाई बचत सङ्कलन गर्नको लागि सैद्धान्तिक छलफल गराउने बचतको बारेमा प्रष्ट पार्न लगाउने । विकासको अवधारणा समूहको महत्व बारेमा पनि आवश्यकता अनुसार छलफल गराएर समूहलाई सैद्धान्तिक पक्षमा प्रष्ट पार्न सहयोग पुऱ्याउनु पर्ने कुरामा सदस्यलाई प्रस्ट पार्ने ।
- अन्त्यमा छलफल गरेका विषयवस्तुमा कुरा प्रष्ट भए-नभएको सोधेर नभएको भएमा पुन: प्रष्ट पार्ने ।
- अन्त्यमा सबैलाई धन्यवाद दिने ।
- अर्को बैठकको बारेमा मिति र समय तोकेर बैठकको अन्त्य गरी विदा हुने ।

**चौथो बैठक :**

**विषय** : स्वावलम्बन प्रवर्धनका लागि समूहमा भए गरेका कार्य प्रगतिको बारेमा समीक्षा ।

**कार्यप्रक्रिया :**

- समूहमा गएर के-के गरियो ? सो को बारेमा लिखित कागजातको आधारमा छलफल गर्ने ।
- समूहमा के भयो ? के गरियो ? सो को प्रतिवेदन लेख्ने बानीको विकास गरी संस्थामा पेश गर्न लगाउने ।
- समूहमा स्वावलम्बन प्रवर्धनको लागि समूहको नीति-नियम प्रष्ट छ/छैन थिएन भने कसरी प्रष्ट

रुपमा लिखित बनाइयो, केही कठिनाइ आइपऱ्यो कि ? र त्यसको कसरी समाधान गरियो छलफल गर्ने ।

- समूहमा बचतको शुरुवात भए नभएको जानकारी लिने । बचतको शुरुवात गरेको भएमा मासिक कति रुपैया छ ? कस्को जिम्मा छ ? हिसाब किताब प्रष्ट छ/छनै ? रकम लगानी भएको छ वा निष्कृय छ ? लगानी भएको भए के-के मा कसरी लगानी भएको छ । आदि बारेमा छलफल गर्ने । केही समस्या देखिएको छ भने सो संस्थाका प्रतिनिधिहरुलाई आवश्यक व्यावहारिक ज्ञान दिने ।
- व्यावहारिक ज्ञान तथा अनुभवको लागि स्रोत संस्थाले (आफूले) तयार पारेको नमूना प्रदर्शनीक्षेत्रमा बोलाएर अवलोकन र छलफल गराउने ।
- नमूना प्रदर्शनीक्षेत्रमा जाँदा पटक-पटक नगै सो क्षेत्रमा पायक पर्ने सो सम्बन्धी समस्या देखिएका सबै संस्थाका प्रतिनिधिहरुलाई एकै पटक बोलाएर छलफल र अवलोकन गर्ने व्यवस्था मिलाउने ।
- सो को लागि मिति तोक्ने र सम्भनको लागि आफूले पनि टिपोट गर्ने ।
- अन्त्यमा केही कुरा थप छ/छैन भएमा सोधेर आवश्यक छलफल गर्ने । कुनै विषयमा दुविधा भएमा प्रष्ट पारेर बैठकको अन्त्य गर्ने ।
- अर्को बैठकको मिति तय गर्ने वा सुविधा र आवश्यकता हेरी खवर गर्न भन्ने ।

**पाँचौ बैठक** :

विषय : प्रदर्शनी क्षेत्रमा भए गरेका हरेक कार्यको क्रमवद्ध रुपमा प्रक्रियागत कुराहरुको छलफल र अवलोकन गर्ने ।

कार्यप्रक्रिया :

- समूहसँग सबैको परिचय गराएर कार्य थालनी गर्ने ।
- सबै आउनाको उद्देश्य प्रष्ट पार्न लगाउने ।
- उद्देश्य बताइ सकेपछि समूहका प्रतिनिधिहरुले क्रमशः समूह कसरी गठन गरियो ? समूहको बैठक कहिले बस्छ ? बैठकमा को-को उपस्थित हुन्छन् ? बैठक कसरी संचालन गरिन्छ ? नीति-नियम के-के छन् र ती कसरी बनाइयो ? विकासको बारेमा के-कस्ता विषयमा कसरी छलफल हुन्छ, बचत तथा ऋण परिचालन र अहिलेसम्म भए गरेका कार्यको क्रमैसँग समूहका प्रतिनिधिहरुलाई बताउन लगाउने ।
- सम्बन्धित विषयमा समूहले प्रष्ट पार्न नसकेमा स्रोत संस्थाका प्रतिनिधिले बीच-बीचमा छुटेका कुरा थपेर प्रष्ट पार्न सहयोग पुऱ्याउने ।
- आवश्यक परेमा बैठक खाता, निर्णय लेखन, बचत हिसाव, समूहको हिसाब राख्ने तरिकाबारे खातापाता देखाएर प्रष्ट पार्ने ।
- अन्त्यमा आ-आफ्नो अनुभव र फरक परेका बुँदाहरुमा संस्थाका प्रतिनिधिहरुलाई आफ्नो कुरा राख्न लगाई सो को बारेमा छलफल गरी उचित सल्लाह प्रदान गर्ने ।

**छैठौ बैठक** :

विषय : समूहमा नियमित रुपमा पुऱ्याउन पर्ने सहयोग आकार प्रकार र प्रक्रिया बारेमा छलफल ।

कार्यप्रक्रिया :

- नमूना प्रदर्शनी क्षेत्रमा गरेको अनुभवबाट छलफल प्रारम्भ गर्ने ।
- त्यसका बारेमा उनीहरुको अनुभव साटासाट गरेपछि त्यसमा केही कुरा प्रष्ट पार्न पर्ने भएमा प्रष्ट पार्ने । समूह गठन, नीति-नियम तर्जुमा, बचत परिचालन, विकासका विभिन्न पक्ष, समूहको अवधारणा, विकास र दिगो विकास, स्वावलम्बन प्रवर्धन र आन्तरिक कुरा बारेमा क्रमशः हरेक बैठकमा छलफल गरेर व्यवस्थित गर्दै लैजानु पर्छ भने सैद्धान्तिक तथा व्यावहारिक पक्षमा प्रष्ट पार्दै समूहलाई अगाडि बढाउनु पर्छ भन्ने कुरा प्रष्टसँग बताएर स्वः महसुस गराउने ।
- समूहको नियमित बैठकमा पुऱ्याउन पर्ने सहयोग र समूहले नियमित गर्दै जानु पर्ने कार्यको बारेमा छलफल गर्ने ।
- सो छलफलमा समूहलाई पुऱ्याउन पर्ने सहयोगका विषयहरु क्रमैसँग छलफल गर्दै प्रस्तुति गरेर अगाडि बढाउने । त्यसको लागि समूहलाई

पुऱ्याउने सहयोगको स्वरुप, प्रक्रिया र पाइलाहरुको सहयोग लिने । (समूहमा सहयोगको स्वरुप हेर्नुहोस्)

- ❖ समय र सहयोगी संस्थाका प्रतिनिधीहरुको रुचि क्षमता अनुसार सबै कुरा एउटै बैठकमा नसकिएमा बिस्तारै- बिस्तारै अन्य बैठकमा पनि छलफल गर्दै जाने ।
- ❖ छलफलले मात्र कुरा प्रष्ट नहुन सक्छ सो कुरा प्रष्ट पार्न नमूना प्रदर्शनी क्षेत्रमा समय समयमा लगेर हरेक पाइलाको बारेमा देखाउने । समूहसँग छलफल गराउने ।

**सातौं बैठक :**

विषय : घुम्तीकोषको स्थापना र स्वावलम्बी समूहको योजना तयारी सम्बन्धी छलफल

कार्यप्रक्रिया :

- ❖ समूहको अवस्था के-कस्तो छ वा समूह विस्तारै संस्थागत विकास गर्दै अगाडि बढिरहेका छन् । अव कसरी समूहमा नयाँ कामको थालनी गर्न सकिन्छ छलफल गर्ने ।
- ❖ घुम्तीकोषको बारेमा सैद्धान्तिक तथा व्यावहारिक छलफल गर्ने ।
- ❖ घुम्तीकोष सञ्चालन पूर्व समूहका सदस्यहरुको आर्थिकस्तर हैसियत निर्धारण गर्नु पर्छ भन्ने कुरा प्रष्ट पार्ने । सो को लागि कसरी गरिन्छ, कुनै समूह वा नमूना प्रदर्शनी क्षेत्रमा प्रयोगत्मक रुपमा गरेर देखाउने र सोही अनुसार सहयोगी संस्थाका प्रतिनिधिहरुलाई आ-आफ्नो समूहमा गएर गर्न उत्प्रेरित गर्ने ।
- ❖ संस्थाका प्रतिनिधिहरुमा पूर्ण आत्मविश्वास नभएमा सहयोग पुऱ्याउने । सोको लागि आपसी छलफलवाट समूह र मिति तोकेर संयुक्त रुपमा कार्य गरेर क्षमता वृद्धि गर्न सहयोग पुऱ्याउने ।
- ❖ स्तर निर्धारण गर्दा समूहसँगै बसेर तुलनाका आधारहरु/सूचकहरु तयार पार्ने । सोही आधारमा समूहसँग बसेर छलफल गरेर अति विपन्न, विपन्न, मध्यम र उच्च गरी तीन वा चार भागमा बाढेर प्राथमिकता निर्धारण गर्ने । अति विपन्न वा विपन्नलाई क्रमशः पहिलो प्राथमिकता दिने ।
- ❖ स्तर निर्धारण गरेर प्राथमिकता तोक्ने कामगर्न सहयोग पुऱ्याउने ।
- ❖ घुम्तीकोषको लागि समूहले के-कति योगदान वा आफ्नो तर्फबाट हरेक सदस्यहरुले के-कति रकम सङ्कलन गर्न सक्छन् र के-कति आय आर्जनका लागि स्वावलम्बी योजना बनाउन चाहन्छन् त्यसबारे सम्भाव्यता, प्राकृतिक वातावरण, सीप र बजार व्यवस्था के-कस्तो छ ? सो समेत सोच विचार गरेर अर्को बैठकमा आउन लगाउने कुरा समुदायमा गएर भन्न सक्ने, गर्न सक्ने गरी प्रष्ट पारेर बैठकको अन्त्य गर्ने ।

**आठौं बैठक :**

विषय : सहभागितामूलक स्वावलम्बी योजना तर्जुमाबारे छलफल :

कार्यप्रक्रिया :

- ❖ समूहमा गएर सहयोग पुऱ्याउँदा भए गरेका कार्यहरु, आइपरेका कठिनाई र समस्याहरुबाट छलफलको शुरुवात गर्ने ।
- ❖ केही दुविधा छ कार्यमा बाधा आइपरेको रहेछ भने त्यसको गहिरो विश्लेषण गरेर समाधानका उपायबारे छलफल गर्ने ।
- ❖ सैद्धान्तिक तथा सहयोग पुऱ्याउनु पर्ने सहयोगी पाइलाहरु (Helping Steps) मा केही कमी-कमजोरी देखिएमा सो बारेमा छलफल गरी प्रष्ट पार्ने ।
- ❖ बिस्तारै प्रतिनिधिहरुलाई सहभागितामूलक योजना तर्जुमाको बारेमा अनौपचारिक रुपमा छलफलको माध्यमबाट सैद्धान्तिक तथा व्यावहारिक कुराहरु सहभागितामूलक योजना तर्जुमा भनेको के हो ? यस को के महत्व छ भन्ने बारेमा बताउने ।
- ❖ सहभागितामूलक योजना तर्जुमा कसरी गरिन्छ यसका हरेक पाइलाहरुको वारेमा क्रमैसँग भन्दै जाने ।
- ❖ यस परियोजनाका लागि तयार पारिएको स्वावलम्बी समूहको योजनामा समावेश गर्नु पर्ने कुराहरु

र प्रक्रियागत तहहरुको बारेमा १/१ गरेर सबै बताउने । (विस्तृत जानकारीको लागि कार्यक्रममा प्रयोग गरिएका फारामहरुमा यसको नमूना समावेश गरिएको छ)

- यो योजना तयार पार्दा समूहका सम्पूर्ण सदस्यहरुको उपस्थिति हुनु पर्ने कुरामा जोड दिने। यदी सबै सदस्य आएनन्, प्राथमिकतामा परेका सदस्यहरु उपस्थित हुन सक्ने परिस्थिति भएन भने त्यो दिन स्थगन गर्नुपर्छ योजना तर्जुमा गर्नु हुँदैन भन्ने कुरा बताउने ।
- यस बारेमा केही कुरा नबुझेको भएमा सहभागीहरुलाई सोध्ने र जिज्ञासाहरु भएमा क्रमैसँग पूरा गर्दै जाने ।
- यो छलफल एकै दिनमा नसकिएमा अर्को दिन पनि यसैको बारेमा छलफल गरेर पूरा गर्ने ।
- संभवभएसम्म समय मिलाएर सहभागितामूलक स्वावलम्बी समूहको योजना कसरी बनाइन्छ भन्ने कुरा प्रत्यक्ष रुपमा गरेर देखाउनको लागि नमूना प्रदर्शनी क्षेत्रमा सबै संस्थाका प्रतिनिधिहरुलाई बोलाएर स्रोत संस्थाका सदस्यहरुले आफै बनाएर देखाउने । सबै कुरा मिलाएको भएमा सो क्षेत्रमा आउन समय र मिति दिएर बैठकको अन्त्य गर्ने ।

यसरी प्रारम्भिक अवस्थामा संस्था/समूहमा गर्नु पर्ने कार्य र पुऱ्याउनु पर्ने सहयोगको बारेमा छलफल गरी सकेपछि अन्य कुराहरुमा संस्थाको आवश्यकता र माग अनुसार सहयोग पुऱ्याइन्छ। साथै योजनाको अनुगमन, सम्पर्क र समन्वय, कार्यक्रममा विविधीकरण का साथै संस्थागत पूर्वाधार विकास, दिगो आर्थिक स्रोत र सदस्यहरुको क्षमता विकास आदि विषयमा निरन्तर भेटघाट र छलफल भै रहन्छ । आवश्यकता अनुसार समूहलाई सहयोग पुऱ्याइन्छ । यसका अलावा स्वावलम्बन प्रवर्धनमा काम गर्ने संस्थाहरुको आफ्नै वैधानिक कार्यतन्त्र (Network) छ । कार्यतन्त्रसँग पनि जिल्ला स्तरमा नियमित बैठक बसी आवश्यक छलफल गरिन्छ। सहयोगका क्षेत्रहरु पहिचान गरी आवश्यक सहयोगका लागि सम्बन्धित पक्षसँग सम्पर्क र समन्वय गरी काम गरिन्छ । यो निरन्तर चलिरहने प्रक्रिया हो र चलिरहन्छ ।

## स्वावलम्बी समूहलाई सहयोग पुऱ्याउने प्रक्रियागत पाइलाहरु :

स्थानीय सहयोगी संस्थामा बैठक बस्दा समूहलाई कसरी सहयोग पुऱ्याउने भन्ने बारेमा बुँदागत रुपमा लिखित छलफल गरिन्थ्यो । स्मरणको लागि बुँदाहरु टिपोट गरेर राखिएको थियो । सोही आधारमा सहयोगी संस्थाका प्रतिनिधीहरु समूहमा क्रमवद्ध एवं व्यवस्थित रुपमा छलफल गरेर आवश्यक सहयोग पुऱ्याएका थिए । समूहलाई पुऱ्याएको प्रक्रियागत सहयोगको स्वरुपलाई लिपिवद्ध गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

**पहिलो बैठक :**

विषय : समूहलाई समूहको अवधारणबारे जानकारी दिने ।

कार्यप्रक्रिया :

- समूहको बैठकमा जाने ।
- परिचयबाट शुरु गर्ने ।
- समूहको नाम, स्थापना मिति बारे जानकारी लिने ।
- समूह किन बनेको हो ? कस्को सहयोग र सल्लाहमा बनेको हो ? भन्नेबारे बोलीचालीको भाषामा सोध्ने ।
- उनीहरुको वास्तविकता पहिचान गरीसकेपछि निम्न विषयमा क्रमश सहभागितामूलक प्रक्रियामा छलफल गर्ने ।

क) विकासको अवधारणा :

विकास भनेको के ? विकास किन ? विकास कस्ले गर्छ भन्ने बारे छलफल गर्ने । गरिबीको माखेसाङ्लो प्रस्तुत गर्ने/देखाउने ।

ख) समूहको धारणा बताउने :

- समूहको के हो ? किन चाहिन्छ ? फाइदा के हुन्छ ? सरलभाषामा छलफल गरी बताउने ।
- अन्त्यमा समूहको महत्व बारेमा उदाहरण प्रस्तुत गर्ने ।
- अन्यत्र समूहले गरेका राम्रो कामको उदाहरण दिने ।
- समूहमा सक्रिय हुन र बस्न उत्प्रेरणा जगाउने ।

- उनीहरुले बुझ्ने नबुझ्नेको कस्तो लाग्यो प्रतिक्रिया बुझ्ने र केही जिज्ञासा र द्विविधा भएमा जानकारी दिने वा आफूले सो बारेमा बताएर पृष्ट पार्ने ।

**दोस्रो बैठक :**

विषय : समूहको नीति-नियम र बैठक सञ्चालन ।

कार्यप्रक्रिया :

- समूहको बैठक के-कति समयमा कसरी बस्ने गरेको छ सोध्ने ।
- नियमहरु छन् वा छैनन् भएमा समूहको के-कस्ता नियमहरु छन् जानकारी लिने ।
- नियमको पालना र निर्णय कार्यान्वयन कस्तो अवस्थामा छ बुझ्ने ।
- सदस्य सङ्ख्या महिला, पुरुष के-कति छन् रजिष्टर हेरेर टिप्ने ।
- यति गरिसकेपछि समूहको नियम नभएमा निमय बनाउन प्रोत्सहित गरी नियम निर्माणमा सहयोग पुऱ्याउने ।
- समूहले बनाएको नियमहरु लिखितरुपमा राख्न लगाउने र समूहद्वारा पारित समेत गराउने ।
- समूहको आकार पदाधिकारीहरु र सदस्यको काम कर्तव्यबारे जानकारी दिने/छलफल गर्ने ।
- बैठक सञ्चालन प्रक्रिया सुधार गर्न पर्ने भएमा सिकाउने ।
- निर्णय कार्यान्वयनमा जोड दिने र सदस्यहरुको पहिचान गर्न सहयोग पुऱ्याउने ।

**तेस्रो बैठक :**

विषय : बचत तथा स्थानीय स्रोत परिचालन ।

कार्यप्रक्रिया :

- समूहमा बचतको शुरुवात भएको छ वा छनै बुझ्ने । बचत गरेको भएमा बचतको बारेमा कति प्रष्ट छन् जानकारी लिने जस्तैः बचत गर्दा के हुन्छ ? किन गरियो ? कहिले सम्म गर्ने ? आदि जिज्ञासा राखेर छलफल गर्ने ।
- त्यसपछि बचतको अवधारणा के ? किन ? कस्का लागि ? र कसरी ? आदि विषयमा उदाहरण सहित छलफलको माध्यमबाट प्रष्ट पार्ने ।
- बचत जस्तै अन्य स्थानीय स्रोत के-के हुन सक्छन् जानकारी लिने र त्यसबाट समूहले अधिकतम फाइदा कसरी लिन सक्दछ भन्ने बारेमा उनीहरुको राय बुझी सोहीतर्फ प्रोत्साहित गर्ने ।
- अन्त्यमा बचत र अन्य स्थानीय स्रोत परिचालन दिगो विकासका लागि आवश्यक छ र हामीले पनि गर्न सक्छौ भन्ने भावना जगाएर छोड्ने ।
- समूहले बचत नगरेको भएमा बचत गर्ने वातावरण तयार गरी बचतको शुरुवात गर्न सहयोग पुऱ्याउने ।

**चौथो बैठक :**

विषय : बचतको हिसाब राख्ने तरिका तथा बचतका नीति-नियमहरु ।

कार्यप्रक्रिया र

- बचतको हिसाव राख्ने छुट्टै खाता छ वा छनै हेर्ने ।
- बचतको हिसाव राख्नको लागि समूहका हिसाब-किताब राख्न सक्ने को कति छन् जानकारी लिने र प्रयोगात्मक तरिकाले सम्बन्धित व्यक्तिलाई बचतको हिसाव राख्न सिकाउने ।
- बचतको नीति-नियम बनाएका छन् वा छैनन् सोधेर छलफल गरेर जानकारी लिने । अवस्था हेरी नियमहरु भएमा के-कस्ता छन् कमी-कमजोरी भएमा अधुरा-अपूरा भएमा समूहमा छलफल गरी सुधार गर्ने साथै पूरा गर्न सहयोगपुऱ्याई लिखित रुपमा समूहमा राख्ने लगाउने ।

**पाँचौ बैठक :**

विषय : स्वावलम्बनको अवधारणा तथा प्रयासहरुको खोजी ।

कार्यप्रक्रिया :

- समूहले आफै गर्न सक्ने सामूहिक कार्यमा लाग्न र गर्न उत्प्रेरित गर्ने । जस्तैः बाटो मर्मत सरसफाई मठ/मन्दिर, गुम्बा र मस्जिद सर सफाई र मर्मत ।
- एक आपसमा सहयोगको आदान-प्रदान ।
- चर्पी निर्माण र प्रयोग आदि जस्ता कामहरु हामी

आफै गर्न सक्छौ भन्ने भावना जगाउने र कार्य गर्न प्रोत्साहित गर्ने ।

- ❖ यी सवै कार्यहरु स्वावलम्बन तर्फका प्रयास हुन भन्ने कुराको अवगत गराउने ।
- ❖ यति गरिसकेपछि स्वावलम्वन भनेको के हो ? स्वावलम्बनका आधारहरु के-के हुन् भन्ने बारेमा समूहमा छलफल गर्ने ।
- ❖ अब नयाँ प्रयास के हुनसक्दछ भनी स्वावलम्वनका लागि नयाँ प्रयासको खोजी गर्न के गर्दा तपाई र समूहको विकास तथा फाइदा हुन्छ सोच्ने वेला भएको छ अव अर्को बैठकमा आउदा सोचेर आउनु होला भनी नयाँ प्रयासको पहिचान वा खोजी गर्न उत्प्रेरित गराउने ।

**छैठौ बैठक :**

विषय : प्रयासको खोजी र समूहका सदस्यहरुको आर्थिकस्तर निर्धारण ।

कार्यप्रक्रिया :

- ❖ नियमित क्रियापछि अघिल्लो बैठकको कुरा जोड्ने । के सोचेर आएका छन् छलफल गर्ने ।
- ❖ यो कार्य कसरी गर्ने त यसका लागि नीति-नियम र योजना बनाउन आवश्यक छ भनी बुझाउने ।
- ❖ सहयोग गर्दा पहिला समूहमा हामी सवै भन्दा बढी दुःख पाएको घरको अवस्था कमजोर भएकोलाई प्रथामिकता दिनुपर्छ भनी सम्झाउने, उदाहरण दिने र सहमतिमा पुऱ्याउने ।
- ❖ त्यसपछि समूहको आर्थिकस्तर तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गरी निर्धारण गर्ने ।
- ❖ आर्थिक स्तर निर्धारण गरी विपन्नताको आधारमा प्राथमिकता निर्धारण गर्ने ।
- ❖ अन्त्यमा अब स्वावलम्बी योजना बनाउन कहिले बस्ने भनी छलफल गरेर नियमित बैठक भन्दा अर्को बैठकको आयोजना गर्न मिति तोक्ने । सो समयमा समूहको योजना बनाएर स्वीकृतिको लागि प्रक्रियागत रुपमा अगाडि बढाउने ।

**सातौ बैठक :**

विषय : विविध कोषको बारेमा जानकारी दिने नीतिनियम बनाई कार्यान्वयनमा अगाडि बढाउने ।

कार्य प्रक्रिया :

- ❖ समूहको अवस्था विश्लेषण गर्ने । समूह कत्तिको सक्षम छ बुझ्न सक्छ सो आधारमा विभिन्न कोषको महत्व र नीति-नियम भिन्दै हुनुपर्छ । यी कोषहरु स्थापना गर्नुको अर्थ यो हो भनी प्रस्ट हुने गरी समूहमा छलफल गर्ने ।
- ❖ महत्व र उपादेयता बुझाइ सकेपछि समूहको कोषको हिसाव भिन्दा भिन्दै राख्नु पर्छ । एकै ठाँउमा राखेमा हिसाव गडवढ हुन्छ भनी संझाएर छुट्टा छुट्टै खातामा राख्न लगाई राख्ने तरिका सिकाउने ।

**आठौ बैठक :**

विषय : निर्णय कार्यान्वयन र समूहको बारेमा आइपरेका समस्या कमी-कमजोरी बारेमा छलफल र विश्लेषण ।

कार्यप्रक्रिया :

- ❖ समूहमा बसेर यतिका महिनासम्म काम गर्दा कति सजिलो कति कठिन भएको छ हरेक सदस्यको धारणा के छ, सामुहिक रुपमा समूहमा छलफल गर्ने ।
- ❖ यतिका दिनसम्म काम गर्दा कति राम्रा काम भए कति गर्न बाँकी छन् र काम गर्दा कुनै समस्या आइपरेका छन् कि सोधेर निराकरणका उपाय खोज्ने ।
- ❖ कसैले निराशा र हतास व्यक्त गरेमा अन्यत्रका सफल उदाहरण दिएर हौसला प्रदान गर्ने ।

**नवौ बैठक :**

विषय : योजना कार्यान्वयन के कस्तो रुपमा भएको छ र अनुगमन प्रक्रिया के-कस्तो छ छलफल गर्ने ।

कार्यप्रक्रिया :

- ❖ समूहका सदस्यहरुमा को-कस्ले के-कस्तो कामको लागि ऋण लिएका हुन्, कस्तो गरेका छन्, समूहमा नै छलफल गराउने समूहले अनुगमन गरेको छ वा छैन गरेको भए कस्तो भएको छ छलफल गर्ने ।
- ❖ अनुगमन नगरेको भए गर्नको लागि प्रेरित गर्ने स्वयं आफै बैठकको समाप्तिपछि पदाधिकारीलाई लिएर कार्य क्षेत्रमा गै अनुगमन गर्ने ।

❖ बैठकमा राम्रोसँग कार्यान्वयन र अनुगमन भएको कुरा आएका नयाँ-नयाँ सम्भावनाहरुको खोजी गर्न प्रोत्साहित गरी अर्को कामको थालनीका लागि अगाडि बढ्ने वातावरण तयार गर्ने ।

**दशौं बैठक :**

**विषय :** सहकारीको स्वरुपको बारेमा जानकारी दिने ।

**कार्यप्रक्रिया :**

❖ तपाइहरु कहिले सम्म समूहमा बस्ने ? यहाँ भन्दा माथि बढ्न के गर्नु पर्ला ? कसरी बढ्ने ? तपाइहरुको सोच के छ भनी छलफल गर्ने ।

❖ समूहको जिज्ञासाको आधारमा यसो गर्दा के हुन्छ, हाम्रो सोच यस्तो छ तपाइहरुलाई अझ बढी सक्षम, राम्रो र बढी फाइदा हुन्छ कि भनेर सहकारीका विभिन्न स्वरुपको प्रस्ताव चार्टद्वारा प्रस्तुत गरी प्रष्ट पार्ने ।

❖ हाम्रो अवस्थामा कुन किसिमको स्वरुप ठीक हुन्छ भनेर निचोड निकाल्ने । अन्त्यमा त्यसैतर्फ सम्पूर्ण कार्यक्रमका गतिविधिहरु बढाउने ।

**विशेष ध्यान दिनुपर्ने कुराहरु :**

❖ योजना तर्जुमाको बैठक नियमित बैठकमा नराख्नुहोस् । टोलीको सल्लाह र समूहको अवस्था हेरी छुट्टै समय मिलाउनुहोस् । योजना तर्जुमा गर्दा सहभागितामूलक, समूहका सबै सदस्यको रोहभरमा छलफल गरी तोकिएको ढाँचामा प्रक्रिया पुरा गरी गर्नु पर्ने छ । (योजना तर्जुमा सम्बन्धी ढाँचा प्रयोग गरिएका फारामहरुमा समावेश गरिएको छ हेनुहोला ।)

❖ घुम्तीकोषको नियम बनाउँदा पनि छुट्टै बैठक राखेर व्यापक छलफलको आधारमा गर्नुहोस् । योजना बन्ने अवस्थामा नपुगे सम्म घुम्तीकोषको बारेमा छलफल नगर्नुहोस् ।

❖ योजना Verification पनि छुट्टै बैठकमा गर्नुहोस् । योजना Verification सकेसम्म स्थानीय सहयोगी संस्थाका प्रतिनिधि र स्रोत संस्थाका सदस्यहरुसँगै बसेर गर्नुहोस् ।

❖ Agreement गर्दा केवल स्रोत संस्थाका प्रतिनिधिले सिफारिस गरेपछि मात्र परियोजनाका प्रतिनिधिले / संयोजकले मात्र गर्नु पर्नेछ । योजना Agreement गर्नु अगाडि त्यसक्षेत्रका LSO का प्रतिनिधिलाई सोधेर राय बुझेर गर्नुहोस् ।

❖ योजना स्वीकृत नभएसम्म कसैलाइ पनि बढी आश्वासन नदिनुहोस् ।

❖ यो निरन्तर चल्ने प्रक्रिया हो, स्वावलम्बी समूहलाई क्रमशः सक्षम बनाउँदै लैजानु पर्दछ । बिस्तारै उनीहरुले माग गरेको खण्डमा साथै नसक्ने विषयहरुमा मात्र सहयोग गर्नु पर्दछ । अन्य कुराको हकमा नियमित रेखदेख नयाँ-नयाँ विषयहरुमा छलफल गर्ने, खोजी गर्ने कार्यलाई निरन्तरता दिनु पर्दछ । समूहको आवश्यकता अनुसार निरन्तर सहयोग गरिरहनु पर्दछ ।

**झ) प्रदर्शनी क्षेत्र विकास :**

स्थलगत परामर्श सेवाले सैद्धान्तिक तथा आन्तरिक तयारी र गर्नु पर्ने कामको बारेमा सहयोग पुऱ्याएको थियो भने समूह कस्तो हुनु पर्छ ? सैद्धान्तिक रुपमा छलफल गरेका विषयहरुलाई समुदायमा कसरी लैजानु पर्छ, समूह कुन स्तरमा पुगेपछि बचतको शुरुवात गर्ने ?, कस्तो भएपछि समूहको नीति-नियम, बचत नियम र घुम्तीकोषको व्यवस्था र परिचालन गर्ने भन्ने बारेमा प्रत्यक्ष रुपमा VDRC द्वारा नै सामाजिक परिचालनको लागि प्रदर्शनी क्षेत्र तयार गरेर नमूना कार्यको रुपमा उदाहरण देखाइएको थियो । स्थानीय संस्थाहरुलाई स्थलगत परामर्श दिएपछि सोही अनुरूप कसरी काम भैरहेको छ, प्रत्यक्ष अवलोकन गराइएको थियो । जिल्लाको अवस्था र आवश्यकता अनुसार पर्वतमा २ स्थानमा, कपिलवस्तुमा १ स्थानमा प्रदर्शनी क्षेत्र विकास स्थल तयार पारिएको थियो । यस स्थलमा समूह गठन बैठक सञ्चालन, बचत सङ्कलन आदि कुराको कमवद्ध रुपमा शुरुवात गरी अगाडि बढाउदै लगिएको थियो । समुदायको प्रयासको पहिचान, प्रयासहरुको प्राथमिकीकरण गरेर समूहको चाहना र उनीहरुको

स्वनिर्णयमा हरेक क्रियाकलाप अगाडि बढाइएका थिए । समूहको आन्तरिक क्षमतावृद्धि, समूहको आकार प्रकार आदिलाई ध्यान दिइएको थियो । समूहको स्वावलम्वी योजना तयारी गर्नु पूर्व समूहमा कम्तिमा बचतको व्यवस्थित परिचालन गरेको हुनु पर्ने, हरेक सदस्यले नियमित बचत गरेको, बचतलाई ऋणमा आर्थिकस्तर निर्धारण (Wealth being Ranking) को आधारमा विपन्न, दलित तथा महिलालाई प्राथमिकता दिएर लगानी गरेको हुनु पर्ने, समूह आफ्नै पहलबाट चल्ने कोसिस गरेको हुनु पर्ने हुन्छ । नियमित बैठक बसेर समूहका सवै सदस्यहरु आयमूलक कार्य गर्न उत्सुक भएको हुनुपर्छ । सम्पर्क र समन्वय गरी गा.वि.स., जि.वि.स., सांसद सबैसँग सहयोग लिन पयास गर्नुपर्छ । यी सबै कुरा पूरा भएपछि नपुग रकम परियोजनाबाट घुम्तीकोषको रुपमा सहयोग दिने गरिन्छ। योजना तयार पार्दा समूहको आत्मनिर्भरताको पक्षलाई बढी जोड दिइन्छ । यसरी प्रदर्शनी क्षेत्र विकास स्थलमा हरेक कार्य स्पष्ट उदाहरणीय रुपमा प्रक्रियागत तहमा व्यवस्था गरी परिचालन गरियो। सो कुरा तहगत रुपमा स्थानीय सहयोगी संस्थाका सदस्यहरुलाई प्रत्यक्ष अवलोकन गराइएको थियो । यसको अलावा नयाँ-नयाँ सोचको आधारमा रचनात्मक कार्यहरुको खोजी गरेर समूहलाई क्रमश: एकपछि अर्को कार्य सम्पादन गर्दै त्यसको प्रतिफल लिंदै अगाडि बढाइएको थियो । यसप्रकार सामाजिक परि चालनको क्षेत्रमा स्रोत संस्थाले स्थानीय साभ्केदार सहयोगी संस्थालाई प्रदर्शनी क्षेत्र विकास गरेर नमूनाको रुपमा अवलोकन गराउने शुरुवात सायद यो पनि पहिलो हो ।

### ञ) प्रदर्शनी क्षेत्र विकासको अनुशरण :

आफूले आफ्नो कामको लागि क्षेत्र तयार गर्नु एउटा पक्ष हो भने त्यसलाई नजिकबाट हेरेर प्रक्रियागत रुपमा अरुले सोही कार्यलाई हुबहु "मर्म, धर्म र कर्म" नमर्ने गरी अनुशरण गरेर कार्यमा उतार्नु दोस्रो महत्वपूर्ण कार्य हो । यो कठिन छ, सजिलो छैन । सामाजिक परिचालन प्रक्रियाको भित्री मर्म देखाउन र मापन गर्न मिल्दैन, गुणात्मक र अनुभूतिजन्य कुराहरु अनुशरण गर्नु "फलामका चिउरा" चपाउनु हो । तर VDRC ले यस प्रक्रियामा समूहका सदस्य, स्थानीय सहयोगी संस्थाका प्रतिनिधिहरुलाई यसरी परिचालन गर्‍यो कि सो कुरा अरुको लागि नभै आफ्नै लागि हो, हामी सबैको छौं भन्ने महसुस गराएर शुरुदेखि अन्त्यसम्म संलग्न गरायो । प्रतिफलमा हरेक संस्थाका प्रतिधिनिहरुले यो प्रक्रियालाई ठाँउ अवस्था हेरेर सोही अनुसार आफ्नो-आफ्नो क्षेत्रमा प्रयोग गर्न सक्ने भए । अनुभवलाई प्रयोग गर्ने कार्यमा हरेक स्थलमा VDRC को सहयोगी टिम साथमा नै रह्यो । उनीहरुको अनुभवलाई कतै कहीँनेर असजिलो भएको महसुस गरेमा सहयोगी हात बढायो । केही समयको अन्तरालमा नै दुवै जिल्लामा एउटा लहर आयो । सांस्कृतिक कार्यक्रम र खेलकुदमा दिन बिताएका संस्थाका प्रतिनिधिहरु गाँउ-गाँउ, वस्ती-वस्तीमा पुगेर जनतालाई ब्यूभ्फाउन थाले, सङ्गठित गर्न थाले । स्थानीय स्रोतको परिचालन सहभागितामूलक योजना तर्जुमाको माध्यमबाट दिगो विकासका लागि सामूहिक रुपमा स्वावलम्बनको अभियानमा जुट्न थाले । यो क्रम यति बढियो कि हाल पर्वतमा २५७ वटा समूह र १८ वटा सहकारीहरु त्यस्तै कपिलवस्तु जिल्लामा ३३८ वटा समूह र २३ वटा सहकारी स्थापना भै कुल समूहमा रु ११,७५,३९४ घुम्तीकोषको रकर र रु. २,३५,[illegible] बचत गरेर रकम परिचालन गर्न सक्षम भएका छन् । यहाँसम्म आइपुग्दा कार्यक्रमको दौरानमा तयार गरिएको प्रदर्शनी क्षेत्र विकासलाई अनुशरण मात्र हैन संस्थागत तहमा त्यसलाई उछिनेर VDRC र WYCCU को Replicaton भएको छ । संस्थाहरु बलियो सक्षम, अनुभवी बनेका छन् । आज पर्वत, कपिलवस्तुको हरेक कुनामा स्वावलम्बी समूह छ, समूहमा सदस्यहरुले बचत गरेको छन् । यी कार्यमा विविधीकरण गरी बचतका विभिन्न नमूना (Model) र समूहका पनि मिश्रित समूह, महिला समूह, श्रीमान् श्रीमती समूह, दलित समूह, तराइली जनजाति समूह गठन गरी हरेक क्षेत्रमा नवीनतम खोज गर्न

सक्षम भएका छन् ।

हरेक समूह/संस्थामा व्यक्तिको हैन विधिको विधान छ । क्षमता वृद्धि भै हरेक तहमा LSO, SHG RO सबैमा सशक्तीकरण भएको छ । सबै सदस्यहरु आफ्ना कुरा राख्न सक्दन्, बोल्न सक्दछन्, बोलेको कुरा जिम्मेवारी लिएर पुरा गर्न सक्दछन् । संस्थागत विकासमा भैतिक पुर्वाधारका साथै दिगो आर्थिक स्रोतको खोजी गरी नियमित आय आर्जन गरेर संस्था समेत RO सबै स्वावलम्बनतर्फ उन्मुख, कार्य क्षेत्र विस्तार गरी जिल्ला तथा राष्ट्रिय स्तरमा नै उठ्न थालेका छन् । Reflection को कुरा गर्दा यो परियोजनामा कहीं कतै पनि शुरुमा बचत परिचालन गरी सहकारी अवधारणमा बचत संस्था खडा गर्ने कुरा उल्लेख गरिएको छैन । कामको शिलशिलामा VDRC को अनुभवको आधारमा बचतलाई हरेक समूहमा प्रवेश कार्यक्रम (Entry Program) को रुपमा लियो । संस्थालाई पनि स्वावलम्वन प्रबर्धन तालिमको समयमा नै यसबारे हामीले गरेर सफलता प्राप्त गरेको अनुभव सत्य घटना सुनायौ । वास्तवमा विकू बचत तथा ऋण सहकारी संस्था लि. को कथा यस्तो छ जो कोहीले सुने पनि उसको मनस्थितिमा केही सकारात्मक प्रभाव पार्दछ । वि.स. २०४८ साल भाद्र ५ गते २६ जना व्यक्तिहरु मिलेर शुरु गरेको सानो प्रयास आज करीव २१०० शेयर सदस्य, बाल बचत, दैनिक बचत, खुत्रुके बचत आदिमा संलग्न भएका समेतलाई जोड्ने हो भने ३३०० जना सदस्य पुग्दछ । रकमको हिसावको पनि ४ करोड भन्दा बढी सङ्कलन भएको छ । शुरुका दिनमा यसले समुदायसँग गर्नु परेको बैचारिक सङ्घर्ष, यसमा लाग्ने व्यक्तिहरुको निरन्तरता र प्रतिवद्धता यसका सफलताका द्योतक हुन् । यी सबै कुराहरु उनीहरुलाई सुनाउँदा समूह/संस्थामा एउटा नयाँ रौनक आउदथ्यो । हामीसँग पनि आफूले गरेर सफलता प्राप्त गरेको अनुभव (On hand experience) थियो, छ । दुवै कुरा मेल खाएको हुँदा हामीले बचतलाई जोड दियौ । आज यस कार्यक्रम अन्तर्गत बचत मेरुदण्डको रुपमा देखा परेको छ । बचतलाई प्रवेश कार्यक्रमको रुपमा लैजान परियोजना पनि तयार भयो र हामीलाई हौसला नै प्रदान गर्‍यो । शुरुमा बचतलाई जोड दिने कुरामा हामीलाई अर्को बाध्यता पनि थियो । शुरुमा समूह बलियो नहुने, नियमित रुपमा सक्रियता नदेखिने र आकर्षण कार्यक्रम अरु नहुने, समूहमा आसे प्रवृत्ति बढी हुने, केही कार्यक्रमको सहयोग गरेमा समूहले धान्न नसक्ने, अनुभव नभएका सदस्यहरु बीचमा पनि एक आपसमा विश्वास बढाउन समय लाग्ने, समूह गठन गरेर छाडेर मात्र समूहमा सक्रियता र संस्थागत विकास नहुने, बिना कार्यक्रमको नियमित भेटघाट र बैठक निसारा उत्पन्न गर्ने भएकोले यी सवैको विकल्पमा बचत परिचालन गर्न थालियो । बचत परिचालनले समूहलाई महिनाको १ पटक बैठक बस्न बाध्य पार्‍यो । समूहमा राम्रोसँग हिसाब-किताब राख्न सक्ने सदस्य नभएकोले संस्था (LSO) का प्रतिनिधिहरुलाई पनि नियमित समूहमा जानै पर्ने बनायो । यसरी दुवै थरी भेट हुँदा बचतका अलावा सो परिचालनको लागि नीति-नियम वन्न थाले । समूहमा बस्ने तर नियमित बचत नगर्ने, बैठकमा पनि नआउने केही निस्क्रिय सदस्यहरु भेटिन थाले, फलस्वरुप समूहको समेत नियम बनाउन पर्ने भयो । बिस्तारै-बिस्तारै समूह क्रमशः संस्थागत हुन थाले ।

बचतलाई आयमूलक कार्यमा ऋण लगानी गर्न जोड दिइयो । बचत कार्यक्रमले सबै समुदायका मानिसलाई समेटेको हुँदा समुदायमा एकता बढ्न थाल्यो । ऋण लगानी गर्दा विपन्न, महिला र दलित वर्गलाई पहिलो प्राथमिता दिन थालियो । प्राथमिकता दिंदा कठिनाई नआओस् भन्नका लागि समूहमा सहभागितामूलक ढङ्गवाट स्तर निर्धारण (Wealth Ranking) गरेर प्रस्ट आधार खडा गरीयो । बचत दिन प्रतिदिन बढ्दै जान थाल्यो । यसलाई अरु बढी व्यवस्थित गरेर कानूनी रुपमा सुरक्षित गर्नको लागि समूहलाई सहकरी सिद्धान्तमा आधारित भएर प्रायः एकल उद्देश्य बचत तथा ऋण सहकारी संस्था लि. मा दर्ता गरि एको छ । यसका पनि विभिन्न रुप छन् । कतै चकटी मोडल (Coil Model) र कतै समूहमा आधारित सङ्घीय मोडल (Networking Model) छन् । बेला-बेलामा आवश्यक तालिम बचत तथा ऋण व्यवस्थापन,

लेखा व्यवस्थापन, नेतृत्व विकास आदि दिदैं समूहका सदस्यलाई स्वावलम्बनको अवधारणाका साथसाथै बचतलाई स्वावलम्बनको मूल आधार मानेर अगाडि बढाइएको छ । यसको लागि एउटा नारा नै वनाइएको छ "विकासको मूल मन्त्र स्वावलम्बन हो । स्वावलम्वनको मूल कडी भनेको बचत हो, व्यक्तिगत बचत गर्नु होशियारी हो । सामुहिक बचत गर्नु वुद्धिमानी हो भने अरुलाई बचत गर्न सिकाउनु महानता हो ।" त्यसैले समुदायका हरेक सदस्यलाई समूहमा आवद्ध गर्‍यौं त्यसपछि बचत गर्न लगायौं यो अभियान बढ्दै गयो । नियमित अनुगमन गरी आवश्यक सुझाव दिने कामलाई निरन्तर अगाडि बढाइयो । आज हरेक संस्थाको आफ्नो बचत कार्यक्रम छ । सोही कार्यक्रममा समूहहरु पनि आवद्ध छन् । यसले समूह र संस्था बीच न्यानो सम्बन्धका साथै विधानत सहकारीको अवधारणा अनुसार पारिवारिक सम्बन्ध कायम भएको छ । बचतले समूहका हरेक सदस्यको बानीमा सुधार ल्याएको छ । बचत भनेको नियमित बचत गर्नु नभै सहकारिताको भावना जगाएर आचरणमा सुधार ल्याउनु पनि हो । बचतले एकातिर सदस्यहरुलाई फजुल खर्च गर्नमा कमी, बानीमा सुधार, नियमितता तर्फ उन्मुख गराउँदै आयआर्जन तर्फ डोऱ्याउन थाल्यो । आय आर्जन कार्यका लागि विपन्नलाई प्राथमिकता दिने बतच सङ्कलन सबैले गर्ने कार्यले समूहमा एकता र समानताको भावना व्यवहारमा नै उतार्न सहयोग पुऱ्यायो । गाउँ घरको चर्को व्याजवाट समुदायले मुक्ति पाउन थाले । कोषको वृद्धि र सही सदुपयोगले मुनाफा आर्जन गर्न थाल्यो । हरेक महिला तथा विपन्न वर्गका सदस्यहरुसँग खातामा आफ्नो बचत र चाहेमा वा परेको बेलामा समूहबाट ऋण पाउन सकिन्छ भन्ने बिश्वास भयो। यसले उनीहरुमा आत्मबल बढायो । समूह सक्रिय हुँदै गयो । बचतका लागि बैठकमा उपस्थिति हुन अनिवार्य भयो । सबै भेला भएपछि बचत संकलन र ऋण लगानी गरेपछि अन्य विषयमा छलफल गर्न थालियो । समूह बलियो र टिकाउ हुने निश्चित भै क्षमतामा वृद्धि भएपछि समूहलाई आय आर्जनका लागि घुम्तीकोषको रुपमा स्वावलम्बी योजना परिचालन गर्न नपुग रकम सहयोग पुऱ्याइयो । यी सबै कार्यले दुवैतर्फ सहयोग पुऱ्यायो । आयमूलक कार्यक्रम परिचालन गरी व्यवसाय गर्न घुम्तीकोषको रकम प्राप्त गर्न पनि समूहमा सदस्य भएको, नियमित बचत गरेको, आर्थिक स्तर निर्धारणमा विपन्नवर्ग हुनुपर्ने भयो । यो नियमले बचतलाई सहयोग नै पुऱ्यायो । बिनाधितो समूहका सदस्य नै साक्षी/जमानी बसेर सजिलै ऋण पाउन थाले । आयमूलक कार्यले सदस्यहरुको आयमा वृद्धि हुन थाल्यो । आयमा सुधार भएपछि जीवनस्तरमा सुधार आउन थाल्यो ।

वर्तमान अवस्थामा आइपुग्दा दुवै जिल्लामा ४१ वटा बचत संस्था विधिवत सहकारीमा दर्ता भै सञ्चालन गरिएको छ । सवैको बचत समूहको रकम मात्र पर्वतमा रु ५७,९१,६८७ र कपिलवस्तुमा रु ५०,७२,१९४ भएको छ । सदस्य संख्या हेर्दा पर्वतमा १८ वटा बचत संस्थामा ४६१७ कुल सदस्यहरु मध्ये २८२३ महिला सदस्यहरु छन् । यसलाई प्रतिशतमा लैजादा ६१.१४३ प्रतिशत हुन आउछ । त्यस्तै कपिलवस्तुमा पनि २३ वटा बचत संस्थामा ८५९३ सदस्यहरु मध्ये ५५८९ जना महिला अर्थात ६५.०४१ प्रतिशत छन् । यसरी हेर्दा यो कार्यक्रमले महिला सशक्तीकरणमा समेत ठूलो सहयोग पुऱ्याएको छ । ऋण लिएर आय आर्जन गर्ने क्रममा कुल ऋण पाउने सदस्यहरुमा महिला बढी मात्रामा छन् । यसरी बचतले एउटा ठूलो फड्को मार्दै अगाडि बढेको छ । बचत यो कार्यक्रमको एउटा अभिन्न अङ्ग मात्र हैन स्वावलम्बन र स्थानीय स्रोत परिचालनको क्षेत्रमा मुटुको रुपमा स्थापित भएको छ ।

# कार्यक्रममा विविधीकरण
# (Program Diversification)

यो ७ वर्षको दौरानमा हामीले यस कार्यक्रमवाट धेरै कुराहरु सिकेका छौं । शुरुमा सवै यस क्षेत्रका सिकारु, कच्चा खेलाडी थियौं । यद्यपि हामीले शुरुदेखि नै सावधानीपूर्वक गहन छलफल र अध्ययन पश्चात मात्र हरेक कामको थालनी गरेका थियौं । काम गरिसकेपछि त्यसको प्रभाव कस्तो पऱ्यो ? अगाडि बढाउन हुने नहुने निक्यौल गरेर मात्र अन्यत्र लैजाने काम गरेका थियौं । शुरुमा गरेका कामबाट पाठ सिक्दै अगाडि बढ्दै गयौं । फलस्वरुप आज कार्यक्रमा व्यापक रुपमा विविधीकरण गरिएको छ । हाम्रो अनुभवले के बताउँदछ भने गरिबी कम गर्ने भन्न जति सजिलो छ वास्तवमा उनीहरु समक्ष पुगेर साच्चिकै उनीहरुको जीवन माथि उठाउन त्यति नै कठिन छ । हाम्रो सामाजिक संरचना र परम्परा यस्तो छ जहाँ समुदायमा पुग्दा वित्तिकै हाम्रो जम्काभेट समाजमा तुलनात्मक रुपमा सम्पन्न व्यक्तिहरु/समुदायसँग हुन पुग्दछ । उनीहरुले यस्तो नाटक खेल्दछन् र हामीलाई यिनीहरु नै विपन्न तथा गरिब हुन भन्ने भान पार्दछन र हामी उनीहरुसँगै काम गर्न थाल्दछौं । अर्कोतर्फ वाहा पाए पनि तिनीहरुलाई छाडेर हामी तल जाने वातावरण नै बन्दैन । यो कुरा हामीले काम गर्दै जाँदा देख्यौं, अनुभव गऱ्यौं । तत्पश्चात हामिले हाम्रो कार्यक्रमा विविधीकरण गऱ्यौं । अर्को तर्फ काम गर्दै जाँदा एक पछि अर्को सफलता हात लाग्दै अगाडि बढ्न थाले पछि हाम्रो/समुदायको उत्साह बढ्यो । नयाँ-नयाँ खोजी हुन थाले अनुसन्धान गर्न थालियो र कार्यक्रममा विविधीकरण गरियो ।

शुरुमा समूह गठन, पुनर्गठन र प्रवर्धन गर्दा हामी जे छ त्यहींबाट शुरु गऱ्यौ तर हाम्रो यात्रा लक्ष्य विपन्न, दलित, महिला वा छेउलागेका वर्गसम्म पुग्नु थियो । यस क्रममा समूहलाई बलियो बनाउदै लग्यौं, आयमूलक कार्यक्रम शुरु गरियो । परिणाम जीवनस्तरमा सुधार आयो । यसले समूह/संस्था समुदायमा नयाँ उमङ्ग ल्यायो र सँगै अगाडि बढ्न प्रेरणा दियो । यस क्रममा समूहलाई बलियो बनाउन क्षमता विकास गर्न र चेतनाको स्तर माथि उठाउन हामीले विभिन्न प्रकारका तालिम, गोष्ठी अवलोकन भ्रमण राख्यौ । विस्तारै हाम्रो लक्ष्य गरिबी कम गरी स्वावलम्बी समतामूलक समाज तर्फ केन्द्रित गर्ने साझा मुद्दा बनायौं । विस्तारै पुरुषलाई भन्दा महिलालाई समूहमा बस्न उप्रेरित गर्ने काम गरेर समूहमा महिला सहभागिता वृद्धि गऱ्यौं । कतिपय स्थानमा महिलाहरुको मात्र समूह बनाउन सहयोग पुऱ्यायौं । यसपछि समूहमा महिलाको पहुँच र नियन्त्रणमा वृद्धि गर्न मुख्य चार पद (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष) मा महिलाहरुको सम्लग्नता बढाउदै लगियो । बैंक खाता सञ्चालन गर्दा १ जना महिलाको पनि दस्तखत हुनुपर्ने प्रावधानको शुरुवात गरियो । यसको परिणाम समूहमा कोषको सदुपयोगमा राम्रो प्रभाव पाऱ्यो । महिलाहरुलाई पनि हामी गर्न सक्दा रहेछौ भन्ने आत्मबल बढायो । पुरुषलाई पनि महिलाले अवशर नपाएर रहेछ पाएमा गर्न सक्दा रहेछन् भन्ने महसुस गरायो । यो प्रक्रियालाई अझबढी व्यापक पार्दै जोड दिएर अगाडि बढायौं । फलस्वरुप आज कुल समूहमा महिलाको प्रतिनिधित्व पुरुषको भन्दा बढी छ । अधिकांश समूहमा महिलाहरुको नेतृत्व छ पुरुषसँगसँगै मिलेर काम गरीरहेका छन् । यसपछि लगानीमा पनि प्राथमिकता दिने सोच आयो । समूहमा हामीले सवैलाई समेटेका थियौं । नसमेटेमा समुदायमा कार्यक्रम प्रति सबैको चासो र सोचाइ सकारात्मक नहुन सक्छ । यसैले हामीले लगानीमा प्राथमिकता निर्धारण गरेर आयमूलक कार्यक्रम सञ्चालन गर्ने नीति लियौं । यसको लागि सदस्यहरुको हैसियत निर्धारण गऱ्यौं । यसका लागि आधारहरु समूहसँगै बसेर समूहको सक्रियतामा बनायौं । समूहलाई नै यो गर्नु पर्छ भन्ने महसुस गर्ने वातावरण भएपछि मात्र हामीले यो काम गऱ्यौं । यसको प्रभावकारी ढंगले कार्यान्वयन गऱ्यौं । बचत सबैले गर्ने, घरायसी काममा लगानी नगर्ने, आय आर्जनमा मात्र ऋण प्रवाह गर्ने, त्यो पनि समूहमा अति विपन्न वा आर्थिक स्तर निर्धारणको तालिकामा सवै भन्दा तल अति विपन्न, विपन्नवाट अगाडि (माथि) आउने गरी लगानीको क्रम तोक्यौं । यसले राम्रो प्रभाव पाऱ्यो महिला गरिब, दलित र विपन्न


वर्गमा समूहमा बसेपछि भेदभाव हुँदो रहेनछ नसक्नेको पहिलो पालो पाउँदो/आउँदो रहेछ भनेर समूहमा बस्न उत्साहित हुन थाले । यसले एकै पटक दुईवाट काम गऱ्यो । एकातिर समूहमा विपन्न, दलित, महिला वर्गको सहभागितामा वृद्धि गऱ्यो भने अर्को तर्फ कार्यक्रमको लक्ष्य अनुसार लगानी गरिब विपन्न वर्गमा पुऱ्याउने सहयोग पुऱ्यायो ।

महिलाहरुलाई प्राथमिकता दिने क्रमम हरेक समूहमा महिला पुरुष सम-विकासको सिद्धान्तलाई आत्मसात गर्ने वातावरण बनायौं । हरेक कार्य गर्दा Crosscutting Issues को रुपमा महिला, वातावरण र दलित तथा विपन्न माथि पर्ने प्रभावको अध्ययन गरेर मात्र काम गर्न उत्प्रेरित गरियो । महिला सचेतना, क्षमता विकासका साथै आयमा वृद्धि गरेर जीवनस्तर माथि उठाउनुका अलावा स्वाभिमान, स्रोत र साधन माथिको पहुँच र नियन्त्रणमा वृद्धि भएको छ । आज समूहमा गएर हेऱ्यौं भने महिलाहरु सक्रिय छन् । हिजो यो पङ्तिकार समूहको भ्रमणमा जाँदा प्रत्यक्ष रुपमा के देख्यो भने पहिला बोल्न नसक्ने महिलाहरु विकासको बारेमा, स्वावलम्बनका प्रयास, महिला पुरुषको सम्बन्धको बारेमा खुल्ला छलफल र प्रश्नोत्तर गरेर बाहिरबाट जाने भ्रमण टोलीलाई हम्मे-हम्मे परेका थिए । यो कुरा GTZ/RDP अन्तर्गत सँखुवासभाबाट एउटा टोली अध्ययन-भ्रमण कपिलवस्तुमा आएको बेलाको हो ।

कपिलवस्तुमा तराइली संस्कृति र संस्कार छ । तराई मूलका महिलाहरुलाई पहाडीया मूलका महिलालाई जति पनि स्वतन्त्रता, छुट र हौसियत छैन । कतिपय स्थानमा हामीले धेरै प्रयास गर्दा पनि महिलालाई घरबाट बाहिर निकाल्न सकेनौ । यसको विकल्पमा वा उपायको बारेमा धेरै छलफल गरेपछि महिला पुरुषलाई मिलाएर "श्रीमान्/श्रीमती समूह" एउटै घरबाट एउटा समूहमा दुई जना सदस्य हुनेगरी समूह गठन गरियो । समूहको बैठकमा दुबैजनासँगै आउनेजाने, छलफलमा भाग लिने गरेपछि पुरुषहरुको सोचाइमा परिवर्तन आयो । यो त राम्रै काम रहेछ महिलालाई घरबाट बाहिर निकालेर काम लगाउदा नबिग्रने रहेछन् भन्ने सोच्न थाले। त्यसपछि पुरुष बैठकमा आउन नपाउँदा पनि श्रीमतीलाई पठाउने र समूहमा भए गरेका कार्यको सूचना महिलाबाट लिने गर्न थाले । हामीले पनि संयुक्त छलफलमा विकासका विविध पक्षका साथै महिला पुरुष विकासको बारेमा छलफल चलायौं । यसले तराई क्षेत्रमा ठूलो हलचल ल्यायो । ऐले श्रीमान्/श्रीमती समूह आवश्यकता अनुसार बनेका छन् । यो प्रभाव पर्वतमा पनि पऱ्यो । पर्वतमा पनि यस्ता समूहहरु बनेका छन् । यो पनि महिला पुरुष विकास (Gender) को नयाँ थालनी हो । यो सफलता पछि हामीले अर्को नयाँ थालनी गऱ्यौ । विपन्न वर्ग जुनसुकै जातिको पनि हुन सक्छ तर परम्परा देखि नै जो दलित छ, समाजमा अपहेलित छ, अछुत छ त्यसको बारेमा सोच्न पर्ने बेला आएको महसुस गऱ्यौं । दलितसम्म पुग्ने बाटो बिस्तारै तयार भएको थियो । स्वावलम्बनको अभियानमा हामीले के सिक्यौं भने दलित, उपेक्षित र अपहेलित वर्गमा पुग्न सजिलो छैन । त्यो वर्ग त सामाजिक संरचनाको अन्तिम (भित्री) तहमा दवेर अदृश्य भएर रहेको छ । त्यसैले त्यहाँ एकैचोटि पुग्न सकिदैन । बिस्तारै-बिस्तारै बाटो बनाएर मात्र त्यो वर्ग र तहमा पुग्न सकिदोरहेछ । ३/४ वर्षमा हामिले त्यो फट्को मारेर त्यहाँ पुग्ने बाटो बनाएका थियौं । बिस्तारै दलितहरुको बस्तीमा पुगेर उनीहरुलाई उठाउने, ब्यूँझाउने, निरासा, कुण्ठा, अभाव र अचेतनाबाट छुटकारा दिलाएर मर्यादित र गुणात्मक जीवन स्तरमा बाच्न सक्ने भै स्वावलम्वन तर्फ अगाडि बढ्ने अभियानको थालनी गऱ्यौ छुट्टै दलितहरुको समूह गठन गरेर । उनीहरुलाई स्वावलम्वन प्रबर्धन हरेक तहमा सरिक बनाएर ।

पर्वत जिल्ला कुल जनसङ्ख्याको १६.२१ प्रतिशत दलित जातिको बस्ती छ । उनीहरुको स्थिति विश्लेषण गर्ने हो भने आँखावाट आँसु रसाउँदछन् । यो सबै कुरा खगेन्द्र संग्रौलाले लेखेको उपन्यास जुनकिरीको संगीतमा पनि यथार्थ वर्णन गरेको छ । यही कुरालाई मध्य नजर राख्दै हामीले दलितको छुट्टै समूह बनाउन थालनी गऱ्यौ । शुरु-शुरुमा यो कार्य त्यति सजिलो भएन । छुवाछुत अपहेलना सामाजिक बन्धन सवै कुराले तगारो हाल्यो तर हामी स्थानीय संस्थाको अन्य समूहको सवैको साथमा थियौ त्यसैले हाम्रो वाटो कसैले रोक्न सकेन । अझै भन्ने हो भने हामी त हौसला प्रदान गरी सही बाटोमा हिड्न प्रोत्साहित सहयोग पुऱ्याउने मात्र थियौं । सामाजिक संरचनासँग खाई-खेलेका स्थानीय सहयोगी संस्थाहरु समाजको बनावटलाई छिचोल्दै अगाडि बढे यस कार्यका लागि ।

**तत्कालीन सामाजिक संरचना :**




हाम्रो देश नेपालको प्रायः सामाजिक संरचना यस्तै प्रकारको छ । यो चारपत्रे (Four-Folding) संरचनामा पर्वत र कपिलवस्तु जिल्लामा आदिबासी तथा दलित जनजाति भित्री चौथो तहमा छन् । हामी काम गर्ने क्रममा तेस्रो वर्षसम्म त्यो चौथो तहलाई छुट्टै समूह बनाई परिचालन गर्न सकेका थिएनौं । तेस्रो वर्ष सम्मको अनुभव र निचोडबाट हामीले नयाँ बाटो खोज्यौं, हाम्रो पूरा शक्ति र स्रोत दलित जनजाति र आदिवासीमा लगायौं । फलस्वरुप हाल पर्वतमा ४० वटा दलित समूहमा १४३६ जना सदस्यहरु रहेका छन् । त्यस्तै कपिलवस्तु जिल्लामा नियालेर हेर्‍यौं भने झन् स्थिति कहाली लाग्दो छ । आदिवासीहरु जमिन्दार कहाँ कमैयाको रुपमा मजदुरी गर्दछन् । त्यहाँ उनीहरुमाथि शोषण तथा दमन छ, अज्ञानता र गरिबी व्याप्त छ । पहिलाका समूहमा ज्यादै कम मात्रामा तराइली मूलका आदिबासी तथा दलितहरु समेटिएकाले पछिका दिनहरुमा यहाँ पनि तिनीहरुलाई समेट्नको लागि विशेष जोड दियौं । हालसम्म २०० समूहमा ३९३६ जना सदस्यहरु समेटिएको छ । दुवै जिल्लामा ७० समूहमा दलित तथा तराइबासीका समूहसंग साझेदारी गरी सहायोग पुर्‍याइएको छ । समूहका सदस्य मध्ये हालसम्म ५० प्रतिशत भन्दा बढीले आयमूलक कार्यक्रमहरु सञ्चालन गरेका छन् । समूहको नियमित बैठक बस्ने, बचत सङ्कलन गर्ने, ऋण लगानीका अलावा स्थानीय तहमा सहयोगी संस्थाका साथै गा.वि.स. र अन्य निकायसँग सम्पर्क र समन्वय गर्न सक्ने भै क्रमशः संस्थागत विकासमा अगाडि बढेका छन् । कपिलवस्तु जिल्लाको हकमा भन्नुपर्दा अझै महिला र पुरुष दुवैलाई सक्रिय बनाउन यस्ता जातिहरुका श्रीमान् तथा श्रीमती समूह समेत बनेर काम गरेका छन् । यो प्रक्रियाले एकै पटक दुईतिर काम गरेको छ । एकातिर महिला (Gender) र अर्कोतर्फ आदिबासी समुदायमा दुवै पक्ष महिला पुरुषलाई समान रुपमा अगाडि बढाएको छ । यसको बारेमा महिला समूहको खण्डमा पनि परि चर्चा गरीसकिएको छ । यसरी समग्रमा भन्नु पर्दा यस कार्यक्रमको समुदायका सबै वर्गका व्यक्तिहरुलाई समेटेर एकताको शुत्रमा बाँधेको छ भने अर्कोतर्फ कार्यक्रममा क्रमशः विविधीकरण गर्दै मिश्रित समूह, महिला समूह, जनजाति समूह, आदिबासी तराइली, जनजाति तथा दलित वर्गका भिन्ना-भिन्नै समूह गठन गरी तल्लो वर्ग लाई (दलित, विपन्न, जनजाति) प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरेको छ । साथ-साथै पुनः सबैलाई सहकारीको माध्यमबाट एउटै छातामुनि ल्याई समन्वय गरेर अगाडि बढी रहेको छ ।

# स्वावलम्बी समूह, स्थानीय सहयोगी संस्था र स्रोत संस्थाको क्रमबद्ध संस्थागत विकास प्रक्रिया
# (Graduation Process of SHG, LSO & RO)

हामीले यस कार्यक्रम अन्तर्गत कार्यक्रममा सम्लग्न सबै पक्ष र संस्थाको क्रमबद्ध संस्थागत विकास हुनु पर्दछ भन्ने मान्यता राखेका छौं । यसै क्रममा हरेक तहमा क्रमशः के-कस्तो विकास भएमा वा संस्था विस्तारै अगाडि बढेमा संस्थागत विकास मान्ने भन्ने क्रममा हरेक तहमा निम्नलिखित सूचकहरु तयार गरी सोही आधारमा समूह, संस्था तथा सम्बन्धित पक्षको विकास भएको वा नभएको भन्ने मापनको आधारमा स्तर निर्धारण गरिएको थियो ।

## (क) स्वावलम्बी समूह तहमा :

**प्रयासहरुको पहिचान :**

समुदाय गतिशील हुन्छ, गतिशील समाजमा केही न केही हलचल हुन्छ नै ! सो हलचलले समुदायले आफ्ना खाँचोहरु पूरा गर्नको लागि सामुहिक रुपमा केहीन केही प्रयास गरेका हुन्छन् । समुदायमा के-कस्ता प्रयास भएका छन्, तिनीहरुको प्रभाव र असर कस्तो छ सम्पूर्ण कुराहरुको लेखाजोखा गरी समुदायका हरेक प्रयासहरुको पहिचान गर्न सक्नु पर्दछ ।

**समूह गठन तथा प्रबर्धन :**

शुरुमा समूह नभएको समुदाय छ भने उनीहरुलाई समूहको महत्वबारे छलफल गरेर उनीहरुको आफ्नै पहलमा आफ्नो फाइदाको लागि समूह गठन गर्न उत्प्रेरित गरिन्छ । उनीहरुको पहलबाट नै निश्चित आकारको समूह गठन तथा उनीहरुको प्रयासको आधारमा प्रबर्धन गरिन्छ ।

**नीति-नियम तयारी :**

पुरानो समूह छ भने जहाँ नीति-नियम छैन त्यहाँ समूहलाई परिमार्जन गरेर नीति-नियम तयार गर्ने वातावरण तयार गरिन्छ भने नयाँ समूह गठन भएको ठाउँमा समूहलाई चुस्त दुरुस्त र स्फूर्त रुपमा अगाडि बढाउनका लागि समूहबाट नै के-कस्ता नीति-नियम बनाउँदा उनीहरुको समूह व्यवस्थित हुन्छ, समूह सञ्चालन गर्न सजिलो हुन्छ सोही अनुसार सहभागितामूलक ढंगबाट सबै सदस्यहरुको सहमतिमा नीति-नियम तयार गरिन्छ ।

**समूहका सदस्यहरुको पहिचान र निक्यौंल :**

कतिपय समूहहरुमा समूहको आकारका साथै सदस्यहरुको पनि निश्चित पहिचान नभएको देखिन्छ । प्रायः यस्तो समस्या पहाडीक्षेत्रका अलावा तराइका गाउँ-गाउँमा पनि छ । तसर्थ समूह केका लागि हो, सो समूहका आधिकारिक सदस्यहरु को हुन् र उनीहरुले पालना गर्नै पर्ने नीति-नियम र आचार-संहिता के हो सो समेत पालना गर्ने गरी सदस्यहरुको पहिचान र निक्यौंल गरी विधिवत् सदस्य हुनु पर्दछ ।

**नियमित बैठक :**

समूह गठन गर्नु ठूलो कुरा होइन । समूहलाई नियमित रुपमा सक्रिय बनाई कार्यक्रमहरुलाई सफलतापूर्वक अगाडि बढाउनका निम्ति समूहको नियमित बैठक बस्नु जरुरी छ । जुन समूहको नियमित बैठक बस्छ सो समूह क्रमशः आफ्नो विकासको क्रममा अगाडि बढ्दछ । त्यसैले हामिले संस्थागत विकासको क्रममा यसलाई मेरुदण्डको रुपमा लिएका छौं । नियमित बैठकमा के-कस्ता विषयमा छलफल हुन्छन् भन्ने कुरा कार्यक्रम कार्यान्वयनका प्रक्रियागत पाइलाहरु अन्तर्गत समूहलाई पुऱ्याउने सहयोगको स्वरुपमा बणन गरिएको छ ।

**स्थानीय स्रोतको आफैभित्र परिचालन :**

शुरुशुरुमा समूहलाई सक्रिय बनाउनको लागि केही न केही काम चाँहिदो रहेछ त्यसको लागि नियमित सामुहिक बचतको शुरुवात व्यावहारिक एवं संस्थालाई बलियो बनाउदै लैजाने स्रोतको रुपमा विकासित गर्न सकिन्छ । तसर्थ समूहमा बचत हुनु अर्को संस्थागत विकासको एक पाइला हो । यसले स्थानीय स्रोतको आफै भित्र परिचालन गर्न सहयोग पुऱ्याउनुका साथै समूहलाई

दिगो बनाउन समेत टेवा पुऱ्याउँछ ।

**समूहका सदस्यहरुको स्तर निर्धारण :**

समूहमा हरेक वर्ग र तहका व्यक्तिहरु समावेश हुन्छन्। साच्चिकै समूहले गरिबी कम गर्दै सह-अस्तित्वको आधारमा काम गर्ने हो भने पहिलो प्राथमिकता विपन्न वर्गलाई दिनु पर्दछ। समूहमा को कस्ता र कुन वर्गका व्यक्तिहरु छन् र तिनीहरुलाई के कसरी प्राथमिकता दिने भन्ने कुरामा समूहका सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर निर्धारण (Wealth Being Ranking) गरी त्यसैको आधारमा समूहका सदस्यहरुको विपन्नताको आधारमा क्रमशः प्राथमिकता निर्धारण गरेको हुनु पर्दछ।

**बचत तथा घुम्तीकोषको नियम तयारी र व्यवहारमा कार्यान्वयन :**

बचत तथा घुम्तीकोष सञ्चालन गर्न प्रष्ट नीति-नियम बनाउनु पर्दछ। बचतमा कति व्याज दिने, ऋणमा कति व्याज लिने, नियमित बचत नगर्नेलाई के गर्ने भन्ने कुरा नियममा उल्लेख गरी सर्वसम्मतको आधारमा निस्पक्ष रुपमा व्यवहारमा कार्यान्वयन गर्नु पर्दछ। यो हरेक समूहमा हुनु पर्दछ। यस कार्यक्रम अन्तर्गत समूहको कार्यमा नपुग रकम थप गरी आय आर्जनमा बढी हौसला प्रदान गर्न राम्रो समूहलाई घुम्तीकोषको रुपमा केही र कम सहयोग पुऱ्याइन्छ। उक्त रकम सञ्चालन गर्नको निम्ति छुट्टै खातापाता र नीति-नियमको व्यवस्था गरी सोही अनुसार सञ्चालन गर्नु पर्दछ।

**प्राथमिकता अनुसार आयमूलक कार्यक्रम सञ्चालन :**

सदस्यहरुको स्तर निर्धारण पछि समूहले प्राथमिकताको आधारमा समूहका सदस्यहरुलाई बचत वा घुम्तीकोषको व्यवस्था गरेर भए पनि आयमूलक कार्यक्रम सञ्चालन गर्न सदस्यहरुलाई ऋण लगानी गर्नु पर्दछ। आयमूलक कार्यक्रम भन्नको लागि मात्र नभै व्यावसायिक रुपमा आयमा वृद्धि हुने किसिमले सञ्चालन गर्नु पर्दछ।

**समूहका सदस्यहरुको क्षमता विकासका लागि तालिम, अवलोकन भ्रमण, गोष्ठी आयोजना :**

जब समूह राम्रोसँग चल्ले अवस्थामा पुग्छ तब समूहलाई अगाडि बढाउनका निम्ति समूहका सदस्यहरुको क्षमता विस्तार गर्ने कुराको दरकार पर्दछ। यसका लागि तालिम, अवलोकन भ्रमण, गोष्ठी आदि कुराहरुको क्रमशः व्यवस्था गर्दै सदस्यहरुको क्षमता विकास गरी समूहलाई अगाडि बढ्न सहयोग पुऱ्याइन्छ। प्राप्त ज्ञान र अनुभव हरेक सदस्यले समूहमा गई व्यवहारमा उतार्नु पर्दछ।

**दस्तावेजीकरणमा जोड :**

समूह विकासको अर्को सूचक हो दस्तावेजीकरण। जुन समूहमा आफूले गरेका कामहरुको लिखित रुपमा राख्ने चलन छ सो समूह क्रमशः विकासको क्रममा अगाडि बढ्न सक्छ। किनभने हरेक कामको लिखित रुपमा दस्तावेज तयार गरी राख्ने गरेमा भोलि त्यो समूहको सम्पत्ति हुन सक्छ। यसले समूहलाई अगाडि बढ्न मद्दत पुऱ्याउँछ।

**प्रजातान्त्रिक प्रणालीबाट नेतृत्व चयन र परिवर्तन एवं दोस्रो पुस्ताको नेतृत्व विकास :**

समूह भन्दा वित्तिकै सामुहिक प्रयास हो। हरेक सामुहिक प्रयासमा सामुहिक नेतृत्व फलदायी हुन्छ। तसर्थ समूहमा पनि समूहलाई राम्रोसँग अगाडि बढाउन, समूहमा हरेक विषयमा छलफल गरी जानकारी दिन सक्षम नेतृत्वको आवश्यकता पर्दछ। नेतृत्व एकाधिकारवादी भयो भने, प्रजातान्त्रिक छनौट प्रणाली भएन भने र दोस्रो पुस्ताको नेतृत्व भएन भने समूह निरन्तर अगाडि नबढ्न सक्छ। तसर्थ प्रजातान्त्रिक प्रणालीबाट नेतृत्व चयन प्रक्रिया र दोस्रो पुस्तको नेतृत्व विकास समूह विकासका अनिवार्य सर्त हुन्।

**सम्पर्क समन्वयमा विस्तार :**

जब समूह विकसित हुदै जान्छ एकपछि अर्को काम गर्दै जानु पर्दछ। एउटा कामले समूहको आवश्यकता पूरा हुँदैन अरु काम गर्दा विभिन्न निकाय तथा संस्थासँग सम्पर्क र समन्वय गरी स्रोतको परिचालन सहयोगको लेनदेन गर्न सक्नु पर्दछ। यसका लागि सम्पर्क र समन्वयमा विस्तार हुनु पर्दछ।

**कार्यक्रममा विविधीकरण :**

समूहले कुनै एउटा मात्र काम गरेर निष्क्रिय भै बसेमा समूहको विकास हुन सक्दैन। तसर्थ समूह

विकासका साथै लक्ष्य प्राप्तिका लागि एक पछि अर्को, एक क्षेत्र मात्र नभै विभिन्न क्षेत्रमा आफ्ना कार्यक्रमहरु सञ्चालन गरी कार्यक्रममा विविधीकरण गर्न सक्नु पर्दछ।

**वैधानिक संस्थागत प्रणालीको लागि रुचि, क्षमता र आवश्यकता अनुसार पहल :**

समूह परिपक्क भएपछि, बचत रकम बढ्दै गएर ठूलो भएपछि सो समूहलाई संस्थागतरुप दिई कुन दिशातर्फ लैजाने हो सोको निर्क्यौल गर्नु पर्दछ। समूह-समूहमा नै रही सामुहिक रुपमा सङ्घीय मोडलमा बचत संस्थामा जान सक्छ, समूह आफै संस्था बन्न सक्छ यी सबै उपायहरु मध्ये आफ्नो रुचि केमा छ, क्षमता कस्तो छ र सदस्यहरुको अवस्था के छ सोही आधारमा संस्थागत तथा वैधानिक प्रक्रियमा जानु पर्दछ ।

## (ख) स्थानीय सहयोगी संस्थातहमा :

संस्थागत विकासको क्रम स्थानीय सहयोगी संस्थाको तहमा पनि हुनु पर्दछ। समूहलाई क्रमबद्ध रुपमा सहयोग पुर्‍याउनु, आफ्नो लक्ष्य प्राप्तिको लागि उद्देश्यहरु पूरा गर्न स्थानीय सहयोगी संस्थाको पनि कामको आधारमा क्रमशः आफ्नो क्षमतावृद्धि गर्दै लैजानु पर्दछ। यसका लागि शुरुदेखि नै आफ्नो संरचना के-कस्तो छ त्यसबाट शुरु गरी विभिन्न चरण पार गर्दै दिगो आर्थिक तथा भौतिक स्रोतको व्यवस्था गरी अरुले सहयोग नगरे पनि संस्था चल्न सक्ने, विभिन्न कार्यक्रमहरु हाक्न सक्ने भएमा मात्रै संस्थाको संस्थागत विकास भएको मान्न सकिन्छ। यो एकैपटक हुन सक्ने कुरा होइन क्रमशः एकपछि अर्को सुधार गर्दै लगि संस्थागत विकास गर्नु पर्दछ। यस कार्यक्रममा संस्थागत विकासको क्रमलाई निम्नानुसार क्रमशः सुधार गर्दै लगिएको थियो :

- संरचनामा सुधार एवं परिमार्जन ।
- विधान संशोधन (आवश्यक भएमा)।
- कार्यक्षेत्रको पहिचान र निर्क्यौल ।
- नियमित साधारण सभाको व्यवस्या ।
- लक्ष्यित वर्गको स्पष्ट पहिचान ।
- अधिकार र उत्तरदायित्वको बाँडफाँड ।
- नीति-नियम (आर्थिक, प्रशासनिक आदि) तयारी र व्यवहारमा प्रयोग ।
- बार्षिक कार्यक्रम ।
- पारदर्शी लेखाप्रणाली र नियमित लेखापरीक्षण।
- प्रजातान्त्रिक पद्धतिबाट नेतृत्व छनौट ।
- दोस्रो पुस्ताको नेतृत्व विकास ।
- सदस्यहरुको विभिन्न क्षेत्र एवं विषयमा क्षमतावृद्धि।
- नेतृत्व एवं सदस्यहरुको संस्थामा निरन्तरता।
- बाह्य वातावरण व्यवस्थापन गर्ने क्षमता।
- अभिलेख एवं हरेक कार्यको दस्तावेजीकरण।
- दिगो आर्थिक एवं भौतिक स्रोतको क्रमश व्यवस्था।
- आन्तरिक कार्यक्रमहरु सञ्चालन गर्न सक्षम।

## (ग) स्रोत संस्थाको तहमा :

संस्थागत विकासकोक्रम सबै तहमा रह्यो। स्रोत संस्थापनि यस कार्यक्रम अन्तर्गत आफूलाई परिमार्जन गर्दै र संस्थागत विकासमा अगाडि बढाउँदै लगेको छ। जुन कुरा निम्न बुँदाहरुमा प्रस्तुत गरिएको छ।

- कार्य क्षेत्रको विस्तार ।
- विभिन्न विषयमा सदस्यहरुको व्यवसायीकरण।
- कार्यक्रममा विविधीकरण ।
- सम्पर्क र समन्वयमा विस्तार।
- भौतिक पूर्वाधार तथा कार्यालय सामाग्रीहरुको विस्तार र व्यवस्या।
- दस्तावेजीकरणमा सुधार र परिमार्जन।
- सूचना र सञ्चार प्रणालीको व्यवस्था।
- विभिन्न नीति निर्माण (आर्थिक, प्रशासनीक र मानवीय स्रोत व्यवस्थान नियमावली तर्जुमा) र व्यावहारिक कार्यान्वयन।
- दिगो आर्थिक स्रोतको व्यवस्था ।
- आन्तरिक कार्यक्रमको सफल कार्यान्वयन ।
- राष्ट्रिय स्तरमा आफ्नो छुट्टै पहिचान बनाउन सक्षम।
- दबाब समूहको रुपमा काम गरी अव्यावहारिक सरकारी नीति-नियमहरुको परिवर्तनका लागि दबाब दिनसक्ने।

# कार्यक्रमको छुट्टै आत्म-पहिचान (Uniqueness of the Program)

यस कार्यक्रमको थालनी देखि यहाँसम्म आइपुग्दा हामीले धेरै कुरा सिकेका छौं । हाम्रो अनुभव खारिएको छ । समुदायमा काम गर्दा के गर्नु पर्छ, कसरी गर्नु पर्छ भन्ने कुरा प्रष्ट भएको छ । हरेक कार्यक्रम नितान्त नयाँ भएर मात्रै सफल हुँदैनन्, सफलताको लागि सोही कार्यक्रमलाई पनि नयाँ ढंग र तरिका सञ्चालन गरेमा सफल हुन सक्छ भन्ने पाठ हामीले यसबाट सिकेका छौं । किनभने गरिबी कम गर्न सबैले प्रयास गरे, समूह र संस्था मार्फत् सबैले काम गरेका छन् तर लक्ष्य अनुसार लक्षियत वर्गमा पुगी उनीहको जीवनमा सकारात्मक परिवर्तन गर्न सकेका छैनन् । हामीले यही कुरालाई मध्यनजर गर्दै कार्यक्रममा अरुको देखासिकी गर्नं भन्दा छुट्टै आफ्नो अनुभवलाई कार्यनीतिको रुपमा अवलम्बन गर्‍यौं । हरेक तहमा नयाँ तौर तरिका अवलम्बन गर्‍यौं । यसो गर्दा शुरु-शुरुमा बाधा कठिनाई नआएका होइनन् तिनीहरुलाई पनि आपसी छलफल र समभ्रुदारीमा व्यावहारिक बाटो अपनाई समाधान गर्‍यौं । यसरी काम गर्दा यस कार्यक्रमले आज आफ्नो छुट्टै आत्म-पहिचान बनाउन सफल भएको छ । जुन कुरा तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

❦ **न त शुरुवात न त समापन (No Phase In, No Phase Out) :**

यो कार्यक्रम थालनी गर्दा प्रत्यक्ष रुपमा हामी आफैले थालनी गरेनौं । शुरु देखिनै स्थानीय सहयोगी संस्था मार्फत् सहयोग पुर्‍यायौं । स्थानीय सहयोगी संस्थाको क्षमता विकास भै उनीहरुले नै काम गर्न सक्ने भएपछि हामी फर्कियौं । यसरी काम गर्दा समुदायमा बाहिरी संस्थाले काम शुरुवात गरेको अनुभूति भएन र छोड्दा पनि थाहा भएन । किन भने स्थानीय सहयोगी संस्थाहरु सधैं उनीहरुको साथमा छन् । आवश्यक परेको बेलामा सहयोग पुर्‍याउछन् । हामीले त अप्रत्यक्ष रुपमा सहयोग मात्र पुर्‍यायौं । यसरी यो कार्यक्रम त न विधिवत् शुरुवात भयो न त विधिवत् हस्तान्तरण नै । उनीहरुले नै शुरु गरेर निरन्तर चलाई रहेका छन् ।

❦ **'पैसा केही पनि होइन सामुहिक प्रयास नै ठूलो कुरा हो' भन्ने मान्यतामा आधारित :**

शुरुदेखि नै यस कार्यक्रममा पैसालाई होइन संङ्ठनमा जोड दिइयो । सङ्गठित भै सामुहिक रुपमा प्रयास गरेमा धेरै कामहरु सम्पन्न गर्न सकिन्छ । हामी भित्रै ठूलो शक्ति छ साथै स्रोत पनि छ त्यसलाई चिनेर परिचालन गर्न सकेमा बाहिरी पैसाको दरकार पर्दैन भन्ने कुरा व्यावहारिक रुपमा नै समूहलाई काम गर्न लगाई देखाइएको थियो । यसले गर्दा समूहले अरुको भर पर्नुभन्दा आफ्नै प्रयासमा काम गर्दा धेरै सफलता प्राप्त गर्न सकिन्छ भन्ने विश्वास बढेको र प्रमाणित गरेका थिए । साच्चिकै योजनाहरुको मूल्याङ्कन गर्दा बाह्य सहयोग र समुदायको योगदानको तुलना गर्दा समुदायको योगदान बढी देखिन्छ । यसका अलावा विभिन्न सीप सिकेर समूहका सदस्यले व्यक्तिगत रुपमा पनि थोरै पैसाले विभिन्न कार्य थालनी गरी धेरै आम्दानी गर्न सफल भएका छन् । यसबाट समुदायमा एउटा गहिरो प्रभाव परेको छ "पैसा केही पनि होइन सामुहिक प्रयास नै ठूलो हो" भन्ने कुरा ।

❦ **सामाजिक विकास संस्था (NGO) र सहकारीको मिश्रित स्वरुप तथा कार्य पद्धति :-**

यस कार्यक्रममा सामाजिक विकास र आर्थिक विकासलाई समानुपातिक रुपमा विकास गरेर लैजानको निम्ति सामाजिक संस्थागत विकासका लागि सामाजिक विकास संस्था, आर्थिक विकासका लागि बचत तथा ऋण सहकारी संस्था दुवैलाई एकैसाथ प्रयोग गरी सामाजिक विकास एवं सहकारी संस्था बीच सहकार्य मोडेल तयार गरिएको छ । यसलाई हामीले सामाजिक विकास संस्था र सहकारीको मिश्रित स्वरुप भन्दछौं ।

❦ **स्वयंसेवी भावनाले प्रेरित भै स्वयंसेवा (समूहलाई सहयोग) :-**

शुरुदेखि नै कार्यक्रम के-कसरी कम खर्चमा सञ्चालन गरेर बढी उपलब्धि हाँसिल गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिएर कार्य थालनी गरिएको थियौं । यसका

लागि स्रोत संस्थाबाट पनि थौरै सदस्यहरुको टिम बनाई जिल्लामा परिचालन गरियो भने स्थानीय सहयोगी संस्थामा पनि स्वयंसेवी रुपमा नै समूहलाई सेवा प्रदान गर्न उत्प्रेरित गरियो । यसरी समूह देखि स्रोत संस्थासम्म आवश्यकता अनुसार प्रायजसो सदस्यहरुलाई स्वयंसेवी रुपमा काम गर्ने वातावरण तयार गरियो । साथै परियोजनामा पनि छोटो र छरितो टिमबाट कार्य सञ्चालन गरिएको छ । कार्यक्रम कार्यान्वयन गर्ने क्रममा काम गरे वापत पैसा होइन सम्मान र प्रतिष्ठा दिने कार्य गरी सबै तहमा स्वयंसेवी रुपमा बढी काम गरिएको छ । साच्चिकै भन्नु पर्दा स्थानीय सहयोगी संस्थामा त्यतिधेरै समूहलाई परिचालन गर्न र सहयोग पुऱ्याउन कुनै पनि कर्मचारीको व्यवस्था नगरी संस्थाका सदस्यहरुले स्वतस्फूर्त स्वयंसेवी रुपमा काम गरेका छन् । यो नौलो उदाहरण हो ।

**स्वावलम्बन प्रबर्धनमा निरन्तर अभ्यास :-**

काम गर्दै जाँदा नयाँ-नयाँ क्षेत्रको पहिचान र खोज गर्ने सफलताका कथाहरुलाई अन्यत्र पनि लैजाने काम शुरु गरेदेखि हालसम्म गरिएको छ । यसरी नयाँ-नयाँ क्षेत्रमा नयाँ-नयाँ अभ्यास र अनुसन्धान गर्दै स्वावलम्बन प्रबर्धन एक निरन्तर चल्ने प्रक्रियाको रुपमा लिइएको छ ।

**प्रयासमा आधारित कार्यलाई मात्र बढावा, प्रोत्साहन र सहयोग :-**

समूहमा काम गर्दा तपाइहरुको समस्या के छ भनेर हामी पछि लागेनौं । जहाँ वास्तविक समस्या हुन्छ, समुदायले खाँचो महसुस गर्छ त्यहा केही न केही प्रयास पनि गरेको हुन्छ । जहाँ समुदायको प्रयास हुन्छ त्यहाँ आपसेआप आवश्यकताको पहिचान, प्राथमिकता निर्धारण स्वत: हुन्छ । त्यसैले हामीले समस्याको पछि नलागी समूहको प्रयासमा आधारित कार्यलाई मात्र सहयोग पुऱ्यायौं, बढावा दियौं, जसले गर्दा आज यति ठूलो सफलता प्राप्त भएको छ । यसको मूलकारण नै प्रयासमा आधारित कार्यलाई मात्र बढावा, प्रोत्साहन र सहयोग गर्नु हो ।

**सामुहिक कार्य, सह-अस्तित्व :-**

हामीले स्वावलम्बनको प्रयासको थालनी गर्दा एकल व्यक्तिलाई कहिल्यै पनि महत्व दिएनौं । हरेक कार्यमा समूह मार्फत् कार्यको थालनी गऱ्यौं । समूहमा पनि उच र नीच, धनी र गरिब, महिला र पुरुषको भेदभाव गरेनौं । हरेक मान्छेको आफ्नै पहिचान हुन्छ र आफ्नै अस्तित्व हुन्छ त्यसैले हरेकले हरेकलाई सम्मान गरौं । सह-अस्तित्वको वातावरण तयार गरौं भन्ने भावनाका साथ हरेक तहमा कार्यक्रमलाई अगाडि बढायौं । अहिले आएर कही पनि एकल नेतृत्व र भूमिका छैन । सबै कार्यहरु सामुहिक रुपमा सह-अस्तित्वको आधारमा सञ्चालित छन् । सबै यसमा रमेका छन् र सह-अस्तित्वमा बाचेका छन् ।

**सबै पक्षको लगानीमा साझेदारी :-**

स्वावलम्वन प्रवर्धन भन्दा बित्तिकै हरेक पक्षले आफूले सक्दो योगदान गर्नु पर्ने हुन्छ । यो स्वावलम्बनको मूल मर्म हो । त्यसैले स्वावलम्बी समूहको योजना तयार गरी कार्यान्वयन गर्दा पनि शुरु देखिनै सबैको लगानीलाई प्राथमिकता दिई समूहले के योगदान दिन सक्छ, गा.वि.स., जि.वि.स. बाट के-कस्तो सहयोग प्राप्त गर्न सकिन्छ त्यसको निक्यौल गरी नपुग रकम परियोजनाबाट सहयोग गरिन्छ । यसरी कार्यक्रम कार्यान्वय गर्दा समूह, स्थानीय सहयोगी संस्था, स्रोत संस्था, जि.वि.स., गा.वि.स., सांसद कोष का साथै परियोजनाको समेत लगानीमा साझेदारी गरी कार्यक्रम सञ्चालन गरिन्छ ।

**समूह गठनमा विविधीकरण :-**

यस कार्यक्रमको अर्को भिन्नता भनेको विभिन्न किसिमका समूहहरुको गठन र प्रबर्धनका साथै संस्थागत विकास हो । हाल यस कार्यक्रम अन्तर्गत छुट्टै महिला समूह, महिला पुरुष मिश्रित समूह, श्रीमान्/श्रीमती समूहका साथै दलित तथा जनजाति समूह गठन गरी सोही अनुरुप कार्यक्रम सञ्चालन गरिएको छ । महिलालाई विशेष जोड दिनका लागि महिला समूह कपिलवस्तुमा तराइबासी समुदायमा महिलालाई बाहिर निकाल्न कठिन भएकोले श्रीमान्/श्रीमती समूह गठन गरेर महिला विकासमा विशेष जोड दिएको छ । यसका अलावा दलित, जनजाति एवं तराइलीहरुको छुट्टा-छुट्टै समूह गठन गरी विशेष प्राथमिकताका साथ तराइबासी, जनजाति र दलित वर्गलाई माथि उठाउन प्रयास गरिएको छ ।

**दलित तथा विपन्न वर्गलाई पहिलो प्राथमिकता :-**

यस कार्यक्रमले कार्यक्रममा सबैलाई समेटेको

छ कसैलाई काखा र पाखा गरेको छैन तथापि कार्यक्रम सञ्चालन गर्ने क्रममा, ऋण लगानी र आय आर्जन गर्ने क्रममा, क्षमता विकास र अवसरको वितरणमा पहिलो प्राथमिकता दलित, विपन्न तथा महिलावर्गलाई दिएको छ। यसका लागि समूहमा आर्थिक स्तर निर्धारण गरी सबैको समझदारीमा प्राथमिकता तोकी काम गर्ने गरेको छ ।

**❦ स्थानीयस्तरमा संस्थागत विकास :-**

शुरु देखिनै कामको थालनी गर्दा हामीले नगरी स्थानीयस्तरमा नै रहेका स्थानीय सहयोगी संस्था मार्फत् स्वावलम्बी समूह गठन गरी समूहको माध्यमबाट काम गर्‍यौं । हामी प्रत्यक्ष रुपमा संलग्न भै काम गरेनौं स्थानीयस्तरमा नै समूह र सहयोगी संस्थाको संस्थागत विकास गरी उनीहरुले नै कार्यक्रमलाई सञ्चालन गर्न सक्ने बनाउने कोशिस गर्‍यौं । यसका लागि आवश्यक सहयोग र कार्यक्रमहरु सञ्चालन गर्दै परियोजनाको आधारमा कार्यक्रम समाप्त भएपनि स्थानीय तहमा उक्त कार्यक्रम निरन्तर रुपमा चल्ने गरी संस्थागत विकास गरिएको छ। दुवै जिल्लामा स्वावलम्बी समूह र स्थानीय सहयोगी संस्थाहरु सक्रिय छन्। यो कार्यक्रमको अलावा अन्य कार्यक्रमहरु समेत सञ्चालन गरी अग्रगामी विकासका लागि आगाडि बढेका छन् ।

**❦ सम्पर्क समन्वय र सम्बन्ध विस्तारमा विशेष जोड :-**

कार्यक्रम थालनी पूर्व नै सम्बन्धित निकाय, व्यक्ति तथा संस्थाहरु बीच सम्पर्क र समन्वय गरी कार्यक्रम थालनी गरेका थियौं । अहिले पनि हरेक तहमा सम्पर्क र समन्वय गरी स्वावलम्बी समूह संस्थाले नै आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न सक्ने, दोहोरो सम्वाद र सम्पर्क गर्न सक्ने गरी गा.वि.स., जि.वि.स. लगायत अन्य सरोकारवालासँग सम्बन्ध विस्तरमा विशेष जोड दिइएको छ । समूहहरुले आफ्ना हरेक कार्यक्रमहरुको बारेमा गा.वि.स. लगायत अन्य निकायलाई जानकारी दिन्छन् र सहयोगको लेनदेन पनि गर्दछन् ।

**❦ सुखी र खुसी परिवार (समाज निर्माणमा बढावा) :-**

सामुहिक रुपमा काम गरी एकले अर्कोलाई सहयोग पुर्‍याई सकारात्मक सामाजिक परिवर्तका लागि सामुहिक बाटो तय गरी सबैसँगै अगाडि बढ्दा कता-कता मनमा आनन्द आउँदो रहेछ । सबै जुटेर समस्या समाधान गर्दा, आर्थिक अवस्थामा सुधार हुँदा परिवार सुखी त हुन्छ नै । यसका अलावा सामुहिक भेला भै एक आपसका दुःख सुख साटासाट गर्दा, घर परिवारमा महिला पुरुषको विभेद कम हुँदा परिवार पनि खुरी हुँदो रहेछ । हरेकले हरेकलाई सम्मान गर्ने सहभागितामूलक कार्य पद्धति अवलम्बन गरी सबै जुटेर माथि उठ्दा सुखी र खुसी परिवार निर्माण हुँदोरहेछ । यो कार्यक्रमले यस्तो कुरालाई बढावा दिएको छ ।

## सहकारीको बैधानिक संरचना

सहकारी सिद्धान्त

सहकारी ऐन, नियमावली

विनियम

नीति नियम

सहकारी संस्था

सञ्चालक समिति

साधारण सभा

श्री ५ को सरकार

अन्तर्राष्ट्रिय सहकारी परिषद्

# कार्यक्रम दिगोपनाका आधारहरु

# (Basic Elements of Sustainable Program)

धेरै जसो कार्यक्रमहरु कार्यान्वयनको अवस्थामा धेरै राम्रो देखिए तापनि पछि त्यो दिगोपनको अभावमा त्यसै हराएर गएका छन् । यसको लागि हामीलाई लाग्छ। कार्यक्रमको सञ्चालनको अवस्था देखिनै पछि त्यसलाई कसरी निरन्तरता दिएर दिगो बनाउने हो त्यसको लागि के-कस्ता नीति तथा प्रक्रिया अवलम्बन गर्नु पर्दछ सो बारे सोच राखेर कार्यक्रम सोही अनुसार सञ्चालन नगरेर हो । तसर्थ यहाँ हामीले कार्यक्रमको शुरुको अवस्था देखिनै वर्तमान समयमा ककसरी बढी भन्दा बढी उपलब्धि हासिल गर्न सकिन्छ र त्यसपछि भविष्यमा त्यो उपलब्धि र प्रभावको असरलाई यथावत राखेर निरन्तरता दिन सकिन्छ भन्ने सोचका साथ कार्यक्रम सञ्चालन गरेका छौं । अत: यस कार्यक्रमका दिगोपनका आधारहरु निम्न अनुसार छन् ।

**१. सामाजिक परिचालन** : कुनै पनि कार्यक्रम दिगो हुनको लागि सो कार्यक्रम सम्बन्धी समुदायका व्यक्तिहरुलाई पूर्ण जानकारी हुनुपर्छ । चेतना हुनुपर्छ । गाउँका मानिसहरु चेतनाको अभावले कार्यक्रममा कम रुचि देखाउने, महत्व नबुझ्ने र कस्का लागि हो भन्ने कुरा नै थाहा नपाउने अवस्थामा हामीले कार्यक्रम सञ्चालन गर्दछौं । सामाजिक परिचालनमा भन्दा भौति पूर्वाधार विकासलाई जोड दिन्छौं । जसले गर्दा समुदायले सो कार्यक्रम हाम्रो लागि हो र पछिसम्म हामीले नै सदुपयोग गर्नु पर्दछ भन्ने कुरा नबुझेर बेवास्ता गर्दछौं । त्यसैले कार्यक्रमलाई दिगोबनाउन सामाजिक परिचालन अन्तर्गत क्रमश: निम्न कुराहरु गर्दै लग्यौं । जसले गर्दा कार्यक्रम दिगो हुन सहयोग पुऱ्यायो ।

क) अचेतनलाई - चेतनाकरण
ख) असंगठितलाई सङ्गठित
ग) अशक्तलाई - सशक्तीकरण
घ) स्थानीय स्रोत परिचालन
ङ) सहभागितामूलक कार्य पद्धति
- योजना तर्जुमा ।
- प्रतिफल वितरण पहुँच र नियन्त्रणमा ।
- स्वअनुगमन तथा स्वमूल्याङ्न ।

२. स्थानीयस्तरमा संस्थागत विकास :

जबसम्म स्थानीय स्तरमा संस्थागत विकास हुदैन । तबसम्म कार्यक्रममा दिगोपन आउदैन । त्यसैले हामीले शुरुदेखि नै समुदायलाई संगठित गर्ने र संस्थागत विकासमा जोड दिने काम गऱ्यौं ।

३. सामाजिक विकास एवं आयमूलक कार्यक्रम बीच सन्तुलन र समानुपातिक रुमपा जोड :

दिगो विकासको लागि एउटा पक्षको विकासले मात्र पुग्दैन । मानिसको आवश्यकताहरु धेरै छन् । प्रयासको आधारमा सबै पक्षलाई समुदायले धान्न सक्ने गरी समेटेर सन्तुलित विकासमा हामीले जोड दियौं ।

४. सम्पर्क र समन्वय गरी स्रोत परिचालन र व्यवस्थापन :

५. कार्यक्रममा विविधीकरण।

६. प्रयासको आधारमा कार्यक्रमहरुमा सहयोग र बढवा :

हामीले कार्यक्रम थालनी गर्दा तपाईहरुको आवश्यकता के छ भनी खरिद सूची (Shopping List) तयार गरेनौं । उनीहरुकै प्रयासमा नसकेको ठाउँमा मात्रै सानो सहयोग गऱ्यौं । धेरै जसो कार्यक्रमहरु उनीहरुलाई नै उत्प्रेरणा जगाई सक्छौं भन्ने भावनाको विकास गराई कार्यक्रममा सहयोग मात्र पुऱ्यायौं ।

७. राहत र उद्धार भन्दा प्रक्रियागत कार्यमा जोड :

क्षणिक रुपमा हेर्दा राहत उद्धार कार्यक्रमले समुदायलाई फाइदा पुऱ्याए जस्तो देखिए तापनि त्यसले बानी विगार्नमा सहयोग पुऱ्याउँछ, परनिर्भरतालाई बढाउँछ । त्यसैले हामीले नभै नहुने ठाउँमा क्षणिक राहत र अन्य कार्यक्रमहरुमा दिगो प्रक्रियागत रुपमा जोड दियौं ।

८. स्थानीय सहयोगी संस्था मार्फत कार्यक्रमको थालनी :

हामीले कार्यक्रमको थालनी गर्दा प्रत्यक्ष आफैले नगरी शुरु देखि नै स्थानीय तहमा रहेका संस्था मार्फत गऱ्यौं । उनीहरुको क्षमता बृद्धि गरेर कार्यक्रमलाई हाक्न सक्ने बनायौं । जसले गर्दा अहिले हामी नभएपछि तिनै संस्थाहरुले कार्यक्रमलाई निरन्तरता दिइरहेका छन् ।

# कार्यक्रमको सकरात्मक प्रभाव र असर (Positive Effect & Impact) :

यस कार्यक्रमले हरेक तह र क्षेत्रमा विशेष प्रभाव पार्न सफलता प्राप्त गरेको छ । साधारणतया यस कार्यक्रमको शुरुवातमा नै यसले जिल्लाभरि ठूलो हलचल ल्यायो । कुनै पनि कार्यक्रम यसरी जिल्लाको वस्ती-वस्तीमा पुगरे संस्था/समूहसँग भेटघाट गर्ने, सूचना सङ्कलन गर्ने कार्य गरेका थिएनन् तर यसले प्रत्यक्ष सरोकारवालासँग भेटघाट, अनुभवको आदान-प्रदान, आवश्यक सूचना सङ्कलन गरेको थियो । यसका अलावा जिल्लास्थित जि.वि.स., जि.प्र.का., दातृसंस्था एवं श्री ५ को सरकारका विकास निकायसँग (LAs) पनि कार्यक्रमको बारेमा छलफल र जानकारी दिएको थियो । यो कार्यले कार्यक्रम शुरु अगावै व्यापक प्रचार-प्रसार हुनुका साथै जिल्लामा के ठूलो कुरा हुन आँट्यो यसरी कसैले पनि सबैलाई सूचना दिने/अनुभव लिने दिने गरेका थिएनन् भन्ने चर्चा चल्यो । अर्कोतर्फ स्थान, संस्था, समूह छनौट प्रक्रिया सर्वथा नयाँ थियो । स्वयंले स्वयंलाई छनौट गर्ने (Self Selection), आफूले आफैलाई मापन गरेर योग्य र कमजोर छुट्याउने काम यसले गऱ्यो । सहभागीहरुलाई गोष्ठी, तालिम आदिमा आमन्त्रण गर्दा समूहकार्य गरेर मात्र समावेश हुन पाइने, भत्ता केही नपाइने बरु संस्थाले नै केही न्यूनतम प्रवेश शुल्क तिरेर मात्रै सहभागी हुन पाउने भएकोले यसले अर्को हलचल ल्यायो । भत्ता प्रथाको अन्त्य भयो । आवश्यकताको पहिचान र प्राथमिकता हैन प्रयासको पहिचान गरी त्यसैलाई बढावा दिने नपुग रकम मात्र सहयोग गर्ने नीतिले अन्य दातृसंस्था, श्री ५ को सरकारलाई चुनौती दियो योजना बाड्ने र सहयोग दिँदै हिड्ने संघ संस्थाहरुलाई । लागतको आधारमा साझेदारी, हरेक वर्ग, समुदाय, निकायको सक्दो थोरबहुत योगदान हुनु पर्छ भन्ने कुरामा जोड दिँदै सम्पर्क र समन्वयलाई बढावा दियो । यसले कार्यक्रमको दोहोरोपना हटाई, कम लागतमा प्रतिफल बढी प्राप्त गरायो । समुदाय, श्री ५ को सरकार (गा.वि.स., जि.वि.स.) र अन्य सङ्घ संस्थाको बीच सम्बन्ध विकास गर्नुका साथै समूह र संस्थालाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्यायो ।

माथि उल्लिखित कुराहरु बाहिरी परिवेशमा आएका छोटा-मोटा परिवर्तन र प्रभावहरु हुन् । सघन रूपमा साझेदारीमा काम गरेको समुदाय/समूह, स्थानीय सहयोगी संस्था एवं स्रोत संस्थामा परेको प्रभाव र असरलाई छुट्टाछुट्टै रुपमा आकलन गर्नु उपयुक्त देखिन्छ ।

## १. स्वावलम्बी समूहमा परेको प्रभाव र असर :

यस कार्यक्रमको मूल चुरो र जुरो भनेको स्वावलम्बी समूहहरु हुन् । स्वावलम्बी समूहको तहमा हेरक क्षेत्रमा व्यापक परिवर्तन र उपलब्धिहरु प्राप्त भएका छन् । ती सबैको सविस्तार आँकलन गर्न नसकिए तापनि बुँदागत रुपमा यहाँ केही परिवर्तनका कुराहरुलाई प्रस्तुत गर्ने जमर्को गरेका छौं ।

**(क) समूहको संस्थागत विकासमा :**

- नियमित बैठक ।
- पारदर्शी निर्णय लेखन र संरक्षणमा सुधार (व्यवस्थित एवं पारदर्शिता) ।
- समूहका सदस्यहरु भौतिक पूर्वाधार विकासमा मात्र जोड दिने प्रचलनमा सुधार आई संस्थागत विकासप्रति प्रतिवद्धता, लगनशीलता र निरन्तरतामा मात्रात्मक एवं गुणात्मक सुधार ।
- समूहका पदाधिकारी तथा सदस्यहरुको आ-आफ्नो काम, कर्तव्य र अधिकार प्रति सचेत र जिम्मेवारी वहन गर्ने बानीको विकास ।
- समूहमा नीति-नियम निर्माण र प्रभावकारी कार्यान्वयनको थालनी साथै अनुगमन पद्धतिको विकास।
- समूहमा सामुहिक नेतृत्व तथा दोस्रो

पुस्ताको दूरदृष्टि नेतृत्वको विकास र प्रजातान्त्रिक अभ्यासबाट नेतृत्व परिवर्तन ।

समूहको संस्थागत विकासमा आएको परिवर्तन र प्रभाव वारे यहाँ दुईवटा समूहको सफलताको कथा प्रस्तुत गरिएको छ ।

## समूहबाट सहकारी आन्दोलनमा सरिक जनकल्याण समूह

नेपाल अधिराज्यको २०% जनसङ्ख्या ओगटेको जाति हो थारुजाति । थारुजाति अन्यजातिको तुलनामा पिछडिएको परिवारमा जन्म लिएका कारणले जन्मैदेखि मजदुरी, गुलामी तथा कृषिमा आधारित रहेता पनि विपन्न परिवारमा जीविका निर्वाह गर्नु परेको हुनाले सम्पूर्ण समाजलाई दुर्व्यवहार, कुलत जस्ता नकारात्मक क्रियाकलाप त्याग गरेर नयाँ-नयाँबाटाको खोज निर्माण गरी आफ्नो हक र अधिकार, थारु संस्कृतिको अस्तित्व बचाउनको निमित्त चेतनशील बनाउन वरीपरिका साधन स्रोतहरुको पहिचान र परिचालन गरी आय आर्जनमा वृद्धि गराई थारु समुदायको जीवनस्तर उकास्ने लक्ष्यमा पुग्नको लागि स्थापित समूह हो जनकल्याण समूह । तीनघरेवा वरकलपूर गा.वि.स.-६ इमिलिया को पूर्वमा वरकलपुर र पश्चिममा चनई गा.वि.स भिटरिया र उत्तरमा बरकलपुर गा.वि.स गदहवा र दक्षिणमा महेन्द्र राजमार्ग रहेको भौगोलिक ठाउँमा पर्दछ । जनकल्याण समूह जिल्लाको राजनैतिक हिसावले हेर्दा निर्वाचन क्षेत्र नं ३ इलाका नं ११ अन्तर्गत रहेको छ ।



निवर्तमान गा.वि.स. अध्यक्षद्वारा समूहको भवन शिलान्यास गर्दै साथमा समूहका सदस्यहरु

जनसङ्ख्याको दृष्टिले हेर्दा यस समुदायमा जम्मा घरधुरी ५५ कुल जनसङ्ख्या ४६० रहेको छ ।

थारु समुदाय अति नै पिछडिएको हुनाले प्रायजसो सबैलाई १ वर्ष सम्म खानको लागि पनि समस्या परिरहेको थियो । यसबाट पार पाउनको लागि विकास निर्माणका पहलहरु गर्न गराउनको लागि अरु छिमेकी गाउँघरमा विकास गतिको प्रक्रिया देखेर हाम्रो समाजमा पिछडिएका महिला पुरुषमा जन चेतना जगाई एक आपसमा सहयोग र विकास निर्माणको बाटोमा लाग्न मन लाग्यो । यो आत्मीय भावना राखेर हामीहरु घटक-घटक बैठक बसी यी विषयवस्तुतिर बिस्तृत छलफल गरी आफ्नो समुदायलाई विकासको बाटोमा संलग्न गराउनको निम्ति जनकल्याण समूहको जन्म भयो । समूह त जन्म भयो तर यसलाई व्यवस्थित गर्न गाह्रो काम थियो । ३ महिना सम्म त राम्रोसँग चलेको समूह त्यसपछि एकाएक निस्क्रिय भयो । यसरी समूह बन्द भएको देख्दा आत्मादेखि नै दुःखी भयौ तर हार नमानी समूहमा आवद्ध सदस्यहरुलाई सङ्गठितभई कार्यगर्दा हुने फाइदा तथा जबसम्म महिला पुरुष एक आपसमा मिलेर कार्य गर्दैनौ तबसम्म यस समुदायको विकास हुदैन वा अगाडि बढ्न सक्दैन भन्ने कुरा जनज्योति युवा क्लबका साथीहरुले बैठकमा छलफल गराएपछि हामीहरु पुनः सङ्गठित भै बचत सङ्कलन गर्न लाग्यौ । बिस्तारै बचत पनि सङ्कलन भयो । यसका लागि बधुराम थारु सबैलाई उत्साहित गर्दै समूहका सदस्यको मनोवललाई बढाई समूहलाई समेत अगाडि लैजान लागि नै रहनु भयो । यो योगदान समूह-सदस्यहरु कहिले पनि बिर्सन सक्दैनौं भन्नु हुन्छ । साथै जनज्योति युवा

क्लबलाई पनि विशेष धन्यवाद दिन चाहन्छौं । जनज्योति युवा क्लबले तालिम, गोष्ठी, अनौपचारिक महिला सशक्तीकरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्दा समूहका सदस्यलाई सहभागी गराई समूहमा परेका समस्यहरुलाई समाधान गर्न सजिलो गराउने कार्य गरिरहेको छ । हामीले बीच-बीच आइपरेका समस्याहरुलाई समाधान गर्दै अगाडि बढ्दै गयौं । गाउँ समाजमा अनेकौ हल्लाका बाबजुद कत्ति नडगमगाई अझ बलियो हुँदै गयौं । समूहलाई २०५५ साल माघ २४ गते विधिवत जि.प्र.का. मा दर्ता समेत गराएको कुरा समूहका सदस्यहरु बताउँदछन् । हालसम्म के-के कार्यहरु गर्नु भएको छ भन्ने प्रश्नमा समूह सदस्यहरु बताउछन्-"पहिले समूहमा सङ्गठित भइयो, त्यसपछि बचत सङ्कलन, घुम्तीकोष स्थापना गरी ऋण लगानी गरी आम्दानी वृद्धि हुने कार्यहरु जस्तै: तरकारी खेती, बाखा पालन, किराना पसल आदि.आय आर्जनका क्रियाकलाप सञ्चालन गरिरहेका छौं ।" पहिला हामीलाई समूह गठनदेखि अन्य कुराहरुमा जनज्योति क्लबले सहयोग गरेजस्तै अहिले हामीले पनि आफू जस्तै पिछडिएको वर्गको उत्थान गर्न ५ वटा समूहलाई सङ्गठित गरी बचत गर्न उत्प्रेरित गरेर हाम्रो बचत संस्थामा आवद्ध गराएका छौं ।

तपाँइहरुको सम्पर्क कोसँग छ भनी प्रश्न गर्दा उहाँहरु भन्नुहुन्छ- पहिला जनज्योति, VDRC, GTZ/NGO FP जस्ले हामीलाई घुम्तीकोषको लागि आर्थिक अनुदान पुऱ्याएको छ । त्यस्तै मेड-नेपालले तरकारी खेती, पशु स्वास्थ्य सम्बन्धी, बजार व्यवस्थापन तालिम दिएको छ जसलाई हामी कहिल्यै बिर्सन सक्दैनौ । गा.वि.स. ले पनि बेलाबेलामा सुझाउ सल्लाह दिइरहन्छ । पहिले तरकारी खानको लागि पनि हाट बजार कहिले लाग्छ भनि पर्खनु पर्दथ्यो तर अहिले आफैले उत्पादन गरी बिक्री पनि गरिरहेका छौं ।"

तपाँइहरुलाई समूहमा प्रवेश गरिसकेपछि के खुसी अथवा दुःख लागेको छ भनेर यस पंक्तिकारले प्रश्न गर्दा "यस समूहले सञ्चालन गरेको बचत ३,००,०००।- सम्म पुगेको छ । समूह विधिवत दर्ता गरेकाछौं र आफ्नै स्रोत साधनबाट समूहको आफ्नै एउटा पक्की भवन निर्माण गरिरहेका छौं । यसका अलावा समूहमा सदस्यहरु बीच सहयोगी भावनाको विकास भएको कुरा खुसीलाग्दो हो" भन्नु हुन्छ । दुःख लागेको कुरामा हाम्रा मार्गदर्शक तथा यस क्षेत्रमा काम गर्न उत्प्रेरणा दिने हाम्रा अग्रज दाजु बधुराम थारुको दुर्घटनामा असामयिक निधन भएकोमा दुःख लागेको छ भन्नु हुन्छ । साथै अन्तमा हामी पिछडिएको वर्गलाई अगाडि बढाउन जनज्योति क्लब, VDRC GTZ/NGO FP, मेड-नेपाल लाई विशेष धन्यवाद दिन चाहन्छौं । यसरी यो समूह आफू अगाडि त बढी रहेको नै छ त्यसका अलावा अरुलाई पनि सङ्गठित गरी समूहमा जुट्नुपर्छ, बचत गर्ने बानीको विकास गर्नुपर्छ, बचतलाई परिचालन गरेर आय आर्जन गर्नुपर्छ भन्दै अरुलाई समेत बाटो देखाएको छ । अरुको भर गरेर बस्नु हुँदैन आफ्नै पहलमा स्थानीय स्रोत परिचालन गरेर दिगो विकासको शुरुवात गर्नु पर्दछ । आफ्नै पौरखमा बाँच्न र रम्नको लागि सङ्गठित भएर अगाडि बढ्नु पर्दछ भन्ने मान्यताका साथ सोही अभियानमा जुटेको छ जनकल्याण समूह ।

## समूह व्यवस्थापनको अनुकरणीय उदाहरण - समाज सेवा महिला समूह

नेपालमा बहुदलीय प्रजातन्त्रको आगमनपश्चात् नै समुदायमा आधारित संस्था र समूह बन्ने जुन लहर आयो त्यतिबेलादेखि नै अर्थात २०४७ सालमा नै देउपुर-९, पर्वत पातीचौरमा आमा समूहको नाममा समूह बनाउने काम भएको थियो । तर त्यतिबेला एकातिर समूह सञ्चालनको तौर-तरिकाबारे ज्ञान, सीपको अभाव थियो भने अर्कातिर परम्परावादी सामाजिक संस्कार जहाँ महिलालाई यात चुला चौकाको पुतली या त बच्चा जन्माउने हुर्काउने मेशिन, या त खेतीपाती गर्ने औजार भनेर पुरुषहरुबाट हेरिन्थ्यो । त्यसैले गर्दा नियमित रुपमा बैठक वस्न, छलफल गर्न सकेनौं ।

कहिंलेकाहिं ५-६ महिनापछि जमघट हुने, नियमित बैठक बस्न नपाउँदा २५-३० जना महिलाबाट ५-६ जना महिलामा सीमित रहन पुगेको थियो यो समूह । यस्तो अवस्थामा रहेको समूहलाई २०५३ सालमा नेस्डो-नेपाल संस्थाको सहयोगमा पुनर्गठन गरी नयाँ नाम समाज सेवा महिला समूह राखिएको हो । २४ जना गैर दलित र ४ जना दलित सदस्यबाट शुरु भएको यो समूहमा कुल २८ जना सदस्य छन् भने ९ जनाको कार्यसमिति छ। यस समूहमा हालसम्ममा धुम्तीकोष जम्मा रु. ७१,४५०।- रहेको छ र बचत रकम रु. ४८,३३९।- पुगेको छ । यस परिप्रेक्ष्यमा समूहको विगतदेखि वर्तमानसम्मको अवस्था यस्तो छ :



समाज सेवा समूहका प्रतिनिधिहरु समूहको हित गर्ने विशेष कार्यक्रमका लागि तयारी गर्दै

शुरुमा सदस्यहरुले २०४७ सालमा रेडियो लगायतका प्रचार प्रसारका माध्यमबाट सुनेको भरमा महिलाहरु एकजुट हुनु पर्छ भनेर आमा समूह बनायौं तर हामीलाई समूह कसरी चलाउने, स्रोत कसरी जुटाउने, सम्पर्क समन्वय कसरी गर्ने भन्नेबारेमा चेतना थिएन । पुरुषप्रधान समाज भएकोले आ-आफ्ना घरका श्रीमान्‌बाट समेत घरको काम छोडेर बैठकमा जाँदा, सामाजिक काममा सहभागी हुँदा, अन्य ठाँउमा सम्पर्क समन्वयका लागि जाने कुरा गर्दा रोक लगाउने र गाली धम्की समेत पाइने गर्दथ्यो । जसको फलस्वरुप तत्कालीन आमा समूहको सदस्य सङ्ख्या घटेर ५/६ जना रहन पुग्यो । यसमा अन्य कारणहरु पनि थिए । जस्तैः समूहमा साझा स्रोत नहुनु, समूहको नेतृत्व विकास नहुनु, सहयोगी वा बाटो देखाउने (प्रेरणा जगाउने) संस्था नहुनु आदि । जब २०५३ सालमा नेस्डो-नेपाल नामक गैरसरकारी संस्थाले स्वावलम्बन प्रयासहरुको प्रबर्धन कार्यक्रम सञ्चालन गर्न शुरु गर्‍यो, त्यस संस्थाको सम्पर्कमा हामी पुग्यौं । त्यसै बेलाबाट हामी पातीचौर आमा समूहबाट समाज सेवा महिला समूहमा पुनर्गठित भयौं। जब हामी नेस्डो-नेपालको सम्पर्कमा आयौं तब देखि नै समूह सञ्चालन सम्बन्धी विभिन्न क्षमता अभिवृद्धि कार्यक्रममा सहभागी हुने अवसर पाउन थाल्यौं । त्यस्तै समूहमा बचत सङ्कलन र परिचालन बारे ज्ञान, सीप पायौं भने हामीले केही घुम्तीकोषका लागि केही रकम जम्मा गरे पछि विश्व विकास स्रोत केन्द्रमार्फत् रु. ३६,५०० बि.टि.बेड. नै.स.स. कोष परियोजनाबाट आयमूलक कार्यक्रम सञ्चालनका लागि घुम्तीकोष समेत प्राप्त भयो । यसले गर्दा समूहमा केही गर्ने जाँगर र सीप भएका तर आर्थिक स्रोतको अभावले गरिबीको चपेटामा पर्नेहरुलाई धेरै राहात भएको छ । घुम्तीकोष र बचत कोष लगानी समतामूलक र न्यायपूर्ण ढङ्गबाट होस् भनी समूहमा नीति-नियम समेत तयार भएका छन् । समूहका सवै सदस्यहरु अहिले नेस्डो बचत तथा ऋण सहकारी संस्थामा बचत गर्ने गर्दछन् र उक्त संस्थाबाट समेत आवश्यक पर्दा ऋण लिने गर्दछन् । यसै सन्दर्भमा समूहमा ऋण लिई आय आर्जनको काम गरेर नमूना बनेकी नन्दकुमारी मल्ल भन्छिन्- "मैले समूहबाट ऋण लिई बाख्रापालन गरी २ बर्षमा रु ३८ हजार नाफा गरी ४ तोला सुन किनेर गहना लगाएकी छु ।"

अहिले एकातिर समूहका सवै सदस्यहरुमा सामुहिक भावनाको विकास भएको छ जसले गर्दा जुन सुकै सामाजिक काम जस्तैः बाटोघाटो निर्माण र सरसफाई खानेपानी तथा मन्दिर निर्माणमा श्रमदान

आदिमा उल्लेख्य र उत्साहजनक सहभागिता रहन्छ। हरेक बैठकमा ८०% सदस्यको उपस्थित हुने गर्दछ । यस्तै समूहका सबैले ऋण लिई आय आर्जनका काम गरिरहेका छन् । जसले गर्दा अहिले महिलालाई पुरुषहरुले हेर्ने दृष्टिकोण र व्यवहारमा समेत परिवर्तन आएको छ । अहिले घरमा श्रीमान्ले श्रीमतीलाई बैठक बस्न जाँन हौसला दिने, बैठकमा जाने समयमा गर्न पर्ने घरको काममा सहयोग पुऱ्याउने जस्ता कार्यहरु हुने गर्दछन् । त्यस्तै समूहका दलित सदस्यहरुलाई गर्ने पुरानो ब्यवहारमा पनि परिवर्तन आएको छ सँगै बस्ने, सँगै खाने, र हरेक अवसरमा समानता प्रदान गर्ने गरिन्छ । यसै सन्दर्भमा निर्मला वि.क. भन्छिन- "पहिले समूह नबन्दै यसै गाँउका बाहुन, ठकुरी दिदी बहिनीले हामी दलितहरुलाई फरक ढङ्गले हेर्नुहुन्थ्यो तर अहिले हामीसँगै बस्ने, सँगै हिडेने, सँगै खाने गरिन्छ र आजकल हामी दलितलाई कत्तिपनि हेपिएको महसुस हुँदैन" ।

यसैगरी जसरी एउटा बच्चा जन्मिसकेपछि केही समय सम्म उ आफै हुर्कन सक्तैन र उसलाई हुर्काउनु पर्छ अनि उ विस्तारै आत्मनिर्भर हुँदै पुन: अभिभावक बनेर आफ्ना बच्चा हुर्काउन थाल्छ भने त्यस्तै हाम्रो समूहपनि पहिला नेस्डो-नेपालले जन्मायो, हुर्कायो र यो अवस्थासम्म वा आत्मनिर्भरताको अवस्थासम्म आइपुगेका छौं । भोलि हामी पनि समुदायमा पिछडिएका महिलाहरुको खोजी गरी समूह गठन गर्ने तिनीहरुलाई आय आर्जन र संस्थागत विकासको क्षेत्रमा हामी सहयोग पुऱ्याउन जाने छौं वा हामी स्थानीय सहयोगी समूहको रुपमा समाजमा काम गर्ने छौ भनी समूहकी अध्यक्ष लक्ष्मी पौडेल बताउँछिन्। यसैगरी समूहका अन्य सदस्यहरु एउटै स्वरमा भन्दछन्- "पहिले हामी नेस्डो नेपालको सहयोगी प्रतिनीधिको उपस्थितिमा मात्र बैठक बस्ने, निर्णय लेख्ने, ऋण लगानी गर्ने, ऋण असुली गर्ने गरिन्थ्यो तर अहिले यो सबै काम स्वतन्त्र रुपले गर्न सक्ने भएका छौ । हामीहरु अब निकट भविष्यमा नै समूहको बैठक भवन बनाउने र बचत तथा ऋण सहकारीको नेतृत्व लिने, स्वावलम्बन समूहहरुको साझा स्वालम्बन कोषको स्थापना तथा परिचालन गर्नका लागि सहभागी बन्ने समूहको योजना रहेको छ । समूहमा प्रष्ट नीति-नियम छन् । नियमित बैठक बस्दछ, बैठकमा सबैले आ-आफ्ना धारणाहरु राखेर छलफल गर्दछन् । गरेका कुराहरुलाई लिपिबद्ध गरी राखिएको छ । त्यहाँ सामुहिक नेतृत्व छ, दोस्रो पुस्ताको नेतृत्व पनि विकास भएको छ । स्रोत र साधनलाई व्यवस्थित गरेर परिचालन गरिएको छ। हिसाब किताब पारदर्शी छ । यसरी भौतिक पूर्वाधार विकास, स्रोत परिचालन, सहभागितामूलक कार्य पद्धति, सामुहिक नेतृत्व र हरेक कार्यको दस्तावेजीकरण गरेर अरुलाई पनि बाटो देखाउन सफल भएको छ समाज सेवा महिला समूह ।

**(ख) आयमूलक कार्यक्रमको प्रभाव र असर :**

- हालसम्म रु. १,७३,९६,२९४।- बचत रकम सङ्कलन र परिचालन ।
- साझेदारीको रुपमा समूहमा हालसम्म रु. ९,१,७८,३९४।- घुम्तीकोषको रुपमा सहयोग ।
- स्थानीय स्रोत पानी, वन, जग्गा जमिन र मानवीय स्रोतको आय आर्जनमा व्यावसायिक रुपमा उचित प्रयोग ।
- परम्परागत कृषि प्रणालीबाट सुधार भै व्यावसायिक रुपमा नगदे बाली, तरकारी खेति, करेसा बारी, आधुनिक व्यवस्थित कृषि प्रणालीको विकास ।
- समूहले समूह प्रवर्धन र आय आर्जनका लागि ऋण स्वरुप घुम्तीकोषमा सहयोग ।
- करिब ६० वटा दलित र तराइली समूह गठन र आय आर्जनमा सहयोग प्राप्त ।

आयमूलक कार्यक्रम संचालन गरेर महिला तथा विपन्न वर्गको जीवनस्तरमा सकरात्मक सुधार आएको छ, भन्ने कुरा मैयाँ वि.क. र रुपी नेपालीको सफलताको कथा यहाँ सङ्क्षिप्त रुपमा परिचर्चा गरिएको छ :

## ट्याक्टरकी मालिक्नी बनिन् मैयाँ विश्वकर्मा

गरे के हुँदैन र ? "भगवानले तँ आँट म

पुऱ्याउँछु" भन्छन् भन्ने कुरा प्रमाणित गर्न सफल भएकी छन् बाणगंगा गा.वि.स.-८ बठनपुर, कपिलवस्तुकी मैयाँ विश्वकर्मा । २०११ सालमा अर्घाखाँची जिल्लाको परौटी गा.वि.स. मा जन्मिएकी मैया वि.क. शिक्षाको नाममा "क" को अक्षर पनि पढेकी छैनन् । आफ्नो आमाको नाम नजान्ने मैयाको बिवाह १४ बर्षको उमेरमा भएको थियो । सानै उमेरमा बिवाह भएको हुँदा अज्ञानताका कारण ५ छोरा र ४ छोरीकी आमा बन्न बिवश भइन् । आफ्नो जग्गा जमिनको नाममा सानो टुक्रा करिब (४ रोपनी) खेत मात्र रहेको छ । आफ्नो जग्गाको उब्जनीले ४ महिना मात्र खान पुग्ने र अरु महिना खानको लागि अरुको ज्याला मजुरी तथा अधिया खेत कमाई गरेर दुःखका साथ हातमुख जोरेको तितो अनुभव छ । श्रीमान्को धेरै पहिला नै मृत्यु भइसकेकोले घर परिवार चलाउने देखि कमाउने कुरा गर्न र सोच्न बाध्य थिइन् मैया वि.क. । घरको कमजोर आर्थिक अवस्थाका कारण छोरालाई शिक्षा दिलाउने कोशिस गरिन् तर सपना पूरा हुन पाएन । १५ बर्षको उमेरमा ५ कक्षा पढेर जेठो छोरा छिमेकी देश भारतमा बाध्यतावश मजदुरी गर्न जानु पऱ्यो । त्यसरी नै माइलो छोरा पनि १६ बर्षको उमेरमा कक्षा ६ पढ्न छोडी अर्काको टायल उद्योगमा काम गर्न जान थाल्यो गरिबीको कारणले गर्दा ।



मैया वि.क. आफ्नो उद्योगले निर्माण गरेको रिङ्गमा पानी राखेर भिजाउँदै ।

यसरी समयले कोल्टो फेर्ने क्रममा २०५३ सालमा स्वावलम्बन प्रबर्धन कार्यक्रम अन्तर्गत GTZ / VDRC आएर संस्था मार्फत् समूहमा काम गर्न थालेका थिए । सोही क्रममा कपिलबस्तु जिल्लामा स्थापना भएको सामाजिक विकास संस्था सिद्धार्थ क्लब गाउँमा आएर समूहमा सङ्गठित भै सहकारीको मूल मर्म "एकका लागि सवै र सवैका लागि एक" हुनु पर्छ भन्ने कुरा सिकाउँदा समूहमा बस्न मन लाग्यो । त्यसपछि उनी जागृती महिला समूहमा आवद्ध भइन् । समूह बैठकमा सदस्यहरुले गर्न चाहेको काम, सीप विकासका लागि वातावरण, आर्थिक स्रोतको खोजी र परिचालन जस्ता विषयहरुमा छलफल हुन थाल्यो । बचत सङ्कलन र ऋण लगानी गर्न थालेपछि केही गर्न तत्पर हुनेका लागि स्रोतको अभाव भएन । यसैबेला समूहले आम्दानी वृद्धिका लागि एउटा योजना तयार गऱ्यो । सो योजनाका विषयमा सवैले छलफल गरियो । अन्त्यमा विजय विकास स्रोत केन्द्रले सिफारिस गरी GTZ मा पठाएको योजना स्वीकृत भयो ।

आफ्नो परिवार कसरी चलाउने होला ? आफ्ना नावलक छोराहरुलाई कसरी अरुको ज्याला मजदुरी गर्न नपठाउने होला ? भनेर मन डुलाएको बेलामा समूहमा भएको कुरा मनमा गड्यो र घरमा सोच विचार गरी माइलो छोरासँग सल्लाह गरेर छोराको सीपको सदुपयोग गर्न टायल उद्योग सञ्चालन गर्ने योजना बनाइन् मैया वि.क. ले । उनको योजना अनुसार २ महिना पछि समूहबाट रु. १०,०००।- ऋण लिइन् । त्यसपछि अरुको घरमा टायल बनाउने छोराले आफ्नै घरमा समान किनेर ल्यायो र शुरु गऱ्यो टायल उद्योग । यस उद्योगमा परिवारका सवै सदस्यको राम्रो सहयोग मिल्यो, राम्रो बजार पायो र छोटो समयमा नै प्रगति गर्न सफल भयो । यसरी पहिलो वर्ष सञ्चालन गर्दा सम्पूर्ण ऋण भुक्तानी गरी घर खर्च चलाउन सजिलो महसुस भयो । हाल उनले कामको बेलामा ऋण लिने र कमाई भएपछि भुक्तानी

गर्ने गरेकी छन् । आफ्ना उत्पादनलाई विविधीकरण गर्दै लैजाने क्रममा सिमेन्टको टायल, रिङ, खम्बा, रेलिङ र हौदी समेत तयार गर्न थाले । यसले गर्दा राम्रो अवसरको सिर्जना गऱ्यो । यस उद्योगबाट सन्तुष्टि हुँदै मैया वि.क. ले भारतमा कमाई गर्न गएको जेठो छोरालाई पनि घरमा बोलाइन् । दोस्रो बर्षमा रु. १,५०,०००।- को सामान विक्री गर्दा रु. ५०,०००।- तेस्रो वर्षमा पनि सामान बिक्रीबाट रु. ६०,०००।- कमाइ भयो । जसले गर्दा अझ यस पेशालाई बढाएर लैजानु पर्छ भन्ने सोचको विकास भयो ।

यस पेशालाई ब्यावसायिक रुपमा लैजान र अझ बढी उत्पादन गरि सामान ढुवानी गर्न एउटा साधनको खाँचो महसुस भयो । सो अनुसार गाँउको एक जना मलिकले आफ्नो ट्रयाक्टर बेच्ने कुरा थाहा पाएर कुरा गऱ्यौ । त्यस ट्रयाक्टर रु ४,५०,०००।- मा किन्ने टुङ्गो लाग्यो । त्यतिधेरै रकम कहाँबाट जुटाउने आफ्नो घरमा रहेको २ लाख १० हजार जति आफूसँग भएको र बाँकी रकमको लागि खेत बेच्ने निधो भयो र ४ कठ्ठा खेत बेचेर २ लाख २० हजार र नपुग रकम २० हजार समूहबाट ऋण लिएर ट्रयाक्टर किनियो । यसरी आफ्नो साधन हुँदा कच्चा पदार्थ बालुवा, गिट्टी र सिमेन्ट ल्याउन र ग्राहकको घरसम्म पुऱ्याउन पनि सजिलो भयो भने पैसा पनि आफैसँग आयो । हाल सो ट्रयाक्टर र उद्योग सञ्चालन भई रहेको र त्यसबाट नाफा भइरहेको छ । घरमा साधन हुँदा अरुको ३ विगाह जग्गा अधिया कमाउन सकिएको छ भने त्यसबाट आउने ७० मुरी धानले १७ जनाको परिवार पाल्न सहयोग पुगेको छ । हाल सो परिवारमा जेठो र माइलो छोरा र जेठी छोरीले बाहेक सबै छोरा छोरीहरु स्कुल क्याम्पसमा पढ्ने गर्दछन् भने कान्छो छोराले बोर्डिङ्ग स्कुलको कक्षा ७ मा पढी रहेको छ । अझ बढी धन कमाउने अभिलाषाले माइलो छोरालाई २०५९ सालको मंसिरमा १ लाख खर्च गरी साउदी अरब पठाइन् भने जेठो छोराहरुलाई घर ब्यावहार उद्योग सञ्चालनका लागि जिम्मा दिइन् । साइँलो र काइँलो छोराले पढ्दै गरेको हुँदा दाजुलाई सहयोग गरिरहेका छन् भने ट्रयाक्टर चलाउन एक जना ड्राईभर राखेकी छन् । हाल उनको घरमा ४ लिटर दुध दिने रु. १५ हजार बराबरको भैसी छ, जसले परिवारलाई बिहान बेलुकी दूध, ध्यू पुऱ्याएको छ भने मनोरञ्जनको लागि १७ इन्चको टि.भी.पनि छ । यसरी दुःखका दिन बिर्सेर सुखका दिन काटिरहेकी छन् मैया वि.क.ले ट्रयाक्टर र उद्योगकी मालिक्नी भएर ।

## रुपी नेपालीका दुहुना भैंसी र २० हजारका असामी

खुर्कोट युवा क्लब खुर्कोट -६, पर्वतद्वारा २०५३ साल चैत्रमा विधिवत् रुपमा प्रर्बधन गरेको जनकल्याण महिला विकास समूह जुन खुर्कोट-६ देउरालीखर्कमा अवस्थित छ । २० जना महिला सदस्यहरु आपसमा सङ्गठित छन् । जसमध्ये ७ जना दलित समुदायका सदस्यहरु समावेश भएका छन् । यस समूहमा हरेक क्रियाकलापलाई सुचारु रुपले सम्पन गर्न ७ जनाको कार्यसमिति चयन गरिएको छ । जस अनुसार सदस्यहरुबाट बचत सङ्कलन गर्ने, आन्तरिक र बाह्य सहयोगबाट सङ्कलित घुम्तीकोषलाई प्रभावकारी रुपले परिचालन गर्ने, पालै-पालो कोष घुमाउने र अन्य सामाजिक सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने जस्ता कार्यहरु समूहले गर्दै आएको छ । सोहीअनुरुप समूहका सम्पूर्ण सदस्यहरु समूहप्रति उत्तिकै प्रतिवद्ध, एकताबद्ध र लगनशील भएर समूहबाट सहयोग लिने र दिने गर्दछन् । यसै सिलसिलामा समूहमा आवद्ध भएदेखि नै हालसम्म पनि समूहको हरेक अवसर र कार्यक्रमहरुमा साथ लिदैं र दिदैं आएकी छन् दलित सदस्य रुपी नेपाली । उनी आफू समूहमा लागेपछि आफ्नो सामाजिक र आर्थिक पक्षमा आएको सुधार र दलितलाई गैरदलित समाजले हेर्ने दृष्टिकोणमा आएको परिर्वतनलाई यसरी ब्यक्त गर्दछिन् :

"मेरो नाम रुपी नेपाली हो । मेरो जन्म मिति एकिन नभए पनि २००४ साल तिर भए जस्तो लाग्छ। मेरो बुबा रुपे नेपालीको मेरो जन्म भएको १

वर्षपछि नै मृत्यु भएको भन्ने कुरा आमाबाट म केही बुझ्ने भएपछि मात्र थाहा पाएकी हुँ । त्यसपछि मेरी आमा कौशिला नेपालीले मलाई गाउँघरमा अर्काको ढिकी जाँतोको काम र कृषि मजदुरी गरेर हुर्काउनु भएको हो । जब म १२ वर्षकी भएँ पुरानो परम्परा अनुसार सानै उमेरमा मेरो विवाह खुर्कोट-७ खाल्टाबाट (माइतीघर) खुर्कोट-६ देउरालीखर्कमा रुपे नेपालीसँग भयो । तर विवाह भइसकेपछि पनि २-३ वर्ष माइती घरमा नै बसी आमालाई मेलापातमा सहयोग पुऱ्याउन थालें । जब म १५ वर्षकी भएँ तबदेखि श्रीमान्को घरमा स्थायीरुपले रहन थालेकी हुँ । दलित जातीमा जन्मिएको र पारिवारिक आर्थिक अवस्था पनि अत्यन्त नाजुक भएकोले पढ्ने लेख्ने अवसर पाउनु त कल्पना सम्म पनि गर्न सकिएन । पछि श्रीमान्को घरमा आइसकेपछि पनि जीविका गर्नको लागि श्रीमान्को अज्ञानता कारणले गर्दा ७ भाई छोरा र ३ वटी छोरीहरु जन्मिए जसले गर्दा आर्थिक बोझ आफै थपिन गयो । करिब-करिब कहिले भोको पेट कहिले आधा पेट खाएर गुजारा गर्नु पर्दथ्यो । म र श्रीमान् लगातार अर्काको काम गरी खानेकुरा जुटाउँदा पनि हातमुख जोर्न मुश्किल पर्दथ्यो । पछि छोराहरु केही ठूला भए र सामान्य कमाई गर्न भारततिर जान थालेपछि केही बोझ हल्का हुन थाल्यो । यसैगरी समय बित्दै जाँदा केही छोराहरु अलग हुन थाले । बाँकी छोरा छोरीहरुलाई हुर्काउन र पढाउन खर्च जुटाउन अत्यन्त कठिन भइरहेको थियो । यसरी मैले हरेक उपाय गर्दा पनि घरको स्थितिमा सुधार नभएपछि उपायको खोजीमा समूहमा प्रवेश गरे । त्यसबेला समुदायमा समूहमा बस्नुपर्छ । समूहमा बसेपछि बचत गर्यो भने ऋण पाइन्छ, त्यसबाट केही आम्दानी गर्न सकिन्छ भन्ने कुरा आयो । यसैबेला हिम कुमारी बाँस्तोला आउनु भयो र मलाई सम्झाई बुझाई गरी जनकल्याण महिला विकास समूहको सदस्य बनाउनु भयो । पहिले त हामी दलितलाई हेलाँ गर्ने माथिल्ला जातीकाले हाम्रो के-को हित गर्लान् जस्तो लागेर हीनताबोध हुने गर्दथ्यो । तर



रुपी नेपाली [illegible]

पछिपछि त नियमित मासिक बैठकमा उपस्थित हुन थालें, समूहको महत्त्वबारे केही थाहा पाएँ, नीति-नियम बुझ्न थाले र नीति नियमको कार्यान्वयनमा ध्यान दिन थाले । त्यसपछि समूहको व्यवहार मनपर्न थाल्यो । त्यसमा पनि समूहमा दलित वर्गलाई वास्तवमा नै प्राथमिकता दिइयो । त्यसमा घुम्तीकोषबाट पहिलो पटक ऋण लिन पाउनेमा म नै छानिएँ ।

समूहमा प्रवेश गरी सकेपछि घुम्तीकोषबाट पहिलो पटक ऋण सुविधा पाउनेमा छानिएपछि मैले रु. ४,०००।- ऋण लिएँ र एउटा राम्रो विकासी जातको बाख्रा किनेर ल्याएँ । उक्त बाखाले पहिलो वेतमा नै ३ वटा पाठापाठी पायो । यसरी उक्त बाखाबाट ४ वर्षको अवधिमा १८ वटा पाठापाठी जन्मिए । त्यसबाट पटकपटक गरी रु. ४२,०००।- हजार आम्दानी गरेर समूहको सावाँ ब्याज समेत तिरे । पछि उक्त माऊ बाख्रा बेचियो १ वर्ष त्यतिकै पालेर बिक्री गरेँ । सो बाट पुन बाख्रा खरिद गरेकी छु । यसरी समूहबाट पाएको सहुलियत ऋणबाट रु. ४०,०००।- खुद नाफा गरी यस समूहमा आम्दानी गर्ने सफल सदस्यहरु मध्ये म एक नमूना बन्न सकें । यसमा म त खुसी छु नै म बाहेक समूहका अन्य सदस्य दिदी-बहिनीहरु समेत

मदेखि खुसी हुनुहुन्छ र मलाई थप हौसला दिई मेरो जस्तो काम गर्न अन्य दिदी-बहिनीलाई समेत प्रेरणा दिने गर्नुहुन्छ । यसरी मैले बाखा पालनबाट गरेको आम्दानीले कान्छी छोरीलाई स्कुल पढाई रहेकी छु र ऊ अहिले कक्षा ७ मा अध्ययन गरिरहेकी छ । यसै गरी सबभन्दा कान्छा २ छोरा र छोरीलाई पनि ८-९ कक्षा सम्म पढाउन थप सहयोग पुगेको थियो । पछि उनीहरु आफै पढ्न मन गरेनन र पढाई छाडेर अन्यत्र गएका छन् । मेरो आम्दानीले श्रीमान्लाई घरायसी खर्च नुन, तेल, लत्ता-कपडा खरिद गर्न सहयोग पुऱ्याइरहेकी छु । मैले पहिले उपल्ला जातिका घरबाट मोही मागेर मात्र खाने हो हामी आफैले भैंसी पालेर दूध खान कहाँ सकिन्छ र भनेर सोच्ने गर्दथे तर कमाई गरेपछि अहिले दुहनो भैंसी पालेर मोही मागेर होइन दूध दुहेर खान थालेकी छु । केही दूध बिक्री समेत गर्ने गरेकी छु । यसरी बिभिन्न कामबाट आम्दानी गरी बाँकी २०,०००।- रुपैया व्याजमा समूह बाहिरका अन्य व्यक्तिलाई ब्याजमा दिएकी छु ।"

यसरी रुपी नेपाली एक दलित परिवारको सदस्य भइकन पनि समूहमा सक्रिय र नमूना सदस्यका रुपमा स्थापित र परिचित हुन पुगेकी छन् । उनी अहिले आएर आफूलाई समय सापेक्ष रुपमा व्यावसायिक रुपमा रुपान्तरित गर्न सफल भएकी छन् । उनी प्रायजसो बजार आउँदा केही न केही बिक्री गर्ने कृषि र तरकारी उपजहरु लिएर आउने गर्दछिन् । आफ्नो घरको लागि आवश्यक पर्ने अन्य उपभोग्य सामानहरु लिएर फर्कन्छिन् । उनी अहिले बाखा पालन मात्र होइन भएको थोरै खेतबारीमा बाखाको मल प्रयोग गरी राम्रो तरकारी उत्पादन गरी राम्रो आम्दानी गरेकी छन् । यसै गरी उनको भनाई अनुसार महिलाहरु समूहमा सङ्गठित भइसकेपछि घरको पुरुषहरुको आम्दानीबाट मागेर इच्छा लागेको लगाउनु पर्ने खानु पर्ने अवस्थाबाट मुक्ति पाइएको र हाल पुरुषहरुबाट समेत महिलाहरुलाई तुलनात्मक रुपमा सम्मानजनक ढंगबाट हेरिने गरेको छ । यो भन्दा पनि आफैमा महत्वपूर्ण परिवर्तन भनेको हामी दलितहरुलाई समूहमा सदस्य हुनु भन्दा पहिले त्यही समुदायको अन्य माथिल्ला जातिको घरमा गएर खाइसकेपछि त्यो भाँडामा छिटो थाप्नु पर्दथ्यो तर अहिले समूहमा सदस्य भइसकेपछि भाँडामा छिटो थाप्नु पर्दैन । सबैले हामीलाई सम्मानजनक रुपमा नै हेर्ने गर्नहुन्छ । यसै गरी तपाईको सफलता र मन खुसीको श्रेय कसलाई दिनु हुन्छ ? भन्ने प्रश्नमा रुपी नेपाली भन्नु हुन्छ- "सबभन्दा पहिला त म समूहलाई दिन्छु र त्यसलाई समूहका नेतृत्वमा रहेका दिदी बहिनीलाई दिन्छु र त्यसपछि समूहलाई समेत राम्रो बाटो देखाइदिने खुर्कोट युवा क्लब अनि स्वावलम्बन प्रवर्धन कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने स्रोत संस्था विजय विकास स्रोत केन्द्र र जि.टि.जेड. लाई दिन्छु ।"

**(ग) समूहमा महिला सशक्तीकरण :**

- पर्वत जिल्लामा ८६ र कपिलवस्तु जिल्लामा ११९ वटा छुट्टै महिला मात्रको समूह गठन र कार्य सञ्चालन ।
- समूहमा महिलाहरुको नेतृत्वदायी भूमिका (मिश्रित समूहमा समेत) ।
- मिश्रित समूहमा आय आर्जनका लागि महिला सदस्यलाई विशेष जोड र प्राथमिकता ।
- तुलनात्मक रुपमा समूहमा पुरुष भन्दा महिला सदस्य आय आर्जनमा सङ्ख्यात्मक रुपमा बढी संलग्नता ।
- महिला पुरुष बीच घरायसी सम्बन्धमा सुधार (महिला माथिको शोषण र घरेलु हिंसामा कमी आई घरमा पुरुषद्वारा महिलाको अस्तित्वलाई स्वीकार्ने वातावरण तयार) ।
- छोरीहरुलाई विद्यालय पठाउने बानीको विकास । छोराछोरी दुबैलाई समान रुपमा विद्यालय पठाउने प्रचलन बढी, महिलाहरुले शिक्षा आयआर्जनमा अवसर बढी ।
- महिलाहरुको आत्मबलमा वृद्धि भै हामी पनि केही गर्न सक्छौं भन्ने भावनाको विकास र आफूले आफैमाथि विश्वास प्राप्त ।

## जुठो, चुल्हो छोडेर समूह अगुवा र उद्यमी बनिन् - कोपिला खाँण

कपिलबस्तु जिल्लाको बाणगंगा गा.वि.स वार्ड नं. ७ मा २०५४ साल अषाढ महिनामा स्थापना भएको सृजना महिला समूहकी सधारण सदस्य हुन कोपिला खाँण । कोपिला खाँणको जन्म २०२८ सालमा पर्वत जिल्लाको लुंखु देउराली गा.वि.स. को वार्ड न ७ मा जन्म भै बसाइँ सराई गरी बाल्यकाल रुपन्देही जिल्लाको बुटवल दीपनगरमा बिताएकी थिइन् । माध्यमिक तहसम्मको सधारण पढाइपछि पदमबहादुर खाँणसँग बिवाह भई २०४६ सालमा यस ठाँउमा आएकी हुन् । बिवाहपश्चात् साधारण किसिमले घर सञ्चालन गरी बसेकी थिइन् । समूहमा बस्नु पूर्व क्षेत्रबहादुरको बेटी बुहारी भनेर चिनिनु पर्ने थियो । सो अवस्थामा उनलाई महिलाले केही गर्न सक्छन् भन्ने लाग्दैनथ्यो ।। दाजुभाइ छुट्टिभिन्न भइसकेपछि सम्पूर्ण घर-ब्यावहार सञ्चालन गर्न पर्ने भयो भने श्रीमान् लाई पनि केही बोझ थप भयो । त्यतिबेल सम्ममा ४ जनाको परिवार भई सकेको र छुट्टिभिन्नबाट आफूलाई ६ रोपनी जग्गा मात्र परेको थियो । सो जग्गा पानी नलाग्ने भएको हुँदा कम उब्जनी हुने र खान नपुग्ने थियो । यस्तो अवस्थामा उनले सृजना समूहमा प्रवेश गरिन् । उनी शुरुमा अध्यक्ष पदमा र ही समूहमा राम्रो नेतृत्व प्रदान गरिन भने अर्को तर्फ सिद्धार्थ क्लबसँग समन्वय गरी घुम्तीकोषको लागि समूहलाई सम्झौतामा पुर्‍याइन् । यसरी समूहमा बाखा, भैसी पालनको लागि योजना अनुसार अन्य सदस्यहरुलाई पहिलो किस्ताबाट ऋण वितरण गरियो भने क्रमअनुसार दोस्रो किस्तामा भैंसी पालनको लागि २०५५ सालमा रु १५ हजार उनले पनि ऋण लिइन्। भैंसी पालन गर्दा दिनहुँ साँझ-बिहान घाँस काट्न जानुपर्ने झन्झटले गर्दा १ महिना मा रु २५ राय नाफा गरी व्यवसाय पनि छोडिन् र समूहको ऋण चुक्ता गरिन् ।

कोपिलाका श्रीमान् बेरोजगारी भएको हुँदा सोही बर्ष भेटनरी कार्यालयबाट ७ दिने बंगुर पालन तालिम सिकाउन गई सिएका थिए । श्रीमान्को पनि सहयोग हुने भएकाले पनि बुवा आमाले बंगुर पालनबाट राम्रो नाफा कमाएको देखेको हुदा बंगुर पाल्ने इच्छा भयो र आफ्नै रकमबाट खोर निर्माण गरी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाबाट ७ हजार ऋण लिइन् । यसरी त्यस पैसाले ३ वटा स्थानीय जातको बंगुर किनिन् । त्यस स्थानीय जातको बंगुरबाट त्यति फाइदा हुने नदेखेपछि एक बेत ब्याई सकेपछि सबैलाई बेचिदिइन् । बंगुर बेचेको पैसा र समूहबाट रु १५ हजार ऋण लिने बन्दोबस्त गरी पोखराबाट ५ वटा उन्नत जातको बंगुर ल्याएर व्यवस्थित खोर निर्माण गरी बंगुर पाल्न थालिन् । २०५६ सालको अन्त्यतिर बंगुरको आम्दानी बाट १ लाख खर्च गरी १२ वटा बंगुर पाल्ने खोर गराइन् । अर्कोतिर श्रीमान्ले पनि बाणगंगा नदीको ढुंगा बालुवाको कर उठाउने काम पनि पाए ।

यसरी ०५७ देखी ०५९ सम्ममा राम्रो कमाइ भयो । हाल श्रीमान्ले आफ्नो कमाइबाट मोटर साइकल किनेर त्यसैमा चढेर हिड्दछन् भने छोराहरु बोर्डिङ स्कुल पढिरहेका छन्, कुनै ऋण लागेको छैन । सहकारीमा १२ हजार जति सङ्कलन गरेको र घर खर्च कटाई रु. ३० हजार नगद राखेको कुरा कोपिला खाँण बताउँछिन् । हाल उनको खोरमा ७ वटा बंगुर छन् । बंगुरको मलले गर्दा बाली पनि राम्रो हुने गरेको छ । परिवारको सामुहिक सर-सल्लाह र सीप अनुसारको काम गर्न पर्ने रहेछ । सबैको सहयोग र आपसी समझदारीमा काम गर्दा अगाडि बढ्न सकिन्छ, प्रगति गरेर देखाउन सकिन्छ भन्ने कुरा मेरो सिकाइ भएको छ भनी आफ्ना कुरा व्यक्त गर्दछिन् ।

हालसम्म पनि उनी समूहमा सक्रिय रहकी छन्। समूहको नेतृत्व कसरी गर्नुपर्छ, समूहलाई कसरी अगाडी बढाउनु पर्छ भन्ने बारेमा कोपिला खाँणले सबैलाई बताउँदछिन् र सहयोग समेत गरेकी छन् । यसरी समूहमा सफल सक्रिय नेतृत्व गर्न खाँण जस्तै अन्य महिला पनि तयार भएका छन् ।

## (घ) सम्पर्क, समन्वय र सम्बन्ध विस्तारमा सुधार :

- स्थानीय सरकार तथा श्री ५ को सरकारका विभिन्न विकास निकायद्वारा समूहको अस्तित्व स्वीकार।
- काममा सहयोगको लेनदेन ।
- प्रायजसो समूहले आफूले सहयोग लेनदेन गर्नु पर्ने/प्राप्त गर्ने निकायहरुको पहिचान गरी सहयोगको लेनदेनका लागि व्यावहारिक सम्बन्धको विकासको थालनी र प्रयोग ।
- समूहले के-कस्तो सहयोग के-कस्तो निकायसँग लेनदेन गर्ने भन्ने कुराको निक्यौल गरी आफ्नो बार्षिक कार्यक्रम एवं कार्य योजनामा समेत समावेश ।
- शुरुमा सबै कार्यमा सहयोग पुऱ्याएका स्थानीय सहयोगी संस्थाहरुसँग पनि कामको आधारमा आफूले नसक्ने काममा मात्र सहयोगको माग गर्ने र अन्य सक्ने कार्य आफैले गर्ने कार्यको थालनी अर्थात यसमा सहयोग चाहिन्छ यसमा चाहिँदैन भन्न सक्ने अवस्था ।
- आफ्नो कार्यको अनुभव अन्य समूह संस्था निकायसँग साटासाट गरी सहयोगको लेनदेनको शुरुवात ।
- अन्य दातृसंस्था निकायहरुले पनि यिनै समूह मार्फत् आफ्नो कामको थालनी । जस्तै केही अन्य निकाय तथा आयोजनाले दुबै जिल्लामा संस्था एवं समूहसँग काम गरेका छन् ।

## (ङ) सामाजिक चेतनावृद्धि :

- फोहर पानी प्रयोग गर्दा पर्न सक्ने असर को बारेमा चेतना वृद्धि भै सफा पानी पिउने, घरमा पानी ढाकेर राख्ने र धारा/पँधेरा सर सफाई गर्ने बानीको विकास ।
- फजुल खर्च जाँड रक्सी, चुरोट बिडीको प्रयोगमा कमी आउनुका साथै फाल्तु खर्च गर्ने बानीमा सुधार भै बचत गर्ने बानीको विकास ।
- धनी गरिबको वर्गीय भेदभाव तथा महिलामाथि शोषण र दवाव दिने प्रथाको कमी भै सामाजिक न्यायको आधारमा व्यवहार गर्ने बानीको विकास।
- तराइली समुदायमा छोराछोरी बीच लिङ्गको आधारमा गर्ने भेदभावमा कमी भै क्रमशः छोरीलाई पनि शिक्षाका साथै अन्य अवसर प्रदान गर्ने वातावरणका सिर्जना ।
- छोरा छोरीको स्वास्थ्यमा हेरबिचार गरी नियमित खोप लगाउने, महिला गर्भवती हुँदा र सुत्केरी भैसकेपछि गर्नु पर्ने स्वास्थ्यमा हेर बिचार गरी बाल बालिका तथा आमाको स्वास्थ्यमा उल्लेखनीय सुधार ।
- समूहमा छुवाछुत प्रथाको अन्त्य भै सहकारी भावनाको विकास ।
- निराशा, कुण्ठा, हीनताबोधबाट मुक्त भै विपन्न दलित महिला तथा किसान र निरक्षर व्यक्तिहरुले पनि हामी केही गर्न सक्छौ भन्ने भावनाको विकास भै आत्मवलमा वृद्धि ।

## २. बचत तथा ऋण सहकारी संस्था लि. तहमा :

वास्तवमा भन्नु पर्दा शिव पुराणमा पार्वतीले शिवलाई दुःख र थाहा नै नदिइकन आफ्नै दैवी शक्तिले कल्पना गरेर जन्माएको (गणेश भगवान बलवान, बुद्धिमान साहसी "सिद्धिदाता") छोरा गणेश जस्तै भएर प्रकट भएको छ सहकारी संस्था स्वावलम्बन प्रबर्धनमा । शुरुमा बचत गर्ने भन्ने कुरा परियोजनाले पनि सोचेको थिएन, स्रोत संस्थाले पनि आफ्नो सोच प्रष्ट बनाएको थिएन । जब कार्यक्षेत्रमा गइयो काम गर्ने क्रममा बचत परिचालन गर्नै पर्ने देखियो । बचत बिनाका समूह शुरुमा निष्कृय हुने नियमित भेटघाट केस हुने भएकाले समूहलाई निरन्तरता दिन सक्रिय बनाई अगाडि बढाउन बचतको शुरुवात गऱ्यौं यो विजय विकास स्रोत केन्द्रको आफ्नो अनुभव र परियोजनाको सकरात्मक उत्प्रेरणाको प्रतिफल हो । यसको प्रभावलाई हेरेर पछिका दिनहरुमा बचत कार्यक्रमलाई महत्वका साथ अगाडि

बढाउने नीति लिइयो । यसको परिणाम आज समूहमा बचत छ, हरेक सदस्यको आफ्नो खातामा केही रकम छ, कसैले काम गर्ने मन गरेमा समूह ऋण दिन तयार छ जसले गर्दा समूहका हरेक सदस्यहरुको जीवन स्तर माथि उकास्न यसले सघाउ पुर्‍याएको छ । समूहमा एकताको भावना एकले अर्कोलाई सहयोग गर्ने प्रवृत्तिको विकास भएको छ । समूह एवं कार्यक्रमलाई दिगो बनाउन एउटा सशक्त माध्यमको रुपमा बचत तथा ऋण कार्यक्रम देखा परेको छ । बचत कार्यक्रमलाई विधिवत सहकारीमा परिणत गरी कानूनी मान्यता प्राप्त भएको छ । यसरी सहकारीले यस कार्यक्रमलाई मात्रै नभई सबै संस्थालाई खुलस्त बाटो देखाएको छ दिगो विकास, स्वावलम्बी समाज र सन्तुलित विकास गर्नको लागि हरेक पक्ष परियोजना र संस्थाको लागि ।

अतः यस क्षेत्रमा परेका सकरात्मक प्रभावहरुलाई तल लेखिए अनुसार प्रस्तुत गरिएको छ :

**(क) सहकारी संस्थाको संस्थागत विकास :**

- दुई जिल्ला पर्वतमा १८ र कपिलवस्तुमा २३ गरी जम्मा ४१ वटा सहकारी संस्था विधिवत स्थापना भै डटेर कार्यक्षेत्रमा काम गरिरहेका छन् ।
- सहकारीहरुले आफ्नै सदस्यको बलबुतोमा हालसम्म रु. १,७९,३६,२९४।- बचत सङ्कलन गरी सफलता पूर्वक विभिन्न आयमूलक कामहरु सञ्चालन गरिरहेका छन् ।
- प्रायजसो सहकारी संस्थाले दीर्घकालीन योजना, व्यावसायिक योजना तयार गरी सोही अनुसार आफ्ना गतिविधिहरु सञ्चालन गरिरहेका छन् ।
- दिन-प्रतिदिन हरेक सहकारी संस्थामा सदस्यको सङ्ख्या बढ्दो छ र आफ्नो कार्य क्षेत्रका हरेक घरधुरीलाई समेटेर काम गर्ने नीति लिइरहेकाछन् ।
- सहकारी ऐन तथा विनियम अनुसार प्रत्येक उप-समिति गठन भएकाछन् साथै हरेक समितिले आ-आफ्नो भूमिका र जिम्मेवारी सक्रियतापूर्वक निभाउन थालेका छन् ।
- आफ्नो स्रोत साधनको लगानी/प्रयोगबाट संस्थागत क्षमतावृद्धि, भौतिक पूर्वाधार विकासमा खर्च गर्न थालेका छन् । स्रोत जुटाएर खर्च गर्न सक्षम हुन थालेका छन् ।
- लगानीमा विपन्न, दलित तथा महिला वर्गलाई पहिलो प्राथमिकता दिएका छन् ।
- सहकारीको नेतृत्वतहमा महिलाहरु स्थापित भै संस्था चलाउन सक्षम भएका छन् ।
- सबै सहकारी संस्थाहरु जिल्ला सहकारी सङ्घमा आबद्ध भएका छन् ।
- सहकारी संस्था मार्फत् १३२१० घर धुरी समेटिएका छन् ।

**(ख) समुदाय/समूहमा सहकारीको प्रभाव :**

- कुल [illegible] समूहहरु सामुहिक रुपमा सहकारीमा आबद्ध भएका छन् ।
- सबै समूहको बचत सहकारी संस्थामा एकीकृत भएको छ ।
- स्वरोजगार एवं रोजगारका अवसरहरु वृद्धि भएका छन् ।
- वृहत् व्यापक रुपमा स्थानीय स्रोत परिचालन ।

**(ग) सदस्यहरुमा प्रभाव :**

- कुल १३२१० सदस्यहरु ४१ वटा सहकारी संस्थामा आबद्ध ।
- सहकारीमा बढी बचत गर्न नसक्नेले पनि ऋणको सुविधा प्राप्त गरेका छन् ।
- सदस्यहरुमा फजुल खर्चमा कटौती गरी बानीमा सुधार हुनुका साथै बचत गर्ने बानीको विकास भएको छ ।
- सदस्यहरुको व्यापार/व्यवसाय र रोजगार वृद्धिका लागि अवसरहरुको खोजी गर्न सहयोग र प्रोत्साहन ।
- सदस्य-सदस्य बीच अपनत्वको भावना विकास भै सहकारी हाम्रो हो भन्ने भावना र सदस्य हामी एकपरिवार भन्ने मान्यताको वृद्धि र सह अस्तित्व ।
- "एकका लागि सबै र सबैका लागि एक" भन्ने सहकारीको मूल मन्त्रलाई व्यवहारमा उतार्ने प्रयास ।
- सदस्य-सदस्य बीच साह्रोगाह्रो पर्दा एक अर्कालाई आपसी सहयोग पुर्‍याउने प्रचलन/बानीको विकास ।

बचतले समूहको सदस्यहरुमा के-कस्तो प्रभाव पारेको छ भन्ने कुरा प्रत्येक्ष समूहमा संलग्न भएका दुइजना सदस्यहरुको प्रयासलाई लिन सक्दछौं । मोहदत्त प्रसाई जो अपाङ्ग छन् तथापि समूहको अध्यक्ष छन् र वचनबाट ऋण लिएर जीवनमा ठूलो परिवर्तन गरेर देखाउन सक्षम भएका छन् । त्यस्तै अर्का सदस्य थानेश्वर भुषालले आफुमात्र होइन अरुलाई समेत कसरी रोजगारी दिएका छन् आउनोस एकछिन् यी दुइजनाको कथा अध्ययन गरौं ।

## स्थानीय स्रोतको सदुपयोगमा सक्रिय : अपाङ्ग नेतृत्व

समाजसेवी समूह बाजुङ्ग-२ बाउसे पर्वतमा राडार-नेपाल शिवालय- कुस्माद्वारा २०५३।९।१० मा प्रर्बधन भएको हो। गठनको शुरुवात देखि नै ३१ जना महिलाहरुले नियमित बचत कार्यको थालनी गरेको यस समूहले २०५३।११।२० मा जि.टि.जेड/गै.स.स.कोष परियोजनाबाट घुम्तीकोष राडार-नेपाल मार्फत् प्राप्त गरेको हो । महिला मात्र समूहमा सदस्य रहँदा बचत तथा घुम्तीकोषको ब्यावस्थापनमा कठिनाई परेकाले र हिसाब-किताब गर्नका लागि पुरुष सदस्यहरु थप गर्ने निर्णय भए अनुरुप ४ जना पुरुष सदस्य समेत थप गएिको थियो । समूहमा कार्य सम्पादनलाई सहज बनाउन ५ जनाको कार्यसमिति बनाउने प्रावधान रहेछ। प्रति सदस्य रु. १५ का दरले बचत सङ्कलनबाट सावाँ, व्याज गरी कुल रु. ७६,७३९।- जम्मा भई सकेको छ। यसैगरी प्रति सदस्य कुल बचत मिति २०५९।७।१० सम्म रु. २,०७५।- पुगेको छ । यसै समूहका मेहनती, लगनशिल र अपाङ्ग सदस्य हुन मोहदत्त प्रसाई । उनी समूहमा पछि समावेश भए तापनि समूहलाई योगदान दिने कुरामा भने अग्रस्थानमा नै पर्दछन् । खासगरी समूहमा आय आर्जन क्रियाकलाप सञ्चालन गर्दा स्थानीय स्रोतको बढी भन्दा बढी उपयोग गर्नु पर्छ भन्ने मान्यतामा विशेष जोड दिन्छन् । हाल समूहको अध्यक्षमा समेत सर्वसम्मत मतबाट चुनिएका मोहदत्त प्रसाई समूहसँग सम्बद्ध भइसकेपछि स्थानीय स्रोत उपयोगमा आएको सुधार आफू र आफ्नो समूहका अन्य सदस्यहरुका आर्थिक पक्षमा आएको सुधारलाई आफ्नो जीवनीसँग जोडेर यसरी ब्यक्त गर्नु हुन्छ ।

मेरो जन्म बाजुङ्ग-२, बाउसे टोलमा २००३ साल श्रावण १६ गते भएको हो । बुवा आमाको २ भाई छोरा भएकोमा मेरो दाजुको सानै उमेरमा मृत्यु भएकोले म एक्लो छोरो हुन पुगे । अभिभावक लगायत आफूलाई पनि त्यतिबेला शिक्षाको महत्वबारे जानकारी नभएकोले ३ कक्षासम्म पढेर त्यसपछि घर कै काममा खासगरी खेती पातीमा लाग्न थाले । यसरी समय बित्दैजाँदा २० वर्षको उमेरमा बाँया खुट्टा नराम्रोसँग दुख्ने र बिस्तारै खुट्टा मर्दै गयो र पछि पोखरा अस्पतालमा देखाउन जाँदा खुट्टा नै काटेर फाल्नु पर्‍यो । केही समय थला परिसकेपछि बैशाखीको साहायताले यताउति हिडडुल गरी केही घरायसी काम समेत गर्न थाले । त्यसपछि मेरो विवाह भयो र ३ वटा छोरा र ३ वटी छोरी जन्मिए । तर आफू एकातिर अपाङ्ग छु अर्को तिर अवसर केही छैन र अवसर भएपनि स्रोत छैन । यस्तै नियतिको सामना गर्दै मेरो जीवन अगाडि बढिरहेको थियो ।

२०५२/०५३ तिर वरिपरिका समुदायहरुमा विभिन्न संघ संस्थाहरुद्वारा समूह प्रर्बधन गर्ने होडबाजी चलिरहेको थियो । यत्तिकैमा हाम्रो समुदायको महिलाहरु मिलेर राडार-नेपाल भन्ने संस्थामा अनुरोध गर्न पुगे । शुरुमा राडार-नेपालका केही सरहरु आएर महिला समूह बनाउन सहयोग गर्नु भयो र पछि ती महिलाहरुबाट मात्र समूह सञ्चालन गर्न र आर्थिक कारोबारको हिसाब किताब राख्न केही कठिनाइ भयो र मेरो पनि समूहमा मिलेर सहयोग गर्ने तिब्र इच्छालाई कदर गर्दै समूहमा प्रवेश गरियो । त्यसपछि म अपाङ्ग भएपनि समूहको हरेक क्रियाकलापमा सक्रियरुपमा सहभागी हुन थाले । यसरी २०५४।१२।८मा मैले समूहबाट बाखा पालन ब्यावसायको लागि रु ४,०००।- ऋण पाएँ । त्यस ऋणबाट दुईवटा बाखा किनेर पाले । त्यो बाख्रावाट ३ वर्ष भित्रमा ऋणको साँवा ब्याज तिरेर २३,०००।- खुद नाफा गरें । त्यसबाट मैले घर मर्मत गरी टिनको छाना हालें

जस्मा १६ हजार खर्च भयो । बाँकी नाफाले गोठ र भकारो सुधार गरी व्यवस्थित बनाएँ ।

अपाङ्गको हिसाबले बसेर गर्ने कामको सीप सिक्न धेरै भौतारिए साधारण बाँसका चोयाबाट डोको, डालो, नाग्लो, नाम्लो जस्ता सर-समान बुनाइको काम गाउँका पुराना व्यक्तिहरुसँगबाट अलिअलि सिक्न पुगेको थिए तर त्यसको राम्रो ज्ञान थिएन । समूहमा आवद्ध भइसकेपछि केही पैसा खेलाउन थाल्यौं र यतिकैमा राम्रा बाँसको सामान किनेर घरमा ल्याउने र त्यसलाई फुकाएर पुनः बुन्ने गर्न थाले, जस्ले गर्दा एकातिर सीप हाँसिल गर्न सकें भने अर्को तर्फ स्थानीय रुपमा खेर गइरहेको बाँसजन्य वस्तुहरुको सदुपयोग गर्ने, त्यसबाट आफूले आम्दानी पनि गर्ने र समुदायलाई शिक्षा पनि दिन सकेको छु । अन्तमा त्यो कामलाई मैले व्यावसयिक रुपमा सञ्चालन गर्न थालें । डोका, डाला, नाग्ला, मान्द्रा, भकारी, नाम्लो जस्ता सामान बुनेर वर्षमा १५/१६ हजार थप कमाई गर्न थालें । हुनत म अपाङ्ग भएका कारण अपाङ्ग समाजद्वारा चक बनाउने तालिम पाएको थिएँ तर त्यसबाट राम्रो कमाई भएन र बाँसको समान बनाउने उद्योगतिर लागेँ । अझै बाँसका साना सजावटका सामान बनाउने कामतिर लाग्ने रहर छ र त्यसलाई भविष्यमा पूरा गर्नेछु ।

यसरी पैसाले पैसा तान्छ, सीपले सीप सिकाउँछ, जोसले जाँगर बढाउँछ भने जस्तै मलाई मेरो सफलताले अरु सफलता तर्फ डोराउन थाल्यो । मैले पुनः दोस्रो पटक बाँसको सामान बनाउन कच्चा पर्दाथ खरिद गर्न रु ४,०००।- घुम्तीकोषबाट ऋण लिएँ । त्यसबाट पनि साँवा ब्याज समूहलाई फिर्ता गरी नाफा कमाएँ । त्यसका कमाइबाट बाँसको सामान बनाउने काममा लगानी गरेको छु । यसै गरी बाख्रापालन व्यवसायलाई निरन्तरता दिन २०५९।६।१५ मा रु.२,०००।- पुनः बचत कोषबाट ऋण लिएर काम गर्दैछु ।



समूहको बैठकको लागि घरबाट निस्कदै मोहदत्त प्रसाई

यसरी मोहदत्त प्रसाई आफ्नो सफलताको कथालाई व्यक्तगरी सकेपछि आफू अपाङ्ग हुनुमा कत्ति पनि हिनताबोध मान्दैनन् । उनी आफू सरहका अपाङ्गद्वारा समाजले जति पाएको छ त्यो भन्दा बढी आफू अपाङ्ग भएर पनि दिन सकेकोमा गौरव गर्छन् । उनले अहिले आफ्नो घर व्यावहार चलाउन मात्र हैन पूरै समुदाय र छिमेकी समुदायमा समेत समूहमा लाग्नु पर्छ, समूहमा लागेपछि आफ्नो मात्र होइन सबैको उन्नति गर्न सकिन्छ भन्ने गर्दछन् । उनको छिमेकी गाउँमा समेत समूह प्रवर्धन गर्न चलाउने तिव्र इच्छा छ । हाल केही समय अघिदेखि समूहको अध्यक्ष पदमा समूहका सम्पूर्ण सदस्यहरुले सर्वसम्मत ढंगले चुनेर राखेका छन् । त्यसप्रति उनी अत्यन्त सन्तुष्ट र आभारी पनि बनेका छन् । यसैगरी उनी मात्र होइन् उनका परिवारका अन्य सदस्यहरु २ वटा छोराहरु जो कक्षा ६ र ९ मा अध्ययन समेत गरी रहेका छन् उनीहरुले आफ्ना बुबाको हरेक उद्देश्यमा आफ्नो तर्फबाट सहयोग पुऱ्याई रहेका छन् । मोहदत्त प्रसाईको अगुवाइमा गर्न लागिएका समूहका धेरै क्रियाकलापहरु सफल भएका छन् । जस्तै मन्दिर निर्माण, सामुदायिक वन हस्तान्तरण र बृक्षारोपण आदि कार्यमा समूह र समूह बाहिरबाट समेत महत्वपूर्ण सहयोगहरु जुटेका थिए । तसर्थ उनीलाई समुदायद्वारा एक अपाङ्गको रुपमा मात्र नहेरी एक सफल नेतृत्व, सफल व्यावसायिक, एक स्थानीय स्रोत

प्रेमी आदिका रुपमा हेरिने गरिएको छ ।

## तीन जनालाई रोजगारी दिन्छन् - थानेश्वर भुषाल

पर्वत जिल्लाको मुडिकुवा गा.वि.स.का २०५० सालमा स्थापना भएको पर्वत सामुदायिक विकास समाज २०५२ सालदेखि सक्रिय रुपमा स्वालम्बनको क्षेत्रमा काम गरिरहेको संस्था हो । स्थानीय स्रोतको पहिचान, व्यावस्थापन र सदुपयोगमा विशेष जोड दिदै आएको यस संस्थामा सर्वसाधारण जोसुकैले सामान्य जानकारी र ज्ञानबाट पनि देख्न र बुझ्न सक्दछ स्थानीय स्रोतको उपयोग र ब्यावस्थापन कसरी गर्नु पर्दो रहेछ भनेर । अर्थात प्राकृतिक स्रोतको उपयोग गर्नु नै यस संस्थाको पहिचान बनेको छ । यस संस्थालाई स्थानीय स्रोतसँग परिचित बनाउने यस संस्थाका संस्थापक सदस्य हुन् थानेश्वर भुषाल जो नमूना स्थानीय स्रोत सदुपयोगकर्ता तथा उद्योगकर्ता ।



नर्सरीको विरुवाहरुमा रोग लागे नलागेको निरीक्षण गर्दै थानेश्वर भुषाल ।

२०२७ सालमा पर्वत जिल्लाको मुडिकुवा गा.वि.स.-६ सिर्सवामा बुवा टिकाराम को जेठी श्रीमती तुलसी देवीको कोखबाट जन्म भएको थियो। २०३५ सालबाट कान्छी आमाको परिवारलाई लिएर बुवा तराई गएपछि आमाको माया र स्नेहले बाल्यकाल पार गरे। उनले २०४६ सालमा एस. एल. सी. पास गरे पश्चात् उच्च शिक्षा पढ्न शुरुगरे तर विभिन्न पारिवारिक कारणले गर्दा असफल भए । यसरी शिक्षाको क्षेत्रबाट फर्किएपछि घरको जिम्मेवारी लिन बध्य भए र २०४९ सालमा बिवाह गरे । बिवाहपश्चात् थप उत्तरदायित्वको महसुस गरी नेपालका विभिन्न जिल्ला मुस्ताङ्ग, काठमाँडौ, पोखरा जागिरका लागि २०५१ सालसम्म भौतारिए । त्यतिबेला कष्ट र दुःख त पाए नै ३० हजार घरको रकम समेत खर्च गरी सकेका थिए । अन्तत पर्वत जिल्लाको जिल्ला सिंचाई कार्यालयमा सुपरभाइजरको जागिर खाए तर केही समयपछि निक्लन बाध्य भए। जागिर खाने क्रममा विभिन्न कार्यालयहरुबाट विशेषगरी जिल्ला कृषि कार्यालयबाट कृषि क्षेत्रको तालिमले आफ्नो जग्गा जमिन सदुपयोग गरे बाहिर जानु पर्दैन भनेर गाँउमा बस्ने निधो गरे । त्यसपछि उनले आमा र अन्य ठूला बडाका कुरा सुनेर जागिरको पछि लागेर हिड्न छोडे ।

यसरी जागिर खोज्ने काम छाडेर गाँउमा नै बस्ने गर्न थालेपछि पर्वत सामुदायिक विकास समाजमा सक्रियरुपले लाग्न शुरु गरे । अरुलाई सिकाउने संस्थाले आफूले केही पनि गरेको छैन भन्ने कुरा संस्थामा लागेपछि देखें र महसुस गरे । अरुलाई सिकाउनेले पहिला आफूले नै उदाहरणीय काम गर्नु पर्छ भनेर २०५६ सालदेखि व्यावसायिक रुपमा तरकारी उत्पादन तथा अन्य फलफूलका नर्सरी शुरुवात गरे । जस अनुसार मौसमी र बेमौसमी तरकारी खेतिबाट २५ हजार र नर्सरीबाट ३० हजार सम्म आम्दानी हुन थाल्यो । जस्ले गर्दा उनलाई व्यावसायिक रुपमा यस क्षेत्रमा लाग्न हौसला मिल्यो । पछिल्ला बर्षहरुमा दिगो भू-ब्यवस्थापन कार्यक्रम अन्तर्गत माटो ब्यवस्थापन तालिम, जैविक मल र विषादिको उत्पादन तथा प्रयोगको बारेमा सिक्ने र सिकाउने मौका पाएँ । जसले गर्दा वरपरका गाँउहरुमा उनको राम्रो प्रभाव पर्‍यो । यस कार्यबाट समूह तथा समुदायमा कृषि उत्पादनमा वृद्धि हुन

थाल्नुको साथै स्थानीय रुपमा खेरजाने हरिया प्राङ्गारिक पदार्थहरुको सदुपयोगमा वृद्धि भएको छ। जसबाट आफूले उत्पादन गरेका तरकारीका विरुवा, बिक्री बितरणमा पनि सकारात्मक वृद्धि भएको छ र आम्दानीको हिसाबले १५ हजार जति बार्षिक रुपमा कमाउने गरेका छन् । यसैगरी २०५८ सालमा जि.टि.जेड. गैर सरकारी संस्था कोष परियोजना बाट लब्सी माडा उत्पादन सम्बन्धी तालिम लिएपश्चात् समुदायमा रहेको तर केही उपयोग गर्न नसकेको लब्सीलाई उपयोग गरी समुदायलाई अम्दानीको स्रोत बनाएका र आफूले पनि उद्योग स्थापना गरी काम गरिरहेका छन् । पहिलो वर्ष परीक्षणको रुपमा उत्पादन गरी नेपाल गुणस्तर तथा नाप तौल विभागबाट सम्बन्धित क्षेत्रको प्रमाण-पत्र लिई २० हजार नाफा कमाउन सफल भएका छन्। यसरी २०५९ सालमा व्यापारिक उत्पादन गर्ने लक्ष्य राखी गाउँघर वरिपरी समूह तथा समुदायमा भएको लब्सी खरिद गरी ३ जना कामदारलाई ३ महिनाको लागि राखिसकेका छन् । यस कार्यबाट यो बर्ष सबै खर्च कटाएर १ लाख नाँफा गर्ने लक्ष्यका साथ अगाडि बढेका छन् । यसको अलावा उनको कामबाट प्रेरणा लिई समूह तथा समुदायका सदस्यहरुले नगदेबाली उत्पादनमा जोडदिई व्यापक रुपमा खेती गर्न थालेका छन् । जसका लागि बजारको केही समस्या हुन सक्छ तर उक्त समस्या सामाधानका लागि नगदेबाली अदुवा, बेसार, कफीको प्रशोधन उद्योग छिट्टै स्थापना गर्ने तरखरमा रहेका छन् समुदाय/संस्थाका व्यक्तिहरु । यसैगरी उनी आफैले आफ्नो ५ रोपनी जग्गामा अदुवा, बेसार, कफी, अमृसो र विकासी खनियो लगाएका छन् । यस प्रकार समुदायमा काम गर्न आफू नमूना भएर देखाउनु पर्छ भन्ने मान्यतालाई सावित गरिदिएका छन् थानेश्वर भूषालले ।

संस्थामा एक इमान्दार, अनुशासित र कर्तव्यनिष्ट सदस्य एवं सामाजिक परिचालकको रुपमा देखा परेका थानेश्वर भूषाल आफ्नो सफलताको पछाडि संस्थाको ठूलो योगदान रहेको कुरा ब्यक्त गर्दछन् । संस्थाले प्रदान गरेको हरेक अवसरले गर्दा आफू अहिलेको अवस्थामा पुगेको र आफूले पनि अन्य समूहका सदस्यहरुलाई केही ज्ञान, सीप दिन सकेको कुरा बताउँछन् । खासगरी संस्थाले गर्दा आफ्नो क्षमता अभिवृद्धि र सम्पर्क समन्वयमा ठूलो मद्दत पुगेको छ । यसैगरी आफूले पनि संस्थाको लागि ठूलो योगदान पुऱ्याउने ब्यक्त गर्दछन् जस्तै: संस्थाद्वारा प्रवर्धन गरिएका समूहहरुमा उत्पादन हुने नगदेबाली - अदुवा, बेसार, कफी, लब्सी आदिको बजार ग्यारेण्टी दिने उनीहरुलाई आफ्नो कृषि उत्पादन क्षमता अभिवृद्धि गर्ने र प्राविधिक सेवा स्थलगत रुपमा नै पुऱ्याउने कुरामा आफू सधै तयार रहने कुरा बताउँछन् । यसरी ३ छोरा, १ श्रीमती र आफू अहिले खुसी र सुखी रहेका छन् । हाल सम्मको आम्दानी मध्येबाट १ लाखमा १० रोपनी जग्गा खरिद, ५० हजारमा उद्योग स्थापना र २० हजारमा पुरानो घर मर्मत गरेर थानेश्वर भूषाल व्यवस्थित जीवन बिताएका छन् ।

(घ) सामाजिक चेतना/विश्वास :

- समुदायका हरेक वर्गलाई एकै थलोमा बराबरी स्तर (Position) मा उभ्याउन सफल भएको छ । जस्तै: समूहमा महिला पुरुषको हैसियत समान छ, दलित जनजातिको हैसियत पनि कम छैन । सबै एकै समूहमा बसी एकले अर्कोलाई सहयोग गरेका छन् र हामी सबैको समान सह-अस्तित्व छ भन्ने कुरालाई स्वीकार गरेका छन् ।
- थोरै-थोरै बचत गरेर पनि धेरै हुँदो रहेछ भन्ने कुराको विश्वास बढेको छ ।
- हाम्रो आफ्नै सहकारी बैंक छ भन्ने आत्मगौरव ।
- "गरेपछि के हुँदोरहेनछ त" सामुहिक प्रयास भयो भने जेमा पनि सफलता प्राप्त गर्न सकिन्छ भन्ने आत्मविश्वासमा वृद्धि । यो कुरालाई कपिलवस्तु जिल्लाको मैया वि.क. नामकी महिला हिजो अपहेलित थिइन्, दलित र विपन्न थिएन् तर आज उनी टाएल उद्योग र एउटा ट्याक्टरको मालिक बनेकी छन्, सबैले उनलाई नमस्कार गर्दछन् ।
- दिगो विकासको मूलमन्त्र बचत हो भन्ने कुरा व्यवहारमा प्रमाणित भएको छ ।

### ३. स्थानीय सहयोगी संस्थातहमा :

स्थानीय सहयोगी संस्थातहमा पनि आज आकाश र जमिनको फरक देखिएको छ । हिजो दोहोरी गीत गाउन हिड्ने संस्थाका प्रतिनिधिहरु, फुटवल र भलिबल आयोजना गर्ने संस्थाहरु आज स्वावलम्बन प्रबर्धका लागि गाउँ-गाउँ, वस्ती-वस्तीमा पुगेर जनतालाई ब्युझाउन थालेका छन् समूह गठन गरेर । समूहलाई संस्थागत विकासका साथै स्वावलम्बी योजना बनाई जीवन स्तरमा सुधार ल्याउनका लागि । अर्को तर्फ उनीहरुको आफ्नै पनि संस्थागत क्षमता वृद्धि भएको छ । दिगो आर्थिक स्रोतको अलावा भौतिक पूर्वाधार जुटाउनुका साथै समुदाय र स्थानीय सर कारको विश्वास जीत्न समेत सफल भएका छन् । यो तहमा पनि भएको व्यापक परिवर्तनलाई निम्नानुसार हेर्न सकिन्छ ।

**(क) संस्थागत विकास र व्यवस्थापन :**

- पर्वत र कपिलवस्तुमा गरी ३५ वटा सहयोगी संस्थाले करिव ६०० स्वावलम्बी समूह गठन, प्रबर्धन गरेर ती समूहको संस्थागत विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्न नियमित स्थलगत सहयोग पुऱ्याइरहेका छन् ।
- सम्पूर्ण स्थानीय संस्थाहरु दैनिक/नियमित कार्यालय सञ्चालन गर्न थालेकाछन् ।
- विधान बमोजिम नियमित बैठक तथा साधारण सभा बस्दछ।
- हरेक संस्थामा दक्ष व्यावसायिक मानवीय स्रोतको विकास र परिचालन भएको छ ।
- हरेक कार्यक्रमहरु चुस्त, दुरुस्त स्फूर्त रुपमा व्यवस्थापन गर्न सक्षम छन् भने हरेक कार्यक्रममा पारदर्शिता छ ।
- प्रायजसो संस्थाहरुमा दोस्रो पुस्ताको नेतृत्व विकास भएको छ साथै प्रजातान्त्रिक परिपाटीबाट नेतृत्व परिवर्तन पनि भैं रहेको छ ।
- संस्था व्यवस्थित रुपमा सञ्चालन गर्न चाहिने आवश्यक नीति-नियम, आर्थिक नियमावली, प्रशासनिक नियमावली, कार्य योजना तयार पारेर सोही अनुसार कार्य गर्न थालेका छन् ।
- लैङ्गिक सन्तुलनका लागि विशेष जोड दिएर महिला सदस्यहरुको संख्यमा वृद्धि, क्षमता अभिवृद्धि गरी परिचालनमा लागेका छन् ।
- हरेक कार्यमा जनसहभागिता त्यसमा पनि दलित, महिला, विपन्न वर्ग, तराइबासी समुदायको प्रतिनिधित्व गराउनु पर्छ भन्ने कुराको महसुस गरी त्यसमा विशेष जोड दिन थालेका छान् ।
- प्रायजसो संस्थाले कार्यालय तथा कार्यक्रम सञ्चालन गर्न कर्मचारीको व्यवस्था गर्न थालेका छन् र क्रमश: आफ्नै भवन, भौतिक पूर्वाधार को व्यवस्था गर्ने कार्यको शुरुवात गर्न थालेका छन् ।
- केही संस्थाहरुले आफू जस्तै स्थानीय सहयोगी संस्थाको विकास गर्न सहयोग पुऱ्याएका छन् । जस्तै: कपिलवस्तुमा सिद्धार्थ सामुदायिक विकास केन्द्रले मिर्मिरे कपिलवस्तु र शरद समाज संस्थालाई संस्था गठन देखि स्थानीय सहयोगी संस्था (LSO) सम्म आइपुग्न सहयोग पुऱ्याएको छ । त्यस्तै अन्यत्र पनि छ।

यहाँ संस्थागत तहमा आएको परिवर्तनको बारेमा तीनवटा संस्थाका सफलताका कथाहरु राखिएको छ । हुनत कपिलवस्तुमा २३ वटा र पर्वतमा १८ वटै संस्थाहरु सक्षम बनेका छन् । तथापि प्राविधिक कारणले गर्दा सबैलाई राख्न नसकिने भएकोले तीनवटालाई मात्र समावेश गरेका छौं । यिनीहरुको अध्ययनबाट पाठक वर्गमा संस्थागत तहमा आएको परिवर्तनलाई केही मात्रामा आँकलन गर्न सहयोग पुग्ने हामीले विश्वास लिएका छौं ।

## स्वावलम्बी समूहबाट स्थानीय सहयोगी संस्था सम्म मिर्मिरे कपिलवस्तु

समूहबाट माथि उठेर कसरी महिलाहरुको मात्र सक्षम स्थानीय सहयोगी संस्था बन्यो मिर्मिरे

कपिलवस्तु आउनुहोस् एकछिन चर्चा गरौं ।

महिला र पुरुष समाजका दुई पाङग्रा हुन् भन्ने कुरा सिद्धार्थ सामुदायिक विकास केन्द्र कपिलवस्तुले २०५३ सालदेखि प्रबर्धन गर्दै आएका समूहहरुले चरितार्थ गरेका छन् । यी समूहहरुको कार्यतन्त्र (SHG -Network) को स्थापना २०५४ साल फाल्गुन महिनामा भएको थियो । यस कार्यतन्त्रमा कपिलवस्तु जिल्लाका बाणगंगा मोतिपुर गा.वि.स.मा गठन भएका समूहहरु पर्दछन् । समूहका सदस्यहरुको आर्थिक, सामाजिक अवस्था कसरी सुधार गर्न सकिन्छ, समुदाय विकासको लागि समूहले के गर्न सक्छ भनेर हरेक महिना बैठक बसी परेका अप्ठ्याराहरुको बारेमा छलफल हुने गर्दथ्यो । सोही क्रममा २०५५ साल भाद्र महिनाको १९ गते १५ जनाको भेलाले समूहमा बसेर सिकेको कुरा हामीले पनि अरुलाई सिकाउनु पर्छ, व्यक्तिगत रुपमा अरुलाई सिकाउनु भन्दा संस्थागत रुपमा सिकाउँदा बढी प्रभावकारी हुँदोरहेछ यस्ता कुराले सहभागिलाई उचित उपायको खोजी गर्न बाध्य बनायो । समूहका प्रतिनिधिमूलक एक महिला संस्थाको स्थापना गर्नं पर्छ भन्ने महसुस गरी ९ सदस्यको तदर्थ समिति गठन गरे। सोही तदर्थ समितिले २०५५ साल मंसिर १ गते जिल्ला प्रशासन कार्यालय कपिलबस्तुमा संस्था दर्ता गर्‍यो । यसको नाम मिर्मिरे कपिलबस्तु र दर्ता नम्बर १५१/०५५/५६ रहेको छ । यो संस्था गठन गर्नमा स्रोत संस्था विजय विकास स्रोत केन्द्रले पनि ठूलो हौसला र टेवा पुर्‍याएको छ ।



मिर्मिरे कपिलवस्तुका सदस्यहरु वार्षिक कार्यक्रमको बारेमा छलफल गर्दै ।

महिलाहरुले पनि प्रेरणा र अवसर पाएको खण्डमा केही गर्न सक्दा रहेछन् भन्ने कुरा स्वावलम्बन प्रबर्धन कार्यक्रम अन्तर्गत आफू समूहमा आवद्ध हुँदा गरेका र बुझेका कुरा गजेहडा गा.वि.स. बार्ड नं. २, हरिहरपुरका सार्कीजातका २३ घर परिवार लाई भेला गराई २०५५ पौष ९ गते दलित जागरण समूह गठन गर्दा अनुभव गरेका छन् । यो समूह गठनगर्दा एक परिवारबाट एक जना सदस्यलाई जानकारी दिनु भन्दा परिवार सबैलाई जानकारी दिन सके प्रभावकारी र दीगो हुने कुरा अध्यक्ष दिलमाया न्यौपाने व्यक्त गर्नु हुन्छ । समूहको संस्थागत विकास एवं सक्रियताबाट प्रभावित भई सोही समूहलाई विजय विकास स्रोत केन्द्रको प्राविधिक सहयोगमा २०५६।८।८ मा जि.टि.जेड. गैर सरकारी संस्था कोष परियोजनाले घुम्तीकोषको लागि रु ३३,०००/- सम्झौता गर्ने भएपछि परिश्रमको फल मिठो हुँदोरहेछ भन्ने लाग्यो र थप समूह प्रबर्धनमा प्रेरणा मिल्यो ।

संस्थाका ६ जना आजीवन सदस्य र ९ जना साधारण सदस्यहरु मध्ये ५ जनाले मात्र एस.एल.सी. पास गरेका छन् भने बाँकी केहीले २/४ अक्षर लेखपढ गर्न सक्ने छन् भने केही ल्याप्चे लगाउने छन् । अन्य निकायको सहयोग र तालिमका माध्यमले यस संस्थाका सदस्यमा काम गर्नं पर्दो रहेछ भन्ने हौसला मिल्यो र सोही अनुसार आयमूलक कार्यक्रम, खानेपानी तथा सरसफाई कार्यक्रम, सीप विकासका तालिम, क्षमता अभिवृद्धि गर्ने तालिम समूह तथा समुदायमा सञ्चालन गरेका छन्। यस्ता कार्यक्रम तथा तालिमले संस्थाको क्रमिक रुपमा आर्थिक, सामाजिक र भौतिक विकास गर्दै समुदाय विकासको लागि निरन्तर लाग्नु पर्ने कुरा सिकेका छन् । त्यसै गरी संस्थाकी सचिव अमृता

पौडेल भन्नु हुन्छ: संस्था हाम्रा छोरा-छोरी जस्तै हो, जति तिनीहरुको माया छ संस्थाको पनि त्यति नै माया छ, संस्थाको विकासका लागि हामी निरन्तर लाग्ने छौं । संस्थाको अनुभवमा स्थानीय निकायको आवस्यकता भन्दा प्रयासलाई वढावा दिनु पर्छ । आफ्नो लागि आफै प्रयास गर्न पर्छ, स्व-प्रतिवद्धताबाट नै अगाडि बढ्ने प्रेरणा मिल्छ भन्ने कुरालाई महत्वपूर्ण ठानेका छन् । लक्ष्यमा पुग्न सदस्य बीच एकता, आत्मविश्वास, आत्मबल, समन्वयको क्रमिक विकास हुनु पर्छ जसरी हामी समूहबाट एउटा सहयोगी संस्थाको रुपमा स्थापित हुन सहयोग पुऱ्यायो । फलस्वरुप स्थानीय स्रोत र साधन पहिचान तथा परि चालनका माध्यमबाट विपन्न बर्गमा पुऱ्याएको, ७ वटा स्वावलम्बन समूहहरु आर्थिक र सामाजिक उन्नतिको लागि क्रियाशील रहेको र केही विषयमा भएपनि तालिम दिन सक्ने जनशक्तिको विकास हुन सकेको छ ।

हाल यस संस्थाले आफ्नो संस्थागत विकास र यस क्षेत्रका विपन्न र अशक्त, असङ्गठित महिलाहरुलाई समूहहरुको प्रबर्धन गरी सहयोग पुऱ्याउँदै आइरहेको छ । विकास अभियानमा यस्ता संस्थाहरुको महत्वपूर्ण योगदान रहेछ भन्ने कुरा देखाउन सफल भएको छ । "मिर्मिरे कपिलबस्तु" विद्यमान विकास अभियानमा महिलाहरुको प्रत्यक्ष सहभागिता बढाउन उनीहरुलाई चूलो चौकोमा मात्र सीमित नराखी अवसर, सम्मान र उत्प्रेणा दिनु पर्छ जसले गर्दा उनीहरु पनि सङ्गठित भई कार्य गर्न सक्छन् र विकास निर्माणामा सहजै सहभागी बन्न सक्छन, आजको खाँचो पूरा गर्न सक्छन् भोलिका लागि बाटो बनाउन सक्छन् भन्ने कुरा मिर्मिरे कपिलवस्तुले देखाएको छ ।

## संस्थागत विकासको नमूना - विकासका लागि वातावरण संरक्षण सेवा-नेपाल (ENPRED-Nepal)

शुरुमा जिल्ला स्तरीय संस्था कसरी स्थानीय स्तरमा परिणत भयो राजनिती छोडेर कसरी समाजसेवाको बाटो लियो भन्ने प्रत्यक्ष उदाहरण बनेको छ इम्प्रेड-नेपाल । यसको बारेमा पनि छोटो अध्ययन गरौं ।

विकासका लागि वातावरण संरक्षण सेवा-नेपाल (ENPRED-Nepal) नेपालमा प्रजातन्त्रको आगमनपछि जताततै गै.स.स. वा सङ्घ-संस्था खोल्ने लहर चलेको थियो, त्यसै क्रममा पर्वत जिल्लाका केही राजनैतिक व्यक्तिहरुको पहलमा यसको जन्म भएको हो । शुरुमा राजनैतिक प्रभाव बढी, जिल्ला स्तरीय कार्यक्षेत्र, नाम, काम र ठाम केही नमिलेको थियो। ७ जना व्यक्ति मिलेर यसको विधिवत् जन्म र संस्कार दिए जि.प्र.का. मा २०५०/११/२२ मा दर्ता गरेर । त्यतिबेला प्रारम्भका २ बर्षमा यसले खासै काम केही पनि गरेन । एक त थोरै सदस्य, तिनीहरु पनि जिल्ला भरिका, कार्य थलो अर्को, यसमा काम गर्ने न त फुर्सद नै न त प्रतिवद्धता नै । करीब २ बर्षसम्म दर्ता भै नवीकरण गर्ने, संस्था छ भन्ने नाम मात्र भयो । तैपनि राजनैतिक निकटताका कारण सांसद एवं जि.वि.स. बाट केही रकम माग गरी सानातिना भौतिक पूर्वाधार, खानेपानी, बाटो मर्मत आदि निर्माण गर्ने कार्य गरेको थियो ।

त्यति बेला नै ७ जना सदस्यहरु भेला हुँदा यसलाई नियमित रुपमा सञ्चालन गर्न कठिनाई भएको सम्पर्क र समन्वयको कमी समितिको बैठक बस्न पनि त्यति सजिलो नभएकोले यसलाई भिन्न किसिमले सञ्चालन गर्नु पर्ने महसुस गरिएको थियो । यसै सिलसिलामा २०५२ सालमा GTZ/NGO FP को स्वावलम्बन प्रबर्धन कार्यक्रम थालनीको क्रममा स्रोत संस्था विजय विकास स्रोत केन्द्रका प्रतिनिधिहरुसँग भेट भयो । सोही कार्यक्रम अन्तर्गत जिल्लास्तरीय गोष्ठी र लेकफाँटमा भएको स्वावलम्बन प्रबर्धन तालिममा संस्थाको तर्फबाट २ जना प्रतिनिधिहरुले भाग लिए । यस बखत यस संस्थाका प्रतिनिधिहरुको आँखा खुल्यो आफ्नौ निश्चित कार्यक्षेत्र हुनु पर्छ, लक्ष्यित समुदाय समेत पहिचान गरी प्रयासको खोजी गर्नु पर्ने र सदस्य पनि राजनैतिक भावनाले प्रेरित भन्दा समाज सेवाको भावनाले उत्प्रेरित हुनु पर्ने

महसुस गरेर बैठक बोलाई यस बारेमा छलफल गरी संस्थाको संस्थागत संरचनामा परिवर्तन गरियो । त्यसपछि यस संस्थाले राजनैतिक बिचारधारा भन्दा संस्थालाई काम लाग्ने स्वयं सेवकको रुपमा समाज सेवा गर्ने रुचि भएका व्यक्तिहरुलाई सदस्य बनायो । कार्य क्षेत्र पनि जिल्ला भरीबाट घटाएर जिल्लाको दक्षिणी भेग लुंखु देउराली कायम गरी जिल्ला स्थित मुख्य कार्यालयलाई कुस्माबाट स्थानीयस्तरमा नै स्थानान्तरण गरियो । सदस्यता दिंदा स्थानीय समुदायका व्यक्तिहरुलाई प्राथमिकताका साथ दलित-४, महिला-९ र, अन्य ३८ गरेर ५१ जना पुऱ्याइयो ।

राजु पौडेल जो संस्थाका वर्तमान अध्यक्ष हुनु हुन्छ उहाँ भन्नु हुन्छ "VDRC/GTZ/NGO FP सँगको सम्पर्कले हामीमा ठूलो आँधीबेरी ल्यायो । सोचाइमा परिवर्तन त आयो नै यसका अलावा हामी बाटो नदेखी रुमलिएर बसेका तमाम संस्थालाई गरिबी विरुद्धको सामाजिक लडाइमा लाग्ने नयाँ बाटो देखायो । पर्वत लेकफाँटमा भएको तालिमले साँच्चिकै हामीलाई मानसिक परिवर्तन गर्नुका साथै जोस उमङ्ग र हौसला प्रदान गऱ्यो यस क्षेत्रमा लाग्नको लागि । "विकासे जल" भनेर तालिमको अन्त्यमा खुवाइएको कालीगण्डकीको जलले अर्को इटा थपेको थियो हाम्रो प्रतिवद्धतामा, लगनशिलतामा र अनि चेतनाको पुञ्जमा ।" यस पछि संस्थाले संस्थागत विकास, स्वावलम्बन प्रबर्धन र बचत परिचालन गर्नमा आफ्नो स्रोत लगायो । फलस्वरुप आज दक्षिणी क्षेत्रमा इन्प्रेड-नेपाल भन्दा समुदायका जो सुकैले पनि चिन्दछन् । दलित, गरिब र महिलाको साथी बनेको छ संस्था । हालसम्म यस कार्यक्रम अन्तर्गत २३ वटा स्वावलम्बी समूहमा GTZ/NGO FP सँग साझेदारी भएकोछ भने समूहले समूहलाई सहयोग गरी थप २ वटा समूहमा पनि आय आर्जनका लागि घुम्तीकोष परिचालन गरिएको छ । बचतको क्षेत्रमा हरेक समूहमा बचत छ संस्थाको आफ्नै बचत कार्यक्रम छ । दक्षिणी क्षेत्रको सबैभन्दा ठूलो र रकममा पर्वत जिल्लामा नै धनी सहकारी पर्दछ "विश्वास बचत तथा ऋण सहकारी संस्था" ।



संस्थाका अध्यक्ष राजु पौडेल समूहका सदस्यलाई सम्झौता पत्र र नगद प्रदान गर्दै ।

भौतिक पूर्वाधारको क्षेत्रमा पनि यस संस्थाले पर्वतमा सबै संस्थाहरुलाई उछिनेको छ । संस्थाको २ वटा सामुदायिक भवन रहेका छन् जसमा स्थानीय स्रोत परिचालनका साथ संस्थाले आन्तरिक रु. ६,५०,०००।- नगद लगानी गरेर निर्माण गरेको छ । प्रशासनिक व्यवस्थापनका लागि कम्प्यूटर, टेलिफोन, फर्निचर आदिका साथै दैनिक कार्यालय सञ्चालन गर्न कर्मचारीको समेत व्यवस्था गरेको छ । संस्थाका सबल पक्षहरुको कुरागर्दा कार्यगत तौर-तरिका पर्दछन् यस संस्थाका । आपसी विश्वास, सामुहिक नेतृत्वशैली र पारदर्शिता सबैले सिक्ने र व्यवहारमा उतार्नु पर्ने पक्ष हुन् । हरेक कार्यक्रम तर्जुमा सहभागितामूलक प्रक्रियाबाट गरिन्छ साथै बजेटको पूर्ण जानकारी समूह संस्था र सम्पूर्ण सरोकारवालालाई दिइन्छ । समुदायको विश्वास यस संस्थाले जितेको छ समुदायप्रति संस्थाको विश्वास र संस्थाप्रति समुदायको आस्था अनुकरणीय कुराहरु हुन् । समुदाय र संस्थाको आपसी विश्वास र सम्बन्ध साथै सहयोगको लेनदेन कस्तो हुनु पर्छ भन्ने कुरा त्यहाँ गएपछि देख्न र अनुभव गर्न पाइन्छ । आन्तरिक पक्षको कुरा गर्दा

सामुहिक कार्यशैली (Team Spirit) ज्यादै राम्रो छ । हरेक सदस्यले एक-अर्कालाई गर्ने सम्मान र विश्वास आपसी सहयोगको लेनदेन अर्को राम्रो कुरा हो ।

समग्रमा भन्नुपर्दा आज राजनीतिकलाई टाढा राखेर सामाजिक परिचालनको माध्यमबाट स्वावलम्बी समाजको सिर्जना गर्न लागि परेकाको छ यो संस्था । विभिन्न कामको अनुभवबाट क्रमशः सम्पर्क र समन्वयमा वृद्धि गरी आफू आफ्ना खुट्टामा उभिएर अरुलाई बाटो देखाउन सक्षम छ विकासका लागि वातावरण संरक्षण सेवा-नेपाल ।

## सन्तुलित संस्थागत विकासको नमूना - सिद्धार्थ सामाजिक विकास केन्द्र

कपिलवस्तु जिल्लाको उत्तर-पूर्वी गा.वि.स. बाणगंगा का केही युवाहरुको पहलमा २०५२ सालमा स्थापना भै २०५३/०२ मा वैधानिकता समेत प्राप्त गरेका सिद्धार्थ युवा क्लब छोटो अवधिमा नै आफूलाई दिगो संस्थागत विकास भएको संस्थाहरुको पङ्क्तिमा उभ्याउन सफल संस्थाको रुपमा चिनिन्छ । संस्थाको स्थापनाकाल वा बाल्यकालमा स्पष्ट लक्ष्य उद्देश्य नहुँदा र सदस्यहरुमा लक्ष्य उद्देश्यप्रति स्पष्ट प्रतिबद्धता नहुँदा, नियमित बैठक हुन कठिन हुने, सूचना र सञ्चारको समेत ठूलो समस्या झेल्नु परेको यस क्लबले शुरुमा अध्यक्ष, सचिवले आफ्नो पैसा खर्च गरेर झोलामा कार्यालय बोकेर हिड्नु पर्ने बाध्यता समेत झेली सकेको छ। समुदायको आर्थिक, सामाजिक, भौतिक, जैविक र सांस्कृतिक पक्षको विकासमा टेवा पुऱ्याउने मूल लक्ष्य क्लबले लिएको भए तापनि स्रोतको अभावमा क्लबलाई खेलकुदको क्षेत्रमा आफूलाई केन्द्रित गऱ्यो र केही मात्रामा भए पनि संस्थाको नाम र युवाहरुको हौसला बढाउने काम खेलकुदले गऱ्यो । यसरी यस अवस्थामा संस्थाबाट गरेका कार्यहरुले राम्रा नराम्रा र तिता-मिठा पाठ भने सिकायो जसले गर्दा क्लबमा केही संस्थागत सुधारहरु गर्नु पर्ने सोच जन्मायो ।



दीर्घकालीन योजना तर्जुमाको बेलामा संस्थाको Vision बारे सदस्यहरु सबैले छलफल गर्दै र सोच्दै ।

संस्था/क्लबमा संस्थागत विकासको व्यावहारिक अनुभव अभ्यासको क्रम चलिरहेकै अवस्थामा २०५३ सालमा नै तत्कालीन विजय युवा क्लब गैंडाकोट र जि.टि.जेड्. गैरसरकारी संस्था कोष परियोजनाको प्रवेश भयो । जुन संस्थाहरुको कार्यक्रम त्यसबेला क्लबको लागि अत्यन्त समय सापेक्ष र सान्दर्भिक थियो । तत्पश्चात् तत्कालै स्वावलम्बन प्रबर्धन तालिमको आयोजना गऱ्यो उक्त तालिमपछि क्लबलाई स्पष्ट बाटो भेटिए जस्तो भयो । क्लबले आफ्नो पुरानो क्रियाकलापहरु जस्तै-खेलकुद तथा सांस्कृतिक कार्यक्रमबाट क्रमश आफूलाई ग्रामीण समुदायको विपन्न, महिला र पिछडिएको वर्गको सामाजिक, आर्थिक उत्थानमा समर्पित हुने निधो गऱ्यो । जसका लागि स्वयं क्लबको संस्थागत क्षमता अभिवृद्धि गर्नु, दक्ष र विषयगत जनशक्ति तयार गर्नु, कार्यान्वयनमुखी योजना तर्जुमा गर्नु, प्रशासनिक व्यावस्थापन क्षमता बढाउनु, समतामूलक समाजमा जोड दिने, लैङ्गिक र जातीय विभेद हटाउने, स्थानीय स्रोत र साधनको परिचालन र व्यवस्थापनमा तालमेल मिलाउने, पुराना रुढीवादी संस्कार र मान्यतासँग जुध्नु र विभिन्न

राजनैतिक अवरोध र आरोहहरुको सामना गर्नु पर्ने जस्ता चुनौतीहरुबाट पार पाउन सजिलो थिएन । यो त एउटा सामान्य मानिसले फलामको चिउरा चपाउनु सरह थियो तत्कालीन सामाजिक, राजनैतिक र आर्थिक परिवेश तर यी सबै क्रिया-प्रतिक्रिया र चुनौतीहरु विस्तारै र निरन्तर सामना गर्दै क्लब आफ्नो एउटा स्पष्ट गन्तव्यतर्फ लागि नै रह्यो ।

क्लबले आफ्नो २०५२-२०५४ सम्मको सङ्घर्षपूर्ण बाल्य कालको अन्तसम्ममा आफ्नो सम्पर्क समन्वय बलियो बनाउन सफल भएको छ जसमा VDRC, GTZ/NGO FP, FINNIDA, NFPN ले क्लबलाई डोऱ्याउन शुरु गऱ्यो । खासगरी VDRC ले स्रोत संस्थाको रुपमा पुऱ्याएको सहयोगले उक्त क्लबलाई उपर्युक्त मार्गदर्शन गऱ्यो । वास्तवमा क्लबले जसरी आफूलाई विकसित गर्न चाहन्थ्यो त्यो मौका VDRC को भोगाइ र सिकाइबाट प्राप्त गऱ्यो । यस अवस्था/अवधिमा उक्त क्लबले स्वावलम्बन प्रवर्धन र सामाजिक परिचालन सम्बन्धी तालिम र अभ्यास विपन्न र पिछडिएको वर्गहरुमा समूह प्रवर्धन, क्लबका सदस्यहरु बीचमा स्वयंसेवी भावनाको विकास र प्रभावकारी टिमको विकास समूह तथा संस्थामा स्वरोजगारी विस्तारको लागि सीपमूलक तालिमहरुको आयोजना, सदस्यहरुको व्यापक सहभागिता हुन शुरु भयो । यसै अवधिमा सामान्य व्यवस्थासहित कार्यालय नियमित सञ्चालन हुन थाल्यो ।

क्लबले आफ्नो संस्थागत विकासको युवा अवस्था २०५५-२०५७ लाई मान्दछ। यस अवधिमा क्लबले महत्वपूर्ण फड्को मार्न सफल भएको छ । जस्तै: स्वावलम्बनको अवधारणालाई संस्था र समूहको हरेक पक्षमा व्यावहारिक रुपले लागु गर्ने, स्थानीय रुपमा स्थापित गैर सरकारी संस्थाहरुको क्षमता विकासमा सहयोग पुऱ्याउने, सशक्त रुपमा विकसित समूहहरुको स्थानीय सहयोगी संस्थाहरुको रुपमा विकास, क्लबबाट सामाजिक विकास केन्द्रमा रुपान्तरित, स्थानीय सहयोगी संस्थाबाट स्रोत संस्थामा विकसित, साना स्वावलम्बन समूहहरुको बचत एकीकृत गरी समूहगत आधारमा बचत तथा ऋण सहकारी संस्था लि. को स्थापनामा पहल, समूह प्रवर्धनमा विविधीकरण, स्थानीय निकायको संस्थागत र नेतृत्व क्षमता अभिवृद्धिमा सहयोग, सम्पर्क समन्वय विस्तार गर्न सफल रह्यो । यसरी क्लबबाट सामाजिक स्रोत केन्द्रको रुपमा विकसित हुने बेला सम्म स्पष्ट रुपमा २ वटा फड्को मारेको यस सिद्धार्थ सामाजिक विकास केन्द्रले आफ्नो तेस्रो फड्को मार्ने बेलासम्म संस्थाले संस्थागत रुपमा गर्नु पर्ने सबै किसिमका विकासलाई छोएको अनुभव संस्थागत विकासका पारखीहरु गर्न सक्छन् । हाल यस संस्थामा संस्थागत विकासका लागि अबलम्बन गरिएका नीतिहरुले उक्त तथ्यलाई प्रष्ट पार्दछ । जस्तै : "स्वावलम्बन विकासको अवधारणालाई हरेक कार्यक्रमसँग आन्तरिकीकरण गरिएको, संस्थामा जनशक्ति विकास गुणात्मक र परिमाणात्मक दुवै तरिकाबाट गरिएको, स्थानीय सरकार आफैले प्रबर्धन गरेका स्थानीय सहयोगी संस्थाको क्षमता अभिवृद्धि कार्यक्रमको प्रभावकारी सञ्चालन, संस्थाको आन्तरिक आर्थिक स्रोत विकासका लागि, आधारभूत पूर्वाधारहरु निर्माण तथा विकास (तालिमहल, तालिमउपकरण आदि), कार्यक्रमको विविधीकरण तथा कार्यक्षेत्रमा विस्तार, सरकारी तथा स्थानीय निकायसँग सम्बन्धमा सुदृढीकरण, सम्पर्क समन्वय र साभ्केदारीमा विस्तार, (CARE Nepal, TLDP, RMDC, UNICEF, MS-Nepal), र संस्थागत रुपमा निरन्तर ध्यान दिनु पर्ने कुराहरुमा, सदस्यहरु तथा कर्मचारीहरुको संस्थाप्रतिको प्रतिवद्धता, नेतृत्व परिवर्तन र विकास, पारदर्शिता निस्पक्षता आदि पक्षहरुमा नेतृत्ववर्ग सचेत र सक्रिय समेत रहेको पाइन्छ ।" यसका अलावा संस्थाले आन्तरिक व्यवस्थापनको लागि विभिन्न एकाई खडा गरेको छ । हरेक एकाइको काम कर्तव्य र अधिकारको प्रष्ट उल्लेख गरी नीति-नियम समेत बनएको छ । हरेक एकाईले आ-आफ्ना कार्यक्रम कार्यसमितिबाट स्वीकृत गराएर काम गर्दछन् । यी सबै एकाई बीच समन्वय गर्न संस्थाको अध्यक्षको संयोजकत्वमा हरेक एकाइका संयोजक सदस्य रहने गरी छुट्टै समितिको व्यवस्था गरेको छ ।

**(ख) स्रोत परिचालन र व्यवस्थापन :**

- ३० भन्दा बढी स्थानीय सहयोगी संस्थाहरुले चल-अचल सम्पत्तिको व्यवस्था गरेका छन् । जस्तैः कपिलवस्तुमा सिद्धार्थ सामुदायिक विकास केन्द्र, कालिका, माउण्ट एभरेष्ट लगायत अन्य संस्थाहरुले आफ्नो कार्यालय भवन, फर्निचर, कम्प्युटर र टेलिफोन समेत व्यवस्था गरेका छन् । त्यस्तै पर्वत जिल्लामा पनि विकासका लागि वातारण संरक्षण सेवा-नेपाल, नव चेतना सामुदायिक विकास केन्द्र, नेस्डो-नेपाल लगायत धेरै संस्थाहरुले भौतिक पूर्वाधार, संस्थाको नियमित आय स्रोतको व्यवस्था, विभिन्न कोषहरु परिचालन गरी आफूलाई सक्षम बनाउन सफल भएका छन्।
- २२ भन्दा बढी संस्थाहरुले संस्थागत विकास तथा नियमित आय वृद्धिका लागि घुम्तीकोष परिचालन गरेका छन् । सो रकम सदस्यहरुको आयवृद्धिमा सदस्यहरु बीचमा नै परिचालन गरेका छन् । यसरी सदस्यहरुको आयमा वृद्धि गर्नुका साथै संस्थाको पनि आम्दानी बढाइरहेका छन् ।
- पर्वत जिल्लामा नव चेतना सामुदायिक विकास केन्द्र, पर्वत सामुदायिक विकास समाज र समाज कल्याण स्रोत विकास केन्द्र नामका ३ वटा संस्थाले आफ्नै पहलमा घुम्तीकोषको स्थापना गरी पालैपालो आफूभित्र चलाएका छन् । यसरी आफ्नै प्रयासमा संयुक्त रुपमा कोष स्थापना गरी परिचालन गरेको यो एउटा विशिष्ट नौलो उदाहरण हो ।
- ३० वटा संस्थाले परियोजनासंगको साझेदारीको समायावधि सकिए तापनि आफूले साझेदारीको लागि सहयोग पुऱ्याएका समूहलाई निरन्तर समूह व्यवस्थापन र परिचालनमा आवश्यक सहयोग (आफ्नै स्रोत र साधन खर्चेर) पुऱ्याइरहेका छन्, बाह्य सहयोग लिएका छैनन् ।
- करिव १५ वटा संस्थाहरुले अन्य दातृ संस्था तथा निकायसँग सम्पर्क र समन्वय गरेर साझेदारीमा कार्यक्रम सञ्चालन गरी आर्थिक विकास र विविध कार्यक्रम कार्यान्वयन गर्न सक्षम भएका छन् ।
- ६ वटा संस्थाले अन्य वित्तीय संस्थासँग साझेदारी गरी आर्थिक मध्यस्थकर्ता संस्थाको रुपमा काम गरिरहेका छन् ।
- प्रायजसो संस्थाले आफ्नै संस्थाको पहलमा बचत कार्यक्रम सञ्चालन गरेका छन् ।
- कतिपय स्थानमा समूह तथा संस्थाहरुले Recycling जस्ता कार्यक्रम सञ्चालन गरेर आय आर्जन, वातावरण संरक्षण समेत गरेका छन् ।

## स्थानीय स्रोत परिचालन र व्यवस्थापनमा अग्रसर - कालीगण्डकी ग्रामीण विकास प्रबर्धन केन्द्र (KRDPC)

पर्वत जिल्लाको लेखफाँट तथा सालिजा गा.वि.स. का केही युवाहरुले जिल्लाव्यापी रुपमा गैर सरकारी संस्था (क्लब) आमा समूह र यस्तै अन्य सामाजिक विकासमा लागि पर्ने सङ्घ संस्थाको स्थापनाको लहरसँगै २०५१/०८/२२ गते गाउँमा युवाहरुको एउटा भेला बोलाएर उक्त भेलाले कालीगण्डकी युवा क्लब खोल्ने निर्णय गऱ्यो । तत्पश्चात् विधान तयार गरी २०५१/०९/०९ गते जिल्ला प्रशासन कार्यालयमा क्लब दर्ता भयो । क्लब दर्तासँगै अब क्लबको विधानमा उल्लेख भए बमोजिमका उद्देश्यहरु कसरी पूरा गर्ने ? कार्य योजना कसरी तयार पार्ने ? आर्थिक तथा अन्य स्रोतहरु कहाँबाट जुटाउने ? जस्ता प्रश्नहरुले सताउन थाल्यो । तैपनि युवाहरुको जोश, जाँगर र विवेकले जे-जस्तो गर्न सक्छौ गरौं भन्ने सोचले शुरुमा क्लबका सबै सदस्हरु मिलेर खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरुमा सहभागी हुने, प्रतिष्पर्धा गर्ने र खेलकुद र अन्य सांस्कृतिक कार्यक्रम स्वयं आयोजना समेत गर्न थाल्यो । जसले गर्दा वरिपरिका आफ्नो कार्य क्षेत्रमा क्लबको नाम र छवि उज्यालो पार्न सफल भयो । वरिपरिका युवा तथा सामाजिक सेवाको भावना भएका प्रौढहरु र अन्य विभिन्न

पेशामा संलग्न व्यक्तिहरु समेतलाई क्लबमा आकर्षिकत गर्न सक्यो जसको फलस्वरुप शुरुमा १०-१२ जनाको सदस्यताबाट ३५ जना सदस्यहरु क्लबमा आवद्ध भए।

यसै क्रममा २०५२ पौषदेखि तत्कालीन विजयं युवा क्लब र GTZ गैर सरकारी संस्था कोष परियोजनासँग सम्पर्क हुन गयो । त्यसपछि क्लबको सदस्यहरुमा समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक विकासप्रतिका धारणा र चेतनाको विकासले एक फड्को मार्न सफल भयो। उक्त समय पछि उपरोक्त परियोजना तथा स्रोत संस्थासँग निरन्तर सम्पर्क समन्वय बढ्न थाल्यो । यसै क्रममा स्वावलम्व प्रयासहरुको प्रबर्धन कार्यक्रम बारे विभिन्न चरणमा जानकारी गराइयो र हामीहरु स्थानीय समुदायको स्वावलम्बन प्रयासहरुको प्रबर्धन गर्ने, स्थानीय स्रोतको पहिचान, परिचालन र व्यवस्थापनमा सघाउने, स्थानीय समुदायमा आधारित सङ्गठन सुदृढीकरण गर्ने र स्वयं आफ्नो क्लबको दिगोपनाको लागि संस्थागत सुदृढीकरणमा जोड दिने कुरामा क्लब सहमत भयो र परियोजना कार्यान्वयनमा साझेदारी भयो ।



स्थानीय स्रोत परिचालन गरी आयमूलक कार्यक्रम अन्तर्गत सुंगुर पालन गरेकी समूहकी सदस्य सुंगुरलाई दाना दिँदै ।

यसरी क्लबले आफूलाई खेलकुद र सांस्कृतिक गतिविधिबाट विस्तारै सामुदायिक विकास (जसमा स्थानीय स्रोत परिचालन, स्वरोजगार र आय आर्जन पर्दछन्) मा समर्पित गऱ्यो । जस अनुरुप २०५३ सालको शुरुमा नै यस क्लबले लेखफाँट-२ मा ग्रामीण महिला विकास फोरम (जुन पहिले नै संस्था सँगसँगै जि.प्र.का.मा दर्ता भयो) सँग घुम्तीकोष सम्झौता गऱ्यो । यसरी संस्थाले एकपछि अर्को गरी लेखफाँट तथा सालिजा जस्तो जिल्लाभरिमा नै विकट र दुर्गम मानिने भेगमा समूह विस्तार गर्ने काम जारी राख्यो । समुदायमा एक्ला-एक्लै रुपमा छरिएर रहेका व्यक्तिलाई सङ्गठित गर्ने, विशुद्ध दलित समूह ३ वटा र अन्य मिश्रित जातिहरुको १३ वटा गरी २०५८ साल सम्ममा १६ वटा स्वावलम्बन समूह उक्त संस्थाले घुम्तीकोष सम्झौता गरेको छ भने बाँकी १० वटा दलित समूहमा सम्झौता गर्ने तयारी छ। काम गराई र सिकाइको क्रममा उक्त कालीगण्डकी युवा क्लबले आफ्नो कामको प्रकृति र क्षमता विकासको आधारमा आफ्नो नाम परिवर्तन गरी २०५६/०५७ सालबाट कालीगण्डकी ग्रामीण विकास प्रबर्धन केन्द्र राखेको छ जसमा १० महिला र ५० पुरुष गरी ६० जना सक्रिय सदस्यहरु रहेका छन् ।

क्लबले आफ्ना स्थापना सँगसँगै २०५२ सालबाट अथवा स्वावलम्बन प्रयासहरुको प्रबर्धन कार्यक्रमसँग साझेदारीमा आइसकेपछि शुरु-शुरुमा लिएका बचत सम्बन्धी तालिमहरुले कालीगण्डकी बचत तथा ऋण सहकारी संस्था लि. स्थापना गऱ्यो । उक्त सहकारी संस्थामा घुम्तीकोष सम्झौता भएका र नभएका गरी २६ वटा स्वावलम्बन समूह आवद्ध भएका छन् भने केही समूह बाहिरका व्यक्तिहरु समेत व्यक्तिगत रुपमा शेयर सदस्य रहेका छन् । यी सबै गरी ४०० जना सदस्य रहेका छन् । यसरी संस्थाले संस्थाको दिगो विकासका लागि १० जना दक्ष जनशक्ति तथा भौतिक पूर्वाधार विकास (भवन, फर्निचर आदि) को व्यवस्था समेत गरी सकेको छ । संस्थाको सकारात्मक पक्षहरुमा, स्थानीय स्रोतको पहिचान, परिचालन र व्यवस्थापनका विषयमा र स्थानीय रुपमा स्वरोजगारीको सिर्जनाका लागि संस्थाले बेला-बेलामा लघु उद्यम सिर्जना तालिम तथा गोष्ठीहरु आयोजना गर्ने, संस्थाका नेतृत्व

तहका व्यक्तिहरुबाट घर-दैलो भेटघाट कार्यक्रम समय-समयमा राख्ने गरिनु जस्ता छन् । त्यस्तै सीप विकास सम्बन्धी तालिमहरुमा समन्वय गरी बचत तथा ऋण सहकारी संस्थाका १२ जना सदस्यहरु जसमा: फूलमायाँ बुर्जा तथा धनश्री शेर्पाजा समेत पर्दछन् । सीप विकास सम्बन्धी तालिम लिई अहिले आफ्नो सिलाई कटाई व्यावसाय सञ्चालन गरी रहेका छन् । यस्तै क्रममा संस्थाप्रति अत्यन्त सकरात्मक भावना राख्नेहरुमा समाजसेवी मुकुन्द रेग्मी भन्नु हुन्छ "अहिले हाम्रो यस्तो पछिडिएको दुर्गम भेगमा कुनै पनि बैंक तथा वित्तीय संस्था नभएको अवस्थामा यस कालीगण्डकी ग्रामीण विकास प्रबर्धन केन्द्रले स्थानीय रुपमा बचत र ऋणको सेवा पुऱ्याएर स्थानीय सीप र बचतको सदुपयोगमा ठूलो योगदान पुऱ्याएको छ ।" समग्रमा भन्नु पर्दा पर्वत जिल्लाको उत्तरी दुर्गम क्षेत्रमा मानिसहरु एकजुट भै आ-आफ्नै पहल र पौरखमा स्थानीय स्रोत परिचालन गरेर स्वावलम्बनलाई अगाडि बढाउन सफल छ यो संस्था । यसका अलावा प्रजातान्त्रिक नेतृत्वशैली, भौतिक पूर्वाधार विकास, सहभागितामूलक योजना तर्जुमाको माध्यमबाट प्रयास गऱ्यो भने ग्रामीण भेगमा जनता आफैले गर्न सक्छन् भन्ने नमूनाको रुपमा देखा परेको छ कालीगण्डकी ग्रामीण विकास प्रबर्धन केन्द्र ।

**(ग) सामाजिक अवस्थामा चेतनाकरणको माध्यमबाट आएको परिवर्तन :**

- समाजमा विद्यमान रुढीवादी, अन्धविश्वास, छुवाछुतको भावनामा क्रमश: कमी हुँदै गएको छ ।
- महिला बेचबिखन, बेश्यावृत्ति र HIV/AIDS बारे सचेत भै यस्ता कार्यहरु निरुत्साहित भएका छन् ।
- स्वास्थ्य र सरसफाइको क्षेत्रमा जनचेतना बढेको छ ।
- चेतना अभिवृद्धि तथा अन्य कार्यको लागि अरु निकाय/संस्थासँग मिलेर काम गर्न थालेका छन् ।
- स्थानीय तहमा स्वावलम्बनको अवधारणा र बचत परिचालन बारे व्यापक प्रचार प्रसार भएको छ र समुदायले यसमा विश्वास गरेर लागिपर्न थालेका छन् । अर्को शब्दमा भन्नु पर्दा समुदाय स्तरमा यो विषयमा Critical Mass तयार भएको छ।
- हरेक तहमा समुदाय स्तरमा सामाजिक सु-शासनको प्रत्याभूति हुन थालेको छ ।
- संस्थाहरुले दवाव समूहको रुपमा काम गरी सबै पक्षलाई समुदायस्तरमा समुदायसँग मिलेर काम गर्न दवाव दिन थालेका छन् ।

## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरु

१. स्वेच्छिक तथा खुल्ला सदस्यता
२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
३. सदस्यहरुको आर्थिक सहभागिता
४. स्वायत्तता र स्वतन्त्रता
५. शिक्षा, तालिम र सूचना
६. सहकारीहरु बीच सहकारीता
७. समुदायप्रति चासो

# कार्यक्रमको उपलब्धि एवं प्रभाव र असर - तथ्याङ्कमा

| क्र.सं. | विवरण | पर्वत | कपिलवस्तु | जम्मा |
|---|---|---|---|---|
| १. | स्थानीय सहयोगी संस्था | १२ | २३ | ३५ |
| | सदस्य संख्या | ९७९ | ७२१ | १७०० |
| | महिला | ४४२ | २३७ | ६७९ |
| | पुरुष | ५३७ | ४८४ | १०२१ |
| २. | सहकारी संस्था | १८ | २३ | ४१ |
| | दर्ता भएका | १६ | ४ | २० |
| | दर्ता प्रक्रियामा रहेका | २ | १९ | २१ |
| | सहकारीमा सदस्य संख्या | ४६१७ | ८५९३ | १३२१० |
| | महिला | २८२३ | ५५८९ | ८४१२ |
| | पुरुष | १७९४ | ३००४ | ४७९८ |
| | सहकारीमा रकम जम्मा | ९२९७८८१ | ८६५६४१३ | १७९३६२९४ |
| | वृद्धि रकम | १६४२४६१ | ७३४८७३ | २३७७३३४ |
| ३. | स्वावलम्बी समूह | २५७ | ३३८ | ५९५ |
| | साझेदारी भएका समूहको संख्या | १३८ | १३६ | २७४ |
| | साझेदारी नभएका समूहको संख्या | ११९ | २०२ | ३२१ |
| | कुल सदस्य संख्या | ५४३६ | ६९११ | २१३४७ |
| | दलित तथा तराइबासी | १४३६ | ३९३६ | ५३७२ |
| | अन्य | ४००० | २९७५ | ६९७५ |
| ४. | समूहमा औषत सदस्य संख्या | २१.५ | २०.४ | २०.७५ |
| | घुम्तीकोष रकम रु. | ४५०४१३६ | ४६७५२५८ | ९१७९३९४ |
| | घुम्तीकोष रकम वृद्धि | २१७५३७४ | १४७१९२४ | ३६४७२९८ |
| | कुल नगद/जिन्सी/श्रम लगानी | ६६६६२७३ | ३१३११७१ | ९७९७४४४ |
| ५. | कार्यक्रमले समेटेको कुल घरधुरी संख्या | ८२२४ | ९१४६ | १७३७० |
| ६. | लाभान्वित जनसंख्या | ५०१६६ | ६४०२२ | ११४१८८ |

## स्रोत संस्था (विजय विकास स्रोत केन्द्र) मा आएको परिवर्तन र प्रभाव :

### १. कार्यक्रम सञ्चालन/कार्यक्षेत्र :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| केवल गृहजिल्ला नवलपरासीमा मात्र । | राष्ट्रियस्तरमा कार्य सञ्चालन १० भन्दा बढी जिल्ला : पर्वत, कपिलवस्तु, नवलपरासी, पाल्पा, तनहुँ, डोटी, संखुवा-सभा, भोजपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक आदि । |

### २. सक्रिय सदस्य सङ्ख्यामा वृद्धि :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| कुल १५-२० जना मात्र थिए । | कुल ४० जना भन्दा बढी सदस्यहरु छन् । |

### ३. मानवीय स्रोत विकास :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| तालिमको लागि स्रोत व्यक्ति : ३ जना मात्र थिए । (समुदायस्तरमा तालिम गर्न सक्ने विषय : बचत तथा ऋण, लेखा व्यवस्थापन, जनकेन्द्रित विकास तालिम) | ३० भन्दा बढी व्यक्ति समुदायस्तर र राष्ट्रियस्तरमा तालिम गर्न सक्ने (१५ वटा भन्दा बढी क्षेत्र तथा विषयमा) |

### ४. भौतिक पूर्वाधार विकास र विस्तार :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| ❖ १२-६-४ रोपनी जग्गा ।<br>❖ ४.२ हेक्टरमा सिसौ जातको वृक्षारोपण ।<br>❖ १ कार्यालय भवन ।<br>❖ १ तालिम हल । | ❖ भौतिक सामग्रीको व्यवस्था गरिएको छ ।<br>❖ २ वटा आधुनिक सुविधा सम्पन्न तालिमहलहरु छन् ।<br>❖ ६० जनालाई खाना बस्न आवासको व्यवस्था छ ।<br>❖ १ डाइनिङ्ग हल छ । ❖ पुस्तकालय भवन छ ।<br>❖ एम्बुलेन्स सेवा सञ्चालन गरिएका छ ।<br>❖ ८ थान कम्प्यूटर, फोटोकपी, टेलीफोन, फ्याक्स को व्यवस्था छ ।<br>❖ ४ थान मोटरसाइकलहरु छन् । |

### ५. कार्यक्रमको प्रकृति :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| स्वयंसेवी रुपमा बढी सेवा तथा राहतमूलक, सीमित आयमूलक कार्यक्रम मात्र सीमित थियो । | व्यावसायिकीकरण र प्रक्रियागत रुपमा सहयोग, एकीकृत तथा दिगो विकासतर्फ उन्मुख |

### ५. कार्यक्रमको प्रकृति :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| करिव ५०० घरधुरी मात्र समेटिएको थियो । | करिव ३० हजार घरधुरी समेटन सफल |

### ७. संस्थाको संस्थागत हैसियत तथा पहिचान :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| स्थानीय सहयोगी संस्था (LSO) मध्यस्थकर्ता संस्था (IO) । | राष्ट्रिय रुपमा स्रोत संस्थाको रुपमा स्थापित भएको छ । |

## ८. दस्तावेजीकरण र प्रतिवेदन :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| ❖ लिखित रुपमा नीति-नियम थोरै थिए ।<br>❖ हिसाब किताब दोहोरो लेखा प्रणालीमा थिएन ।<br>❖ प्राय: सबै कार्यक्रहरुको लिखित दस्तावेज तयार पारी सुरक्षित राख्ने चलन थिएन ।<br>❖ संस्थागत वस्तुगत विवरण (Profile) थिएन । | ❖ प्रष्ट आर्थिक, प्रशासनिक र मानवीय स्रोत व्यवस्थापन नीति-निर्माण र कार्यान्वयन ।<br>❖ दोहोरो लेखा प्रणालीमा हिसाब किताबको व्यवस्था ।<br>❖ हरेक कार्यक्रमको लिखित व्यवस्थित दस्तावेज छ ।<br>❖ संस्थाको संस्थागत विवरण समय-समयमा परिमार्जन ।<br>❖ उप-समिति गठन र प्रष्ट कार्य विभाजन ।<br>❖ चेतना सदन विकास तथा विस्तार नीति तयार |

## ९. अनुगमन र मूल्याङ्कन पद्धति :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| ❖ स्पष्ट अनुगमन र मूल्याङ्कन पद्धति थिएन । आफ्नै किसिमले अनुगमन र मूल्याङ्कन गरिन्थ्यो। कहिले काहिँ दातृ संस्थाहरुले दिएको मार्गनिर्देशका आधारमा गरिन्थ्यो । | ❖ अनुगमन तथा मूल्याङ्कन इकाई गठन ।<br>❖ नियमित अनुगमन र मूल्याङ्कन परिपाटीको विकास ।<br>❖ मूल्याङ्कनमा सहभागितामूलक एवं स्व:मूल्याङ्कन पद्धतिको विकास र प्रयोग ।<br>❖ अनुगमन मूल्याङ्कनको पृष्ठपोषण तुरुन्त कार्यान्वयन । |

## १०. विभिन्न कोषहरुको स्थापना :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| ❖ खासै कुनै कोषको व्यवस्था थिएन । खोजेर तथा अन्यत्रबाट प्राप्त गरेपछिमात्र काम गरिन्थ्यो । स्थानीय समुदायहरुसँग चन्दा, अन्य सहयोग लिएर काम गर्ने परिपाटी बढी मात्रामा थियो । | ❖ आफ्नै प्रयास र पहलमा स्वावलम्बन कोषको स्थापना ।<br>❖ स्वास्थ्य कोष स्थापना ।<br>❖ संस्थागत विकास कोष स्थापना ।<br>❖ विजयश्री साहित्य र समाज सेवा पुरस्कार कोष स्थापना । |

## ११. सम्पर्क र समन्वय विस्तार :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| ❖ जि.वि.स., गा.वि.स., जिल्ला वन कार्यालय, साप-नेपाल, सि.सि.ओ., सामुहिक अभियान र स्थानीय सङ्घ-संस्थाहरु । | ❖ जि.वि.स., गा.वि.स., साप-नेपाल, सि.सि.ओ., सामुहिक अभियान, जि.टि.जेड्./गै.स.स. कोष परि योजना, ISCL, कामका लागि खाद्यान्न, प्लान, डेनिडा, फिनिडा, फण्ड बोर्ड, केयर नेपाल, NACRMP, AHI-जापान, हेल्भेटास लिङ्क, विश्व श्रम सङ्गठन (ILO), Action-Aid Nepal आदि । |

## १२. स्रोत परिचालन :

| पूर्व अवस्था | वर्तमान अवस्था |
|---|---|
| आन्तरिक : २,००,०००।-<br>बाह्य : ५,००,०००।-<br>कुल : ७,००,०००।- | आन्तरिक : ७३,८१,८०५।००<br>बाह्य : २,२१,४४,४८२।९३<br>कुल : २,९५,२६,२८७।९३ |

# मुख्य मुख्य सिकाइहरू
# (Major learnings)

यस कार्यक्रममा हामीले धेरै कुरा सिकेका छौं । त्यो सबै यो छोटो अध्यायमा पक्कै पनि समेट्न सकिदैन । कार्यक्रम शुरु देखि यहाँसम्म आइपुग्दा हामीले कतिपय पहिलाका हाम्रा अनुभवहरुलाई अझ बढी खारेका छौ भने कतिपय नयाँ मूल्य र मान्यता स्थापित गर्दै नयाँ कुराहरु सिकेका छौं । यी कुराहरु हामीले कामको अनुभवबाट आर्जन गरेका हौं । हामीले दिगो विकासको क्रममा विभिन्न विधिहरुको प्रयोग गरेर हेर्‍यौ जबसम्म स्थानीय समुदाय अन्तरआत्मादेखि कार्यक्रम हाम्रो हो र यसमा लाग्नु पर्छ भन्ने भावनाले जुट्दैनन् तब सम्म बाहिरियाले सहयोग पुर्‍याउदैमा केही हुँदैन । यसका अलावा "हिड्नेको बाटो बस्नेको माटो" भने झैं स्थानीय परिवेशका ज्ञाताहरु त्यहिका जनता नै हुन्छन् । बाहिरिया व्यक्तिलाई सबैकुरा थाहा हुँदैन त्यसैले हामी जहाँ जाँदा पनि स्थानीय जनताको सहभागिता बिना दिगो विकासको कल्पना सम्म पनि गर्न सक्दैनौ । अझै वास्तविकता के हो भने स्वावलम्बन प्रर्बधन कुनै विकासे परियोजना, दुई दिनको रमझम नभएर एकप्रकारको आफुले आफूलाई नै परमुखी भावनाबाट छुट्कारा दिलाई आफ्नै पौरख र गौरवमा बाच्ने प्रयास गर्ने एक प्रकारको अभियान हो । यसले हासिल गर्न खोजेको मूलभुत कुरा भनेको विपन्न, छेउलागेका, दलित उपेक्षित महिला तथा ग्रामिण जनतामा "हामी पनि केही हौं र हामीले पनि केही गर्न सक्छौं" भन्ने भावना जागृत गराएर स्वावलम्बी भावना र बानीको विकास गराएर सोही अनुसारको आचरण व्यवहारमा जीवन्त गराउनु हो । यो कार्यक्रममा कती लगानी भयो, कती वटा भौतीक पूर्वाधार निर्माण भए, कति वटा समूह बने, कति आम्दानी र खर्च भयो भन्ने कुरा चासो र महत्वको विषय होइन । यसको चासो त स्वावलम्बनको अवधारणा, यसको धर्म, कर्म र मर्म ती समुदाय स्तरमा कुन हदसम्म कति गहिरो आत्माको भित्री तहसम्म जाग्न सक्यो, व्यवहारमा के-कति परिवर्तन आयो र उनीहरुको जीवन शैलीमा तात्विक भिन्नता आयो वा आएन भन्ने हो । स्वावलम्बन प्रर्बधन कार्यक्रमलाई अरु विकासे कार्यक्रम भन्दा आधारभूत रुपमा फरक ढंगले अगाडी बढाई स्वावलम्बी समाजको सृजना गर्नको लागि हाम्रो यो अवधारणाबाट हामी विचलित नभई अझ यसलाई खारेर सबैतीर यो अवधारणा र प्रक्रियालाई लैजानु पर्छ भनी हाम्रो प्रष्ट अडान छ । हामीले यस दौरानमा सिकेका केही महत्वपूर्ण कुराहरु छन् जुन कुरा तपशिलमा बुँदागत रुपमा उल्लेख गरिएको छ ।


- विपन्न तथा ग्रामीण जनताहरुलाई स्वावलम्बी तुल्याउन खेर गईरहेको श्रम, सीप र साधनको समुदाय भित्र नै उचित रुपले परिचालन गर्न सक्नु पर्दछ ।
- आफ्नो काम आफै गर्नु पर्दछ । जबसम्म आफ्नो समुदायमा भएको स्रोत-साधन र सीपको परिचालन सहि किसिमले गर्न सकिदैन तबसम्म समुदायको दिगो विकास हुँदैन । दिगो विकासका लागि विकासका निकायहरुको काम बाटो देखाउनु हो । योजना तर्जुमा कार्यान्वयन, मर्मत सम्भार र मुल्यांकन समुदाय आफैले सहभागितामूलक एवं सो मुल्यांकन गर्नु पर्दछ भन्ने भावनाको विकास हुन्छ । यसले समुदायमा विश्वासको वातावरण सृजना गर्दछ ।
- हरेक कार्यमा कार्य पद्धति अवलम्बन गर्दा सामुहिकता, पारदर्शिता, सु-शासन, कार्यक्रम सफलताको मेरुदण्ड हुन् । यी कुराहरुलाई यथार्थ व्यवहार मा उतार्न सकेमा समूहमा विवाद कम हुन्छ । हामी र हाम्रो भन्ने भावनाको विकास हुन्छ साथै सबैले जिम्मेवारी लिन हिचकिचाउदैनन् ।
- दिगो विकासका लागि समुदाय आफै उठ्नु पर्छ । बाहिरीयाले त जनताको अभियानमा सहयोग मात्र पुर्‍याउन सक्छ ।
- स्थानीय परिवेशका ज्ञाता स्थानीय जनता नै हुन्छन् अरु कोही होइनन् ।
- बाह्य सहयोग समुदायको माग र अवस्था अनुसार आवश्यक मात्रामा सहयोग गर्नु पर्छ । अनावश्यक र समुदायले धान्न नसक्ने सहयोग र कार्यक्रम दिनु हुँदैन ।

- समूहको संस्थागत विकास तथा दिगो विकासका लागि क्षमतावृद्धि, आजआर्जन र भौतिक पूर्वाधारको विकास समन्वयात्मक रुपमा सँगसँगै क्रमशः अगाडि बढाउनु पर्छ ।
- राहत र सामग्री दिने प्रथा भन्दा प्रक्रियागत विकासमा सहयोग पुऱ्याएर जनतालाई प्रत्यक्ष संलग्न गराएमा जनताले त्यसलाई आफ्नो ठान्दछन् । जनताको आत्मबल बढ्दै जान्छ ।
- स्थानीय स्रोत परिचालनले स्वावलम्बनलाई बढावा र प्रोत्साहित गर्दछ ।
- पैसा सबैथोक होइन केवल साधन मात्र हो भन्ने कुरा व्यवहारमा प्रमाणित ।
- "उद्देश्य के लिनु उडी छुनु चन्द्र एक" भने झैं बिचार ठूलो लिनुपर्छ तर कामको थालनी सानोबाट गर्नु पर्छ यसबाट सफलता हात लाग्दछ । यसले समुदायको आत्मबल र हौसला बढाउँदछ । Small is beautiful but big is necessary भन्ने कुरालाई व्यवहारमा उतार्दै लग्नु पर्दछ ।
- समानुपातिक सामाजिक तथा आर्थिक विकासको लागि सामाजिक विकास संस्था र सहकारी संस्थालाई सँगसँगै विकास र परिचालन गर्दै अगाडि बढाउनु पर्छ ।
- संस्था/समूह अगाडि बढाउनको लागि मानवीय स्रोतको महत्वपूर्ण हात रहन्छ ।
- मानवीय स्रोत विकास सँगसँगै परिचालन गर्न सक्नु पर्छ अन्यथा पलायन हुने खतरा भै रहन्छ ।
- नियमित सम्पर्क र समन्वयले सम्बन्धमा सुधार ल्याउँछ आपसी सङ्का निवारण गर्छ ।
- निरन्तर दोहोरो सहयोगको लेनदेनले एक आपसमा विश्वास पैदा गर्दछ ।
- दिगो विकास एवं स्वावलम्बनका लागि कुनै एउटा कार्यक्रम मात्र गरेर पुग्दैन शुरु देखि नै कार्यक्रममा विविधीकरण र एक आपसमा समन्वय गरी एकीकृत रुपमा लैजानु पर्छ ।
- बचत नै स्वावलम्बनको मूल आधार हो ।
- आयवृद्धि हुँदैमा समुदायको जीवन स्तरमा परिवर्तन हुन्छ भन्ने छैन । दुरुपयोग पनि हुन सक्छ । त्यसको उपयोग/प्रयोगमा विशेष ध्यानदिनु पर्छ ।
- महिलाहरुको चेतनावृद्धि र अवसरको सिर्जना नभएसम्म घरपरिवारको आर्थिक अवस्था एवं जीवन स्तरमा सुधार आउँदैन । त्यसका लागि महिलाहरुलाई शुरु देखिनै सशक्तीकरण गर्दै लैजानु पर्छ ।
- गरिबी कम गर्ने भन्न जति सजिलो छ व्यवहारमा गरेर देखाउन सजिलो छैन । तसर्थ कार्यनीति अवलम्बन गर्दा होस पुऱ्याउनु पर्छ ।
- गरिब, विपन्न र दलितवर्ग समाजको भित्री (तल्लो) घेरामा बसेका हुन्छन् । तिनीहरुसँग पुग्न सजिलो छैन । पुगे पनि चेतना जगाई सशक्तीकरण गरी अरु समान समुदायमा सम्मानित गराउन ठूलो लडाई लड्नु पर्छ । त्यो एक्लै सकिदैन सामुहिक प्रयास हुनुपर्छ र लामो समय लाग्न सक्छ ।
- प्रक्रियागत विकास कार्यले तत्काल प्रतिफल दिँदैन तर कालान्तरमा दिगो र स्थायी हुन्छ ।
- परम्परागत प्रणालीलाई परिवर्तन गर्न सजिलो छैन तर लागिपरेमा रुढीवादी, अन्धविश्वास र कुप्रथालाई हटाउँदै लगेर नयाँ मुल्य र मान्यता स्थापित गर्न सकिन्छ ।
- संस्थागत विकासको लागि निरन्तर शिक्षा, तालिम र अवलोकन भ्रमणको महत्वपूर्ण भूमिका हुन्छ ।
- दिगो विकासको शुरुवात समुदाय जहाँ छ, जुन अवस्थामा छ, जे गर्न सक्छ त्यहींबाट थालनी गर्नु पर्दछ । बाह्य संस्थाले केवल वातावरण तयार गर्ने हो, सहयोग पुऱ्याउने हो आफैले काम गर्ने होइन ।
- बाह्य संस्थाको भन्दा स्थानीय सहयोगी संस्थाको सहयोग र सेवा दिगो र प्रभावकारी हुँदो रहेछ । जस्तैः हाल पर्वत र कपिलवस्तुमा विजय विकास स्रोत केन्द्र फर्केर आएपनि त्यहाँका स्थानीय सहयोगी संस्थाहरु त्यहीं नै छन्, त्यहीं नै रहिरहन्छन् र समूह तथा समुदायलाई सहयोग पुऱ्याइरहन्छन् । किनभने उनीहरु सक्षम भएका छन्, आफ्नो कार्यक्रमलाई विस्तार गर्दै लगेका छन् ।
- समूह गठनको नाममा जथाभावी समूह गठन गर्नु भन्दा पुरानो समूह भएको ठाउँमा त्यसैलाई सुधार गरेर लैजाने र नभएको ठाउँमा मात्र समूह गठन गर्दा समुदाय साथै समूहलाई पनि कम भार र मार पर्दछ । समूह गठन कुनै संस्था, परियोजनाको नभै जनता स्वयंको हुनु पर्दछ ।

# सफलताका कथाहरु
# (Success Case Studies)

## तहगत-संस्थागत विकासको नमूना कालिका स्वावलम्बन सामाजिक केन्द्र

जति बेला युवाहरुलाई पिछडिएको ग्रामीण समुदायको आर्थिक, सामाजिक उत्थानका लागि भन्दा इमान्दार अनुशासित र सङ्गठित भएर खेलकुद तथा विशुद्ध सामाजिक काम गर्न उत्प्रेरित गर्ने तत्कालीन राजनैतिक परिवेशले २०३७ सालमा कपिलवस्तु जिल्लाको तौलिहवा नगरपालिकाका जोशिला युवाहरुलाई कालिका स्पोर्टस क्लबको नामबाट एकतावद्ध र गोलबद्ध हुन अभिप्रेरित गर्‍यो । शुरुका दिनमा उक्त स्पोर्टस क्लबले खेलकुद तथा लोक सांस्कृतिको संरक्षण र सम्बर्धन गर्न आफ्नो सम्पूर्ण युवा शक्तिहरुलाई आकर्षित र केन्द्रित गर्न सफल रह्यो । फलस्वरुप क्लबले आफ्नो पहिचान जिल्लाव्यापी र क्रमशः राष्ट्रियस्तरसम्म पुर्‍याउन सक्यो । क्लबले आफ्ना सदस्यहरुलाई राष्ट्रियस्तरको पहिचान बनाउन सफल बनाउने समयसम्म पनि वैधानिकता पाउन भने सकेको थिएन । क्लब दर्ता गर्ने बारेमा सदस्यहरुमा आवश्यकता र महत्वबारे ज्ञान कम हुनु, दर्ताका लागि सरकारी प्रक्रिया लामो र झन्झटिलो हुनुले गर्दा दर्ता भएको थिएन । यसरी यसले फड्को मार्ने क्रममा देशमा बहुदलीय व्यवस्थाको स्थापना भएपछि राष्ट्रियस्तरमा ग्रामीण समुदायको सामाजिक, आर्थिक र शैक्षिक जागरणमा एकैसाथ उत्थान गर्ने कार्यमा सघाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु यस्तो विकास कार्यमा युद्धस्तरमा लाग्न शुरु भयो । यसै सिलसिलामा कालीका स्पोर्टस क्लबलाई पनि उक्त अभियानमा लाग्न समयले घच्घचायो । यस क्रममा तत्कालीन विजय युवा क्लब गैंडाकोट तथा सामूहिक अभियान काठमाण्डौको संयुक्त आयोजनामा २०५०/०५१ सालमा जनमुखी विकास तालिम गैंडाकोटमा सञ्चालन भयो । जसमा कालिका स्पोर्टस क्लबबाट २ जनाको सहभागिता रहेको थियो । उक्त तालिमपश्चात् एउटा क्लब खेलकुद तथा संस्कृतिको संरक्षणमा मात्र लाग्ने होइन त्यसका अलावा अन्य सामुदायिक विकासमा महत्वपूर्ण सहयोग पुर्‍याउन सक्छ भन्ने धारणामा सकारात्मक परिवर्तन आयो ।



कालिका स्वावलम्बन सामाजिक केन्द्रका सदस्यहरु आफ्नै भवनमा

२०४९ साल देखि २०५१ साल सम्ममा क्लबले सिकेका विकास अवधारणाहरु र भोगाइका आधारमा तथा आफ्नोजस्तै समान व्यवहार, उद्देश्य र क्रियाकलाप सञ्चालन गरेका अन्य क्लबहरुमा आएको परिवर्तन समेतलाई दृष्टिगत गरी २०५० सालमा क्लबलाई जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्ने काम भयो भने २०५२ सालमा कालिका स्पोर्टस क्लबबाट नाम परिवर्तन गरी कालिका स्वावलम्बन सामाजिक केन्द्रको नाममा नामकरण गरियो । २०५३ सालमा क्लबले समाज कल्याण परिषदबाट समेत वैधानिकता प्राप्त गर्‍यो । यसरी क्लबले पुरानो परम्परागत धारणा र सोचाइबाट आफूलाई परिवर्तन गरी विकासको अभियानमा एक

कदम अगाडि सार्न सफल भयो ।


यसरी क्लबले आफूलाई खेलकुद तथा संस्कृतिमुखी क्रियाकलापमा केन्द्रित, सानो कार्यक्षेत्र भित्र सीमित, वैधानिक मान्यता प्राप्त गर्न नसकेको अवस्था, सामाजिक विकासका लागि दक्ष जनशक्तिको कमी, आर्थिक र भौतिक स्रोतको अभाव, संस्था सञ्चालनका नीति-नियमका अभाव, सदस्यहरुमा व्यावसायिक क्षमता तथा दक्षताको कमी, सदस्यहरुमा लक्ष्य तथा उद्देश्यहरुको स्पष्टतामा कमी, योजनागत विकासमा ज्ञानको कमी जस्ता बिकराल चुनौतीहरुको सामना गरी रहेको अवस्थामा २०५२/०५३ देखि विजय विकास स्रोत केन्द्र (VDRC) तथा GTZ/NGO FP सँग संस्थाको साझेदारी हुन पुग्यो । जुन साझेदारीले माथिका चुनौतीहरुसँग जुध्ने तथा समाधान गर्न सक्ने उर्जा थप गऱ्यो । शुरुमा त संस्थाको चुनौतीहरु पहिचान गरी चुनौतीहरुलाई पार लगाउन आवश्यक दक्षता/क्षमता अभिवृद्धिमा स्रोत संस्था तथा परियोजनाले सहयोग पुऱ्यायो किनकि एउटा साना केटालाई एउटा बक्सर सँग लड्न पठाएमा उसको हार निश्चित हुन्छ भने जस्तै हाम्रो समुदायमा भएका ठूला चुनौतीहरुलाई पुराना धारणा, चेतना र दक्षता लिएर काम गर्दा असफल हुने निश्चित हुन्छ । तसर्थ स्रोत संस्था र परियोजनाले पुऱ्याएको क्षमता अभिवृद्धि सम्बन्धी सहयोगले कालिका स्वावलम्बन सामाजिक केन्द्रलाई सामाजिक विकासमा एक फड्को मार्न सहज भयो ।

यसरी कालिका स्वावलम्बन सामाजिक विकास केन्द्र आफ्नो स्थापना देखि तेस्रो चरणमा आइपुग्दा आफूलाई आमूल परिवर्तनको स्थितिमा ल्याउन सफल भएको छ । यस संस्थाले आफ्नो संस्थातग विकासमा हाँसिल गरेका दक्षता र क्षमता विकासले गर्दा एउटा स्थापित स्रोत संस्थाको रुपमा उभिन सफल भएको छ । "जसले कपिलवस्तु जिल्लाकै दक्षिणी क्षेत्र भारतीय सीमावर्ती क्षेत्रमा आफ्नो समूह तथा स्थानीय सहयोगी संस्थासँग साझेदारीमा रहेर काम गरी रहेको छ, जसमा ८ वटा स्थानीय सहयोगी संस्था र ८९ वटा स्वावलम्बन समूह आवद्ध छन् । यसै गरी भोजपुर जिल्लाको दक्षिणी भेगमा समेत स्रोत संस्थाको रुपमा कार्यरत रहेको यस संस्थाले उक्त जिल्लामा १० वटा स्थानीय सहयोगी संस्थाको क्षमता अभिवृद्धि र तिनीहरु मार्फत् ६९ वटा स्वावलम्बन समूह प्रवर्धन गर्न सघाएको छ । यसका अलावा संस्थाले आफूलाई समेत विविध पक्षमा सुदृढ र सबल बनाउन सफल रहेको छ । संस्थाको समेत पहिचान हुने गरी २ वटा बचत तथा ऋण सहकारी संस्थाको स्थापना गर्न सघाएको छ । सदस्यहरुमा संस्थाप्रति सक्रियता र प्रतिबद्धता बढाएको छ। संस्थाको स्पष्ट VMGO तयार पारेको छ । नियमित कार्यालय सञ्चालन र लेखा पारदर्शितामा जोड दिएको छ । संस्थाको दिगोपनाका लागि भौतिक पूर्वाधार विकास तथा मानवीय र आर्थिक स्रोतको सिर्जना पर्याप्त मात्रामा गरेको छ । सदस्यहरुको व्यावसायिक क्षमताको अभिवृद्धिमा जोड दिएको छ । हाल सम्पर्क समन्वयको क्षेत्र व्यापक बनाएको छ । शुरुमा कार्यक्षेत्र निश्चित, सानो क्षेत्रबाट गा.वि.स., जिल्ला हुँदै राष्ट्रियस्तरमा आफ्ना कार्यक्रमहरु विस्तार गरेको छ र अन्तमा स्थानीय सहयोगी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिमा टेवा पुऱ्याउँदै स्रोत संस्थाको स्थानसम्म पुऱ्याउन सफल भएको छ कालिका स्वावलम्बन सामाजिक केन्द्र ।"

## तरकारी खेतीको सहाराले पक्की घरमा बस्ने सपना पूरा गर्दैछन्-रोरे थारु

दाङ जिल्लाको सिसनिया गा.वि.स.मा वि.सं. २०२२ सालमा शंकर थारु र फूलमती थारुको कोखबाट रोरे थारुको जन्म भएको थियो । साधारण परिवारमा जन्म भएको हुँदा साधारण लेखपढ समेत गर्न नपाएका र केही गर्न सक्ने भएपछि घरका गाई, भैसी र बाखा चराउदा मै उनको बाल्यकाल वित्यो । वि.सं. २०३५ साल तिर दाङ जिल्लामा थुपै रात्री स्कुल सञ्चालन भए १५ दिन सम्म सो स्कुल गए पछि बसाई सराई गरी कपिलवस्तु जिल्लाको शिवपुर गा.वि.स. वार्ड नं. ९ वलुहवा डाँडामा आए । बासाई सराई गरेर आउँदा ३ भाई, १ बहिनी र बुवा आमा गरी ६ जनाको परिवार थियौ । त्यहाँ आएपछि सार्वजनिक (वन क्षेत्र) जग्गामा सानो टहरो बनाई

परिवार पाल्नको लागि अरुको ज्याला मजुरी गर्न थाले । यसरी यस क्षेत्रमा मजुरी तथा अरुको खेत अधियाँमा कमाई गर्न पाइने हुँदा परिवार पाल्न दाङ जिल्लामा भन्दा सजिलो हुने कुरा थाहा पाएर बसाइँसराई गरेर बुवा यहाँ आएका रहेछन् । यहाँ आएपछि बुबा आमा अरुको घरमा हरुवा भै काम गर्ने छोराहरु ज्याला मजदुरीको लागि अरुहरुको घरमा जाने गर्दा १२ जनाको परिवार पाल्न सकिन्थ्यो । यसरी पुर्खौ देखी कमैयाको रुपमा रहेका रोडेको परिवारमा परिवर्तन ल्याउन ठूलो अभियानको आवश्यकता थियो । "गर्नु पर्दछ गरेपछि अवश्य हुन्छ" भन्ने कुरामा विश्वास राख्न रोरे थारुले कहिल्यै हिम्मत हारेनन् । आफूमा भएको साहस, आत्मविश्वास, लगनशील र मेहनती स्वभावले उनी आफ्नो घरको अवस्थामा सर्पले काँचुली फेरे झै परिवर्तन गर्न सफल भए।



आफ्नो सपना पुरा गर्दै पक्की घरको अगाडी रोरे थारु

वि.सं. २०४९ साल सम्ममा आफ्नो जग्गा हुनु पर्छ यसरी वन क्षेत्रमा बसेर कति दिन चल्छ भन्ने सोचले परिवारका आमा बुबा, भाई बुहारी र हामी श्रीमान् श्रीमतीको कमाइले २ कट्ठा १४ धुर जग्गा खरिद गरेँ । आफ्नो जमिनमा घर बनाई छानामुनि पस्दा केही परिवर्तन गर्न सके जस्तो लागेको थियो । परिवारका अन्य सदस्यहरु अरुको ज्याला मजदुरीमा जाने गर्दथे भने रोडे थारुले आफ्नो पेशामा कही परिवर्तन गर्नु पर्छ भन्ने विचारले कृष्णनगरबाट फलफूल खरिद गरेर ल्याउने र हाट (साप्ताहिक बजार) मा लगेर बेच्न थाले । यसरी पेशालाई विविधीकरण गर्दै लैजादा एउटा भाइले काठको काम गर्ने, अर्को भाइले भारतीय कम्पनीमा काम गर्ने र आमा बुबा पुरानो पेशालाई नै निरन्तरता दिन थाले ।

यसरी २०५७ सालतिर नयाँ जोस जाँगर आई रहेको समयमा शरद समाज नामक एक गैर सरकारी संस्था हाम्रो गाँउमा आयो र समूहको विषयमा सम्झाइ-बुझाई गर्न थाल्यो । यो संस्थालाई GTZ/NGO FP द्वारा सहयोग प्राप्त स्वावलम्बन प्रबर्धन कार्यक्रममा स्रोत संस्थाको रुपमा प्राविधिक सहयोग विजय विकास स्रोत केन्द्रले पुऱ्याएको थियो । बलुहवा डाँडाका सवै जम्मा भई १३ जना पुरुष र १२ जना महिला गरी २५ जनाको समूह बनायौ । समूहमा वि.क. २ जना, मगर ३ जना, भारती ५ जना, बाहुन ६ जना, क्षेत्री १ जना र थारु ८ जना गरी सवै जातको मिश्रित समूह बनायौ । जसलाई सृजनशिल समूह नामकरण गऱ्यौ । सो समूहमा उपाध्यक्षको पदमा रोडे थारु बसे । पहिला आफ्नो परिवार र पेशाको मात्र सरोकार राख्ने रोडेले समूहको विकासको लागि के गर्ने कसरी हाम्रो उन्नति हुने काम गर्न सकिन्छ भनेर सोच्न शुरु गर्ने भए । अरुको समान बेच्नु भन्दा आफ्नो बारीमा तरकारी उब्जाएर बेच्दा बढी फाइदा हुने कुरा समूहमा बसेर बेमौसमी तरकारी खेतीको तालिम लिदा बुझे र सोही अनुसार तरकारी खेतीमा उत्साहका साथ लागीपरे। त्यसरी लागीपर्न उनलाई समूहको घुम्तीकोषबाट पहिलो पटकमा रु. ४००० ऋण लिएका थिए र सो र कमबाट तरकारीको वीउ, पानी तान्ने मोटर र घरमा बिजुली जोडे । एक वर्षको कमाइबाट ऋण भुक्तानी गरी रु ३ हजार नाफा जोगाए। यसरी घरका अन्य सदस्यको कमाई र आफ्नो कमाई समूहबाट पुनः केही ऋण लिई ४ कट्ठा ७ धुर जग्गा थपे भने त्यतिबेला सम्ममा

उनको १३ कट्ठा ३ धुर जग्गा र तरकारी बेच्ने ठेला जोडी सकेका थिए । यसरी आफ्नों बारीमा तरकारी उत्पादन र नर्सरी (तरकारीको विरुवा उत्पाद) गर्न समेत शुरुगरेर त्यस पेशामा श्रीमती तथा अन्य परिवारलाई पनि संलग्न गराए जस्ले गर्दा राम्रो कमाई हात पर्न सफल भए । २०५९ सालमा पेशालाई अझ व्यावसायिक बनाउनु पर्छ भन्ने लागेर निवर्तमान गा.वि.स. अध्यक्ष नेत्रराज अधिकारीको १० कट्ठा खेत बार्षिक ७५०० मा ठेक्का (लिज) मा लिएका छन् । यही वर्षको मंसिर महिनामा भऱ्याङ सहितको ४ कोठाको पक्की घर बनाउन शुरु गरेका छन तर सम्पन्न गर्न यस बर्षको बेमौसमी बालीलाई कुरिरहेका छन् । यसरी पक्की घरमा बस्ने सपना पूरा गर्दैछन् रोडे थारु ।

यसरी अरुको समान बेच्नु भन्दा आफ्नो उत्पादन बेच्नु पर्दछ, एक्लैले केही गर्नं भन्दा सामुहिक रुपमा केही गर्नु पर्छ, भन्ने रोडे थारु कुरा बुझेर होला आफ्नो श्रीमतीलाई समेत समूहको सदस्य बनाएका छन् । समूहका सदस्यहरुलाई पनि तरकारी खेतीमा संलग्न हुन सिकाएर आफूले उत्पादन गरेका विरुवा विक्री गर्ने र सदस्यहरुको उत्पादन आफूले किनेर बजारमा बेच्ने गरेका थारुले समूहका ३ जनालाई व्यावसायिक तरकारी खेती गर्ने उद्यमी बनाएका छन् । उनको परिवर्तनका लागि समूहको र समूहको परिवर्तनका लागि उनको राम्रो आपसी सहयोग हुने गरेको देखिन्छ ।

यसरी नयाँ सोच र बिचारमा पुग्न रोडे थारु समूह व्यवस्थापन, बेमौसमी तरकारी खेती, बजार प्रबर्धन तालिम र नेतृत्व विकासको तालिम लिएका छन् भने सहयोग गर्ने संस्था सिद्धार्थ सामाजिक विकास संस्था, विजय विकास स्रोत केन्द्र, मेड-नेपाल र शरद समाज लाई धन्यवाद दिन चाहन्छन् ।

## "समूहले समूहलाई सहयोग गरी माथि उठाउने प्रयासको नवीनतम उदाहरण"

कपिलवस्तु जिल्ला शिवपुर गा.वि.स. को वार्ड नं. २ बनकट्टा शिवगढी मन्दिरको काखमा बसोबास गर्ने भूमीहिन थारुकुमाल जातिको आफ्नै पृष्ठभूमि छ । हरेक वर्ष बन्ने सरकारी बजेटले गरीबमूखी भनेर सञ्चार माध्यमबाट प्रचार गरिएता पनि उनीहरुको समस्याहरु ज्यूँकात्यूँ छन् । यी भूमीहिन अति विपन्न थारुकुमाल जाती वि.सं. २०४२ सालमा दांग जिल्लाको देउखुरी जेठान गाउँबाट विस्थापित भई कपिलवस्तु जिल्लाको शिवपुर गा.वि.स. वार्ड नं. २ मा बसोबास गर्न आएका हुन् । हालसम्म १४ वटा घर परिवारमा विभाजित थारुकुमाल जातीको आफ्नै किसिमको रहन सहन रीतिरिवाज भएको पाईन्छ । यसो हेर्दा पहाडीमूलका जस्तै देखिने तर पूर्ण तराईवासी यी थारुकुमाल जातीहरु प्रष्ट नेपाली भाषा बोल्न सक्छन् । उनीहरुले लगाउने पोशाकहरुमा महिलाहरु धोती र ब्लाउज लगाउँछन् भने पुरुषहरु सेतो धोती र कमेज लगाएको पाईन्छ । यी थारुकुमालहरुलाई दांग जिल्लाबाट त्यहाँको जिमिन्दारले शोषण गरी विस्थापित गराएका हुन् । कुन जमिनदार हो भनी प्रश्न गर्दा उनीहरु नाम बताउन चाहदैनन् । पिछडीएको कुमाल जाती भएपनि यिनीहरुको सम्पूर्ण रहन सहन थारुसँग मिल्दछ । प्रायः यिनीहरुको परिवारमा ५-७ जना रहेको पाइन्छ ।

यी जातीहरु भूमिहिन भएकाले शिवपुर कलोनीमा अवस्थित श्री नेपाल आदर्श उच्च माध्यमिक विद्यालयको जग्गामा वार्षिक विद्यालयलाई केही पैसा तिर्ने गरी ५ विगाह जमिनमा यी घर परिवारले खेती पाती गरेका छन् भने उनीहरुको बसोबास ऐलानी जग्गामा रहेको छ । यी समुदायको आफ्नो ऐतिहासिक पृष्ठभूमि छ । यिनीहरु भूमिहिन भएतापनि धेरै परिश्रमी सिधासाधा र अति मितव्ययी भएको पाइन्छ । उनीहरुको पेशा भनेको माटोको सामाग्री बनाउनु हो । यिनै माटाको सामग्री बनाई बिक्री गरेर आफ्नो जीविका चलाउने गर्दछन् । यस समुदायका महिला पुरुष दुवै मिलेर संगै काम गर्ने भएको हुँदा केही मात्रामा भएपनि लैङ्गिक समानता छ भन्न सकिन्छ । श्रीमान्हरुले माटाका भाँडा बनाउँछन् भने श्रीमतीहरु ती भाँडाहरुलाई बजारमा लगेर बिक्री गर्दछन् आजको प्रतिस्पर्धी बजारले गर्दा माटाको ठाउँमा प्लाष्टिकले स्थान लिएको अवस्थामा उनीहरुको

पुर्ख्यौली व्यवसाय नैं संकटमा पर्ने हो कि भन्ने अवस्था छ । त्यसैले उनीहरुले नयाँ सृजनशील व्यवसायको खेजी गरिरहेका छन् । यस समुदायमा विगत्का समयमा समूह निर्माण गर्ने, बचत उठाउने र सो बचतलाई घरायसी क्रियाकलापमा प्रयोग गर्ने गरेको उनीहरुको भनाईबाट थाहापाउन सकिन्छ । यस गा.वि.स.को भूमीहिन व्यक्तिहरुको सूचीमा यिनीहरुको नाम अग्र पंक्तिमा भएपनि हालसम्म बनेका कुनै पनि आयोगले उनीहरुको नाममा जग्गाको एकटुक्रा पनि दिन सकेको छैन । यती हुँदाहुँदै पनि प्रजातन्त्रको आगमन पछि खुल्ला राजनैतिक परिवेशमा त्यस समुदायबाट श्री लंकाप्रसाद थारु गा.वि.स.का गा.स.स. सम्म चुनिएका छन् ।

विभिन्न कारणले गर्दा स्थानीय रुपमा उनीहरुलाई उत्प्रेरणा दिने सहयोगी संस्था तत्कालीन समयमा नभएकोले उनीहरु विपन्नताको अवस्थामा गुज्रीरहका थिए । यसै सिलसिलामा वि.सं. २०५७ मा त्यस क्षेत्रको स्थानीय सहयोगी संस्था शरद् समाजले त्यस समुदायमा रहेका १४ घर परिवारको भेला गराई समुह गठन, सर सफाई वचत् परिचालन एवं स्वास्थ्य शिक्षा सम्बन्धी चेतनाकरण शिवीरहरु संचालन गरेपछि उनीहरुमा हामी पनि संगठीत भई समुहिक रुपमा काम गरेमा आफ्ना समस्याहरु समाधान हामी आफै गर्न सक्छौं भन्ने आत्मबल बढी उनीहरुकै प्रयासमा जागृति श्रीमान् श्रीमती समूह स्थापना गरेको कुरा सो समूहका अध्यक्ष लंकाप्रसाद थारु बताउँछन् । यस समूहमा हरेक घर परिवारबाट श्रीमान् श्रीमती गरी २८ जना सदस्य रहेका छन् । शरद् समाजको सम्पर्कमा आइसकेपछि उनीहरुको समूह लगातार बैठक बस्ने सामुहिक निर्णय गर्ने, फजुल खर्च कटाएर नियमित वचत गर्ने र आन्तरिक तथा स्थानीय स्रोतबाट घुम्तिकोषको स्थापना गरी विपन्न वर्गका सदस्यहरुलाई ऋण लगानी गरिरहेका छन् । यसै क्रममा समूहको संस्थागत विकासका लागि समूह सुचारुरुपले संचालन गर्न आफ्नै पहलमा नीतिनियम बनाएर व्यवहारमा प्रयोग गरिरहेका छन् । यसै सिलसिलामा सिदार्थ सामुदायिक विकास संस्थाद्वारा प्रवर्धन गरेका १२ वटा स्वावलम्बी सूमहहरुले त्यस जागृति समूले गरिरहेको क्रियाकलापबाट प्रभावित भई उनीहरुको प्रयासमा हामीले पनि केही सहयोग पुऱ्याउनु पर्छ भन्ने भावनाको प्रतिफल उनीहरुका सामु सहयोगका लागि प्रतिपद्धता जायर गरेर सिद्धार्थ सामुदायिक विकास संस्था, विजय विकास स्रोत केन्द्र र १२ वटा स्वावलम्बन समूहले संयुक्त रुपमा तयस समूहलाई घुम्तिकोषको लागि अनुदान स्वरुप आर्थिक सहयोग उपलब्ध गराएका छन् । त्यस घुम्तिकोषले गर्दा समूहका सदस्यहरुलाई कुनै व्यवसाय गर्नका लागि बाहिर गएर साहु कहाँबाट चर्को व्याजमा ऋण लिन नपरेको कुरा समूह सदस्यहरु बताउँछन् ।

हाल उनीहरुको घुम्तिकोषबाट कुखुरापालन, बंगुर पालन, तरकारी खेती र परप्परागत माटोको भाँडो बनाउने व्यवसायमा ऋण लगानी गरिरहेका छन् साथै उनीहरुको आर्थिक उन्नती र समूहलाई व्यवस्थित किसिमले सञ्चालन गर्न विभिन्न किसिमका तालिमहरु पनि लिइसकेका छन् । पहिला पहिला बाहिरका व्यक्तिहरु जाँदा बोल्न डर मान्ने त्यस समूहका मानिसहरु अहिले निर्धक्क भएर आफ्नो कुराहरु राख्न सक्ने भएका छन् । यस पंक्तिकारले तपाईहरुले यो श्रीमान् श्रीमती समूह नै किन गठन गर्नु भयो भन्ने प्रश्न राख्दा समूह की महिला सदस्य भन्नु हुन्छ श्रीमान्हरु मात्र समूहमा भएको भए हामीले सिक्ने अवसर पाउने थिएनौं । हामीहरु मात्र समूहमा भएको भए यिनीहरुले के गर्दै छन् भनेर पुरुषहरुले विभिन्न शंका गर्ने हुँदा दुबै थरी समूहमा बसेपछि घर परिवार पनि राम्रोसँग चल्ने काम गर्दा पनि सजिलो हुने क्षमता पनि दुबैको बढ्ने भएकाले यस्तो समूह बनाएका हौं । अर्को कुरा महिला र पुरुष एक रथका दुई प्रंग्र हुन् भन्ने जुन उखान छ । त्यसलाई सार्थक बनाउनका लागि पनि हामी दुबै समूहमा रहेका हौं । उनीहरुले सञ्चालन गरेका आय आर्जनका कार्यहरु प्रति उनीहरु ज्यादै प्रभावित छन् । उनीहरु भन्दछन् हामीहरुलाई आर्थिक उन्नती तर्फ उन्मुख गराउने विजय विकास स्रोत केन्द्र गैंडाकोट, सिद्धार्थ सामुदायिक विकास केन्द्र र १२ वटा स्ववलम्बी समूहका दिदी-बहिनी दाजुभाइलाई हृदय देखी नै धन्यवाद दिन चाहन्छौं भन्दछन् । यसरी एउटा सुकुम्बासी टोल आज आएर समूहमा आवद्ध भएर आय आर्जनका काम गरेका छन् भने अर्कोतर्फ श्रीमान्

श्रीमती बनाएर महिला पुरुष समविकास (GAD) को अवधारणामा अगाडी बढीरहेका छन् । अहिले उनीहरुमा एकता छन् । विभिन्न समूहहरुसँगको सम्पर्कले गर्दा स्थानीय बजार बढाएको छ । समूहको सदस्यको माग अनुसार उनीहरुले आफ्नो उत्पादन सामाग्रीहरु हरेकको घरमा पुऱ्याएर बिक्री गर्दछन् । अन्यत्र पनि लैजान्छन् । सबैले समूहले उत्पादन गरेका सामाग्रीहरु भनेर सम्मानका साथ खरिद गर्दछन् साथै उत्पादनमा विविधीकरण गर्न समेत उत्प्रेरित गर्दछन् । विस्तारै यदि सरकारले घडेरीको व्यवस्था गरिदिएमा आफ्नै कमाईले बाच्न सक्ने अवस्थामा पुगेका छन् यी गाउँलेहरु । यिनीहरुका छोराछोरीहरु आजभोली पढ्न विद्यालयमा जान्छन् । गाउँका मानिसहरुले पनि पहिला पहिला सुकुम्बासी टोल भनेर घृणाको दृष्टिले हर्दथे भने अहिले समूह सदस्य एवं सहयात्रीको रुपमा हेर्दछन्, सहयोगको लेनदेन समेत गर्दछन् । यसरी समूहको गठन पश्चात् आएको आर्थिक र सामाजिक परिवर्तन देखेर उनीहरुको आफै दंग छन् भने अझै हामीले केही गरेर सबैलाई देखाउनु छ भन्दै अगाडि बढ्न लागी परेका छन् ।

यसरी नै अन्यत्र पनि श्रीमान् श्रीमती समूहहरु गठन भएका छन् । समग्रमा भन्नु पर्दा यो समूह जस्तै अन्य समूहमा पनि धेरै किसिमका सकारात्मक प्रभावहरु देखिएका छन् । पुरुषले महिलाहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ । पुरुषहरुले महिलालाई पनि सम्मान गर्न थालेका छन् । आज समुदायमा महिलाहरुलायई पनि जिम्मेवारी दिएमा यिनीहरुले पनि केही गर्न सक्दा रहेछन् भन्ने प्रमाणित भएको छ । पुरुषहरुले महिलाहरुलाई बाहिर निस्कन नदिई घरमा नै राख्नु भन्दा राम्रो कामका लागि बारिह निस्कन छुट दिंदा घर परिवार देखि समुदाय, राष्ट्र सबैलाई फाइदा पुग्दो रहेछ भन्ने कुराको छाप परेको छ । श्रीमान् श्रीमती समूहको गठनबाट ।

## "समूह संस्था र सहकारीको संयुक्त प्रयास : सामुहिक लघु उद्यम"

नेपालको पश्चिमाञ्चलअन्तर्गत कपिलवस्तु जिल्लाको निग्लिहवा गा.वि.स. जिल्लाको मध्य भागमा अवस्थित छ । यस गा.वि.स. मा निगाली स्वावलम्बन विकास केन्द्रको स्थापना २०५० सालमा भएको थियो । शुरु शुरुमा यस संस्थाले पनि अरु संस्थाहरुले जस्तै खेलकुद र सांस्कृतिक कार्यक्रममा आफ्नो लगानी गरेको थियो । यसै सिलसिलामा २०५२ सालमा जि.टि.जेड्को साझेदारीमा स्वावलम्बनको प्रयासहरुको प्रबर्धन कार्यक्रम सञ्चालनको क्रममा यो संस्था पनि विजय विकास स्रोत केन्द्रको सम्पर्कमा आयो । त्यसपछि यस संस्थाको काम गराईको तौर तरिका संस्थाको लक्ष्य उद्देश्य समेत परिवर्तन गरी आफ्नो गाउँ ठाउँमा स्वावलम्बी समूहको गठन गरी उनीहरुलाई नियमित सहयोग पुऱ्याउने बचत परिचालन गर्ने आय आर्जनका लागि सो वचत ऋणमा लगानी गर्नाका साथै अन्य आय आर्जनका लागि घुम्तीकोषको स्थापना गरी जि.टि.जेड् NGO Fund Porject सँग समेत साझेदारी गरेको छ । यस गाउँमा हरेक समूहले राम्रो काम गरेका छन् । फलस्वरुप यसै कार्यक्रम अन्तर्गत यस गा.वि.स.मा यस कार्यक्रमलाई नयाँ किसिमले गा.वि.स.का सम्पूर्ण घरधुरीलाई समेट्ने गरी (VDC Coverage) कार्यक्रम अगाडी बढाइएको छ । यसरी नयाँ किसिमले कार्यक्रम सञ्चालन गर्ने क्रममा केही समूह संस्था र समूहको सहकारीको संयुक्त प्रयासमा वि.सं. २०५७/२/१० देखि सामुहिक लघु उद्यमको रुपमा सामुहिक सेलर सञ्चालन गरिएको छ । यसको नाम "निगाली सामुहिक लघु उद्योग" राखिएको छ । यस गाउँमा पनि गरिबीको संख्या धेरै छ । गरिबी हटाउन सहयोग पुऱ्याउने साथै अधिकांश कृषक दाजुभाईहरुले कृषि जन्य उत्पादन गर्ने भएकोले किसानहरुले उत्पादन गरेको खाद्यान्नलाई कुटानी पिसानी गर्न अति आवश्यक भएकोले सो लघु उद्योगको सञ्चालन गरिएको हो । यसको खास उद्देश्य सामुहिक रुपमा काम गरेर नयाँ उदाहरण देखाउनु हो भने अर्को तर्फ आफुले उत्पादन गरेका खाद्यान्नहरु आफ्नै मिलमा कुटानी पिसानी गरी एउटा व्यक्तिले खाने नाफा समूहले

प्राप्त गरी समूहको सदस्यकहरुको आर्थिक स्थिती सुधार गर्न र समाज सेवामा टेवा पुऱ्याउनु पनि हो । यसलाई व्यवस्थित किसिमले सञ्चालन गर्न समूहको एक जना, संस्थाको एक जना र सहकारीको एक जना गरी तीन जनाको सहभागिता छ । आय व्ययको रेखदेख सो समितिले गर्दछ । मिल सञ्चालन गर्न कामदार राखिएको छ । यो उद्योग सञ्चालनको लागि अन्य संस्थाहरुमा निगाली स्वावलम्बन सामाजिक केन्द्र, निगाली बचत तथा ऋण सहकारी संस्था लि., जागृति, कालीमाई, बुद्ध, श्रीराम स्वावलम्बन समूहहरुको आर्थिक लगानीमा स्थापना गरिएको हो । र नपुग र कम जि.टि.जेड्. गै.स.स. कोष परियोजनाबाट उपलब्ध गराइएको छ । यो उद्योग संचालन गर्न प्राविधिक सहयोग विजय विकास स्रोत केन्द्र र कालीका स्वावलम्बन सामाजिक केन्द्र पुऱ्याएका छन् । हाल यो उद्योग राम्रो संग चलेको छ । समुदायमा सबैको माया पाएको छ । हिसाब किताब पारदर्शी किसिमले राखिएको छ । यसल गर्दा अन्य संस्था तथा व्यक्तिहरुलाई पनि सामुहिक रुपमा मिलेर काम गर्न सके फाईदा हुँदो रहेछ भन्ने कुराको पाठ यसले सिकाएको छ । यसका अलवा कपिलवस्तुमा नै सामुहिक रुपमा सबै मिलेर सामुहिक उद्योगको रुपमा यो सेलर मेल नमुना बनेको छ ।

बाल विकासका महत्वपूर्ण पक्षहरू

## जस्तो भोगाइ, त्यस्तै सिकाइ

आलोचना बीच हुर्केको बालकले, भत्सर्ना गर्न सिक्दछ ।
अमर्यादा बी हुर्केको बालकले, लज्जित हुन सिक्दछ ।

शान्त वातावरणमा हुर्केको बालकले, धर्यवान बन्न सिक्दछ ।
आदर र सम्मानमा हुर्केको बालकले, प्रशंसा गर्न सिक्दछ ।
प्रशंसामा हुर्केको बालकले, कदर गर्न सिक्दछ ।
समानतामा हुर्केको बालकले, न्याय गर्न सिक्दछ ।

- डोरथी ल. नोल्ते

# पत्रकारको नजरमा कार्यक्रमको प्रभाव : डलर होइन रुपैयाँको खेती

- गुणराज लुइँटेल

प्रजातन्त्र पुनर्स्थापनाको लगत्तै च्याउसरि उम्रिएका गैरसरकारी संस्था (एनजीओ) का गतिविधिलाई सामान्यीकरण गर्दै 'डलर खेती' भन्ने गरिएको छ । राजधानी काठमाण्डौमा कार्यालय खोल्ने, तारे होटलमा 'भाते गोष्ठी' र 'ग्लसी पेपर' मा रिपोर्ट प्रकाशन गर्ने यस्था संस्थाहरुका गतिविधिले मुलुकको एनजीओ आन्दोलन 'डलर खेती' मा अनुदित गर्ने काम गरेको छ । तर, देशभित्रै यस्ता एनजीओ पनि छन्, जो आफू 'डलर खेती' गर्दैनन् तर गरिबभन्दा गरिबलाई नेपाली रुपैयाँको खेती गर्न सिकाउँछन् ।

गरिबहरुका बस्ती-बस्तीमा पुगरे बाखा पाल्नेदेखि तरकारी लगाउनसम्म, स्वावलम्बी समूह बनाएर एक-अर्कालाई सहयोग गर्नेदेखि विकासका निम्ति आफैलाई प्रोत्साहित गर्ने काम स्थानीयस्तरमा उम्रिएका गैसस सक्रिय भएका छन् । गाउँमै केही बर्षअघि क्लबका रुपमा जन्मिएका स्थानीय सङ्घसंस्था अहिले विकासे एनजीओका रुपमा एउटा ठूलो भवन र भौतिक संरचनासहित उभिएको देख्नु कम आश्चर्यको विषय होइन ।

पर्वत र कपिलवस्तुका स्थानीय गैसस परिचालनका निम्ति केही बर्षअघि त्यहाँ पुगेका एक अन्तर्राष्ट्रिय गैससका प्रतिनिधिले टिप्पणी गरेका थिए- 'पर्वतका गैससलाई एक ट्रक मादल र कपिलवस्तुका गैससलाई एक ट्रक फुटबल भए पुग्ने रहेछ !' स्थानीयस्तरमा खुलेका क्लबहरुको उद्देश्य कलासंस्कृतिको संरक्षणका नाममा नाचगान र नाटक गर्ने, खेलकुदको विकासका नाममा फुटबल र भलिबलको आयोजना गर्ने थियो । यसका निम्ति उनीहरु स्थानीयस्तरमा चन्दा उठाउँथे । यसले स्थानीय क्लबका पदाधिकारीहरुलाई 'भिखारी' को स्तरमा झारेको

थियो । चन्दा दिंदा-दिंदा थाकेको समुदायका व्यक्तिहरु क्लबका पदाधिकारीसँग मुख मोडेर हिँड्न थालेका थिए ।

नवलपरासीको गैंडाकोटमा स्थानीय युवाहरुले खेलकुदको विकास र संस्कृतिको संरक्षणका उद्देश्यले खुलेको विजय युवा क्लब अहिले विजय विकास स्रोत केन्द्रका रुपमा ग्रामीण समुदायको गरिबी निवारणका निम्ति क्रियाशील छ। त्यस्तै चितवनमा केही कृषि प्राविधिकले खोलेको मेड-नेपाल नामक गैसस अहिले अर्को स्रोत संस्थाका रुपमा कार्यरत छ । जर्मन प्राविधिक सहयोग (जि.टि.जेड्) द्वारा सञ्चालित एनजीओ फण्ड प्रोजेक्टसँग साझेदारी गरी यी संस्थाहरुले अहिले अधिराज्यका विभिन्न जिल्लामा गरिबी निवारणका लागि सामाजिक परिचालन र प्राविधिक सेवा प्रदान गर्दै आएका छन् ।

यी संस्थाले आफू सक्षम भएपछि जिल्लास्तरीय संस्थाको क्षमता विकासमा सहयोग गर्न थाले । पर्वत र कपिलवस्तु जिल्लामा यिनले स्थानीय क्लब र गैससलाई भेला गरी आफ्नो संस्थाको योजना र दृष्टिकोण परिवर्तन गर्न सघाए । २०५१/०५२ तिर गैससले च्याउजस्तै उम्रिने क्रममा तिब्रता पाएको थियो । हो, यही समयमा आएर स्थानीय संस्थालाई विकासको साझेदार बनाउने काम भएको थियो ।

गाउँमा खुलेका गैससहरु त्यतिबेला स-साना कोठामा भाडा लिएर बसेका थिए, अझ कतिपयले आफ्नै झोलालाई कार्यालय बनाएका थिए । जब यी संस्थाहरु समुदायको गरिबी निवारण, सरसफाई, चेतनाका लागि विकासका साझेदार हुँदै गए त्यसपछि आफ्नो पनि विकास गर्न थाले । समुदायमा रहेका गरिबलाई बचत गर्न प्रोत्साहित गर्दा तिनलाई आयआर्जन गर्ने तरिका पनि सिकाउनु आवश्यक थियो । यसकारण आफ्नो संस्थाका लागि समेत आयआर्जनका काम गर्न थाले । बिस्तारै आफ्ना संस्थामार्फत् सहकारी पनि प्रबर्धन गर्न थाले । विजय विकास स्रोत केन्द्रले थालनी गरेको विकू बचत ऋण सहकारीले अहिले स्थानीय समुदायमा ४ करोड रुपैया भन्दा बढीको लगानी गरि सकेको छ । तर, यसको थालनी भने २६ जना व्यक्तिले ५० पैसाका दरले जम्मा गरी १३ रुपैयाँबाट गरिएको हो । अहिले सबैजसो स्थानीय गैससले सहकारीको प्रबर्धन गरेका छन् ।

कसैले ऋण नपत्याउने र साधनस्रोत बिहीन स्थानीय गरिबलाई २५ देखि ३० जनाको समूहमा आवद्ध गरी तिनलाई बचतका निम्ति प्रोत्साहित गरिन्छ । यस्ता समूहमा खासगरी महिला र दलितहरुको बाहुल्य रहन्छ । जग्गा जमिन कम भएका र ऋणका लागि पहुँच नभएका व्यक्तिलाई स्वावलम्बी समूहमा आवद्ध गरेपछि रु.१० देखि आफ्नो हैसियत अनुसार प्रत्येक महिना सामुहिक बचत गर्न लगाइन्छ । उनीहरुद्वारा त्यो रकम चार पाँच सय पुग्नासाथ आयआर्जनका लागि लगानी शुरु गरिन्छ । पहिले थोरै लगानीले हुने कुखुरा पालनका लागि केही चल्ला किनिन्छ । पछि बिस्तारै स्रोत बढ्नुसँगै उनीहरु ठूला व्यवसायका लागि लगानी गर्छन्, त्यो बाखा पालन, भैंसी पालन, तरकारी वा फलफूल खेतीसम्म पुग्छ । कतिपयले यस्तै समूह मार्फत् प्रगति गर्दै जाँदा घर बनाउने, बस किन्नेसम्मको हैसियत बनाएका छन् । कपिलवस्तुको पत्थरकोटका एक किसानले तरकारी बेच्दाबेच्दै बस किनेका छन् भने पर्वतको एउटा आमा समूहले गाडीमा साझेदारी गरेको छ ।

तलबाट माथितिर जाने विकासको रणनीतिअनुसार गरिब समूहमा पनि सबैभन्दा गरिबको चयन पहिलो लगानीका निम्ति हुन्छ । उसले काम शुरु गरेर किस्ता बुझाउन थालेपछि उभन्दा स्थिति केही सुधिएकाहरुले ऋण पाउन थाल्छन् । सकेसम्म स्थानीय साधनस्रोतको प्रयोग गर्ने, त्यसबाट सम्भव नभएमा स्थानीय सहयोगी गैससको सहयोग लिने, तिनले पनि समाधान गर्न नसक्ने भएमा स्रोत संस्थामार्फत् दाताहरुको सहयोग लिने गरिन्छ । यसो गर्दा सकेसम्म आफ्ना समस्याको समाधानका लागि त्यहीँको समुदायलाई सक्षम बनाउने कोसिस गरिन्छ ।

पर्वत र कपिलवस्तुमा कार्यरत दर्जनभन्दा बढी स्थानीय सहयोगी गैरसरकारी संस्थाद्वारा प्रबर्धित सयौंको सङ्ख्यामा रहेका यस्ता स्वावलम्बी समूहहरु

अहिले आत्मनिर्भरताको बाटोतर्फ उन्मुख छन् । समुदाय मै दस बीस रुपैयाबाट बचत शुरु गरेका यस्ता संस्था कए डेढ लाख रुपैयाका मालिक भइसकेका छन् । उनीहरुको आवश्यकतालाई पहिचान गरी घुम्तीकोषको व्यवस्था स्रोत संस्था वा दाताबाट प्राप्त भएको छ । त्यसको साँवा नघटाउने गरी स्वावलम्बी समूहमा नै रहने गरी दिइने यस्तो 'सिड मनी' अन्ततः उनीहरुको जीवनस्तर परिवर्तन गर्न कारक बनेको छ ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आकर्षक कार्यालय खोलेर तथा गाउँमा महंगा कर्मचारी पठाएर काम गर्नु भन्दा स्थानीय संस्थालाई नै परिचालित गरी थालेको काम दिगो हुनसक्ने अनुभवहरुले देखाएको छ । अझ स्थानीय व्यक्तिको संलग्नतामा भएको विकासमा अपनत्वको भावनासमेत सिर्जना हुन्छ । माओवादीको आक्रमणको तारो भएका कारण धेरै जस्तो राष्ट्रिय/अन्तर्राष्ट्रिय गैससहरु कार्यक्षेत्र छोडेर भागिरहेका भए पनि यस्ता स्वावलम्बी समूहको कार्यक्रम सुचारु रुपमा सञ्चालित छ। कारण, ती स्थानमा माओवादीले आक्रमण गर्नु प्रत्युत्पादन हुन्छ । कृषि विकास बैंकलाई गाउँ-गाउँबाट माओवादीले लुटेका भए पनि गरिब समुदायले शुरु गरेका सहकारीलाई उनीहरुले चलाएका छैनन् ।

पर्वत र कपिलवस्तुमा स्थानीय संस्थाहरु सदर मुकाममा होइन गाउँमा खुलेका छन् र त्यहीबाट उनीहरु समुदायमा भिजेर काम गर्छन् । पर्वतको सदरमुकाम कुस्माबाट ६ घण्टा लुङ्खुमा खुलेको इन्प्रेड होस् वा लेखफाँटमा कार्यरत कालीगण्डकी विकास प्रबर्धन केन्द्र, मुडिकुवा गाउँमा खुलेको पर्वत सामुदायिक विकास संस्था होस् वा पातिचौरमा खुलेको नेस्डो होस् । कपिलवस्तुको जीतपुरमा रहेको सिद्धार्थ सामुदायिक विकास केन्द्र वा तौलिहवामै रहेको कालिका सामुदायिक विकास केन्द्रले त्यहाँका गाउँ-गाउँमा मात्र होइन जिल्लाको नेटो काटेर अन्यत्र जिल्लामा समेत काम गर्न थालेका छन् ।

विजय क्बल खुल्दा होस् वा कालिका र सिद्धार्थ दुबै संस्था खुल्दा उनीहरुसँग कुनै सम्पत्ति थिएन । अहिले सबैसँग लाखौं रुपैयाँ पर्ने आकर्षक कार्यालय भवन, तालिम केन्द्र र आयआर्जनको दिगोपनाका निम्ति सहकारी संस्था खोलेका छन् । यस्ता संस्थाले आफ्नो निरन्तरताका लागि अंग्रेजी माध्यमका विद्यालय समेत सञ्चालन गर्ने गरेका छन् । पर्वतको भंगारामा स्वावलम्बी समूहले कुटानी पिसानीका लागि मिल स्थापना गरेको छ ।

समुदायमा रहेका स्वावलम्बी समूहको आत्मनिर्भरतासँगै यस्ता संस्थाहरु पनि दाताको सहयोग बेगर पनि आफ्ना कार्यक्रमलाई निरन्तरता दिन तत्पर छन् । सबैजसो संस्थाहरुले आफ्नै पहलमा समेत विकास कार्यक्रम सञ्चालन गर्न थालेका छन् । संस्थाका सञ्चालकहरु समेत आफूले समुदायलाई दिन थालेको सेवा निरन्तरता दिन सक्षम रहेको बताउन थालेका छन् । 'हाम्रो संस्थाले अरु दातासँग साझेदारी गरेपनि नगरेपनि आफ्नै गतिमा सञ्चालित हुनसक्छ,' विजय विकास स्रोत केन्द्रका सचिव हरि लाल सापकोटा भन्छन्- 'हाम्रो संस्थाले व्यावसायिक रुप लिइसकेको छ।'

(२०५९/०७/१९ मा प्रकाशित कान्तिपुर दैनिकबाट साभार)

# विजय विकास स्रोत केन्द्र
# (VDRC-NEPAL)

**सङ्क्षिप्त परिचय :**

विजय विकास स्रोत केन्द्र स्थानीयस्तरमा स्वावलम्बी समूहको रुपमा स्थापना भै संस्थागत विकास गर्दै व्यावसायिक दक्षता प्राप्त, मुनाफारहित, सदस्यमा आधारित एक सामाजिक विकास संस्था हो । वि.स. २०४५ सालमा श्री ५ को सरकारवाट आधिकारिक रुपमा मान्यता पाएको यस संस्थाले प्रारम्भिक अवस्था अर्थात् वि.स. २०३६ सालमा विजय युवा क्लवको नामले आफूलाई संस्थागत रुपमा उभ्याएको हो । खुला आकाश, युवा जोश र जाँगर, समाजसेवाप्रतिको अग्रसरता, सवैको सङ्गठित बन्ने चाहना यसको स्थापनाका कारक तत्व हुन् । अर्को शब्दमा भन्नुपर्दा सामाजिक विकासको क्षेत्रमा केही गरौं भन्ने अभिलासा, देश विकासमा युवा शक्तिको आवश्यकता भन्ने उच्च आकाङ्क्षाले यस संस्थालाई जन्म मात्र गराएन सङ्गठित रुपमा केही गर्न गोलबद्ध गर्दै अगाडि बढ्ने प्रेरणा दियो । संस्था खोल्नु आफैमा ठूलो कुरा होइन रहेछ, त्यसलाई बचाउनु हुर्काउनु बढाएर संस्थागत विकास गरी जीवन्तता प्रदान गर्नु ज्यादै कठिन तथा चुनैतिपूर्ण कार्य रहेछ । हालसम्म यस संस्थाले संस्थागत रुपमा तीन चरण पूरागरी राष्ट्रिय स्तरसम्म आफूलाई परिचित गराउन सफल एवं सामाजिक परि वर्तनका लागि विगत २५ वर्षदेखि देशका विभिन्न भागमा कार्यरत छ। संस्थागत विकासका तीन चरणहरुको कुरा गर्दा यसले प्रारम्भिक चरण, संस्थागत विकासको चरण र संस्थागत व्यावसायिक दक्षताको चरणहरु पर्दछन् ।

**प्रारम्भिक चरण** : यो चरण भनेर २०३६ देखि २०४४ साल सम्मको अवस्थालाई मानिएको छ । यो समयमा विभिन्न सामाजिक एवं कल्याणकारी कामहरु जस्तै- बाटो मर्मत, डढेलो नियन्त्रण, रक्तदान, दैवीप्रकोपमा सहयोग, राहत उद्धार, सांस्कृतिक कार्यक्रम, देउसी-भैलो, हाजिरीजवाफ आदि कार्यक्रमहरुमा आफ्नो शक्ति लगाएको थियो ।

**संस्थागत विकासको चरण** : २०४५ देखि २०५२ साल सम्मको समयलाई यो चरण मानिएको छ। यो चरणमा संस्थाले मानव स्रोत र भौतिक पूर्वाधारको विकासमा एवं कार्यक्रम विस्तार गर्ने क्रममा महत्वपूर्ण उपलब्धि हासिल गर्‍यो । यसै क्रममा विभिन्न सरकारी गैर सरकारी संस्थासँग सम्पर्क समन्वय गरी साझेदारीको रुपमा खानेपानी, वृक्षारोपण एवं एकीकृत ग्रामीण विकास क्षेत्रमा स-साना विभिन्न परियोजनाहरु सम्पन्न गर्‍यो । यही चरणको मध्यतिर नै विकू बचत तथा ऋण सहकारी संस्थाको स्थापना भएको हो ।

**व्यावसायिक दक्षताको चरण** : २०५२ देखि यताको अवस्थालाई व्यावसायिक दक्षताको चरण भनिएको छ। यो समयमा संस्थाले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । एकातिर सामाजिक परिचालन, आयमूलक कार्यक्रम, महिला सशक्तीकरण, बाल विकास, अनौपचारिक शिक्षा, स्वावलम्बन प्रवर्धन, खानेपानी र स्वास्थ्य सरसफाई आदि क्षेत्रमा विभिन्न दातृ निकायसँग मिलेर काम गर्दै आएको छ भने विभिन्न विषयका तालिमहरु आयोजना गर्ने, सञ्चालन गर्ने तथा अन्य संघ संस्थाको अनुरोधमा विभिन्न प्रकृतिका तालिमहरु व्यवस्थापन गर्ने गर्दै आइरहेको छ । यसका लागि विभिन्न विषयका २० जना भन्दा बढी दक्ष जनशक्तिहरु रहेका छन् ।

- स्वावलम्बी समाजको निर्माण गर्नु यस संस्थाको परिकल्पना हो ।
- स्वावलम्बन प्रवर्धनको प्रयास, सदस्यमा आधारित, सदस्यको संस्था प्रतिको आकर्षण, स्वयंसेवी भावना, दूरदर्शी नेतृत्व, सहकारी र गैससको मिश्रण, प्रजातान्त्रिक प्रणाली, स्थानीय संस्था मार्फत् काम गर्नु तथा श्रीमान् श्रीमती समूह, महिलामात्रको समूह, पेशागत जातिको समूह, अत्यन्तै निम्न वर्ग, विभिन्न भौगोलिक अवस्था, पूर्वदेखि पश्चिम आदि क्षेत्रमा रहेको अनुभव यस संस्थाका अद्वितीय पक्षहरु हुन् ।

➲ संस्थाको सर्वोच्च निकाय साधारण सभा हो । साधारण सभाले १३ जनाको कार्य समिति चयन गर्दछ । कार्य समितिले कार्यकारी निर्देशक चयन गर्दछ, कार्यकारी निर्देशक संस्थाको हरेक कार्यक्रमको जिम्मेवार रहन्छ । संस्थामा भू.पू. अध्यक्षहरुको सल्लाहकार समिति पनि छ। संस्थामा विभिन्न काम सम्पन्न गर्न उपसमितिहरु पनि छन् । हाल संस्थामा श्रद्धेय ३, आजीवन २७ र साधारण ७० जना र १० जना सह-सदस्य गरी ११० जना सदस्यहरु छन् । यस संस्थाको केन्द्रीय कार्यालय र विभिन्न कार्यक्रममा गरी करीब १२० जना नियमित र करीब २० जना आंशिक व्यावसायिक कर्मचारीहरु रहेका छन् ।

➲ यस संस्थाको मूल्य र मान्यताहरु स्थानीय अग्रसरतालाई प्रवर्धन, स्थानीय स्रोतको परिचालन, सहभागितात्मक योजना तर्जुमा, सङ्गठन, स्थानीय सङ्घ संस्थाको क्षमता अभिवृद्धि, मानवीय क्षमताको सम्मान, अभिवृद्धि एवं परिचालन रहेको छ ।

## यस संस्थाले तीन प्रकृतिका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ :

**क) कोषवृद्धि कार्यक्रमहरु :** यस अन्तर्गत संस्थाको दिगो आन्तरिक स्रोतको विकासका लागि गरिने व्यावसायिक कार्यहरु पर्दछन् । जस्तै चेतना सदन (तालिम सञ्चालन र व्यवस्थापन) परामर्श सेवा, सेक्रेटेरियल सेवा, हरित बाटिका आदि ।

**ख) मुख्य आन्तरिक कार्यक्रम :** यसमा संस्थाले अरु कसैको सहयोग नलिइकन आफ्नै लगानी र पहलमा सञ्चालन गरिने कार्यक्रमहरु पर्दछन् । जस्तै यस अन्तर्गत संस्थागत विकास सहयोग, अध्ययन/अवलोकन क्षेत्र विकास मानवीय स्रोत विकास सामुदायिक स्वास्थ्य, विकू बचत तथा ऋण सहकारी संस्था लि., विजय सामुदायिक शिक्षा सहकारी संस्था लि., कार्यक्रम आदि साथै प्राकृतिक स्रोत व्यवस्थापन, स्वावलम्बन कोष स्थापना र परिचालन, पूर्व बाल विकास आदि रहेका छन् । त्यस बाहेक विभिन्न समसामयिक विषयमा आधारित कार्यक्रमहरु विजय श्री पुरस्कार, साहित्यिक कार्यक्रम, प्रकाशन आदि पनि यसका आन्तरिक कार्यक्रमहरु हुन् ।

**ग) प्रवर्धकीय कार्यक्रमहरु :** विगत २४/२५ वर्षदेखि संस्थाले काम गरी अनुभव प्राप्त गरेको क्षेत्रमा आफ्नो मूल्य र मान्यतासँग मेल खाने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्था तथा निकायसँग साझेदारीमा गरिने विभिन्न कार्यक्रमहरु यस अन्तर्गत पर्दछन् । विगत ७ वर्षदेखि GTZ/NGOFP सँगको साझेदारीमा पर्वत र कपिलवस्तु जिल्लामा सञ्चालित SHIP कार्यक्रम यसको एउटा उदाहरण हो । यसका अलावा यस संस्थाले विभिन्न Plan International, ILO, DANIDA, FINNNIDA, Helvetas, NACCRAM, FUND BORD, SAP Nepal, Word Accord जस्ता संस्थासँग साझेदारीमा काम गरिसकेको छ र गरिरहेको छ ।

यसरी विजय विकास स्रोत केन्द्रले आयमा वृद्धि गरी जीवनस्तरमा सुधार गर्नका लागि लधु-वित्त कार्यक्रम (विकु वचत तथा ऋण सहकारी संस्था लि.) जनतालाई शिक्षा र चेतनाको लागि तालिम भ्रमणका साथै सहकारीतामा आधारित सामुदायिक शिक्षा सदन, नागरिक समाजको सशक्तीकरणका लागि सूचना र सञ्चार भन्ने मान्यताका साथ विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि. कृषिमा सुधार गरी आधुनिक व्यावसायिक खेती भन्ने नारा सहित व्यवस्थायिक कृषि फाराम सञ्चालन गर्ने जर्मको गरेको छ भने सामुदायिक विकास एवं सकारात्मक सामाजिक परिवर्तनका लागि विजय विकास स्रोत केन्द्र भन्ने मान्यताका साथ अगाडि बढिरहेको छ ।


विजय विकास स्रोत केन्द्रका लागि यो कार्यक्रम संस्थागत विकासको क्षेत्रमा कोषे ढुंगा सावित भएको छ । यो कार्यक्रम जि.टि.जेड्. गैसस कोष परियोजनासँग साझेदारी गरी जिल्ला बाहिर गएको पहिलो पटक हो । हामीले यसबाट धेरै कुरा सिकेका छौं । जि.टि.जेड्.ले हाम्रो संस्थागत विकासमा ठूलो सहयोग पुऱ्याएको छ । यस कार्यक्रममा हामी दूईबीच सिक्ने र सिकाउने प्रक्रियाले हामीलाई खारेर व्यावहारिक बनाएको छ । सोही अनुभवलाई लिपिबद्ध गर्न आवश्यक ठानी दुवैको प्रयासमा स्वावलम्बन प्रवर्धन : प्रक्रिया सिकाई र उपलब्धिलाई पुस्तकको रुपमा निकालिएको हो ।

## सङ्क्षेपीकृत शब्द

| | | |
|---|---|---|
| VDRC | – | Vijaya Development Resource Centre |
| GTZ | – | German Technical Cooperation |
| NGO FP | – | Non Govermental Organization Fund Project |
| SHG | – | Self Help Group |
| LSO | – | Local Support Organization |
| RO | – | Resource Organization |
| NGO | – | Non Govermental Organization |
| SHIP | – | Self-Help Initiative Promotion-Program |
| VDC | – | Village Development Committee |
| DDC | – | District Development Committee |
| LA | – | Line Agency |
| NGO + COOP | – | Non Govermental Organization + Cooperative |
| गै.स.स. | - | गैर सरकारी संस्था |

## सन्दर्भ सामग्री


1. GTZ NGO FP का दस्तावेजहरू :
   a. स्वावलम्बनका समूह तथा अनौपचारिक सङ्गठन प्रणाली र प्रयासहरू NGOFP (Nov. 1995)
   b. Achievements, Reflections & Learnings.
   c. Reflection : Capacity building for selfp-help Promotion
   d. Building the capacity for happier societies.
2. विजय विकास स्रोत केन्द्रका कार्यक्रम सम्बन्धी वार्षिक प्रतिवेदनहरू :
3. नेपाली बृहत् शब्दकोष
4. कान्तिपुर राष्ट्रिय दैनिक
5. पर्वत र कपिलवस्तुका समूह तथा संस्थासँग प्रत्यक्ष भेटघाट र अवलोकन
6. सफलताका कथाहरू


KAPILVASTU
ARGHAKHANCHI
RUPENDEHI
DANG
INDIA
KAPILVASTU DISTRICT
Legends:
WUGs #: 50
SCOs #: 28
CFUGs #: 14
BWUGs VDCs/MCP#: 13
Jungle area
Jungle area
Jungle area
Mahendrakot
Banganga
Gajehada
Patana
Motipur
Bhalwad
Kopawa
Hathausa
Pattariya
Fulika
Jahadi
Nigalihawa
Tilaurakot
Dharam paniya
Dohani
Pakadi
Banskhor
Nanda nagar
Lawani
Bithuwa
Hathihawa
Abhi rawa
Dumara
Bijuwa
Pipara
Baluhawa
Hamampur
Gauri
Tilakhi
Basantpur
Parsohawa
Rangapur
Gothihawa
Bedauli
Somdiha
Singhkhor
Hardauna
Saurahaw
Taulihawa Municipality
Dhankauli
Jaya nagar
Buddhi
Dubiya
Rajpur
Mahuwa
Barkulpur
Hariharpur
Bairam wapur
Maharajganj
Kajarahawa
Sisawa
Barajpur
Manpur
Thuniya
Chanai
Lalpur
Udayapur
Bhalwadi
Ajagara
Bhilmi
Kusha hawa
Shivpur
Shivgadhi
Birpur
Jawa bhari
Bishnupur
Bahadurganj
Purushottampur
Pattihadiya
Ganeshpur
Vidhya nagar
Sivanagar
Krishna nagar
Kamna gar
Sirsinawa
Khanwan pur
Gugauli
Khurhuriya
Prepared By: SSDC Kapilvastu

# Administrative Map of Parbat District

